विचार र विश्लेषण



प्रा. डा. उषा ठाकुर

विचार
र
विश्लेषण

प्रा. डा. उषा ठाकुर



श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर

विचार र विश्लेषण

(समीक्षा-सङ्ग्रह)

सर्वाधिकार : प्रा. डा. उषा ठाकुर
प्रकाशक : श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर
साजसज्जा : विष्णु प्रधान
टाइप सेटिङ : पुष्पा धामी, सविना श्रेष्ठ
संस्करण : पहिलो, २०८०
मुद्रक : हाइडल प्रेस, वागबजार
मूल्य : रू २९५/-
ISBN : 978-9937-1-3991-5

समर्पण

स्मृतिशेष समालोचना साहित्यका अमर साधकगण

बुआ (ससुरा)	- भरतप्रसाद ठाकुर
सासु आमा	- मायादेवी ठाकुर
पिता	- किशोरीलाल शर्मा
माता	- कैलाशदेवी शर्मा
भाइ	- उज्ज्वल शर्मा

भूमिका

मेरो विचारमा साहित्यिक कृतिहरूका अस्तित्वपूर्ण मूल्याङ्कन, तटस्थ विश्लेषण, सन्तुलित- व्यापक दृष्टिकोण र सकारात्मक सोच उत्कृष्ट समालोचनाका मापदण्ड हुन् ।

इन्साइक्लोपिडिया ब्रिटानिकामा समालोचनाको परिभाषा यस प्रकार दिएको छ–

Criticism is the art of judging the qualities and values of on esthetic object whether in Literature or the fine arts. It envolves the formation and expression of Judgement.

क्लरिजले पनि Biographic Literaries मा भन्नुभएको छ– The ultimate and of criticism is much more to furnish rules how to pass judgement on what has been wriien by others.

अतः यसै उद्देश्य अनुरूप साहित्यिक कृतिहरूलाई तटस्थ भावले पढेर, त्यसलाई आत्मसात् गर्दै इमानदारीपूर्वक ती कृतिहरूका गुण-दोष, प्राप्ति, उपलब्धि, कमी-कमजोरीलाई स्वस्थ मूल्याङ्कन गर्दै लगभग ४८ वर्षदेखि म खोज र अनुसन्धानतर्फ समर्पित भई निरन्तर क्रियाशील रहँदै आएकी छु । कृतिहरूमा गहिराइपूर्वक डुबेर, त्यसमा पूर्णतः निमज्जित भएर नीर-क्षीर विवेचन गर्दै संयमित र सन्तुलित समीक्षा गर्नु म आफ्नो कर्त्तव्य ठान्दछु । सत्यम्- शिवम्-सुन्दरम् यदि हाम्रो साहित्यका परम लक्ष्य छन् भने, स्रष्टालाई सही दिशामा उत्साहित गर्दै हामी स्वस्थ, आशावादी, जीवनदर्शी, लोककल्याणकारी सन्देश र दिशानिर्देशन प्रदान गर्नु पनि हामी समालोचकको दायित्व र कर्त्तव्य क्षेत्रमा अवश्य पर्न आउँछ । महाकवि र स्वस्थ समालोचक लक्ष्मीप्रसाद देवकोटाले युगका नग्न यथार्थ र युग-बोधलाई जति स्वीकार गर्नुभएको छ ।

त्यत्तिकै साहित्यमा शिवम्‌को स्थापनाबारेमा पनि जोरदार वकालत गर्नुभएको छ । उहाँकै शब्दमा "तँ (समालोचना) घाउ लगाउने भए पनि डाक्टरको छुरा छस् ।"

आफ्नो समालोचना यात्रामा म कुनै वाद, कुनै प्रभाव, कुनै ग्रुपको सीमाका घेरामा नबाँधिएर पूर्ण इमानदारीका साथ कृतिकार र कृतित्वकै अध्ययन संग विशेष सम्बन्धित र केन्द्रित भएर प्रामाणिक र विश्वसनीय ढंगले, पूर्ण तटस्थ भावले, पूर्ण निष्पक्षताका साथ तथ्यहरूको आधारमा तर्कसम्मत, पारदर्शी विवेचन गर्ने जमर्को गरेकी छु ।

साहित्यका विविध विधाबाट कृति/कृतिकारका विभिन्न साहित्यिक प्रवृत्ति, चिन्तन, दर्शन, भाव, शिल्प-शैलीका बारेमा सम्यक मूल्याङ्कन गर्दै समालोचना प्रतिको निष्पक्षता, तटस्थता, इमानदारिता, निर्भिकता र सर्वाङ्गीणतालाई बल पुऱ्याउँदै म आफ्नो समीक्षात्मक कसीमा बसेर समीक्षात्मक कर्मतिर तर्कसम्मत विवेचना गर्ने प्रयास गरेकी छु । विभिन्न भाषा-साहित्यको बिच तुलनात्मक अध्ययन र अनुवाद कार्यलाई म सदैव महत्त्व दिंदै आएकी छु । किनकि मेरो विचारमा यसले हाम्रो भित्रका भावनात्मक सङ्कीर्णता हटाएर हाम्रो ज्ञान क्षेत्रलाई व्यापकता प्रदान गर्दै मानव-समाजलाई एक सूत्रमा जोडने प्रयास गर्छ । तसर्थ मेरो धेरै समीक्षात्मक लेखहरूमा तुलनात्मक प्रस्तुतिलाई मैले विशेष महत्त्व दिंदै आएकी छु । त्यस्तै अनुवाद र अनुवादक साहित्यकारको उन्नति र संवर्द्धनका लागि पनि म निरन्तर सजग र क्रियाशील रहँदै आएकी छु ।

अनेक बाधा-व्यवधान र प्रतिकूल परिस्थितिको बावजुद पनि आज यो पुस्तकले साकार रूप प्राप्त गरेको छ, यसको श्रेय श्रद्धेय बुआ (ससुराज्यू) स्व. भरतप्रसाद ठाकुर, स्व. सासुआमा श्रीमती मायादेवी ठाकुर, स्व. पिता किशोरीलाल शर्मा, स्व. माता कैलाशदेवी शर्माका आर्शीवाद र स्व. भाइ उज्ज्वल शर्माको प्रेरणाको परिणाम हो ।

मेरो छोरा इ. अभिषेक ठाकुर, बुहारी इ. रेणु ठाकुर, प्रिय ज्वाई डा. विकास वेदी, छोरी डा. सृष्टि ठाकुर वेदीको माया र प्रेमले मलाई सदा प्रेरित गरिरह्यो ।

विशेष आभार म आफ्नो पतिदेव डा. रामभक्त ठाकुरज्यू (पूर्व राजदुत र पूर्व निर्वाचन आयुक्त) प्रति प्रकट गर्दछु । पल-पल उहाँबाट प्राप्त असीम आत्मीयता, मौन स्नेह, प्रेरणा, प्रोत्साहन र मार्गदर्शनले मलाई सदैव उत्साह प्रदान गरेको छ । मेरो जीवनलाई पूर्णता प्रदान गरेको छ । उहाँप्रति मेरो हार्दिक कृतज्ञता र विनम्र प्रणति ।

आवरण सज्जाको लागि श्री विष्णु प्रधानज्यूलाई हार्दिक धन्यवाद । त्यस्तै टाइप सेटिंगका लागि श्री पुष्पा धामी र सविना श्रेष्ठज्यूलाई हार्दिक धन्यवाद ।

सबभन्दा अत्यधिक कृतज्ञता म नेपाली-हिन्दी काव्यजगत्का ज्योतिस्तम्भ श्रद्धेय कवि तथा अध्यक्ष (श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर) श्री बसन्त चौधरीज्यू प्रति समर्पित गर्न चाहन्छु । उहाँले मलाई धेरै प्रोत्साहन प्रदान गर्नुभएको छ । साथै उहाँले प्रस्तुत पुस्तकसम्बन्धी सम्पूर्ण भार वहन गरिदिनु भएको छ । उहाँका प्रेरणादायी व्यक्तित्वप्रति म सदा आभारी रहने छु । पुस्तक प्रकाशनका लागि प्रकाशक आदरणीय श्री मेघा चौधरीज्यूप्रति हार्दिक कृतज्ञता अभिव्यक्त गर्दछु ।

साहित्य, कला क्षेत्रमा निरन्तर साधनामा समर्पित श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिरप्रति श्रद्धा नमन गर्दछु । यो गौरवमय संस्था हामी साहित्यकारहरूका लागि एउटा सरस्वतीका पवित्र मन्दिर हो । प्रतिपल सादर वन्दना ।

प्रा. डा. उषा ठाकुर
पूर्व प्रज्ञा परिषद् सदस्य, नेपाल प्रज्ञाप्रतिष्ठान
वैशाख, २०८०

प्रकाशकीय

प्रा. डा. उषा ठाकुर हिन्दी साहित्यकी मूर्धन्य हस्ताक्षर हुन् । त्रिभुवन विश्वविद्यालयमा लामो समयको प्राध्यापन र नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रज्ञा-परिषद् सदस्यजस्तो गरिमामय जिम्मेवारीका क्रममा विचार र विश्लेषणमा खारिएकी एक कलमजीवी हुन् । नेपालमा हिन्दी साहित्यसँगसँगै नेपाली साहित्यको अध्ययनमा पनि उनको ठूलो योगदान छ ।

यतिखेर उनी नेपाली भाषा-साहित्यको विशेष कृति 'विचार र विश्लेषण' लिएर पाठकसामु आएकी छिन् । र, उनको यो कृति पाठकसमक्ष पुऱ्याउने अभिभारा हामीले लिन पाउँदा हामीलाई गौरवबोध भइरहेको छ ।

नेपाली साहित्यका महान् हस्तीदेखि नवोदित पुस्तासम्मलाई सन्तुलितरूपमा समेटेर प्रा. डा. ठाकुरले नेपाली साहित्यलाई ठूलो गुन लगाएकी छिन् । नारी र पुरूष दुवै साहित्यकर्मीहरूलाई समान सम्मानका साथ आफ्नो विश्लेषणमा ढालेकी छिन् भने महाकवि लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, राष्ट्रकवि माधव घिमिरे, पारिजात, राहुल सांकृत्यायनदेखि प्रथम नारी साहित्यकार ललित त्रिपुरासुन्दरीसम्मलाई आफ्नो विचार-विश्लेषणको विषय बनाएर नेपाली स्रष्टा-सर्जकहरूलाई अध्ययनको नयाँ आँखीझ्याल खोली दिएकी छिन् । साथै, नेपाली र हिन्दी साहित्य र साहित्यकारहरूको तुलनात्मक अध्ययन पनि गरेर यसमा थप पुट दिएकी छिन् ।

यस अर्थमा यस पुस्तकमार्फत् उनले नेपाली र हिन्दी साहित्यकार अनि पुराना र उदीयमान नेपाली सर्जक-पुस्तालाई जोड्ने सेतुको भूमिका पनि निर्वाह गरेकी छिन् ।

विचार र विश्लेषण त पुस्तकको नाम नै भएकाले यस सन्दर्भमा चर्चा गरिरहनु पर्दैन । यस अतिरिक्त मीमांसा, संस्मरण, विभिन्न साहित्यिक भ्रमणका क्रममा प्रकट भएका बहुमूल्य चिन्तन, मननहरूले यस पुस्तकलाई थप अध्ययनको विषय बनाएको छ ।

यस गहन पुस्तकको प्रकाशन गर्ने अवसर दिएकीमा प्रा. डा. उषा ठाकुरप्रति आभार व्यक्त गर्दै उनको यो कृति नेपाली साहित्यको अध्ययन गर्ने अध्येता तथा बौद्धिक पाठकहरूलाई नयाँ पाठ्यसामग्री हुनेछ भन्ने विश्वास लिएको छु ।

-बसन्त चौधरी

विषयसूची

वाङ्मय शताब्दी पुरूष
सत्यमोहन जोशी

देशको धरोहर, नेपाली भाषा-साहित्यका अनन्य सेवक, नेपाली-कला-संस्कृति-धर्मका संरक्षक, प्रेरणाका प्रतिमूर्ति सत्यमोहन जोशी सबैका लागि एउटा सफल, समर्थ, उदाहरणीय र अनुकरणीय व्यक्तित्व हुनुहुन्थ्यो । उहाँ देशका विभिन्न जात, जाति, भाषा, संस्कृतिलाई एकताको सूत्रमा बाँधेर देशको उत्थान र सांस्कृतिक क्षेत्रको विकासका लागि अथक प्रयत्नशील हुनुहुन्थ्यो । उहाँको मान्यताअनुसार सांस्कृतिक सूत्रले नै हामीलाई एकताबद्ध हुन मदत गर्छ । उहाँले लोक-साहित्य र लोक-संस्कृतिका विकासका लागि दर्जनौं पुस्तक लेख्नु भयो साथै पुरातत्व क्षेत्रमा पनि उल्लेख्य कार्य गर्नु भयो र नेपालका गौरवमय इतिहास जनसमक्ष राखेर देशमा संरक्षण संवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्नु भयो । उहाँको अनवरत कर्मशीलता, लगनशीलता, देशोत्थान र देशीय एकताका लागि उहाँका दृढता, समर्पण र तपस्यालाई हेरेर उहाँलाई Living institution र heritage, संस्कृतिका इन्साइक्लोपिडिया, Strongest man या, राष्ट्रका लिजेन्ड आदि भन्ने गरिन्छ ।

वास्तवमा यी कथनहरु उहाँका सङ्घर्षशील, कर्मशील, महिमामय व्यक्तित्वलाई उजागर गर्नमा मद्दत गर्दछन् र हामीलाई अदम्य प्रेरणा प्रदान गर्छन । थुप्रै मानसम्मान र पुरस्कारबाट सम्मानित बहुप्रतिभाका धनी सत्यमोहन जोशी आमा राजकुमारी (नुगल देवी) र बुबा डिट्ठा शङ्करराज जोशीका प्रथम पुत्रको रूपमा ललितपुरको बखुंबहालमा जन्मनु भएको थियो । उहाँ नेपालभाषा, नेपाली भाषा, संस्कृत भाषा तथा अङ्ग्रेजी भाषाका विद्वान् हुनुहुन्थ्यो तर देशका सबै भाषा- साहित्यका विकास र सम्बर्द्धनका लागि उहाँका सम्यक् दृष्टिकोण स्तुत्य रहेको छ ।

देशका संस्कृति, कला तथा पुरातत्व विभागको संरक्षण तथा संवर्द्धनमा उहाँका प्रयास उल्लेखनीय रहेको छ । उहाँका शैक्षिक योग्यता र विदेशमा पाएका उपलब्धिमूलक तालिमहरूभन्दा पनि स्वअध्ययन, चिन्तन, मनन, अनुभव र व्यावहारिक ज्ञानले उहाँको व्यक्तित्वलाई परिपक्वता प्रदान गरेको देखिन्छ । नेपाल र नेपालीलाई केही गर्नुपर्छ भन्ने दृढ प्रतिबद्धताले र दूरदर्शिताले नेपालको साहित्य-संस्कृति-कला संरक्षण सम्बर्द्धनका लागि उहाँ १०२ वर्षका उमेरमा पनि उत्साही युवाजस्तै आफ्नो कर्मक्षेत्रमा लागि रहनुभयो ।

संस्कृतिविद् सत्यमोहन जोशी नेपाल भाषा एकेडेमीका चान्सलर हुनुहुन्थ्यो । नेपाल प्रज्ञा-प्रतिष्ठानका आजीवन सदस्य हुनुहुन्थ्यो । साथै विभिन्न संघ, संस्थाका संस्थापक र सम्बर्द्धक भएर भाषा साहित्य र सांस्कृतिक चेतनाका अखण्ड ज्योति भएर देशवासीलाई सचेतता प्रदान गरिरहनु भयो । त्रिमूर्ति निकेतनद्वारा आयोजित महाकवि देवकोटा शताब्दी समारोह, अन्तर्राष्ट्रिय नेपाली भाषा साहित्य सम्मेलन र विश्वनारी नेपाली साहित्य सम्मेलनमा उहाँले गहन जिम्मेवारीको पद सम्हाली नेपाली भाषा साहित्यलाई समृद्धि प्रदान गर्नु भयो ।

उहाँले नेपाल प्रज्ञा-प्रतिष्ठानमा लगभग एक दशकसम्म नेपाली भाषा-साहित्य- संस्कृतिका विकासका लागि अतुलनीय योगदान पुऱ्याउनु भयो । २०२६ सालमा उहाँ प्रज्ञा प्रतिष्ठानको सह -सदस्यको पदमा मनोनित हुनु भएको थियो पछि प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव पनि हुनुभएको थियो । वि. सं. २०६८ सालमा काठमाडौं विश्वविद्यालयले उहाँलाई नेपालको संस्कृतिको क्षेत्रमा गर्नुभएको उत्कृष्ट योगदानको कदरस्वरूप महाविद्यावारिधि प्रदान गरेको छ । उहाँलाई नेपाल सरकारले 'वाङ्मय शताब्दी पुरूष' (२०७४) को उपाधिद्वारा विभूषित गऱ्यो ।

सत्यम्, शिवम्, सुन्दरम्का उपासक सत्यमोहन जोशीले तीनपटकसम्म मदन पुरस्कार पाउने सौभाग्य पाउनुभएको छ ।

वि. सं. १९९८ सालमा गोरखापत्रमा उहाँको पहिलो कविता 'परिचय' प्रकाशित भएको थियो । उहाँको लगभग ८० वटा कृति प्रकाशित छन् । उहाँले नेपालभाषा र नेपाली भाषा दुवैमा कलम चलाउनु भएको छ । उहाँ एउटा अत्यन्त सक्रिय, सक्षम, समर्पित साहित्यकारको रूपमा प्रतिष्ठित हुनुहुन्छ । उहाँले साहित्यका विविध विधा कविता, महाकाव्य, नाटक, निबन्ध, जीवन, बालसाहित्य आदिमा सक्रियतापूर्वक कलम चलाएर नेपालभाषा र नेपाली भाषा साहित्यलाई समृद्ध बनाउनमा महत्वपूर्ण योगदान गर्नु भयो । लोक संस्कृतितर्फ पनि उहाँको विशेष योगदान रहेको छ । साथै व्याकरण, कोश, सम्पादन, अनुवादक, संयोजक, अनुसन्धानकर्ताको रूपमा उहाँको योगदान उल्लेखनीय रहेको छ । नेपालको पुरातत्व क्षेत्रमा उहाँको जति योगदान छ, खोजमूलक अन्वेषकको रूपमा पनि उहाँका कार्यहरू महत्त्वपूर्ण छन् । अरनिकोलाई देश र विदेशमा चिनाउनु हुने जोशीले 'राष्ट्रिय विभूति अरनिको' शीर्षक अनुसन्धान-ग्रन्थ लेखी प्रकाशित गराएर उल्लेखनीय कार्य गर्नु भयो । उहाँका 'नेपाली राष्ट्रिय मुद्रा' तथा 'कर्णाली लोक संस्कृति' शीर्षक कृति अत्यन्त चर्चित कृति हुन् ।

वि.सं २०२२ सालमा नेपाली भाषा सिकाउने प्राध्यापकको रूपमा चार वर्षका लागि उहाँ चीन जानु भएको थियो । पछि अर्थात २०३७ सालमा पेकिङ रेडियो (चीन) मा नेपाली विभागमा दुई वर्ष सेवा गर्नु भयो । यस्तै भारत, सोभियत संघ, चीन, न्युजिल्याण्ड, श्रीलङ्का, उत्तर कोरिया, अमेरिका, क्यानडा, लन्डन आदिको भ्रमण गरेर उहाँले नेपाललाई ती देशहरूका सांस्कृतिक परिचय र नेपालका सांस्कृतिक परिचय ती देशलाई दिएर उल्लेखनीय काम गर्नुभयो । उहाँले वास्तवमा नेपाली संस्कृतिको परिचय बाहिर देशहरूमा गराएर अन्तर्राष्ट्रिय मित्रतालाई सुदृढता प्रदान गर्नु भयो ।

उहाँलाई भाषा, साहित्य, संस्कृति आदि क्षेत्रमा पुऱ्याएको योगदानको मूल्याङ्कन र सम्मान गर्दै श्रेष्ठ सिरपाः मदन पुरस्कार

(तीनपटक), भानुभक्त पुरस्कार, त्रिभुवन पुरस्कार, भूपालमान सिंह पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, नइ खरा सुकीर्ति पुरस्कार, अमृत पृथ्वी पुरस्कार तथा सुप्रवल गोरखा दक्षिण बाहु, विख्यात त्रिशक्ति पट्ट, प्रसिद्ध गोरखा दक्षिण बाहु, पृथ्वी प्रज्ञा-पुरस्कार आदि पुरस्कार प्रदान गरिएको छ । हुन त उहाँले देशका विकासका लागि, कला, संस्कृति प्रवर्धनको लागि जति योगदान पुऱ्याई रहनुभएको छ त्यसको तुलनामा यी मान सम्मान, पुरस्कारहरु धेरै होइनन् । उहाँ समाजका हरेक पक्षलाई उजागर गर्नमा सदैव प्रयत्नशील रहनु भयो । महिला समानता र महिला हक-हितका लागि पनि उहाँ सक्रियरुपमा समर्पित रहनु भयो ।

हेर्दाखेरि उहाँ सामान्य, सरल स्वभावका देखिनुहुन्थ्यो । तर उहाँको हृदयभित्र विचारको जुन उच्चता छ, व्यापकता छ त्यसले उहाँलाई अतुलनीय प्रज्ञापुञ्जको रुपमा प्रतिष्ठापित गरेको छ । उहाँ विन्दुमा सिन्धु, गागरमा सागर, अनेकतामा एकता, एकमा अनेक, समग्रमा भन्दा सम्पूर्ण राष्ट्रका हित नै उहाँका विशाल हृदयमा समाविष्ट थियो । त्यसैले सरकारी पदमा रहँदा पनि उहाँले देशका शिखर पुरुष बनेर नेपालका भाषाहरु, साहित्य, लोक-संस्कृति, कला, धर्मका विकासमा अद्वितीय योगदान प्रदान गर्नु भयो र सय वर्षको सेरोफेरोमा पुग्दा पनि नवयुवक जस्ता उमङ्ग, उत्साह लिएर नवोदितलाई प्रेरणा प्रदान गर्दै डाकेको ठाउँमा समयमा नै पुग्नु हुन्थ्यो र सबैलाई नेपालको भाषा, साहित्य, संस्कृति, कला अदिका विकासका लागि मार्गनिर्देशन गर्नुहुन्थ्यो ।

प्रेरणादायी व्यक्तित्वप्रति श्रद्धा र सम्मान गर्दै वैशाख ३० गते, २०७१ उहाँ त्रिमूर्ति निकेतनबाट 'शताब्दी पुरुष' घोषित हुनुभएको थियो र उहाँको जन्मशताब्दी जीवितावस्थामै त्रिमूर्तिबाट भव्यरुपमा मनाइयो । २०७१ मङ्सिर १५ गते उहाँको अभिनन्दन त्रिमूर्ति निकेतनबाट भव्य रुपमा भयो र उहाँको उँचाइ बराबरको पाँच फिट अग्लो सप्तनागजडित ताम्रपत्र र पाँच लाख रुपियाँको थैली उहाँलाई

सम्मानस्वरूप समर्पित गरियो । वैशाख ३० गते, २०७१ देखि आगामी वैशाख ३० गते २०७२ सम्म त्रिमूर्तिबाट जन्म शताब्दी भव्य रूपमा मेरो संयोजकत्वमा मनाइयो । जीवनभर साहित्य र संस्कृति मार्फत समाज र देशलाई पुऱ्याएको योगदानवापत शताब्दीकै उत्कृष्ट नेपाली पुरुषलाई 'वाङ्मय शताब्दी पुरुष' घोषणा गर्नु प्रशंसनीय काम हो । नेपाल सरकार बाट २०७७ मा उहाँको मुहार अङ्कित वाङ्मय शताब्दी पुरुषः डा. सत्यमोहन जोशी लेखिएका हुलाक टिकट प्रकाशनमा ल्याएको थियो । नेपाली साहित्य संस्कृतिका अथक योद्धा, एक्ला ध्रुवतारा, महामानव, सत्यमोहन जोशीप्रति हार्दिक श्रद्धाञ्जली । ■

कलमका योद्धा, साहित्यका अथक साधक
कवि बसन्त चौधरी

बहुमुखी प्रतिभासम्पन्न कवि श्री बसन्त चौधरी देशका गौरव हुन् । नेपाली-हिन्दी साहित्यका ज्योतिस्तम्भ हुन् । एकतर्फ उनी एउटा सफल उद्योगपति, अर्कोतर्फ नेपाली र हिन्दीका वरिष्ठ कवि, एउटा कर्मठ समाजसेवी, असल देशभक्त र आफ्नो विभिन्न कार्यक्षेत्रमा एउटा विशुद्ध मानववादी व्यक्तित्व ।

युगस्रष्टा, भविष्य द्रष्टा श्री बसन्त चौधरी एक प्रसिद्ध कवि, लोकप्रिय गीतकार र गजलकार हुन् । नेपाली र हिन्दी भाषामा समान अधिकार राख्ने र सफलतापूर्वक कलम चलाउने कवि बसन्त चौधरीका ९ वटा गीति एल्बम सार्वजनिक भइसकेका छन् । उनका २ वटा प्रवन्धसङ्ग्रह, २ वटा सुक्तिसङ्ग्रह, एउटा गीतिसङ्ग्रह र ९ वटा नेपाली-हिन्दी भाषाका कवितासङ्ग्रह प्रकाशित छन्, जुन देशमा मात्र होइन विदेशमा पनि सम्मानित भएका छन् । उनका निम्न कृतिहरु उल्लेखनीय छन्-

१. राष्ट्रियता नदुखोस	निबन्धसङ्ग्रह २०६३
२. संवाद	निबन्धसङ्ग्रह २०६५
३. मेघा	कवितासङ्ग्रह २०६८ (हिन्दी/नेपाली)
४. मेरा कविताहरु	कवितासङ्ग्रह २०७१
५. आँसुओं की सियाही से	काव्यकृति २०७१ (हिन्दीभाषाको पहिलो काव्यकृति)
६. जीवनमन्त्र	सुक्तिसङ्ग्रह २०७४
७. बसन्त	काव्यकृति २०७४ (९ भाषामा एकसाथ प्रकाशित)
८. चाहतों के साये में	काव्यकृति २०७४ (हिन्दी/अंग्रेजी)
९. तिमीविनाको म	कवितासङ्ग्रह २०७८
१०. अनेक पल और मैं	कवितासङ्ग्रह २०२१ (हिन्दी/अंग्रेजी)
११. जीवनमन्त्र-२	सुक्तिसङ्ग्रह २०७९

१२. मेरा गीत नेपाली/हिन्दी गीतसङ्ग्रह २०७९
१३. आहाना बालकविता-सङ्ग्रह २०७९

स्मरणीय छ कि उहाँको हिन्दी काव्यकृति 'अनेक पल और मैं' लाई भारतको उडिसा स्थित भुवनेश्वरमा आयोजित कलिङ्गा लिटरेरी फेस्टिवलमा सर्वश्रेष्ठ काव्य/गजलसङ्ग्रह घोषित गर्दै 'बुक अफ द इयर-२०२१' द्वारा सम्मानित गरिएको थियो ।

नेपाली माटो, नेपाली जनता र नेपाल देशका लागि समर्पित उहाँको काव्य व्यक्तित्व, उहाँका कविताहरू व्यक्ति, परिवार, समाज र राष्ट्रका सीमित सीमा नाघेर विश्व कल्याण-कामनामा अर्पित छन् । कविमा व्याप्त उदात्त भावना, अपूर्व दृढ सङ्कल्प र महान लक्ष्य नेपाली समाजका लागि मात्र होइन सम्पूर्ण मानव संसारका लागि अत्यन्त प्रशंसनीय र अनुकरणीय छ । उहाँका लेखनीले नेपाली र हिन्दी भाषामा सृजनरत रही काव्य विधालाई नौलो दिशा, नौलो चेतना र नौलो जीवन दृष्टि प्रदान गरेको छ ।

कवि बसन्तलाई मूल रूपमा प्रेम र प्रकृतिका कवि भनिन्छ । प्रकृति उनका रोमरोममा समाहित छ । प्रकृति उनको जीवनका सहचरी हुन्, साथै शक्ति र प्रेरणा दिने सौन्दर्यमय काव्यात्मक अभिव्यक्ति पनि-

'अनुपम आभा लिए किसलय
हरित क्रांति के संवाहक
वृक्षों की शाखें । अद्भुत श्रृंगार किए हुए ।
खिल रही हैं कलियाँ
फूलों से लदे पौधे इतरा रहे हैं ।
जैसे मदपान किए हुए हों ।'

बसन्तजीको काव्य संसारको अर्को बलियो र स्वस्थ पक्ष हो-प्रेम । जीवनका शाश्वत सत्य प्रेमका विभिन्न पक्षलाई उहाँले गहिराइ पूर्वक संवेदनात्मक अभिव्यक्ति प्रदान गर्नु भएको छ । चाहे व्यक्तिगत प्रेम होस्, पत्नी-प्रेयसी, पुत्री, आमा-बुवा प्रति होस्, प्रकृति प्रेम होस,

समाजप्रति प्रेम होस्, ईश्वरप्रति प्रेम, धर्म-संस्कृतिप्रति प्रेम, देश प्रति प्रेम, शान्ति अहिंसाप्रति प्रेम, मानवप्रति प्रेम होस अर्थात प्रेम उहाँको कविताको प्रमुख विषय बनेको छ ।

प्रेम चाहे त्यो प्रेमी-प्रेमिका, पति-पत्नी, आमा-बुवा अथवा छोरी अथवा आफ्नो विविध रूप-रंगमा प्रेमका सतरंगी छटापूर्ण शुद्धता र पवित्रताका साथ अत्यन्त संवेदनशील र मार्मिकरूपमा उहाँका कविताहरूमा अभिव्यक्त भएका छन् । आफ्नी छोरी, मेघाको शुभ जन्मोत्सवको अवसरमा छोरी प्रतिको उहाँको प्रेरणादायी अभिव्यक्ति हरेक पिता-पुत्रीका लागि कति प्रेरणादायी बनेको छ-

"मेघा
बस यही मैं चाहता हूँ
हँसती, गाती जिन्दगी में
कर्म ही तेरी साँस हो
छोटी सी थी पहले,
अब तो तुम मेरा विश्वास हो ।
मेरी छोटी जिन्दगी में
सबसे बडी एक आस हो ।"

यस्तै उहाँको "बिटिया" शीर्षक कवितामा पिता-पुत्रीको बीचको प्रेमको शुद्धता, पवित्रताको जुन प्रेरणादायी, सन्देशमूलक अभिव्यक्ति छ, त्यसले अनायास नै हिन्दी छायावादी कविताका मूल स्तम्भ सूर्यकान्त त्रिपाठी निरालाको "सरोज स्मृति" को सम्झना गराउंछ-

"तुलसी सी ज्यों पुजित पावन है
पुजन की सामग्री बिटिया
दो-दो कुलकी लाज निभाए
सात जन्म तक रानी बिटिया ।"

स्मरणीय छ कि कवि बसन्तका कविताहरूमा प्रेमको व्यापकता छ, विशालता छ, शुद्धता र पवित्रता छ, उदारता छ, समर्पण छ । कहीं पनि यस प्रेममा सङ्कीर्णता वा स्वार्थ छैन बरु

यो शुद्ध-पवित्र प्रेम आत्मालाई परिष्कार गर्छ । मानवलाई एकताबद्ध गर्ने सफल प्रयास गर्छ । यस प्रेममा स्वानुभूतिको गहिराइ, नैसर्गिकता, मर्मस्पर्शिता र पवित्र प्रेमभावहरूका स्वाभाविक उद्वेग छन् ।

वास्तवमा प्रेमको उत्कृष्टता अपरम्पार छ र कवि बसन्तको अनुसार प्रेमका रचयिता परमोत्कृष्ट । यो प्रेम नै हो जो मानव-मनलाई विशाल र व्यापक बनाएर दीन-दुःखीलाई सहयोग गर्ने हामीलाई चेतना प्रदान गर्छ, मानवजीवनलाई सार्थकता प्रदान गर्छ । हामीलाई इमानदार, नैतिकवान र परोपकारी बनाउँछ र हामी मानवसेवाका लागि समर्पित हुन्छौँ । प्रेम ईश्वरप्रदत्त दैवी शक्ति हो । कवि बसन्तले अध्यात्म, दर्शन र भक्तिको शक्तिले आफ्नो काव्यिक व्यक्तित्वलाई सार्थक बनाएका छन् ।

आफ्नो धरती र माटोप्रति कविको ममता सबल छ । आफ्नो समाजमा, देशमा व्याप्त कुरीतिहरू, विकृतिहरू, अन्याय, भ्रष्टाचार, असमानता, अशिक्षा आदिले कविलाई विह्वल बनाएको छ । उहाँका अनुसार देश भनेको सबैको साझा सम्पत्ति हो र सबैले मिलेर देशलाई सुखी, समृद्ध र उन्नतशील बनाउनुपर्छ–

'लेक र बैंसी गाउँसहरको
मेल बढाऔँ बेजोड बन्दै
तनले मनले प्राणैले पनि
तीन करोड एक हुँदै
आऊ डट्दै रोगसँग लड्न
गरौँ सबल भै ललकार ।'

कविका अनुसार एक जुट भएर हामी देशमा व्याप्त भ्रष्टाचार र विकृतिहरूलाई हटाएर एउटा स्वस्थ सुन्दर देशको निर्माणमा जुटौँ–

'लोकतन्त्रको स्टिकर टाँसेर
गरिरहेछ तानाशाहतन्त्रको
खेती

उमार्दै छन्
भ्रष्टाचार, बेथिति र विकृति
र
हारिरहेछ देश ।'

आजको परिस्थितिमा विश्व नै युद्ध र अशान्तिको कारण त्रसित छ । सर्वत्र दुःख र हाहाकारको साम्राज्य हेरेर कवि वसन्तको हृदय व्याकुल छ । कवि हृदयका आर्त्त स्वर यस प्रकार फूटेका छन्-

'सन्त्रासमा सास फेरिरहेको विश्व
पलपल आत्तिएको छ
युद्धरत छ जीवन मृत्युसँग
आँखामा आत्मीय पीडाको
आँसु बोकेर
बन्दी छ मान्छे
आफ्नै घरभित्र ।'

यस्तै जीवन र जगतका विभिन्न क्षेत्रसँगै कविले दीनःदुखीका आर्त्तनादलाई गम्भीरतापूर्वक सुनेका छन् र समस्या समाधानका लागि पथप्रदर्शन गरेका छन् । कविले नारी-समानता, नारी-अधिकार, नारी-हित-चिन्तनका लागि साथै नारी-दायित्वको कुराहरू पूर्ण संवेदनशीलता र गम्भीरताका साथ उठाएका छन् र नारी-उत्थानका लागि आह्वान गरेका छन् ।

जीवनका विकृति-विसङ्गतिहरू, कुण्ठा, संत्रास, विद्रोह, विद्रूपताहरूलाई कविले अत्यन्त नजीक भएर महसुस गरेका छन् । मातृ शक्तिको आत्मिक पीडा, मानव भित्रका छटपटाहट कविले एउटा साधारण मान्छे भएर आत्मसात् गरेका छन् । त्यसैले उनका कविताहरूमा हार्दिकता छ, संवेदनशीलता छ, सहजता छ, स्वाभाविकता छ, आत्मिकता र हृदयस्पर्शिता छ, त्यो अनायास नै हाम्रो मुटुलाई अन्तरमनको गहिराइसम्म हामीलाई छुन्छ । वास्तवमा यी कविताहरूमा कविका जीवनका भोगाइ यथार्थरूपमा चित्रित भएका छन् । कवि जीव, जगत्, देश, राजनीति र मनुष्यका यथार्थ चित्रण

गर्नमा सफल भएको देखिन्छ । साथै एउटा स्वस्थ मनुष्य, स्वस्थ समाज, स्वस्थ देश र स्वस्थ मानवताको निर्माणका लागि प्रेरणदायी सन्देश र सही दिशानिर्देशन दिएर कविले आफ्नो कवि कर्तव्यलाई पूर्ण ईमानदारीका साथ पूरा गर्नु भएको छ ।

युगको यथार्थ चित्रण गर्ने मात्र कवि-कर्तव्य होईन । साहित्य वास्तवमा सत्यम् शिवम् सुन्दरम्का परिपूरक हुनुपर्छ । आफ्नो कर्त्तव्यप्रति पूर्ण सचेत भएर आशावादी कवि बसन्त रात्रिको भयावह अन्धकारका साथै भोलिको सूर्योदय सञ्चार गर्दै हामीमा आशा र उत्साहको सञ्चार गर्दै हाम्रो पथ-प्रदर्शन यसरी गरेका छन्-

'आजसम्म रातलाई
कुरूपताको बिम्ब
भन्नेहरूलाई
उसको सौन्दर्य
देखाउन सक्थे
आजको रात
भोलिको सूर्योदय हो भनी-'

संक्षेपमा जीवनसापेक्ष उनका मानववादी कविताहरु मार्मिक छन्, हृदयस्पर्शी छन्, साधारणीकरणमा सक्षम छन्, संवेदनशील, प्रेरणादायी, सन्देशमूलक छन् । सहज, सरल, प्राञ्जल भाषा, सार्थक बिम्बहरूको प्रयोगले उहाँका कविताहरु प्रभावशाली बनेका छन्, भावको गहिराइ, अनुभुतिको तीब्रता, शब्दहरूको सही चयन र उनको समुचित विन्यास, कल्पनाको व्यापकता, अभिव्यञ्जना-शैलीको कुशलता, गुणात्मकताको अभिवृद्धि र जन जीवनको सही प्रतिनिधित्व गर्ने उहाँका गीतहरु निश्चयनै नेपाली काव्य जगत्को क्षेत्रमा बहुमूल्य र गहकिला देन हुन् । भाव, भाषा, शैली प्रत्येक दृष्टिले कवि बसन्त एउटा सशक्त र सफल कविको रूपमा नेपाली साहित्यका अथक साधक बन्न समर्थ भएका छन् । राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय साहित्य जगत्मा एउटा स्थापित नाम, यशस्वी कवि बन्न समर्थ हुनु भएकोमा कवि बसन्त चौधरीज्यूलाई हार्दिक बधाई र उत्तरोत्तर प्रगतिकालागि मङ्गलमय शुभकामना । ■

नारीकृत प्रथम कृति राजधर्म
एक संक्षिप्त विवेचना

नेपाली भाषा साहित्यकी प्रथम अग्रणी र गौरवमयी नारी स्रष्टा ललित त्रिपुरासुन्दरीद्वारा संस्कृत भाषा बाट नेपाली भाषामा अनुवाद गरिएको 'राजधर्म' नेपाली साहित्यको बहुमूल्य निधि र महान् उपलब्धि हो । नेपाली भाषा साहित्यकी प्रथम नारी स्रष्टा ललित त्रिपुरासुन्दरीको संस्कृत वाङ्मयको महान् कृति 'महाभारत' को शान्तिपर्वको नेपाली अनुवाद 'राजधर्म' एउटा महत्वपूर्ण ऐतिहासिक कार्यका साथै नेपाली भाषा, साहित्यको गहनतम र उच्चतम कृति हो । यस विषयमा श्री सत्यमोहन जोशीज्यूका कथन अत्यन्त ज्वलन्त र महत्वपूर्ण रहेको छ-" ललित त्रिपुरासुन्दरीद्वारा लिखित 'राजधर्म' नेपाली वाङ्मयको गौरव हो । त्यस समयमा यस्तो ग्रन्थ निर्माण गरिनु केवल नारीहरूको मात्र जित होइन, सम्पूर्ण नेपाली वाङ्मयकै उपलब्धि हो ।" उनको यसै महिमाको उल्लेख गर्दै डा. मोदनाथ प्रश्रितले पनि उल्लेख गरेका छन्- "नेपाली साहित्य जगत्मा अहिले सम्म चर्चामा आएसम्मका नेपालकी प्रथम नारी साहित्यकारमा ललित त्रिपुरासुन्दरीको नाऊँ आएको छ । नेपाली नारी साहित्यकारमा ललित त्रिपुरासुन्दरीको भन्दा अर्को नाउँ भेटिएको छैन ।" स्पष्टता : उनी प्रथम नेपाली कवयित्रीको रूपमा प्रतिष्ठित भएको ठहरिन्छिन् । यस तथ्यको परिपुष्टि ईश्वरवल्लभले पनि गरेका छन्- "नेपाली भाषा लेखनमा भानुभक्तभन्दा अघि ललित त्रिपुरासुन्दरी उदाएकी थिइन् । उनी हाम्री आदिस्रष्टा मात्र नभएर नेपाली भाषा साहित्यकी विशिष्ट प्रणेता हुन् ।"

स्मरणीय छ कि संस्कृत साहित्यका अमर महनीय ग्रन्थ 'महाभारत' लाई विश्व-ज्ञानको कोश भनिन्छ । संस्कृत साहित्यका लागि मात्र होइन, आजसम्मका अनेकौं भाषाका

साहित्यका लागि 'महाभारत' उपजीव्य ग्रन्थको रूपमा रहेको कुरा सर्वविदित नै छ । अठार खण्ड अर्थात अठार पर्वलाई समेटेको विशालकाय महाभारतले आफ्नो युगका समग्र साहित्यिक र सांस्कृतिक निधिलाई आफूभित्र समाविष्ट गरेको छ । त्यसैले 'महाभारत' लाई सर्वप्रधान काव्य, सबै दर्शनका सार, स्मृति, इतिहासकै खानी र पञ्चम वेद भनिएको छ । धर्म, अर्थ, काम र मोक्षको विषयहरु यस काव्यमा जे, जति भनिएको छ, त्यत्ति अन्यत्र कहीँ पनि छैन । विश्व-साहित्यको सर्वाधिक महत्वपूर्ण र विशालकाय यस 'महाभारत' महाकाव्यको बारेमा पाश्चात्य विद्वान र प्रसिद्ध विचारक सिलवाँ लेवीले भनेका छन् - "The Mahabharat is not only the largest, but also the grandest of all epics, as it contains throught a lively teaching of morals under a glorious garment of poetry.

संस्कृतका यस्ता महान्, अमर ग्रन्थ 'महाभारत' लाई आफ्नो उपजीव्य ग्रन्थ मानेर यस कृतिका 'शान्तिपर्व' अन्तर्गतको 'राजधर्म' लाई नेपाली भाषामा अनुवाद गर्ने दृढ निर्णय लिएर उहाँले संवत् १८८१ मा संस्कृतबाट नेपालीमा अनुवाद गरेर प्रथम नेपाली स्रष्टाको रूपमा सम्मानित भई नेपाली भाषा, साहित्यकी गरिमामयी नारीचुली बन्न पुगिन ।

'राजधर्म' का पृ १९ र २० मा अनुवादिकाले स्पष्ट भनेकी छन् कि 'महाभारत ' का शान्तिपर्वमा ३ खण्ड छन्-

(१) राजधर्म (२) आर्यधर्म र (३) मोक्षधर्म ।

राजधर्म मा राजालाई के कस्तो काम कर्त्तव्य र व्यवहार गरेर राज्य सञ्चालन राम्रो हुन सक्छ । जसले गर्दा जनताका भलो हुन सक्छ भन्ने बारेमा लेखेको छ त्यस्तै आर्यधर्ममा ब्राह्मण, क्षत्रिय, वैश्य, शुद्र यी चारै जातिले आपत्ति परेमा गर्नुपर्ने धर्म र कर्त्तव्य बारेमा सन्देश दिएको छ र मोक्षधर्ममा संसारबाट मोक्षमै परम ब्रह्ममा लीन हुनुपर्ने यस शाश्वत सत्यलाई अङ्गीकार गर्नुपर्ने कुरा उल्लेख

गरिएको छ ।

ध्यान दिने कुरा यो छ कि ललित त्रिपुरासुन्दरीलाई अल्पायुमा नै वैधव्यका अथाह दुःख सहन गर्नु पऱ्यो । आफ्नो छोरा-नातिको गद्दीको सुरक्षाका लागि उनलाई धेरै त्याग र तपस्या गर्नु पऱ्यो र उनी राजगद्दीकी नायवकत्व भएर शासन चलाउनु पऱ्यो । राजनैतिक अस्त-व्यस्तताको यस्तो कठिन समयमा एक आदर्श राज्य सञ्चालनका लागि नीति-नियम बनाउने, उपदेशहरु दिने एउटा अत्यन्त महत्वपूर्ण ग्रन्थको आवश्यकता देखियो र समयको आवश्यकता र देशको मागअनुरूप उनले 'महाभारत' अन्तर्गत शान्तिपर्वको नेपाली अनुवाद १३० अध्यायमा पूर्ण र आफ्नो छोरा-नातिलाई राजधर्मका कुराहरु सिकाइन । यस प्रकार आफ्ना छोरा-नातिहरु र समस्त देशवासीसमक्ष आएका समस्याहरूलाई दर्शाइ, त्यसका समाधानहरु प्रस्तुत गरिन । उनी एउटी कुशल रानी हुनाका साथै, एउटी सफल राजा र सफल शासकको रूपमा नेपाल र नेपालीको सुख, शान्ति, समृद्धि र कल्याणका लागि समर्पित भइन् र शासन सम्बन्धमा अनेक ज्ञानात्मक कुराहरूलाई साहित्यमार्फत राजधर्मको रूपमा प्रस्तुत गरिन र यस प्रकार नेपाली भाषा साहित्यमा स्थापित भई स्तुत्य र उल्लेखनीय कार्य गरिन् । उनी आफ्ना दुई जना श्री ५ हरूको नायब हुनाका कारण राजधर्मको अनुवादलाई प्राथमिकता दिन अग्रसर भइन् साथै अल्पायुमा नै वैधव्यताका असह्य दुःखले पनि उनलाई शान्तिपर्वको अध्ययन-चिन्तन-मनन तर्फ उत्प्रेरित गराएको देखिन्छ ।

अपूर्व सौन्दर्यकी खानी कवयित्री ललित त्रिपुरासुन्दरीको रूप सौन्दर्य जति आह्लादकारी र मनोमुग्धकारी थियो, राष्ट्र, राष्ट्रियता र नेपालीका लागि उनले गरेका साहित्यिक, सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक कार्यहरु पनि त्यत्तिकै महत्वपूर्ण, प्रशंसनीय र प्रेरणादायी रहेका छन् ।

धर्म र अध्यात्ममा अत्यन्त आस्था राख्ने र त्यसैअनुरूप कार्य

गर्ने, आफ्नो देशको माटोका लागि सदैव समर्पित रहने ललित त्रिपुरासुन्दरीको योगदानबारेमा धेरै ठाउँमा शिलालेखहरूमा अङ्कित छन् र उनका यिनै महनीय कार्यहरूले गर्दा उनको नाउँको सुवास सर्वत्र फैलिएको छ ।

एकतर्फ राजधर्मको अनुवाद गरेर तथा आफैँ एउटा सफल नायवीका कर्त्तव्य निर्वाह गरिन्, आफ्नो धार्मिक, आध्यात्मिक चेतनालाई सुदृढ बनाइन्, देश र देशवासीलाई आध्यात्मिक चेतना दिएर नेपाली माटोलाई शक्ति र सामर्थ्य प्रदान गरिन् र अर्कोतर्फ नेपाली भाषा साहित्यलाई समृद्धि प्रदान गरिन् । उनले जनकल्याणका लागि स्तोत्र पनि लेखिन् र नेपाली भाषामा कविता पनि लेखिन् । 'राजधर्म' का प्रारम्भमा नै उनका कविता हामी पढ्न सक्छौँ र प्रत्येक अध्यायका अन्त्यमा पनि हामी उनका प्रभावपूर्ण कविताहरू हेर्न सक्छौँ । उनले संस्कृत भाषामा लिखित राजधर्मको महिमा र सन्देशलाई अनुवादको माध्यमले नेपाली जन-जनमा पुऱ्याउने महत्वपूर्ण कार्य गरिन । नेपाली भाषामा उनले नै प्रथम चोटि कविता लेखिन् र एउटी प्रतिभासम्पन्न साहित्यकारका रूपमा उभिइन् ।

उनका कविताहरू भाव पक्षमा जति सफल छन्, सशक्त छन् अभिव्यक्ति शैलीका ढङ्ग र प्रस्तुतिका ढङ्ग पनि त्यत्तिकै प्रभावशाली र सशक्त छन् । उनका भाषा सजीव रूपमा प्रस्तुत भएको छ । प्रशंसनीय कुरा यो छ कि उनले आफ्नै सांस्कृतिक, धार्मिक परिवेश र माटोले सुसज्जित भाषाका प्रयोग गरिन् जसमा सर्वत्र सहजता र सरलता छ तर सरल भए पनि उनका भाषामा हृदयस्पर्शिता र प्रवाहमयता छ । उनका गद्य विद्यालाई सर्वोत्कृष्टता प्रदान गर्नका साथै कविता-विद्यामा पनि अद्भुत माधुर्य र सौन्दर्य प्रदान गरेकी छन् । यस सन्दर्भमा प्रा. दिनेशराज पन्तको कथन अत्यन्त चरितार्थ भएको छ- "राजधर्मको भाषा-शैली र प्रस्तुति अत्यन्तै मिठासपूर्ण छ । अहिलेका लेखक, साहित्यकारहरूको

भाषाभन्दा त्यस बेलाको भाषा सुन्दर थियो भन्ने व्यहोरा राजधर्मले प्रस्तुत गरेको छ । 'राजधर्म' नेपाली भाषा-साहित्यको गर्व हो ।"

'राजधर्म' मा प्रयुक्त अनुवादिकाका अनुवादकला अत्यन्त उच्चस्तरीय देखिन्छ । नेपाली समाजमा प्रचतिल शब्दहरूको प्रयोगले भाषालाई सजीवता प्रदान गरेको छ र सबैको हृदयमा धेरै गहिरो प्रभाव व्याप्त गरेको छ ।

निश्चय नै अनुवाद कार्य कठिन कार्य रहेको छ । यो सुखद संयोग नै हो कि अनुवाद कार्यको कठिनतालाई आफ्नो सक्षम साहित्यिक व्यक्तित्व र दुइटै भाषाका पूर्ण ज्ञाता भएको हुनाले उनले अत्यन्त सफलतापूर्वक, कुशलतापूर्वक, सक्षमतापूर्वक, सहज स्वाभाविक रूपमा प्रस्तुत गरिन् । शान्तिपर्वको मौलिकताको पूर्ण रक्षा गर्दै उनले नेपाली साहित्यानुरागी पाठकसमक्ष सफल अनुवाद कार्यको एउटा ज्वलन्त उदाहरण प्रस्तुत गरिन् । मूल कृतिमा व्याप्त भावनाहरूको गम्भीरता र सजीवता अनुवादमा पनि यथावत कायम रहेको छ, मूल भावना सर्वत्र अक्षुण्ण रूपमा प्रस्तुत भएको छ । उनले पूर्ण ईमानदारीका साथ अनुवाद कार्यमा संलग्न भइन् र सफलता पूर्वक पूर्ण प्रवाहमयता र स्वाभाविकताका साथ सम्पूर्ण गरिन् । विषयानुकुल शब्दहरूका चयनमा पनि पूर्ण सफलता प्राप्त गरेककी छन् । वाक्य गठन, रचना शिल्प, भाषागत सौन्दर्यको दृष्टिले पनि यो कृति अपूर्व देखिन्छ । अनुवाद कलामा उनको दक्षता देखेर गोविन्द भट्टज्यूले कति सारगर्मित र मननीय कुराहरु भन्नु भएको छ- "अझसम्म प्राप्त सामग्रीहरूका अनुसार ललित त्रिपुरासुन्दरीले 'राजधर्म' का शीर्षक दिएर महाभारतको अनुशासन पर्वको नेपाली भाषामा अनुवाद गरेकी थिइन । त्यस समयका अन्य दिग्गज गद्यकार र कविहरूको पङ्क्तिका बीच एक महिला स्रष्टाका रूपमा ललित त्रिपुरासुन्दरी मात्र देखा पर्दछिन र उनीभन्दा अघि नेपालीभाषामा अरु कुनै नारीस्रष्टा रहेको कुरा अझसम्म पत्तो लागेको छैन । त्यसबाहेक अझैं गुणात्मक दृष्टिबाट उनको गद्यलेखन र

काव्यरचनाका भाषा शैली र प्रस्तुतीकरणमा सरलता, सहजता र मधुरताको उच्च मूल्याङ्कन गरेर हाम्रा केही सुप्रसिद्ध समीक्षक र अन्वेषकहरूबाट उनको राजधर्मलाई यौटा ऐतिहासिक उपहार र नेपाली वाङ्मयको गौरवका रूपमा स्वीकार गरी सकिएको छ ।" वास्तवमा उ समस्त नेपाली महिला साहित्यकारका लागि गौरव हुन् । यस सन्दर्भमा इन्दिरा प्रसाईज्यूका कथन मननीय र प्रेरणादायी रहेको छ- "ललित त्रिपुरासुन्दरी नेपाली भाषा, साहित्यको प्रथम नारीस्रष्टाका अतिरिक्त समस्त नारी लेखनको चेतना बिन्दु पनि छन् । सृजनाकी विभूतिले लेखेको राजधर्म शान्तिपर्वको पुराण नेपाली वाङ्मयको अनमोल सम्पत्ति भएको छ ।"

प्रस्तुत ग्रन्थका साहित्यिक महत्व जति गरिमामय छ, यसको राजनैतिक र भाषिक महत्व पनि त्यत्तिकै महत्वपूर्ण छ । यस्ता विदुषी नेपाली भाषा साहित्यकी अमर विभूति, मूर्धन्य स्रष्टा, नेपाली साहित्यकी प्रथम नेपाली स्रष्टा ललित त्रिपुरासुन्दरीलाई प्रकाशमा ल्याउने अत्यन्त प्रशंसनीय, ठोस र प्रामाणिक कार्य श्री नरेन्द्रराज प्रसाईज्यूबाट भएको छ । ललित त्रिपुरासुन्दरीका 'राजधर्म' शीर्षक पुस्तक सँगै नेन्द्रराज प्रसाईज्यूद्वारा लिखित जीवनी "प्रथम नारी स्रष्टा ललित त्रिपुरासुन्दरी" पनि संलग्न भएको हुनाले यस पुस्तकको महत्व अझ बढेको छ । स्मरणीय छ कि श्री नरेन्द्रराज प्रसाईज्यूले नेपाली साहित्यका अथक सेवक, अन्वेषक, विश्लेषक र प्रभावशाली समीक्षकका रूपमा र जीवनीकारको रूपमा धेरै प्रसिद्धि पाइसक्नु भएको छ । उहाँको गहन अन्वेषणात्मक शक्तिका बारेमा सर्वत्र प्रशंसा भएको छ । उहाँ सशक्त अनुसन्धानकर्ताको रूपमा देखा पर्नुहुन्छ । गहिरो खोज, अनुसन्धान, लगन, परिश्रम र गहकिलो शोधपूर्ण कार्यद्वारा उहाँले ललित त्रिपुरासुन्दरीलाई 'राजधर्म' को असल सर्जक र नेपाली भाषा र साहित्यकी प्रथम नारी स्रष्टाको रूपमा प्रस्तुत गरेर एउटा अत्यन्त महत्वपूर्ण कार्य गर्नुभएको छ । नेपाली भाषा, संस्कृति र साहित्यका अथक सेवक श्री नरेन्द्रराज प्रसाईको यो

अनुसन्धानात्मक खोजबीनका लागि उहाँका प्रयास प्रशंसनीय र अत्यन्त महत्वपूर्ण बन्न पुगेको छ । आफ्नो पुस्तकको विभिन्न अध्यायमा उहाँले जुन तर्क र तथ्यहरूको ठोस विश्लेषण गर्नुभएको छ त्यो अद्‌भुत छ र उहाँका विलक्षण प्रतिभाका द्योतक हुनुहुन्छ । अपूर्व निष्ठा, लगनशीलता, परिश्रम र साहसका साथ लेखेका उहाँ कथनहरु गहकिलो खोज अनुसन्धानका प्रमाण हुन् । उहाँ अपूर्व साहित्यिक योद्धा र साहित्य साधक हुनुहुन्छ । तन-मनले पूर्ण समर्पित उहाँका साहित्यिक कार्यहरु अत्यन्त प्रशंसनीय र अनुकरणीय रहेका छन् । यसअघि पनि 'नारीचुली' प्रकाशित गरेर उहाँले हामी नेपाली महिला साहित्यकारहरूलाई अत्यन्त प्रोत्साहन प्रदान गर्नुभएको छ साथै अनेकौं साहित्यिक व्यक्तित्व बारेमा उहाँका खोजमूलक जीवनी र कृतिहरु प्रस्तुत गरेर उहाँले नेपाली साहित्यमा बहुमूल्य योगदान दिनु भएको छ ।

राजधर्मको भाषानुवाद ललित त्रिपुरासुन्दरीबाट नै भएको हो, यसका प्रामाणिक तथ्यहरु नरेन्द्र प्रसाईज्यूले यस ग्रन्थमा समाविष्ट गरेर ठोस प्रमाणहरु प्रस्तुत गर्नु भएको छ । लगभग ४८ विद्वान, अन्वेषकहरूले गरेको हस्ताक्षरसहितको फोटो कार्ड प्रस्तुत गर्नु यसका पुष्ट प्रमाण हुन् कि यो अनुवाद अवश्य नै ललित त्रिपुरासुन्दरीबाट नै गरिएको हो । यस सन्दर्भमा योगी नरहरिनाथका भनाइ अत्यन्त सटीक र प्रशंसनीय रहेको छ । ग्रन्थको लेखोटको पृष्ठहरु पनि प्रस्तुत गरेर उहाँले ठोस प्रामाणिक तथ्य प्रस्तुत गर्नु भएको छ । यस्तै 'राम्रो इ रानी वचन', 'शीर्षक लेख', 'अर्न्तलापिकाका खुल', 'रानी साहेब ललिता' जस्ता अनुसन्धानमूलक मन्तव्यहरूले प्रसाईज्यूको मान्यता र खोजलाई सबल रूपमा परिपुष्टता प्रदान गरेको छ । प्रथम नारी स्रष्टा ललित त्रिपुरासुन्दरीका जीवनका विविध आयाम प्रस्तुत गरेर र यस जीवनीलाई राजधर्मसँग संलग्न गरेर प्रसाईले अन्वेषणात्मक ठोस तथ्यहरु, तर्कहरु प्रस्तुत गरेर अनुवादिकालाई नेपाली साहित्यमा अमरता प्रदान गर्नुभएको छ ।

यस जीवनी साहित्यका भूमिका गोविन्द भट्टज्यूले लेखेर यस कृतिको गरिमा र महत्व झन् बढेको छ । उहाँको अत्यन्त सूक्ष्म, सटीक र गम्भीर तथ्यपूर्ण प्रामाणिक मन्तव्य 'गागरमा सागर' झैं अर्थपूर्ण बनेको छ ।

त्यस्तै नेपाली साहित्यकी प्रथम नारी स्रष्टाका बारेमा तर्कपूर्ण, तथ्यपरक र खोजमूलक, जीवन्त तथा यथेष्ट जानकारी दिएर प्रसाईले काव्यानुवादिकालाई पूर्ण प्रकाशमा ल्याइदिनु भएको छ । जसले गर्दा कृतिको प्रामाणिकता र महत्व अझ झल्कन्छ । जुन कार्यका लागि प्रसाई धन्यवादका सुपात्र भएको छ । साथै यस कार्यको प्रेरणास्रोत इन्दिरा प्रसाईलगायत "नइ प्रकाशन" प्रति नेपाली साहित्य ऋणी र आभारी रहेको छ ।

नेपाली साहित्यको कोसेढुङ्गा 'राजधर्म' र नरेन्द्रराज प्रसाई द्वारा लिखित जीवनी "प्रथम नारी स्रष्टा ललित त्रिपुरासुन्दरी" अविष्मरणीय कृतिहरूका रूपमा हामी सबैका लागि मार्गनिर्देशक र प्रेरणास्पद भएर सम्पूर्ण सर्जकका कर्मपथलाई आलोक प्रदान गर्न सफल रहेको छ । ■

महाकवि देवकोटाका
काव्य चिन्तन

नेपाली भाषा र साहित्यलाई समृद्धि प्रदान गरेर सफलताको उच्च शिखरसम्म पुऱ्याउने महाकवि लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यको एक अमर विभूति हुनुहुन्छ । आफ्नो प्रखर र बहुमुखी साहित्यिक व्यक्तित्वका कारण उहाँ नेपाली साहित्यका मूर्धन्य साहित्यकारका रूपमा मात्र होइन, अन्तर्राष्ट्रिय साहित्यिक क्षेत्रमा पनि एउटा सशक्त महान प्रतिभाका रूपमा प्रतिष्ठित हुनु भएको छ ।

सरस्वतीका वरद्पुत्र महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.स. १९६६ (काठमाडौं स्थित डिल्लीबजारमा) र मृत्यु ५० वर्षको उमेरमा पशुपति आर्यघाटमा वि. सं. २०१६ मा भएको थियो ।

जीवन-पर्यन्त रोग, शोक र भोकसँग सङ्घर्षमय जीवन व्यतीत गर्ने वाध्यता भए पनि उहाँले कहिल्यै जीवनमा हार मान्नु भएन । आफ्नो कवि-कर्म र कवि-दायित्वप्रति पूर्णतया समर्पित भएर उहाँले एउटा असल कविका युग-द्रष्टा र युग-स्रष्टा रूपलाई पूर्णतया सार्थक बनाउनु भयो, चरितार्थ गर्नु भयो । महाकवि युगका आर्थिक, राजनैतिक, सामाजिक, धार्मिक, सांस्कृतिक, शैक्षिक, प्रत्येक क्षेत्रको गहिरो जानकार हुनुहुन्थ्यो र यी सबै क्षेत्रहरु बारेमा गहन चिन्तन मनन गरी उहाँले जुन साहित्यिक अभिव्यक्ति दिनुभएको छ त्यो उहाँको अन्तरात्माको आवाज थियो, जुन सत्यको अत्यन्त नजिक भएको हुनाले सर्वग्राह्य पनि थियो । परिवार, समाज, राष्ट्र र सम्पूर्ण मानवताका लागि स्वयं आफूलाई नै समर्पित गरेर, आफूलाई नै मिटाएर उहाँले जुन अविस्मरणीय उदाहरण प्रस्तुत गर्नुभएको छ त्यो अत्यन्त नै प्रशंसनीय र अनुकरणीय छ । जीवनपर्यन्त कठोर

साहित्यिक साधना गरेर यहाँले सम्पूर्ण मानव-जीवनलाई मङ्गलमय बनाउने दिशामा अतुलनीय योगदान दिनुभएको छ ।

साहित्यका कविता-विधामा ठूलो अभिरुचि भए पनि साहित्यका विविध विधाहरूमा उहाँले सफलतापूर्वक कलम चलाउनु भएको छ । उहाँले नाटक-३, कथासंग्रह-१, उपन्यास-१, निबन्ध सङ्ग्रह-१, समलोचनासङ्ग्रह-१, अनूदित प्रवन्धसङ्ग्रह-१, तथा अनूदित नाटक-१ लेख्नु भएको छ । कविता क्षेत्रमा उहाँले उल्लेखनीय योगदान दिनुभएको छ । कवितामा विधामा देवकोटा रचित महाकाव्य-६, खण्डकाव्य-२१ तथा कवितासङ्ग्रह-१४ अर्थात ४१ ग्रन्थ उपलब्ध छन् ।

अत्यन्त गरिवी र प्रतिकूल परिस्थितिको सामना गरेर पनि उहाँले सदैव सत्य र इमानदारीको पक्ष नै लिनु भयो । वस्तुतः असन्तुलित सामाजिक व्यवस्था र अन्तरविरोधबाट देवकोटाले सधैँ असीम साहस, प्रशस्त शक्ति र हौसला प्राप्त गर्नु भयो । उहाँ स्वतन्त्रता, समानता र मानवताका पुजारी हुनुहुन्थ्यो र आफ्नो साहित्यिक कृतित्वका माध्यमबाट जीवनभरि विश्व-बन्धुत्वको प्रचार-प्रसारका लागि नै समर्पित हुनुभयो । आखिर किन ? यो एउटा विचारणीय प्रश्न हामीसमक्ष उभिएको छ । गहिराइपूर्वक, सूक्ष्मतापूर्वक विचार गरेपछि हामी यस निष्कर्षमा पुग्छौं कि कवि देवकोटाका चिन्तन-मनन गर्ने दृष्टिकोण अत्यन्त व्यापक थियो । महाकविको उदारमना कवि-व्यक्तित्वले चिन्तनको गहिराइमा डुबेर विभिन्न दर्शनहरू, विचारधाराहरूका गहन अध्ययन मनन गरेर आफ्नो उदात्त जीवन-दर्शन तयार गऱ्यो । वेद, पुराण, उपनिषद्, आदिबाट उहाँका कवि-हृदय प्रभावित थिए नै, साथै बुद्ध, नित्से, रूसो, मार्क्स, गान्धी आदिका दर्शनहरूबारेमा उहाँले गहन चिन्तन-मनन गर्नु भयो । पाश्चात्य साहित्यप्रति अध्ययन अभिरुचिले पनि उहाँको दृष्टिकोणमा व्यापकता प्रदान गऱ्यो । विभिन्न पूर्वीय र पाश्चात्य विचार-दर्शनहरूबाट उहाँले लोक-कल्याणकारी, उपयोगी

तत्वहरूलाई ग्रहण गरेर आफ्नो मौलिकताको कसौटीमा राखेर, आफ्नो माटोको अनुकूल बनाएर, सञ्जीवनी बूटी सदृश अमृत कणहरूलाई ग्रहण गरेर मानवता कल्याणका लागि पथ-प्रशस्त गर्नु भयो । आफ्नो मौलिकता र निजिपनलाई सुरक्षित राख्दै उहाँले जुन महान जीवन-दर्शन हाम्रोसमक्ष राख्नु भएको छ त्यो अत्यन्त नै महत्वपूर्ण र रामवाण देखिन्छ ।

पुराण र अध्यात्मवादका समर्थक भए पनि कवि आफ्नो जीवन-दर्शनमा नवीनताका अन्वेषक देखापर्नु हुन्छ । परलोकको आकांक्षा नगरी कवि यसै लोकको गहिरो प्रेममा आबद्ध भएर जीवन प्रति गहिरो आस्था र प्रेम दर्शाउनुहन्छ । कवि जीवनबाट मुक्तिका चाहना गर्नुहुन्न-

'हामी मुक्ति चाहन्नौँ रे
बिउँभी आउँला । बिउँभी आउँला'

कविका अनुसार यदि मुक्तिको नै कामना गर्नु छ भने जीवनबाट मुक्तिको कामना नगरेर यस संसारका दुःख, दरिद्रता र असमानताहरूबाट मोक्ष प्राप्तिका लागि हामी प्रयत्नशील हुनुपर्छ ।

वस्तुतः कहाकवि देवकोटाका जीवन-दर्शनका मूल केन्द्रविन्दु नै विश्व-बन्धुत्व र मानव-कल्याण हो जसका लागि कविका यात्राका प्रारम्भदेखि नै जुन उदारता, व्यापकता, दीन-दुःखीप्रति सेवा भावना र कल्याणकारी मानवतावादी भावना देखापर्छ त्यहि मानवतावादी भावनाहरु परवर्ती रचनाहरूमा क्रमशः बढ्दै गएको देखिन्छ ।

कविका अनुसार प्रकृतिले हामीलाई सद्ज्ञान दिएर सुख शान्ति प्रदान गर्छिन् । ईश्वरप्रति पूर्णतः आस्तिक कवि-हृदय आफ्नो 'यात्री', 'मार्ग' र मृत्यूशय्यामा लेखेका उहाँका अन्तिम रचना 'संसाररूपी सुख स्वर्ग भित्र' मा पनि ईश्वरको अस्तित्वलाई पूर्णतः स्वीकार गर्नु भएको छ । आफ्नो जीवनमा त्याग र सेवालाई नै कविले सर्वोपरि महत्व दिनुभएको छ किनकि त्यागमा नै जीवनको सच्चा सुख निहित छ-

'खोज्छन सबै सुख भनी, सुख त्यो कहाँ छ ?
आफू मिटाई अरूलाई दिनु जहाँ छ'

कविका अनुसार मनुष्यका लागि प्रेम नै जिन्दगी हो र परोपकार तथा सेवा नै सबैभन्दा ठूलो धर्म । देवकोटा जीवन-दर्शनको मूलमन्त्र यही मानवप्रेम हो । कविको पूर्ण विश्वास छ-

'मानिसलाई मद्दत गर्ने स्वर्गमा पुग्ने छ ।'

कविको मान्यताअनुसार शोषित, पीडित, दीन-दुःखीका हृदयमा नै ईश्वरको वास हुन्छ । त्यसैले मानवसेवाका सन्देश दिँदै उहाँ भन्नुहुन्छ-

'फर्क हे फर्क जाऊ समाऊ
मानिसहरूको पाँऊ ।
मलम लगाऊ-आर्तहरूको
चहऱ्याइरहेको घाउ ।
मानिसहरू भै ईश्वरको त्यो
दिव्य मुहार हँसाउ ।'

कविका भनाईअनुसार सुख-शान्ति प्राप्तिका लागि स्वर्गमा पुग्ने आवश्यकता छैन । वस्तुतः दुःख, असमानता र अन्याय-अत्याचारलाई दूर गरेर, भगाएर यसै धरामा स्वर्गको अवतरण गराउन सकिन्छ । सद्बुद्धि र सद्ज्ञानको आधारमा यसै धरालाई सुख-शान्ति-समृद्धिपूर्ण बनाउन सकिन्छ । वास्तवमा यस्तो कल्पना कविको सुदूरव्यापिनी दृष्टिको द्योतक हो । थोपा-थोपा मिलेर समुद्र बन्छ । व्यक्ति-व्यक्तिमा पनि मानवीय गुणहरूका उत्कर्ष भए यही धरा स्वर्गसमान बन्नसक्छ, यसमा कुनै अत्युक्ति छैन ।

कवि एकता र समानताका पुजारीका रूपमा देखापर्छ । समाजमा पूर्ण समानता होस्, कुनै प्रकारका विभिन्नता नहोस्, देवकोटा काव्यका प्रधान स्वर नै यही हुन् । शोषितहरूप्रति गहिरो

समवेदना र सहानुभूति उहाँले 'पूर्णचाकी स्वास्नी', 'कामी दाइ', 'गरिब', 'एक सुन्दरी च्यामिनी प्रति' र 'सुन्दरी वेश्या प्रति' शीर्षक कविताहरूमा कविले अत्यन्त सशक्तरूपमा अभिव्यक्त गर्नु भएको छ । कविका अनुसार धार्मिक षड्यन्त्रकारीहरूले समाजलाई अनेक जात, थरहरूमा विभाजित गरेर जनतालाई दिग्भ्रमित गर्ने प्रयास गरेका छन् । सच्चाइ कविका शब्दहरूमा यस प्रकार फुटेको छ-

"मानिस ठूलो दिलले हुन्छ, जातले हुदैन ।"

श्रमिकहरूलाई प्रोत्साहित गर्दै कविले उहाँहरूलाई 'सृष्टिकर्ता' सम्बोधित गरेर उहाँले कति मान-सम्मान प्रदान गर्नु भएको छ त्यो भावनाका प्रसार समाजमा आवश्यक देखिन्छ । "कर्मण्येबाधिकारस्ते मा फलेषु कदाचनम्" का आदर्श हाम्रासमक्ष राख्दै कविले निष्काम-कर्मको सन्देश आफ्नो 'किसान', 'गरिब', 'भिखारी', 'कामी दाइ' जस्ता अनेकानेक कविताहरूका माध्यमबाट प्रदान गर्नुभएको छ ।

एकातर्फ देवकोटाका रचनाहरूमा शोषितहरूका दर्दनाक स्थिति र समाजमा उहाँहरूका दुर्दशाका सजीव चित्रण गरेको पाइन्छ, अर्कोतर्फ त्यस अन्यायका प्रतिकारका लागि सशक्त आह्वान पनि । आफ्नो प्रारम्भिक काव्यरचनाहरूका आदर्शवादी कवि परिस्थितिवश युग र समयको माँगअनुसार बिस्तारै-बिस्तारै यथार्थवादी, सुधारवादी र प्रगतिवादी बन्दै गएको हामी पाउँछौं । समाजमा व्याप्त दमन, अन्याय र अत्याचारका विरूद्ध सङ्घर्षका लागि जोडदार आह्वान गरेको उहाँका अनेकानेक कविताहरूमा देखिन्छ । प्रसिद्ध हिन्दी कवि निरालाले अन्याय सहनु हुँदैन, दमनको प्रतिकार गर्नु नै पर्छ भन्ने सिंह गर्जन गर्नु भएको थियो-

"सिंही की गोद से
छीनता रे शिशु कौन
मौन भी क्या रहती वह
रहते प्राण ? रे अजान

जागो फिर एक वार"

कवि देवकोटाले पनि ओजस्वी स्वरमा अन्याय, दमन, शोषण र अत्याचार समाजबाट समाप्त गर्नका लागि जनतालाई उद्‌बोधित गर्दै अनेकौं कविताहरु लेख्नु भएको छ । आफ्नो हक, हित र न्यायका लागि जनमानसलाई उदबुद्ध गर्दै कविले सङ्घर्ष प्रति जनचेतना यसरी जगाउनु भएको छ-

'जङ्गलको कानुन
जसले हाँक्यो, उसको पाक्यो,
काँतरको हक थाक्यो
न लडी कोई हुन्न विजेता ।"

यस्तै 'साँढे', 'झञ्झावीर', 'जित्नु छ साथी जिताउनु छ साथी' तथा 'पहाडी पुकार' जस्ता रचनाहरुमा अन्यायका प्रतिकारका लागि कवि भयंकर विद्रोही र क्रान्तिकारीरुपमा देखापर्नुहुन्छ । कविका क्रान्ति स्वर यस रुपमा फूटेको छ-

'मानिसलाई चाहिने हक
नलिई छाड्‌दैनौ
मर्नु त एक दिन अवश्यै पर्छ
पशुझैं नजिऊँ
मानिस हुँ भने, मानिस भै जिऊँ
मानिसको हक लिऊँ ।"

यस प्रकार कविका अनेकानेक ओजपूर्ण कविताहरु जन-जीवनमा क्रान्तिचेतना र सङ्घर्षलाई उत्कर्ष प्रदान गरेको छ । यस दृष्टिले कविका 'झञ्झा प्रति', 'बाढी की विष्णुमती' 'बाघले बच्चा किन खान्छ' आदि कविताहरु अत्यन्त महत्वपूर्ण छन् ।

कविले एकातर्फ यस्ता ओजपूर्ण कविताहरुका सिर्जन गरेर सुषुप्त जन-चेतनालाई झङ्‌कृत गर्नुभएको छ, उद्‌बोधनको सन्देश दिनुभएको छ, त्यहीं 'दाल-भात-डुकु' जस्ता रचनाहरुद्वारा देशका

अनेकानेक समस्याहरूको यथार्थ र सजीव चित्रण प्रस्तुत गरेर देशवासीलाई जागृत गर्ने दिशामा सशक्त प्रयास गरेको छ साथै 'पागल' जस्ता कविताको माध्यमबाट उहाँले सामाजिक विकृतिहरू माथि प्रहार गर्दै समाजमा सुधारको आवश्यकता बारेमा जोड दिनु भएको छ । यस्तै 'रावण जटायु युद्ध' जस्ता कविताको माध्यमबाट आफ्नो जीवन दर्शन स्पष्ट गर्दै उहाँले भन्नु भएको छ कि असत्य र अन्याय चाहे जति शक्तिशाली भए पनि अन्तिम विजय सदैव सत्य र न्यायकै हुनु अवश्यम्भावी हो ।

कविको मान्यताअनुसार साहित्य जीवनको प्रतिनिधि हो र कवि जनताको प्रतिनिधि । यसै विचार र जन-भावनाको कदर गर्दै जन-जागरूकताका उद्देश्यले कविले जनलय 'झ्याउरे' मा 'मुनामदन' 'पहाडी पुकार' जस्ता रचनाहरूका सिर्जना गरेर जन-जनका हृदयमा व्याप्त हुनुभयो ।

निष्कर्षतः 'सत्यम् शिवम् सुन्दरम्' का उपासक कवि देवकोटाका लेखनी पूर्णतः र जीवनपर्यन्त विश्वबन्धुत्वका भावनाका प्रचार-प्रसारमा नै समर्पित रह्यो । समाजमा व्याप्त विषमतालाई हटाएर कवि एकता र समानता लागि आह्वान गर्छ र विश्वमा व्याप्त विखण्डित मानवतालाई एक सूत्रमा बाँधेर समाजमा प्रेम, दया सहिष्णुता, सेवा-परोपकारजस्ता सद्‌गुणहरूका प्रसार गरेर यसै धरालाई स्वर्गमय बनाउने दिशातर्फ प्रशंसनीय कार्य गर्नु भएको छ ।

निश्चय नै पूर्वीय र पाश्चात्य साहित्य, दर्शन, ज्ञान, विज्ञान कला र संस्कृतिका अध्ययन-मनन र गहन चिन्तनको आधारमा उद्‌भूत महाकविका जीवन-दर्शन र काव्य-चिन्तन अत्यन्त महान, व्यापक र प्रेरणादायी प्रतीत हुन्छ । मानव-प्रेम र मानवसेवाको मूल मन्त्र लिएर मानवता-कल्याणका लागि उहाँका समर्पित कवि-व्यक्तित्व युग-युगसम्म हामीलाई प्रेरणा दिइरहने छ, दिशा निर्देशन गरिरहने छ । ■

युग प्रवर्तक :
कविवर सिद्धिचरण श्रेष्ठ

नेपाली साहित्यमा युगकविका रूपमा सुपरिचित श्रेष्ठका कवितामा देशप्रेम, सामाजिक विसङ्गतिप्रति विद्रोहको क्रान्ति-चेतना र युगबोधको प्रबल भावना व्याप्त भएको पाइन्छ । कवि-कर्त्तव्यप्रति सदैव सचेत र जागरूक कवि श्रेष्ठका रचनाहरू हामीसमक्ष एउटा अनुकरणीय उदाहरण बन्न गएको छ । युगकवि श्रेष्ठका अनुसार- 'उज्यालो घामको निम्ति जिउँदो अन्धकारसित लडन्त-भिडन्त गरिरहनु नै मानवजीवन हो । भइरहेको सामाजिक विकृति विसङ्गतिलाई पनि कलापूर्ण ढङ्गले अभिव्यक्त गरेमा त्यो शाश्वत साहित्य हुन सक्छ ।"

वास्तवमा सच्चा साहित्य जीवनको सार्वकालिक एवम् सार्वदेशिक सत्यको प्रतिफल हुन्छ । यही कारण हो कि रामायण, महाभारत, रामचरित्रमानस आदि ग्रन्थहरूले मानवता-कल्याणको दिशामा जुन बहुमूल्य योगदान दिएका छन्, तिनले युग-युगका लागि मार्गदर्शक र प्रेरणाका अजस्र स्रोतका रूपमा मानवलाई पथ-प्रदर्शन गरिरहने छन् ।

हिन्दी कवि सुमित्रानन्द पन्तले भन्नुभएको छ :

'कविर्मनीषीका कर्तव्य सनातन
जीवन मंगल का करना सुख सर्जन"

कवि सिद्धिचरण श्रेष्ठले पनि विश्व-व्यथाका मार्मिक अभिव्यक्ति दिँदै देशीय समस्याहरूका चित्रण गर्दै, देशबासीहरूलाई उद्बोधित गर्दै विश्वव्यापी समाजमा समाएर युगको आवाजलाई ध्वनित गर्नुभएको छ । लोकपथगामी कवि श्रेष्ठले विक्रम सम्वत १९९६ मा नै आफ्नो मनको अभिलाषा व्यक्त गर्दै भन्नु भएको थियो :

'सुखसागरमा लय भई आखिर
गर्ने जीवन सुन्दर-सुन्दर
छ यही मनको इच्छा
भित्र बनूँ कवि बाहिर योद्धा'

मानवजीवनलाई सुन्दर, सुखी, मङ्गलमय बनाउनका लागि कविका दृढ सङ्कल्प स्तुत्य देखिन्छ । समाजमा वसन्त ऋतु ल्याउने आँट र साहस कविले आफ्नो हृदयमा अनुभव गर्छन् र त्यसको शुभागमनका लागि समाजका विकृतिहरू, समाजमा सडे-गलेको व्यवस्थाहरूलाई मास्न आवश्यक ठान्दछन् किनकि:

'नझारी पात के ऋतुपति कहीं आउँछ यहाँ ?'

समाजमा व्याप्त असमानता, अत्याचारलाई समाप्त गर्न कवि उत्सुक हुन्छन् । ग्रीष्मऋतुको तापबाट समाजलाई मुक्ति दिलाउनका लागि, समाजमा चलिरहेको हुरी र धूलो शान्त गर्नका लागि र सुकिसकेको नदी, पोखरीलाई जीवन प्रदान गर्नका लागि, हतोत्साहित जनतामा नव-सञ्चारका लागि वर्षा भएर जीवन-दान दिनु, खुसियाली प्रदान गर्नु कवि आफ्नो कर्तव्य ठान्दछन् । वास्तवमा लोककल्याण र सङ्घर्षका प्रेरणा उहाँले प्रकृति मुमाबाटै लिनुभएको छ :

'किनकि रविको तप्त दिवसमा
विश्व सजाउन प्रकृतिमा
घनसित गर्दै घोर सङ्घर्ष
बर्साउँछ जल पहिले प्रकर्ष'

नेपाली साहित्यका यशस्वी प्रतिभा कवि सिद्धिचरण श्रेष्ठले सौन्दर्यपरक स्वच्छन्दतावादी भावनाबाट नै आफ्नो काव्य-यात्रा प्रारम्भ गर्नु भयो तर पछि नेपालीका पीडा-व्यथाले उहाँलाई युग-बोध गराएर कविलाई सामाजिक-राजनैतिक चेतनातर्फ उन्मुख गरायो । नेपाली जन-जीवन र नेपाली समाजको यथार्थ बोधले कविहृदयको

भावुकतालाई शनैःशनैः सचेतता र प्रबुद्धता प्रदान गर्दै गयो र उहाँमा क्रान्तिकारी र विद्रोही भावना पनि उफ्रन थाल्यो । खास गरेर कठोर काराबासको सजायले वि. सं. १९९७ सालको राजनैतिक आन्दोलनमा अंश सर्वस्व हरण भई १८ वर्ष कारागारको सजाय (पाँचवर्षपछि काराबासबाट मुक्त) उहाँलाई सामाजिक-राजनैतिक यथार्थ बोध तर्फ ज्यादै सचेतता प्रदान गरेर उहाँमा क्रान्तिकारी चेतनासमेत जगायो र यसप्रकारको ओखलढुङ्गाका प्रकृति गायक कविले दायित्व बोधले भरिएर देशभक्तिपूर्ण ओजस्वी कविता लेख्न थाल्नुभयो र यत्र तत्र ज्वालामुखी भएर नै फुट्न थाल्नुभयो :

"तेस्र्याई बिघ्न बाधा
को रोक्छ हामीलाई
हौं उर्लदो भयङ्कर
असमेल बाढी हामी ।"

युगीन जन-जीवनका सामाजिक, आर्थिक, राजनैतिक, विषमता, विसङ्गति र विकृतिहरूप्रति कविको कवितामा आक्रोश यसरी अभिव्यक्त भएको देखिन्छ :

"वर्षा म आज छु यहाँ भव यो सिंगार्ने
ग्रीष्मऋर्तु-गौरव-ध्वजा जति ध्वस्त पार्ने
ल्याइ रहेछु जगखातिर स्वर्णकाल
गर्दै विरोध रविको सब अङ्कमाल"

राणाशाही शासनप्रति विरोधभावनाले कवि झनझन क्रान्तिकारी हुँदै गएको पाइन्छ । आफूलाई मेटाएर पनि देशमा व्याप्त अन्याय-अत्याचारलाई समाप्त गर्ने हिम्मत, कहिल्यै नहार्ने आँट लिएर कवि नेपाली साहित्यका एक प्रखर क्रान्तिकारी कविको रूपमा हाम्रो अगाडि यसरी उभिनु भएको छ :

"विश्रान्ति लिई मानिसले व्यर्थै बस्छन् जर्जर कमजोर
खाई, लाई लम्बाउनु किन बाँचिरहने यो जोर

आज न खाऔं नसुतौं आओ सब मिली हड्ताल मचाऔं
कसरी चल्ला विधिको सृष्टि लौ त्यसको पाइन हेरौं ।"

"कविता जीवनको निम्ति हो ।" सिद्धान्तका कट्टर समर्थक कवि श्रेष्ठ राष्ट्रिय जागरणको हुङ्कार गर्दै आफू नेपाली हुनु भएकोमा गौरव अनुभव गर्नुभएको छ :

"नेपाली हुँ कठिन गिरिमा चढ्नलाई सिपालु
बैरी नहोस् तर छु बहुतै दीनमाथि दयालु
तातो रातो रगत रिपुको प्युन हरदम तयार
मेरो प्रिय खुकुरी यो हेर भै होसियार"

साथै सम्पूर्ण जगतको रक्षा गर्नका लागि, अरूको भलाइ गर्नका लागि आफ्नो सर्वश्व, आफ्नो जीवनसमेत समर्पित गर्नका लागि हरदम तयार उनको उदात्त मानववादी भावनाहरू सम्पूर्ण मानवताका लागि प्रेरणाप्रद सिद्ध भएको देखिन्छ :

"शिक्षा मेरो जगत्भरको गर्नु रक्षा सदैव
दीक्षा यै हो परहित गरूँ आखरी श्वाससम्म
ज्वाला दन्कोस् दनदन कहीं मृत्यु आई फुकेको
अत्याचारी यदि छ त कहीं माथ नै ताक्छु त्यसको"

निश्चय नै नेपाली साहित्यको इतिहासमा उहाँको योगदान उल्लेखनीय रहेको छ । आफ्ना रचनाहरूको माध्यमबाट कविले सामाजिक समस्याहरू, युगीन भावनाहरूलाई अभिव्यक्त गरेर समाजमा सजगता, चेतना व्याप्त गर्नुभयो, युवावर्गलाई उद्बोधित गर्नुभयो, क्रान्तिको आहवान गरेर, समाजमा एकता र समानताको भावना अभिव्यक्त गरेर समाजलाई अजस्र प्रेरणा दिनुभएको छ । उहाँले प्रदान गरेका बहुमूल्य योगदानहरूले नै उहाँलाई 'युगपुरूष' को महिमामय प्रतिष्ठा प्रदान गरेको छ । देशको दर्दनाक स्थितिको यस्तो जीवन्त चित्रण अन्यत्र दुर्लभ देखिन्छ । यस्तो प्रतीत हुन्छ मानौं जनताका हृदयमा नै समाएर कविले युगको आवाजलाई जनताका ढुकढुकीमा प्रतिध्वनित गर्नुभएको छ ।

एकातर्फ उहाँका 'परिचय' जस्ता कविता देश-प्रेमले ओत-प्रोत, नेपाली स्वाभिमान र नेपाली वीरतालाई ओजस्वीतापूर्ण ढङ्गले प्रस्तुत गरेको छ, 'चम्क युवक' कवितामा युवाजनमा वीरतालाई ललकार्दै देशका लागि त्याग र बलिदानको आव्हान गरेको छ, अर्कोतर्फ आफ्नो अनेकानेक कविताहरूमा मानवतावादका अझ सबल पक्ष लिएर । सही रूपमा युगका 'शिखरपुरुष' भएर सिंहगर्जन गरेको छ । कविका 'मङ्गलमान' काव्य मानवकल्याणकारी दिशामा जनमुखी चेतना फैलाउँदै एउटा सफल प्रयास भन्न सकिन्छ जसमा सामाजिक-राजनैतिक प्रतिबिम्ब प्रतिफलित हुनका साथै अन्याय र शोषणका विरुद्ध आवाज र मानवाधिकारका प्रश्न सबलरूपमा चित्रित भएको देखिन्छ ।

उहाँको 'च्यामिनी', 'अछुत' कविताले सामाजिक वैमनष्यताका समस्यालाई ठूलो चुनौती दिएको छ । अछुतप्रतिका सामाजिक भेद-भावनालाई प्रखर स्वर दिएको छ । मानवीय भावनालाई उदात्तता प्रदान गर्दै आफ्नो 'अछुत' शीर्षक कवितामा उहाँले स्पष्ट पार्नु भएको छ :

"साच्चै पूजा गर्ने हो त ऊ उसलाई अघि लाऊ ।
युग-युग देखिन् तिमीले जसको अधिकार सबै हतियायौ ।
छुन नहुने भनी पापछिटाली जसको हद अपमान गऱ्यौ ।
पाउ समाई उसकै पहिलो मेरो मन्दिरमा आऊ ।"

'मेरो प्रतिबिम्ब' कवितामा सिङ्गो नेपाली जन-जीवन र युगीन परिवेश र तत्कालीन सामाजिक वैषम्यतामाथि व्यङ्ग्यको माध्यमले तीव्र प्रहार गरिएको छ ।

नारीप्रति कविका आदर्श दृष्टिकोण श्लाघनीय छन । स्नेहमयी, ममतामयी, प्रेरणामयी नारी, सर्वमङ्गलको रूपमा कविको काव्यमा प्रतिष्ठित भएकी छिन् । आफू कष्ट सहेर पनि अरूलाई आश्रय र सुख दिने नारी आदर्शका प्रतिरूप हुन् । महिमामयी नारी आफ्नो त्याग र आदर्शले यस लोकमा पनि विश्राम र शान्ति प्रदान

गर्छिन् र परलोकमा पनि सुधार दिने प्रयास गर्छिन् । नारीका महनीय स्वरूपको वर्णन गर्दै कविले भनेका छन् :

"जीवनभारा बोकी हिंड्ने
बटुवालाई विश्रान्ति दिई
जीवनभारा बोकिदिनुको
ममतामय आश्रय मिल्छ यही ।"

विश्व-बन्धुत्व-भावनाको प्रसार गर्दै कविले यो मान्यता प्रस्तुत गर्नुभएको छ कि धर्तीका सबै मानव ईश्वरका सन्तान हुन् । सबै मानव आपसमा भाइ-भाइ हुन् । वर्ण, जाति, धर्म आदिका नाममा भेद-भाव गर्नु हाम्रो हृदयको सङ्कीर्णता हो । आफ्नो 'अभेद' शीर्षक कवितामा समानताका यस्तै भावनालाई समाजमा व्याप्त गर्नुभएको छ :

"एउटै हावा, एउटै पानी
एउटै घाम, एउटै माम
हामीमा केही भेद छैन
तिमी मेरो, म तिम्रो"

यसरी देशप्रति भक्ति-भावना, देशमा एकता, समानता ल्याउने प्रयास देश-निर्माणका लागि आह्वानको साथै कवि श्रेष्ठले विशाल मानवतावादी भावनालाई राम्ररी प्रश्रय दिनु भएको छ, सम्पूर्ण विश्व-मानवका कल्याण कामनाका लागि उहाँको मन अधीर रहेको छ र उहाँका हृदयमा व्याप्त लोक-चेतनाको भाव उत्तरोत्तर बलियो हुँदै गएको हामी पाउँछौं । यस धरामा मानवताको कल्याण होस्, यो भावना नै कविका लागि सर्वप्रथम हुँदै गएको छ । प्रेम र शान्तिले परिपूर्ण मानवताका अमर सन्देश नै कवि-जीवनको सार्थकता बन्न पुगेको छ ।

"उड उड मानव स्वप्नमूर्ति तँ बनी जा देशदेशान्तर
सारा मानिस हुन् बराबर भनी छर्दै तँ जा चेतन

भाग्छन् दूर कहाँ-कहाँ अब यहाँ रोएर ज्यूने दिन
आयो पूर्व खुलेर जग्मग भई हाँसेर बाँच्ने दिन ।"
"टाढा माथि उडेर बादल हावा चढी जा, तँ जा
हे सेतो हिमझैँ सफा नभचरी ली शान्ति सन्देश जा
हामी विश्व बनाउँछौं मिलिजुली सङ्गम के काम छ
हामी आपस प्रेम साथ जिउँछौँ शान्तिका उत्सुक"

कविका राष्ट्रिय गीतहरूमा कहीं जातिगत, धर्मगत वा स्थानभेदको आधारमा सङ्कीर्णता छैन बरु धर्म, जाति, वर्ण, लिङ्ग, स्थान आदि भन्दा धैरै माथि उठेर, अत्यन्त व्यापकताका साथ देशका सम्पूर्णता वा सिङ्गो नेपाललाई अङ्गीकार गरेका छन् :

"आर्य, अनार्य, बौद्ध र हिन्दु
मिश्रित हाम्रो देश विशाल
मन्दिर, गुम्बा, गिर्जा, मस्जिद
मानवता हे जीवन
कोसी, गण्डकी, कर्णालीको
नित्य सरल हे कलकल गान ।"

मानवताको भावना उहाँको काव्यमा सर्वोपरि देखिन्छ । कविका अनुसार मानव कल्याण र मानवहितका लागि सेवा र परोपकारका भावना नै हामी सबैका लागि सबैभन्दा ठूलो धर्म हो :

"परोपकार अस्त्र ली मनुष्य हो बढौ, बढौँ
महान्धकार विश्वको खत्म गरौं खतम् गरौँ
फरेब जाल लोकमा अनेक छन् त के भयो
परोपकार वृत्तिले सचिन्छ फेरि विश्व यो"

समाजमा फैलिएको प्राचीन रूढिवादहरूले, जीर्ण परम्परा हरूले, कुरीतिहरूले हाम्रो एकतालाई, हाम्रो आपसी प्रेमको भावनालाई छिन्न-भिन्न गरिरहेका छन् । मानवीय विकासको बाटोमा बाधा उत्पन्न गर्ने यी जर्जर परम्पराहरूलाई नाश गरेर समाजमा शान्ति र सुव्यवस्था ल्याउने दायित्व कविको हुन्छ ।

जन-जीवनमा व्याप्त अशान्ति, असन्तोष, घृणा र द्वेषलाई समाप्त गर्ने उद्देश्यले मानव-कल्याणको दिशामा कवि श्रेष्ठ पनि सक्रिय सहभागी हुनुभएको छ । वास्तवमा जनहितका लागि नै उहाँले कविता लेख्नुभएको छ :

"बाटो मेरो छेकी रहेको
एक अजङ्गको साँढेलाई
लौरो लिकन दूर लघारे
मैले कविता लेखे ।"

कविलाई पूर्ण विश्वास छ कि उहाँले गरेका प्रयासहरू व्यर्थ जाँदैनन् र हाम्रो परिश्रम र लगनशीलताले आउने वर्षहरूमा हामी आफ्नो सुन्दर लक्ष्यसम्म अवश्य पुग्छौं :

"आपस बीचको छिछलो-खिचलो हट्दै जान्छ अब साथी
टेकी रहेछौं अहिले हामी जाग्रत उन्नत युगमाथि"

जीवनका सङ्घर्षले कविलाई सधैं नवशक्ति प्रदान गरेको छ । मार्गका विघ्नबाधाले उहाँलाई कहिल्यै हतोत्साहित गरेको छैन बरु सङ्घर्षहरूको सामना गर्दै अझै वेगवान भएर उहाँ साहित्य साधनामा गतिशील र समर्पित हुनु भएको छ । आफ्ना कविताका माध्यमबाट जनतालाई पनि सुख दुःखको पर्वाह नगरी परिश्रमी र लगनशील भएर जीवनपथमा अगाडि बढ्नका लागि कविले प्रेरणाप्रद सन्देश दिनुभएको छ :

"बेला भयो उठौं लौ
हे देशका जवान
खोलौं सबै मिलेर
सामर्थ्यको मुहान ।"

देशमा व्याप्त अन्याय अत्याचार तथा विषमता हटाउनका लागि यहाँ जीवन पर्यन्त क्रियाशील हुनुभयो । उहाँका समग्र कविता-यात्राका गहिराइपूर्वक अध्यन गरेपछि हामी पाउछौं कि

विषमताविरुद्धका उहाँका स्वर सम्पूर्ण मानवताका कल्याण-हित-कामनामा उत्तरोत्तर प्रबल हुँदै गएको छ । सम्पूर्ण संसारका मानव हित-कामना उहाँका कविताहरूमा बढ्दै गएको हामी पाउँछौं । 'स्व' का भावना 'हामी' मा विलीन हुँदै सम्पूर्ण संसारलाई नै विषमता शून्य देख्न चाहने कविको योगदान वास्तवमा अत्यन्त महत्वपूर्ण छ । कविका सृर्जनशीलताको मूल उद्देश्य विषमता शून्य संसारको कल्पना हो :

"युग-युगको अपमान, घृणा, शोषण अनि अत्याचार
खतम गराउन उत्रिरहेको मेरो जाज्वल्य विचार ।"

लगभग छः दशकभन्दा लामो अवधिसम्म नेपाली वाङ्मयको सेवा गर्दै उहाँले सामाजिक चेतनाको विकासमा उल्लेखनीय कार्य गर्नुभयो साथै मानवतावादी भावनालाई पनि फिजाउँनमा सक्रिय योगदान दिनुभएको छ । वास्तवमा उहाँको बहुमूल्य योगदानको उचित कदर हुनैपर्छ । उहाँको हार्दिक अभिलाषा थियो :

"कविता रच्दै शान्ति फिजाऊँ
प्राण प्राणमा प्रेम जगाऊँ ।"

प्रेम र शान्तिको व्यापक सन्देश लिएर उहाँले अनेकौंपटक विदेशहरूमा नेपालको सही प्रतिनिधित्व गर्नुभएको छ र आफ्नो मुलुकको प्रतिष्ठा र गौरव बढाउनका साथ अन्तर्राष्ट्रिय मैत्री तथा सद्भावलाई विकसित तुल्याउने अत्यन्त प्रशंसनीय कार्य गर्नुभएको छ ।

कवि सिद्धिचरण (१९६९-२०४९), त्रिभुवन पुरस्कार (२०४७), रत्न श्री सुवर्ण पदक (२०३१), पृथ्वी प्रज्ञा पुरस्कार (२०४५), वेदनिधि पुरस्कार (२०४६) तथा प्रबल गोरखा दक्षिण बाहु, विख्यात त्रिशक्तिपट्ट, आदि मान-सम्मान, पुरस्कारबाट विभूषित हुनुहुन्थ्यो ।

सङ्क्षेपमा उनका कविताले सबल राष्ट्रियताको सङ्खनाद गरेको छ र अन्याय, शोषण र अत्याचार विरुद्ध संघर्षका लागि

आह्वान गरेको छ । मानिसलाई कर्म गर्ने प्रेरणा दिएको छ, मानवता विरोधी तत्वहरूलाई समाप्त गरेर विश्वमा शान्ति फिजाउँने सन्देश दिएको छ साथै विश्वबन्धुत्व र मानवताको चर्को स्वरले बिगुल फुकेको छ ।

लोक-कल्याण, मानव-कल्याणका दिशामा समर्पित उहाँका जनमुखी चेतनाले भरिएका कविताहरूले उहाँलाई नेपालका 'ज्योतिपुरुष' का रूपमा प्रतिष्ठित गरेको छ । नेपाली वाङ्मय क्षितिजमा उज्ज्वल नक्षत्र भएर उहाँ सदैव हाम्रा लागि प्रेरणाका आलोक भएर हाम्रो पथ-प्रदर्शन गरिरहनुहुने छ र उहाँले प्रदान गरेको मानवतावादका दिव्य सन्देश सधैं गुन्जिरहने छन् । आफ्नो बहुमूल्य साहित्यिक देन र उपलब्धिहरूमा उहाँ सदैव जीवित रहनुहुनेछ । ■

कवि विष्णुविभु घिमिरे : एउटा संक्षिप्त अवलोकन

प्रकृति-प्रेम, राष्ट्रप्रेम, आध्यात्मिक-दार्शनिक-सांस्कृतिक चिन्तन, युगीन नग्न यथार्थ आदि अपरिमित विषय-वस्तु र क्षितिज लाई अँगाल्दै, मानव-कल्याणप्रति समर्पित हुँदै कवि विष्णुविभु घिमिरेको कविता-यात्रा आजसम्म अगाडि बढिरहेको छ ।

वि.सं २०१० साल भाद्र, इलाममा जन्मिनु भएका नेपाली भाषा-साहित्यका स्थापित कवि तथा सम्पादक विष्णुविभु घिमिरे २०२७ सालदेखि युगीन यथार्थता, आक्रोश र विद्रोहका कटु अनुभवहरूलाई बटुल्दै, राष्ट्रिय-अन्तर्राष्ट्रिय समस्याहरूलाई नियाल्दै, समसामयिक दायित्वलाई स्वीकार्दै आफ्नो अनुभवको गहिराइ र सीपको दक्षताले आफ्नो कविताहरूको माध्यमबाट समाजलाई झकझकाउँदै, उठने जोस र प्रेरणा प्रदान गरिरहनु भएको छ ।

हालसम्म घिमिरेका 'कठघरामा उभिएर' (२०४५) तथा 'काँडा-काँडामा टेकेर' (२०४५) दुईवटा कवितासङ्ग्रह प्रकाशित छन् । उहाँको तेस्रो कवितासङ्ग्रह प्रकाशनाधीन छ । उनले "जनैको साँचो" नामको टेलिचलचित्रको सहलेखनसमेत गर्नुभएको छ । २०४४ सालमा प्रकाशित उहाँका समीक्षा "सडक नाटकका पाँच वर्ष" र श्री लूनकरणदास-गङ्गादेवी चोधरी साहित्यकला मन्दिरबाट आयोजित कविता वाचन कार्यक्रममा उहाँद्वारा वाचित कविताहरूका क्यासेट "आफ्नो कविता, आफ्नै आवाज" अति प्रशंसित भएका छन् । 'गरिमा', अहिले, विमोचन, सुरुचि साप्ताहिक, कला र सिर्जना आदि पत्रिका हरूको सम्पादन गर्नुभएको उहाँ "प्रतिभा पुरस्कार", "राष्ट्रिय युवावर्ष मोती पुरस्कार", "उत्कृष्ट युवा पुरस्कार", 'उत्कृष्ट पटकथा लेखन पुरस्कार', 'राष्ट्रिय प्रतिभा पुरस्कार', 'मानश्री पुरस्कार', 'वी. पी.

कोइराला राष्ट्रिय पुरस्कार' आदि अनेकौं पुरस्कार र सम्मानबाट सम्मानित हुनुहुन्छ । नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति रहि सकेका डा. विष्णुविभु घिमिरेले संस्कृति विषयमा पीएच.डी. डीग्री प्राप्त गर्नुभएको छ । साझा प्रकाशनको अध्यक्ष कवि विष्णुविभु घिमिरेका काव्यिक यात्रा निरन्तर रूपमा अगाडि बढिरहेको छ ।

कवि घिमिरेका कविताहरु एकता, समानता, स्वतन्त्रता र विश्वबन्धुत्वको भावनाका शङ्खनाथ गर्दै एउटा सुन्दर, स्वस्थ मान्छे र स्वस्थ मानवसमाजका निर्माणका लागि प्रयत्नशील छन् ।

आफ्ना कविताहरूका माध्यमबाट कविले समाजमा व्याप्त अन्याय, अत्याचार, भ्रष्टाचार, विषमता, भेदभावको विरोध गर्दै, सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक कुरीतिहरूलाई दूर गरेर सामाजिक जागरणको आवश्यकताका लागि जाड दिनुभएका छ, सामाजिक रूपान्तरणको सन्देश दिंदै निदाएको समयलाई व्यूँझाँउने प्रयास गर्नुभएको छ ।

बुद्धि, विवेकलाई आत्मसात् गर्दै हामी समन्वयवादी मार्गमा अग्रसर हुनुपर्दछ । हामी विगत बाट सबक सिकेर उज्ज्वल भविष्यका मार्ग प्रशस्त गर्नुपर्दछ अन्यथा विनाश निश्चित छ । कविकै शब्दमा-

"अविश्वास जहाँ छ त्यहीँ रोकेर
विश्वासको हात बढाउनु पर्दछ
यस्तो सङ्घारमा उभिएका छौं हामी
विवाद-विवाद मात्र चर्काउने हो भने
एउटा सुनको लङ्का ध्वस्त हुनसक्छ ।"

कविद्वारा प्रदत्त यो सचेतता हाम्रो देशको हितमा, देशवासीको कल्याणका लागि कति अपरिहार्य रहेको छ ।

समग्र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय हितका लागि, मानवीय सुख-समृद्धिकालागि कविका लेखनी सतत् समर्पित छ । साहित्य-सृजन शिवम्को स्थापना र प्रप्तिका लागि नै हुनुपर्छ ।

देशभक्ति, मानवीयता र विश्व एकता नै हाम्रो काव्यिक चेतनाका मूल आदर्श हुनुपर्छ भन्ने विचारका सबल समर्थक कवि घिमिरेका काव्य लेखनको मूल उद्देश्य नै स्वस्थ मानवतावादको स्थापना हो । मानवीय एकता र मानव-कल्याण नै उनका कविताको मूल केन्द्रविन्दु रहेको छ -

"विशाल आकाशभरि छरिएर
टिमटिम चम्कने
एक-एक ताराहरू टिपेर
प्रत्येक तारालाई
एक-एक शब्द बनाएर
कविता लेखूँ भन्छु ।"

अन्यायको प्रतिकार गर्नु, दमन-शोषण-अत्याचारको विरुद्ध कलम चलाउनु र समाजलाई प्रेरणाप्रद, ओजस्वी सन्देश दिनु नै कवि घिमिरेका कविताहरूको मूल स्वर रहेको छ -

"महाभारतमा
कौरव र पाण्डवको कुरुक्षेत्रमा
कर्ण र अर्जुनबीचको युद्धमा
जसरी आपसमा बर्सिए वाण
तिनै वाणहरू शब्द-शब्दमा उनेर
धावा बोल्ने कविता लेखूँ भन्छु ।"

कविको कवितामा जनयुद्धमा मरिने सहिदहरूप्रति गहिरो सहानुभूति छ । जनयुद्धलाई प्रश्रय दिने नेताहरूप्रति कविको आक्रोश छ र देशवासीको हक अधिकारका लागि बलिदान हुनेलाई श्रद्धासुमन चढाएको छ, नतमस्तक भएर उनीहरूको त्यागका गुणगान गरेको छ ।

उहाँको "यस्तै हो भने" कवितामा जसले देशमा स्वतन्त्रता र प्रजातन्त्रका लागि आत्मत्याग गरे ती महान् व्यक्तित्वले नै बाँच्नेहरू लाई हाँसो र खुसी दिएका हुन् भन्ने भाव यसरी व्यक्त गरेका छन्-

'एउटा सिङ्गो मान्छे बोल्न स्वतन्त्रता चाहिन्छ
सृष्टि उम्रन र फुल्न बसन्त नै चाहिन्छ
ती अस्ति र हिजो जो मरे अहिले ती हाम्रो असीम वाणीमा बाँचेका छन् ।
अहिले ती हाम्रो देशको भूगोलको कण-कणमा बाँचेका छन्
साँच्चि हो चेतना भए
उनीहरु मरेरै हामी बाँचिरहेका छौं,
उनीहरु मरेरै हामी हाँसिरहेका छौं ।'

कति पीडा छन् यी शब्दहरुमा साथै राष्ट्रका लागि आफ्नो सम्पूर्ण जीवन बलिदान गर्ने सहीदहरुप्रति कति सम्मान र श्रद्धा छ यी पङ्क्तिहरुमा ।

युद्ध र अशान्ति मानव-जीवनका लागि श्राप हुन् । निरङ्कुश नेताहरूको आह्वानमा देशीय सङ्कटहरु, देशीय जटिलताहरु अनावृत हुन्छ । युद्धका कारणले देशमा, विश्वमा हाहाकार हुन्छ, ध्वंसकारी परिस्थितिले गर्दा चारैतिर अहिंसाका साम्राज्य हुन्छ । भय र सन्त्रासका स्थितिमा जीवित मनुष्य पनि मृतजस्तै हुन्छ । अशान्ति, अन्याय, अत्याचारका दृश्यले मानव त्रसित हुन्छ र यस युद्धले जन्म दिएका विध्वंसकारी त्रासले, यस युद्धले उदाएका घृणित प्रश्नहरु, हाम्रो अधिकार र कर्त्तव्यका कुराहरूले हामीलाई उद्वेलित गरिरहेको हुन्छ तर सैनिकको बलिदान, त्याग-तपस्यालाई हामीले कत्तिको महत्वले दिएका हुन्छौं ? उसके महान् उत्सर्गलाई हामीले कतिको सम्मान दिएका छौं ?

'भन्छन् सैनिकले युद्ध जित्छ ।
तर खोइ कहाँ युद्ध जित्छ
तर खोइ कहाँ श्रद्धा जित्छ
तर खोइ कहाँ विश्वास जित्छ
सैनिकले युद्ध जित्छ भन्ने ए महामूर्ख हो
सैनिक केवल विधवा जित्छ

सैनिक केवल टुहुरो जित्छ
सैनिक केवल लङ्गडो जित्छ
र सैनिक सधैं देशभित्र हारेको छ ।"

कति पीडा, कति संवेदना छ यी पङ्क्तिहरूमा तर प्रकारान्तरले यी पङ्क्तिहरूले सैनिक जीवनलाई श्रद्धा र सम्मानसहित श्रद्धाञ्जली अर्पण गरेका छन्, शान्तिको आह्वान गरेका छन्, मानवीय संवेदनालाई जागृत गरेका छन् । युद्धप्रति घृणा जगाएर प्रेम र हार्दिकतालाई प्रश्रय दिएका छन् । हामी बुद्धि, विवेक, धैर्यले विचार गरेर युद्धका आवश्यकतामाथि गहिराइपूर्वक सोच्नुपर्छ र युद्धलाई वहिष्कार गरेर शान्ति र विश्वबन्धुत्वका सन्देश फिजाउनुपर्दछ ।

यस्तै कविले नारीप्रति, शोषित प्रति, सहानुभूति अभिव्यक्त गर्दै उहाँहरूका सामाजिक उत्थानका लागि प्रेरणा र पथ-प्रदर्शन गरेका छन्, नयाँ पुस्ता युवावर्गलाई प्रोत्साहन दिनुभएको छ, देशको सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक क्षेत्रमा रूपान्तरणका लागि उद्घोष गर्नुभएको छ । कविका कविताहरु सरल, सहज, सुबोध्य भए पनि एउटा समृद्ध, स्वच्छ, समर्थ र सफल मानवीय जीवनका लागि सतत् प्रयत्नशील छन् । उहाँका कविताहरूमा व्याप्त भावको गहिराइ र शैलिपक्षको सक्षमताले उहाँलाई एउटा आदर्श र सफल कविको रूपमा प्रतिष्ठित गरेको छ र समाजलाई सही दिशा-निर्देशन गरेको छ । ■

पन्त, प्रसाद र निराला तथा देवकोटाबीचको अन्तर्सम्बन्ध

हिन्दी साहित्य-जगत्का प्रसिद्ध साहित्यकार, विद्वान राहुल सांकृत्यायनले महाकवि लक्ष्मीप्रसाद देवकोटाका बारेमा भन्नु भएको छ- "देवकोटा एक्लै प्रसाद, पन्त, निराला हुन् ।" वास्तवमा विद्वान राहुल सांकृत्यायनका यी पङ्क्ति महाकवि देवकोटा, नेपाली साहित्य जगत्, हाम्रो देश र हामी साहित्यकारहरूका लागि अत्यन्त महत्वपूर्ण, उल्लेखनीय, सारगर्भित, सान्दर्भिक हुनका साथै अत्यन्त गर्वको विषय पनि हो । प्रसाद, पन्त, निराला र देवकोटाको बीचको अन्तर्सम्बन्ध लाई मूल्याङ्कन गर्ने क्रममा सर्वप्रथम हाम्रो जिज्ञासा हुन्छ कि राहुल सांकृत्यायनजस्ता विद्वान्, उदारमना, व्यापक, विशाल विचारका महानव्यक्तित्व को हुन् ?

पण्डित राहुल सांकृत्यायन हिन्दी साहित्यका मूर्धन्य, विद्वान् साहित्यकार हुनुहुन्छ । उहाँले १५० भन्दा अधिक ग्रन्थ लेख्नु भएको छ । उहाँ साहित्यकार, दार्शनिक, अन्वेषक, विद्वान हुनुहुन्थ्यो । उहाँका शोधपरक पुस्तकहरु, निबन्धहरु, यात्रा-वृतान्तहरु धेरै ज्ञानमूलक छन् । भारतको अतिरिक्त उहाँ नेपाल, श्रीलङ्का, जापान, तिब्बत, चीन, रूस, यूरोप अर्थात विश्वका ५० भन्दा बढी देशहरूमा वर्षौंसम्म बस्नु भयो र ती देशहरूका साहित्यिक, सांस्कृतिक, धार्मिक आदि विषयका धेरै अध्ययन-मनन-अन्वेषण गर्नु भयो । उहाँ लगभग ४० भाषाहरूका ज्ञाता हुनुहुन्थ्यो । अध्ययन र भ्रमण उहाँका जीवनका पूरक तत्व थिए । उहाँको जीवनका सूत्र-धुम्नु, जान्नु र लेख्नुमा नै गुम्फित थियो । विज्ञान, समाजशास्त्र, पुरातत्व, इतिहास, धर्म, दर्शन, राजनीति, संस्कृति र साहित्य आदि विषयक जुन ग्रन्थहरु उहाँले लेख्नु भयो ती ग्रन्थहरु यसै जीवन-सूत्रबाट जन्मिएका हुन् ।

पण्डित राहुल सांकृत्यायनको जन्म-शताब्दीको अवसरमा

काशीप्रसाद जयसवाल शोध संस्थान, पटनाद्वारा आयोजित (१२-१३ मार्च १९९४) द्विवसीय अन्तर्राष्ट्रिय सेमिनारमा "नेपाललाई राहुल सांकृत्यायनको देन" तथा "राहुलको दृष्टिमा देवकोटा" विषयमा क्रमशः १२ मार्च र १३ मार्चमा मैले दुइटा कार्यपत्र प्रस्तुत गरेको सम्झना मलाई आज पनि ताजा नै छ किनकि त्यस अवसरमा मैले भारत र अन्य विदेशी साहित्यकारहरूद्वारा राहुलजीको साहित्यिक-व्यक्तित्वबारेमा विशद मूल्यवान चर्चा-परिचर्चा सुन्ने अवसर पाएँ र उहाँका महान व्यक्तित्वप्रति सारै प्रभावित भएँ ।

अन्तर्राष्ट्रिय ख्यातिप्राप्त विद्वान् महापण्डित राहुलको नेपाल र नेपालीहरूसँग धेरै आत्मीयता थियो, गहिरो सम्बन्ध थियो । नेपाल देश, नेपाली संस्कृति, नेपाली साहित्य र नेपाली जातिका बारेमा उहाँले शोधपूर्ण ढङ्गले, गहन अध्ययन-मनन गर्नु भएको थियो ।

विद्वान स्व. जनकलाल शर्माज्यूको कथनअनुसार महापण्डित राहुल अनेकचोटि नेपाल आउनुभयो । जनकजीका अनुसार १० जनवरी १९५३ का दिन देवकोटासित राहुलको पहिलो परिचय भयो र देवकोटाका प्रतिभाबाट राहुल निकै प्रभावित हुनुभयो ।

दिल्लीबाट प्रकाशित 'आजकल' हिन्दी पत्रिका (मासिक, वर्ष ९, संख्या-१, १९५३ ई.) को "कविता" अङ्कमा राहुलद्वारा लिखित, "नेपाली महाकवि देवकोटा" शीर्षक एउटा लेख प्रकाशित भएको थियो । यस लेखमा महाकवि देवकोटालाई हिन्दीका विख्यात साहित्यकार राहुल सांकृत्यायनले भनेका थिए- "देवकोटा नेपाली के पन्त, प्रसाद और निराला तीनों हैं इसमे अतिशयोक्ति नही है ।"

वास्तवमा राहुलजीले नै महाकवि देवकोटालाई सर्वप्रथम अन्तर्राष्ट्रिय सम्मान दिए । यसकारण हामी नेपाली साहित्यकारहरु राहुलजीप्रति आभारी छौं ।

अब हामी आफ्नो विषयमा केन्द्रित भएर राहुलको यस कथनको मूल्याङ्कनको सन्दर्भमा यो बुझ्ने प्रयास गर्छौं कि पन्त, प्रसाद, निराला जस्ता यी तीनै साहित्यिक व्यक्तित्व को हुन् ? यस

सन्दर्भमा मेरा रचनाहरु 'मधुपर्क' र 'गोरखापत्र' मा समय-समयमा प्रकाशित हुँदै आएका छन् । अतः म यहाँ यस सम्बन्धमा अत्यन्त संक्षेपमा चर्चा गर्ने प्रयास गर्दैछु । यी तीनै कविहरु हिन्दी छायावादका आधार-स्तम्भ हुन् ।

सूर्यकान्त त्रिपाठी निराला

स्वच्छन्दतावाद (छायावाद) का एक सशक्त उन्नायक अमर महाकवि यथार्थवादका समाजपरक रुप (प्रगतिवाद) का समुद्घाटक एवं व्यक्तिपरक रुप (प्रयोगवाद) को शैली शिल्पका आदि जन्मदाता, 'राम की शक्ति पूजा' जस्ता विश्वस्तरीय महाकविताका प्रणेता 'तुलसीदास' जस्ता प्रखर, प्रज्ज्वल खण्डकाव्यका प्रस्तोता र 'सरोजस्मृति' जस्ता चिरस्मरणीय आत्मपरक करुण कविताका मार्मिक स्रष्टा सूर्यकान्त त्रिपाठी निराला (समय-१८९७ देखि १९६१ ई.) हिन्दी साहित्य जगत्का जाज्वल्यमान रत्न हुनुहुन्छ । उहाँले कथाकार, उपन्यासकार, निबन्धकार आदि विविध विधाहरुमा सफलतापूर्वक कलम चलाउनु भयो तर निरालाका विश्व-कवि रुप नै अति सशक्त, एकदम मौलिक र अति युगान्तकारी रुपमा प्रसिद्ध भयो । उहाँका काव्यकृतिहरु 'परिमल', 'गीतिका', 'तुलसीदास', 'खजोहरा', 'कुकुरमुत्ता' आदि अति चर्चित भए । उहाँका 'विधवा', 'भिक्षुक', 'बह तोडनी पत्थर', 'कुकुरमुत्ता' जस्ता कविताहरु अप्रतिम सिद्ध भए र उहाँका 'अर्चना', 'आराधना', 'गीतकुंज' जस्ता भक्तिपरक कृतिहरु बहुचर्चित भए । निरालालाई पौरुषका कवि, विद्रोही कवि भनिन्छ । उहाँका 'बादलराग', 'महाराज शिवाजीको पत्र', 'जागो फिर एक बार', 'यमुना के प्रति' जस्ता कविताहरु उद्‌बोधनात्मक र प्रेरणादायी रहेका छन् । उहाँका कविताहरु छायावाद, रहस्यवाद, प्रगतिवाद एवम् प्रयोगवाद उद्‌घाटनका इतिहासमा अमरता प्राप्त गरेका छन् ।

(२) जयशंकर प्रसाद-छायावादका आधार स्तम्भ (समय-१८९० देखि १९३७ सम्म) आधुनिक हिन्दी साहित्य जगत्का अत्यन्त विख्यात कवि हुनुहुन्छ । उहाँ आधुनिककालका विश्वका नै अद्वितीय महाकाव्य

'कामायनी' का महान स्रष्टा, मार्मिक काव्यका विरही कवि, 'बीती विभावरी जाग री', 'हे लाज भरे सौन्दर्य' का महान् गीतकार हुनुहुन्छ । उहाँ एउटा महान् कवि, उत्कृष्ट नाटककार, अमर कथाकार र प्रसिद्ध उपन्यासकार र निबन्धकार हुनुहुन्छ ।

उहाँको 'कामयानी' र 'आँसू' अतिरिक्त अन्य प्रसिद्ध, उच्च कोटिका कवितात्मक रचना हुन्- "लहर" जसका "बीती विभावरी जाग री", आफ्नो संक्षिप्तता, गेयता, बिम्ब-धर्मिता हृदयस्पर्शिता आदि गुणहरु विश्व-गीतिकाव्यमा स्थान प्राप्त गर्न योग्य छन् । उहाँका "अरुण यह मधुमय देश हमारा", "वरुणा की शान्त कछार", "प्रलय की छाया" जस्ता कविताहरु अत्यन्त प्रसिद्ध छन् । उहाँका 'झरना', 'कानुन-कुसुम', 'प्रेमपथिक', 'महाराणाको महत्व', 'करुणालय' एवं 'चित्राधार' जस्ता कृतिहरु उल्लेखनीय छन् । अनुभुतिको गहिराइ, लाक्षणिक शैली, गीतिमयता, प्रेमानुभूति, सौन्दर्य चेतना, कल्पना तत्व, सांस्कृतिक भावना, आदर्शवादी दृष्टि, आत्मप्रकाश आदि प्रवृतिहरूका सर्वाधिक प्रतिपादन प्रसादका कविताहरूमा पाइन्छ ।

सुमित्रानन्दन पन्त

छायावादका अमर कवि, यथार्थवाद-समाजपरक (प्रगतिवाद) एवं व्यक्तिपरक (प्रयोगवाद) आदि विभिन्न पक्ष लिएर युगका अग्रदूत, हिन्दीका प्रमुख नवरहस्यवादी स्रष्टा सुमित्रानन्दन पन्त (समय सन् १९०० देखि १९७७ सम्म) का सृजन क्षेत्र पनि कविता, नाटक, कहानी, समालोचना र आत्मकथाको रूपमा प्रसिद्धि पाएको छ तर मूल रूपमा उहाँका कवि व्यक्तित्वनै उहाँलाई अमर बनाएको छ । उहाँका 'पल्लव' र 'गुञ्जन' लाई उहाँका सर्वश्रेष्ठ ग्रन्थ भनिन्छ । जसमा कवि पन्त र शिल्पी पन्तका उभयरूपका पराकाष्ठा मानिन्छ । उहाँद्वारा रचित काव्य कृतिहरु हुन्- 'उच्छ्वास', 'ग्रन्थि', 'वीणा', 'पल्लव', 'युगान्त', 'युगवाणी', 'ग्राम्या', 'स्वर्ण किरण', 'स्वर्णधूलि', 'युगपथ', 'उत्तरा', 'रजतशिखर', 'शिल्पी', 'अतिमा', 'वाणी', 'सौवर्ण, "कला और बूढा चाँद" र महाकाव्यहरू- 'लोकायतन' र 'सत्यकाम्' ।

उहाँ नवरहस्यवादका वाहक कवि हुनुहुन्छ र विश्व-सभ्यता र मानव संस्कृतिका विराट् एवं अद्वितीय कवि हुनुहुन्छ । उहाँका प्रकृति काव्य, समग्र हिन्दी साहित्यमा अद्वितीय मानिन्छ । प्रकृति र सौन्दर्यका कवि पन्त मूल रूपमा मानवतावादी कवि हुनुहुन्छ र उहाँले नवरहस्यवादलाई प्रश्रय दिनुभएको छ । सन् १९७७ मा मेरो नाममा लेख्नु भएको उहाँका पत्रमा आफ्नो धारणा प्रस्ट गर्दै स्पष्ट रूपमा उहाँले लेख्नु भएको छ "जीवनलाई सफल बनाउनका लागि हामीले अध्यात्मवादी र भौतिकवादी विचारमा सन्तुलन राख्नुपर्छ । बहिन्तर जीवनका समन्वय, संयोजन र सन्तुलन नै जीवनको सार्थकता र सफलता हो ।"

समासत : छायावादी यी तीनै कवि निराला, प्रसाद र पन्त प्रकृतिका पुजारी, एकता, समानता, स्वतन्त्रताका उद्घोषक, विश्व-शान्ति र विश्व-बन्धुत्वका भावनालाई उत्प्रेरित गरेका हुन् । मानवतावादका प्रतिपादन गर्दै यी तीनै प्रसिद्ध कविहरूमा प्रसादले विशद समरसतावादी दर्शन प्रस्तुत गर्नुभयो, निरालाले अखण्ड समतावादका उद्घोष गर्नुभयो र पन्तले विशदतम नवमानवका चित्रण गरेर मानव कल्याणका मार्ग निर्देशन गर्नुभयो ।

अब म प्रसाद र देवकोटाका तुलनात्मक अध्ययन सङ्क्षेपमा प्रस्तुत गर्दै दुइटै कविका काव्यमा पाउने प्रवत्तिहरूलाई इङ्गित गर्ने प्रयास गर्छु ।

प्रसाद र देवकोटा दुइटै प्रकृतिप्रेमी कवि हुनुहुन्छ । प्रसादको शब्दमा-

"ले चल मुझे भुलावा देकर
मेरे नाविक धीरे-धीरे
जिस निर्जन में सागर लहरी
अम्बर के कानों में गहरी
निश्चल प्रेम कथा कहती हो
तज कोलाहल की अवनि रे"

देवकोटाको शब्दमा-

आऊ जाऔँ सभ्यताको
कैदखाना बाहिर....'

प्रसाद र देवकोटा दुवैमा नारी जातिप्रति अगाध सम्मान र श्रद्धा थियो । दुवैले नारीलाई जगत्जननीका सम्मान दिएका छन् । प्रसाद भन्छन् -

'नारी तुम केवल श्रद्धा हो
विश्वास रजत नग पगतल में
पीयूष स्रोत सी वहा करो
जीवन के सुन्दर समतल में'

देवकोटा भन्छन्-

'निहार बेलि फूलको टपक्क एक जीवन ।
ध्रुव प्रदेश तारका अपारका निहारन
जहाँ घुमेर साथमा अभेध ज्योति दम्पति
सँगाल्छ विश्व सम्पत्ति ।'

प्रसाद र देवकोटाको प्रेमसम्बन्धी जीवन दर्शनमा पनि समानता पाइन्छ । प्रेममा स्वार्थ र सङ्कीर्णता हुनु हुँदैन । प्रेममा विशालता, त्याग र समर्पण हुनुपर्छ-

प्रसाद भन्नु हुन्छ-

'पथिक प्रेम की राह अनोखी
फूँक फूँक कर चलना है
घनी छाँह है ऊपर तो
नीचे काँटे बिछे हुए
प्रेम यज्ञ में स्वार्थ और
कामना हवन करना होगा ।'

प्रेमप्रति देवकोटाको भनाइ मननीय छ-

'त्यो मरेको फूल काँटा हो

तीखो सुन्दर
तर माटोमा रोपिनु पर्दछ ।'

दुईजना कवि राष्ट्रप्रेमी हुनुहुन्छ । आफ्नो राष्ट्रको प्राचीन गौरवशाली परम्परामा गर्व गर्ने देवकोटा भन्नु हुन्छ-

'नेपाल मीठो ज्ञानको खोला वनको चुलबुल
नेपाल स्वरको ओराली चढाउ जलको कलकल'

राष्ट्रकवि प्रसाद भन्नुहुन्छ-

'अरुण यह मधुमय देश हमारा
जहाँ पहुँच अनजान क्षितिजको मिलता एक सहारा ।'

प्रसाद र देवकोटा दुवैजना सुख र दुःखलाई जीवनका शाश्वत सत्य भन्नुहुन्छ त्यसैले हामी सुख र दुःखमा समन्वय गर्नुपर्छ-

प्रसादको शब्दमा-

'सुख दुःख जीवनमें सब सहते
पर केवल सुख अपना कहते

देवकोटाको जीवन दर्शन पनि यही हो-

'सुख र दुःख मलाई पनि परे
सकल पात झरी म दरिद्र छु'

मृत्युलाई दुइटै कविले अपरिहार्य भनेका छन्, मृत्यु अवश्यभावी छ, त्यसैले यसलाई सकारात्मक रूपमा लिएर आफ्नो कर्म पथमा अगाडि बढ्नु पर्दछ ।

दुईजना कवि प्रसाद र देवकोटा सौन्दर्यवादी, प्रकृतिवादी, मानवतावादी कवि हुनुहुन्छ । सेवा, परोपकार नै उहाँका काव्यका मूल मन्त्र हुन्-

देवकोटाको शब्दमा-

'खोज्छन् सबै सुख भनी
सुख त्यो कहाँ छ ?

आफू मिटाई अरूलाई
दिन जहाँ छ,"

प्रसादको निम्न उक्ति त्यस्तै कति महान् छ-

"औरो को हँसते देखो मनु
हँसो और सुख पाओ
अपने सुखको विस्तृत कर लो
सबको सुखी बनाओ ।"

यस प्रकार दुईजनाका जीवनदर्शनमा समानता छ । उहाँहरू लोकहित प्रति समर्पित, शान्ति र विश्वमानवताको कल्याणमा समर्पित हुनुहुन्छ । निराला र देवकोटा

निराला र देवकोटा दुवै कवि प्रकृतिका पुजारी, धर्म-कर्मप्रति समर्पित, आशावादी कवि हुनुहुन्छ । निरालाका सरस्वती वन्दना यस प्रकार छन्-

"वर दे वीणा वादिनी वर दे
प्रिय स्वतन्त्र रव अमृत मन्त्र, नव
भारत में भर दे !"

देवकोटाको सरस्वती वन्दना यस प्रकार छ-

"तिमी हँसमा हँसको हद कमलमा
बने बीन जीवन बने सिर्जनीलो"

मूलतः निराला र देवकोटा दुवैमा क्रान्ति चेतना थियो, उनका काव्य व्यक्तित्व विद्रोही थियो । युगबोधका भावनाले उत्प्रेरित दुईजना कवि समाजमा व्याप्त असमानता, गरिबी, शोषणको विरोध गरेर समाजमा समानता, एकता र स्वतन्त्रताको भावना व्याप्त गर्नमा सक्रिय र समर्पित रहनुभयो ।

'भिक्षुक' कवितामा निरालाले र 'भिखारी' कवितामा देवकोटाले समाजका नग्न यथार्थका चित्रण गर्नुभएको छ ।

निरालाका शब्दमा-

'दो टुक कलेजे के करता तपछताता पथ परआता'

भिखारी कवितामा देवकोटा भन्नुहुन्छ-

'युग-युग भरको आँसुहरूको
माग्दछ भिक्षा ईश्वर मेरो
भोग्दछ भिक्षा ईश्वर मेरो
आँगनमा एक भिखारी ?'

प्रकृतिप्रेम दुइटै कविताका प्रमुख प्रवृत्ति हुन् ।
निराला भन्छन्-

'दिवसावसान का समय
आसमान से उतर रही
सन्ध्या सुन्दरी परी सी'

देवकोटा को सन्ध्या सुन्दरी यस प्रकार वर्णित छिन्-

'स्वर्गावतरित सन्ध्या ओर्ली
पसल, सीँढी मा ओर्लन खोज्छिन्'

निराला र देवकोटा दुवै राष्ट्रप्रेमी, प्रकृतिप्रेम र नारीका आदर्श स्वरूपका प्रेमी हुन् । दुइजना कविका काव्य मानवता कल्याणमा केन्द्रित छ । दुइटै अद्वैत कवि हुनुहुन्छ र समान संस्कृतिका कवि हुनुहुन्छ । मानव पुजारी कवि हुनुहुन्छ् ।

समाजमा व्याप्त दमन, अन्याय र अत्याचारका विरूद्ध सङ्घर्षका लागि जोड्दार आह्वान गर्दै कविद्वयले आफ्ना देशवासीहरूमा आफ्नो स्वाभिमानलाई जाग्रत गरेर सङ्घर्षका लागि आह्वान गरेको देखिन्छ ।

निरालाले अन्याय सहनु हुँदैन, दमनको प्रतिकार गर्नु नै पर्छ भन्ने सिंह गर्जन गर्नु भएको छ-

'सिँही की गोद से
छीनता रे शिशु कौन ?
मौन भी क्या रहती बह

रहते प्राण ? रे अजान
जागो फिर एके बारे ।"

कवि देवकोटाले पनि ओजस्वी स्वरमा अन्याय, दमन, शोषण र अत्याचारको विरोधमा जन-चेतना यसरी जगाउनु भएको छ-

"जङ्गलको कानुन
जसले हाँक्यो, उसको पाक्यो, काँतरको हक थाक्यो
नलडी कोई हुन्न सबजेता ।"

देवकोटाका "साँढे", "झञ्झावीर", "जित्नु छ साथी जिताउनु छ साथी" तथा "पहाडी पुकार" जस्ता रचनाहरूमा कविका विद्रोही र क्रान्तिकारी रूप देखापर्छ ।

पन्त र देवकोटा

पन्त र देवकोटा दुईजना कविका जन्म प्रकृतिका स्वर्णिम छायाँमा भयो । प्रकृतिका काँखमा जन्मे हुर्केकाले देवकोटा र पन्त आफ्नो प्रारम्भिक जीवनमा मुख्यतः प्रकृतिप्रेमी कवि हुनुहुन्थ्यो । 'देवकोटाका' "गाइन तिनले घँसिया गीत" र पन्तका 'कृषकवाला' प्रकृति चित्रणको दृष्टिले अद्वितीय छन् । दुवै कवि प्रारम्भिक कालमा प्रकृतिका पुजारी भए पनि पछि युगको मागअनुसार मानवताका अनन्य भक्त हुनुभयो । पन्त र देवकोटाका कृतिहरूमा दर्शनको गहिरो प्रभाव छ । सुख र दुःखका समन्वय जीवनमा नितान्त आवश्यक रहेको कुरा दुईजना कविले स्वीकार गर्नुभएको छ ।

देवकोटा भन्नु हुन्छ-

"सुख र दुःख मलाई परे पनि
जब वसन्त भयो, हरियो छ -रे
हिउँदमा जब टप्किई रुन्दछ
सकल पात झरी म दरिद्र छु ।"

यस्तै विचार पन्तमा पनि देखिन्छ-
सुख दुःख के मधुर मिलन से
यह जीवन हो परिपूर्ण ।

सेवा र परोपकार नै सबभन्दा ठूलो धर्म भएका कुरा पन्त र देवकोटाले मान्नु भएको छ । मानववादी कवि देवकोटा मानव सेवाको अमर सन्देश दिँदै भन्नुहुन्छ-

'शिक्त प्रियाले आई बोलिन्
दिन्छु म मीठो मेवा
मैले बोलैं-
मेरो अमृत मानिसहरूको सेवा ।'

आफ्नो जीवन यात्राको प्रथम चरणदेखि नै पन्तमा पनि विश्वप्रेम र विश्वसेवाप्रति प्रवल भावना पाइन्छ-

'विश्वप्रेमका रुचिकर राग
पर सेवा करने की आग
इसको सन्ध्या की लाली सी
माँ ! न मन्द पर जाने दे ।'

देवकोटा र पन्तको भनाइअनुसार ईश्वरलाई अन्यत्र खोज्न जानु पर्दैन । ईश्वर मनभित्र बस्दछ र कर्म नै ईश्वरको पूजा हो । प्रचलित परम्पराको विरोध गर्दै मानववादी कवि देवकोटाका प्रश्न र समाधान कति मननीय छ-

'कुन मन्दिरमा जान्छौं यात्री
कुन मन्दिरमा जाने हो ?
फर्क हे फर्क
जाऊ समाऊ मानिसहरूको पाउ ।'

कवि पन्तको पनि यस्तै सन्देश छ -

'कहाँ खोजने जाते हो
सुन्दरता औ, आनन्द अपार ।
इस माँसलता मैं है मूर्तित
अखिल भावनाओं का सार ।'

पन्त र देवकोटाका अनुसार त्यागमा नै जीवनका सच्चा सुख निहित छ । कवि देवकोटाका सम्पूर्ण जीवन नै त्यागका अपूर्व उदाहरण

बन्न पुगेको छ । उहाँको भनाइ कति अनुकरणीय छ-

"खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ
आफू मिटाई अरूलाई दिनु जहाँ छ ।"

कवि पन्त पनि आफ्नो व्यक्तिगत चाहनालाई विश्व परिवेशमा विस्तार गर्दै भन्नुहुन्छ-

"तप रे मधुर मधुर मन
विश्व-वेदना में तप प्रतिपल ।"

देवकोटा र पन्त दुईजना नै गीताको "कर्मण्यवाधिकारस्ते मा फलेषु कदाचनम्" का आदर्श लिएर आफ्नो कर्मपथमा अग्रसर हुनु भएको कवि हुनुहुन्छ । कवि देवकोटाले 'यात्री', 'किसान', 'गरीब', 'भिखारी' आदि कविताहरूमा कर्मको जुन सन्देश दिनुभएको छ त्यो स्तुत्य छ-

"चुम्दछ ईश्वर काम सुनौला गरिरहेको हात"

त्यस्तै पन्त पनि-

"कर्मखोज मन, कर्मखोज नित
भू रचनात्मक कर्म खोज तू"

भनेर निष्काम कर्मप्रति समाजलाई उद्‌बोधित गर्नुभएको हो । कवि देवकोटा जाति-पातीमा विश्वास गर्नुहुन्न । उहाँको भनाइ अनुसार-"मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन ।"

कवि पन्तले पनि व्यक्तिको मूल्याङ्कन र प्रतिष्ठा जातको आधारमा होइन, गुण र योग्यताको आधारमा गर्नुभएको छ-

"जाति व्यर्थ है, सब समान है ।" नरजस्तै नारी पनि ईश्वरका वरदान हुन् र नारीप्रति देवकोटाको अपार ममता र श्रद्धा छ-

"निचोर सृष्टिकी तिमी सजीव कामिनी बन्यौ"

यसकै भित्र छ फैलिरहेको जीवनको सब अन्तरमूल" पन्त पनि नारीलाई सृजनशक्ति, जगत् जननी भन्दै नारीप्रति निवेदन गर्नुहुन्छ-

"ओ स्नेहमयी लज्जे शीले

सेवा र परोपकार नै सबभन्दा ठूलो धर्म भएका कुरा पन्त र देवकोटाले मान्नु भएको छ । मानववादी कवि देवकोटा मानव सेवाको अमर सन्देश दिँदै भन्नुहुन्छ-

"शिक्त प्रियाले आई बोलिन्
दिन्छु म मीठो मेवा
मैले बोलैं-
मेरो अमृत मानिसहरूको सेवा ।"

आफ्नो जीवन यात्राको प्रथम चरणदेखि नै पन्तमा पनि विश्वप्रेम र विश्वसेवाप्रति प्रवल भावना पाइन्छ-

"विश्वप्रेमका रुचिकर राग
पर सेवा करने की आग
इसको सन्ध्या की लाली सी
माँ । न मन्द पर जाने दे ।"

देवकोटा र पन्तको भनाइअनुसार ईश्वरलाई अन्यत्र खोज्न जानु पर्दैन । ईश्वर मनभित्र बस्दछ र कर्म नै ईश्वरको पूजा हो । प्रचलित परम्पराको विरोध गर्दै मानववादी कवि देवकोटाका प्रश्न र समाधान कति मननीय छ-

"कुन मन्दिरमा जान्छौं यात्री
कुन मन्दिरमा जाने हो ?
फर्क हे फर्क
जाऊ समाऊ मानिसहरूको पाउ ।"

कवि पन्तको पनि यस्तै सन्देश छ -

"कहाँ खोजने जाते हो
सुन्दरता औ, आनन्द अपार ।
इस माँसलता मैं है मूर्तित
अखिल भावनाओं का सार ।"

पन्त र देवकोटाका अनुसार त्यागमा नै जीवनका सच्चा सुख निहित छ । कवि देवकोटाका सम्पूर्ण जीवन नै त्यागका अपूर्व उदाहरण

बन्न पुगेको छ । उहाँको भनाइ कति अनुकरणीय छ-

"खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ
आफू मिटाई अरूलाई दिनु जहाँ छ ।"

कवि पन्त पनि आफ्नो व्यक्तिगत चाहनालाई विश्व परिवेशमा विस्तार गर्दै भन्नुहुन्छ-

"तप रे मधुर मधुर मन
विश्व-वेदना में तप प्रतिपल ।"

देवकोटा र पन्त दुईजना नै गीताको "कर्मण्यवाधिकारस्ते मा फलेषु कदाचनम्" का आदर्श लिएर आफ्नो कर्मपथमा अग्रसर हुनु भएको कवि हुनुहुन्छ । कवि देवकोटाले 'यात्री', 'किसान', 'गरीब', 'भिखारी' आदि कविताहरूमा कर्मको जुन सन्देश दिनुभएको छ त्यो स्तुत्य छ-

"चुम्दछ ईश्वर काम सुनौला गरिरहेको हात"

त्यस्तै पन्त पनि-

"कर्मखोज मन, कर्मखोज नित
भू रचनात्मक कर्म खोज तू"

भनेर निष्काम कर्मप्रति समाजलाई उद्‌बोधित गर्नुभएको हो । कवि देवकोटा जाति-पातीमा विश्वास गर्नुहुन्न । उहाँको भनाइ अनुसार-"मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन ।"

कवि पन्तले पनि व्यक्तिको मूल्याङ्कन र प्रतिष्ठा जातको आधारमा होइन, गुण र योग्यताको आधारमा गर्नुभएको छ-

"जाति व्यर्थ है, सब समान है ।" नरजस्तै नारी पनि ईश्वरका वरदान हुन् र नारीप्रति देवकोटाको अपार ममता र श्रद्धा छ-

"निचोर सृष्टिकी तिमी सजीव कामिनी बन्यौ"

यसकै भित्र छ फैलिरहेको जीवनको सब अन्तरमूल" पन्त पनि नारीलाई सृजनशक्ति, जगत् जननी भन्दै नारीप्रति निवेदन गर्नुहुन्छ-

"ओ स्नेहमयी लज्जे शीले

कवि उर का नम्र निवेदन भर
जन मनका कल्मष धो, माँ
हो प्रीति ग्रथित नव नारी-नर ।'

प्राचीन जीर्ण पातहरु झरेपछि मात्र नयाँ पातहरुको आगमन सम्भव छ । प्राचीन जीर्ण मान्यतालाई समाप्त गरेर समाजमा नयाँ सिर्जनाका सन्देश दिँदै कवि देवकोटाको भनाइ मननीय छ-

'परिवर्तन, परिवर्तन
रङ्ग नयाँ फेर नवीन लहरले
नवीन रहरको गर सिर्जन'
यस्तै विचार पन्तका पनि हुन्-
'दुत झरो जगत् के हे शुष्क जीर्ण पत्र
आओ हे दुघर्ष वर्ष
लाओ विनाश के साथ नव सृजन ।'

आफ्नो प्राचीन सभ्यता र संस्कृतिप्रति कवि देवकोटा र पन्तका अटूट आस्था र गर्व देखिन्छ । कवि देवकोटाका निम्न पङ्क्तिहरु कति प्रेरणादायी छन्-

'एसियाली जागृति-युग शिशु
हामी उषा सुत-नयपाली
हामी हिमालय तनय पिपासु
चढ्न चुचुरा करमाली ।'

कवि पन्त पनि आफ्नो देशको स्वर्णिम अतीतलाई सम्झेर आफ्नो देशको प्रशस्तिगान यसरी गर्नुहुन्छ-

'प्रथम सभ्यता ज्ञाता, साम ध्वनित गुण गाथा
जय नव मानवता निर्माता
सत्य अहिंसा दाता
जय हे, जय हे, जय हे, शान्ति अधिष्ठाता ।'

कवि देवकोटा र पन्तका अनुसार अन्याय सहनु पनि ठूलो अपराध हो । अन्यायका प्रतिकार गर्नु नै पर्छ । कवि देवकोटाको

सन्देश यस प्रकार छ-

'मर्नु त एकदिन अवश्यै पर्छ
पशुझैँ न जिऊ
मानिस हुँ भने, मानिसझैँ जिऊँ
मानिसको हक लिऊँ ।'

यस्तै लोककल्याणका लागि बलिदान र त्यागका सन्देश दिंदै कवि पन्त भन्नुहुन्छ-

'मृत्यु नही रे देह त्यागना
मृत्यु समर के बीच भागना
मृत्यु समय पर नहीं जागना
राष्ट्र हेतु बलि जाओ ।'

मोक्षका बारेमा पनि यी दुई महाकविहरूका अभिमत पनि समान छन् । महाकवि देवकोटाको विचारमा-

हामी मुक्ति चाहन्नौं रे । बिउँझी आउँला, बिउँझी आऊँला' पन्तको अनुसार पनि-

'वैयक्तिक मुक्ति निरर्थक
वह आँशिक, आत्मिक स्तर पर
मूर्तित जग-जीवन ईश्वर ।'

कवि पन्त र देवकोटाका कविताहरूमा पृथ्वीलाई नै सत्यकार्यहरूद्वारा स्वर्ग बनाउन सकिन्छ भन्ने प्रतिबद्धता छ । कवि देवकोटाका महान् विचार यसरी अभिव्यक्त भएका छन्-

'मतिले धनी छु आमा
स्वर्ग पाउँछ धरामा ।'

वास्तवमा मानवीय गुणहरूको प्रसार गरेर यसै धरतीमा स्वर्गको अवतरण गराउन सकिन्छ । कवि पन्त यस्तै भन्नु, हुन्छ-

'जन भू ही ईश्वरका आवास
न संशय

अन्यत्र न स्वर्ग, न ईश्वर
यह रे निश्चय ।"

मूलतः देवकोटा र पन्त मानववादी कवि हुन् । पौर्वात्य र पाश्चात्य दर्शन, साहित्य, ज्ञान, विज्ञान, कला र संस्कृतिको चिन्तन-मनन र गहन अध्ययन गरेर कवि देवकोटा, पन्त, प्रसाद, निरालाले कविताको माध्यमबाट जुन सन्देश दिनुभएको छ त्यो महान र प्रशंसनीय रहेको छ ।

आफ्नो-आफ्नो क्षेत्रमा मौलिकतालाई अक्षुण्ण राखेर आफ्नो-आफ्नो दृष्टिकोणबाट मानवकल्याणका लागि उहाँहरूद्वारा प्रदान गरिएको सन्देश हामीलाई युग-युगसम्म दिशानिर्देशन प्रदान गरिरहने छ भन्ने कुरामा म विश्वस्त छु ।

सारांशतः रचना परिमाणका दृष्टिले र गुणात्मक दृष्टिले अर्थात् भाव, भाषा शैलीका दृष्टिमा पनि महाकवि देवकोटाको काव्यसाधना, उहाँको अक्षुण्ण, सक्षम र परिपक्व कविप्रतिभाको परिचायक हो । उहाँका कविताहरूमा अभिव्यक्ति पक्ष जति सबल, सुन्दर, परिष्कृत र परिमार्जित छ, कला पक्ष पनि त्यत्तिकै सक्षम र समर्थ छ ।

वैचारिक सूक्ष्मता, कल्पनाको विराट्ता, भावनाको गहिराइ र सजीव वर्णनात्मकताले कविका कृतिहरूलाई विशिष्टता प्रदान गरेको छ । देवकोटाका विशिष्ट ओजस्वी, प्रतिभावान् व्यक्तित्वले स्वाभाविक रूपमा पण्डित राहुल सांकृत्यायनलाई अभिभूत गर्‍यो अनि उनको आत्माबाट स्वतः स्वाभाविक रूपले यो पङ्क्ति निःसृत भएर उनको लेखनीबाट अभिव्यक्त भयो-

"देवकोटा एक्लै प्रसाद, पन्त, निराला हुन् ।" राहुलको अन्तरात्माको यो आवाज सत्य हो, यथार्थ हो । वास्तवमा देवकोटाको महान् कवि-व्यक्तित्वमा अथाह विराटता छ, व्यापकता छ र उहाँको विचारमा हिमालजस्तै उचाइ छ । उहाँका महान् व्यक्तित्व प्रति हाम्रो हार्दिक श्रद्धाञ्जली । ■

आशीर्वादको उज्यालो

प्रेरणादायी मधुर सम्झना

अन्तरविद्यालय वाद-विवाद प्रतियोगिताका लागि भव्य तयारी भएको थियो । प्रतियोगिताका विषय थियो- "विद्यार्थीहरूलाई राजनीतिमा भाग लिन उचित छ कि छैन ?" मञ्चमा प्रमुख अतिथि, विशिष्ट अतिथि, निर्णायक मण्डलले आसन ग्रहण गरिसकेका थिए । उद्घोषकले प्रतियोगिताका सहभागी विद्यार्थीहरूका नाम क्रमशः बोलाउँदै गए । मेरो मुटु ढुकढुक गरिरहेको थियो । मेरा विद्यालयको इज्जतको सवाल थियो । मनैमन सरस्वती मातालाई नमन गर्दै आफ्नो हृदयभित्र साहस बटुल्ने प्रयास गर्दै थिएँ । मेरो मनमा धेरै कुराहरू खेलिरहेको थियो र मेरो मन विचलित भइरहेको थियो । त्यसै बेला मेरो नामको घोषणा भयो । म मञ्चमा गएर आफ्नो तर्कपूर्ण, सटीक कुराहरू सारगर्भित ढङ्गले, जोसिलो स्वरमा प्रस्तुत गरेँ । तालीको गडगडाहटबाट हल गुन्जिरहेको रहेको थियो तर मेरो मन बेचैन थियो, व्यग्र थियो । केही बेरमा नै निर्णायकले नतिजा घोषणा गर्दै प्रथम पुरस्कारका लागि मेरो नाम घोषणा गऱ्यो । एक चोटि फेरि हल तालीको गडगडाहटबाट गुन्जायमान भयो । हर्षले म विभोर भएँ । २० मिनेटपछि पुरस्कार प्रदान गर्नका लागि मलाई मञ्चमा बोलाएर अबिर, माला लगाएर, प्रमाणपत्र प्रदान गरियो र प्रमुख अतिथिबाट 'प्रथम पुरस्कार' उषा सिलाई मसिन प्रदान गरियो । खुसीले गद्गद् बुआले टोलमा टोकडी भरी लड्डु बाँड्नु भयो । यो कुरा सन् २०६७ को भए पनि आजसम्म ताजा छ, मेरो मन-मस्तिष्कमा गहिरो प्रभाव छोडेको छ र मलाई उत्साह प्रदान गरि रहन्छ । त्यो अभूतपूर्व सफलताको क्षणलाई सम्झिँदा म आज पनि रोमाञ्चित र भाव विह्वल हुन्छु ।

यो मेरो परम सौभाग्य रहेको छ कि म विद्यालयकालमा प्रारम्भदेखि नै प्रथम हुँदै कक्षा उक्लिदै गएँ र आमा बुवा, गुरु आमाको प्रभाव र प्रेरणाले एम.ए परीक्षामा पनि प्रथम श्रेणीमा नै उत्तीर्ण भएँ ।

मेरो बुवा किशोरीलाल शर्मा, आमा कैलाशदेवी शर्मा र हाम्रो विद्यालय प्राचार्या डा. अन्नपूर्णा देव मलाई धेरै माया गर्नुहुन्थ्यो । ममा उहाँहरूको धेरै प्रभाव परेको छ । उहाँहरूको हौसला, प्रोत्साहन र मायाले मलाई अघि बढ्नमा धेरै बल पुऱ्याएको छ ।

मेरो आमा बुवा कहिल्यै मलाई छोरी भनेर बोलाउनु हुन्नथ्यो । सधैं छोरा भन्नुहुन्थ्यो । आफ्नो साथीहरूको अगाडि मेरो प्रशंसा गर्नु हुन्थ्यो । मलाई उत्साह दिनका लागि आफ्नो फ्याक्टरी र व्यापारको कुरामा पनि मसँग राय सल्लाह लिनु हुन्थ्यो । आफ्नो धेरै नजिकको विदेशी अस्ट्रेलियन साथीको अगाडि पनि मेरो प्रशंसा गर्नु हुन्थ्यो । उहाँसँग मलाई अङ्ग्रेजीमा कुरा गर्नका लागि भन्नु हुन्थ्यो ।

मलाई घरको काममा त्यति रुचि थिएन । गर्मी र जाडोको विदामा पनि स्कुल गएर लाइब्रेरीका पुस्तकहरू मिलाउने काम गर्थे । विद्यालयको सचिव भएर विद्यालयका उन्नतिका लागि प्रयास गर्थे । विद्यालयद्वारा आयोजित वक्तृत्वकला, वाद-विवाद प्रतियोगिता, कविता- प्रतियोगिता आदि अतिरिक्त क्रियाकलापमा सक्रियरूपमा भाग लिन्थें र सधैं प्रथम हुन्थें । मलाई स्मरण छ कि रिजल्टको घोषणाको दिन प्रिन्सिपलदेखि सबै शिक्षक-शिक्षिकाहरू मेरो निधारमा रातो टीका लगाएर स्याबास भन्नुहुन्थ्यो र अझ राम्रो गर भनेर अर्ती दिनुहुन्थ्यो । त्यस्ता उत्साहप्रद् क्षण म अहिले पनि सम्झन्छु र प्रेरणा प्राप्त गर्छु । प्रोग्रेस रिपोर्ट लिंदा र पुरस्कार पाउँदा मेरो खुसीका सीमा हुँदैनथ्यो । घर आएपछि आमाबुवाबाट पनि स्याबासी पाउँथें । माया दिदी र उज्ज्वल भाइको न्यानो मायाले मलाई झन् हौसला प्राप्त हुन्थ्यो ।

बालापनका कुराहरु सम्भदा धेरै रमाइलो हुन्छ, यी अविस्मरणीय कुराले जीवनलाई सकारात्मक सोच दिन्छ । सङ्घर्षले लड्ने शक्ति प्रदान गर्छ । बचपनका केही प्रेरणामूलक घटनाहरूले जीवनका उत्तरार्द्धसम्म प्रेरणा र प्रोत्साहन प्रदान गरिरहन्छन् । आज २०७७ सालसम्म पुग्दा ७० वर्षको आयु पूरा गरियो तर आज पनि बाल्यकालमा प्राप्त आमाबुवा र गुरुआमाको आशीर्वादले मलाई पथ-प्रदर्शन गरिरहन्छ । आजभन्दा ७० साल पूव मेरो आमा बुवाले मलाई सुविधायुक्त जीवन प्रदान गर्दै लालन-पालन गर्नुभयो र मेरो बिहाको वेलासम्म समाजसँग जूभेर पनि मलाई पी.एच.डी.सम्मको शिक्षा प्रदान गर्नुभयो, मेरा आत्मविश्वासलाई आकाशको ऊचाइ सम्म पुऱ्याउँदै सन् १९७९ मा पीएच.डी.को डिग्री दिलाएर स्वावलम्बी बनाउनु भयो, यस कुराले मलाई आत्मिक सन्तोष प्रदान गरेको छ ।

वास्तवमा पृथ्वीजस्तै सबै दुःख सहेर छोरा-छोरीलाई हुर्काउने आमा, सबै तर्फबाट सङ्घर्ष गरेर आर्थिक व्यवस्था जोडेर लालन-पालन गर्ने बुवा र ज्ञानका प्रकाश दिएर जीवनका अँध्यारो मेटाउने गुरु महान् हुन्, ममता र आदर्शको खानी हुन्, प्रकाशस्तम्भ हुन् । पूज्य आमा, वुवा र गुरुमा हाम्रा शत-शत नमन ! ■

अनुवाद साहित्यका अमर साधक
कृष्णप्रसाद श्रेष्ठ

काठमाडौं चुनिखेलमा सन् १९३८ मा जन्मनुभएका कृष्ण प्रसाद श्रेष्ठ अनुवाद साहित्यका अमर साधक हुनुहुन्थ्यो साथै उहाँ एक वरिष्ठ सम्पादक, समालोचक पनि हुनुहुन्थ्यो । संस्मरण, साहित्य, बालसाहित्य, लोकपरम्परा, नाटक, कविता, निबन्ध, किंवदन्ती, प्राच्य विधामा पनि उहाँको विशेष योगदान रहेको छ । उहाँ नेपाली र रूसी भाषा-साहित्य-संस्कृतिबीचका एक अतुलनीय सेतु हुनुहुन्थ्यो । उहाँ बहुकृतिका स्रष्टा हुनुहुन्थ्यो । साथै उहाँले रूसी भाषाबाट नेपाली भाषामा र नेपाली भाषाबाट रूसी भाषामा अनुवादका माध्यमबाट नेपाली साहित्यको श्रीवृद्धि गर्न र नेपाल राष्ट्रको गौरवलाई अन्तराष्ट्रिय जगत्मा विस्तार गर्नमा योगदान पुऱ्याउनु भएको छ ।

उहाँ भाषा-साहित्य-संस्कृतिको उत्थानमा जीवनपर्यन्त अनवरत लागिरहनुभएको थियो । उहाँलाई हिन्दी, अङ्ग्रेजी, संस्कृत, नेपाली, नेवारी, रूसी भाषा गरी छ भाषाको राम्रो ज्ञान थियो । उहाँलाई नेपाली भाषा-साहित्य-संस्कृतिको जति गहिरो ज्ञान थियो रूसी भाषा- साहित्य-संस्कृतिको पनि उत्तिकै गहिरो ज्ञान थियो । त्यसैले मौलिक लेखनजस्तै उहाँका अनुवादका कार्यमा पनि त्यही मौलिकता अक्षुण्ण रह्यो । उहाँ एउटा सचेत इमानदार र सफल अनुवादकको रूपमा प्रसिद्ध हुनुहुन्थ्यो । नेपाली साहित्यको रूसी अनुवाद एवं रूसी साहित्यलाई नेपाली अनुवाद गर्न, गराउन पनि उहाँ सदा समर्पित हुनुभयो । आफ्ना उत्कृष्ट सिर्जनाका माध्यमबाट र अनुवादद्वारा नेपाली साहित्यको समृद्धिमा पुऱ्याउनुभएको महनीय योगदानको उच्च सम्मान गर्दै अनुवादक साधक कृष्णप्रसाद श्रेष्ठलाई

नेपाल प्रज्ञाप्रतिष्ठानद्वारा २०७६-२०७७ सालका नेपाल प्रज्ञा अनुवाद पुरस्कार प्रदान गरिएको हो ।

यो पुरस्कार राष्ट्रपतिकै हातबाट प्रदान गर्ने निर्णय भए पनि पुरस्कार अर्पण गर्न बाँकी छँदै २०७७ चैत्र १६ गते नै ८२ वर्षको उमेरमा रूसमा कोभिड १९ सङ्क्रमणबाट उहाँको दुखद निधन भएको हुनाले पुरस्कारको राशि र सम्मानपत्र उहाँका भाइ तेज प्रकाश श्रेष्ठले ग्रहण गर्नुभएको थियो । यस्तै उहाँको साहित्य साधना का कदर गर्दै र देश विदेशमा नेपाली वाङमयको प्रचार प्रसारमा योगदानका लागि मदन पुरस्कार गुठीले उहाँलाई २०५९ सालमा "जगदम्बाश्री पुरस्कार" ले सम्मान गरेको थियो । यसका साथै कृष्ण प्रसाद श्रेष्ठले विभिन्न सम्मान र पदकहरू प्राप्त गर्नुभएको छ । उहाँले रेडियो र टेलिभिजन का उत्कृष्ट कार्यकर्ता पदक (१९८८), महाकवि देवकोटा शताब्दी सम्मान (२००९), भानुभक्त स्वर्ण पदक (२०१४), सत्यमोहन जोशी शताब्दी पदक (२०१६), नेपाली र रूसी भाषामा अनूदित र मौलिक ग्रन्थका लागि "जय पृथ्वी इभान मिनाएभ स्रष्टा सम्मान" (२०१४) तथा 'नई देस्नेनिख पुरस्कार' लगायत नेपाल तथा रूसका विभिन्न कदरपत्र र सम्मान पत्र प्राप्त गर्नुभएको छ । उहाँ विश्व नेपाली साहित्यमा संवादबाट "सगरमाथा साहित्य दूत" (२०१४) उपाधिद्वारा पनि विभूषित हुनुहुन्थ्यो ।

सन १९६० मा उहाँ सोभियत संघमा पत्रकारिता पढ्न जानुभएको थियो । उहाँले रेडियो मस्कोमा नेपाली कार्यक्रम सञ्चालक, अनुवादक तथा संवाददाता भएर लामो समयसम्म कार्य गर्नुभयो । सोभियत संघ र रूसमा ६० वर्षभन्दा बढी रहँदा नेपाल रूस र नेपाली साहित्य र रूसी साहित्य जोड्ने अथक र बहुमुल्य प्रयास गर्नुभयो । उहाँले रूसका साहित्यिक संस्थाहरूसँग मिलेर बहुमूल्य साहित्यिक कार्यहरू सम्पन्न गर्नुभयो । उहाँ नेपाल बालसाहित्य समाजका मानार्थ सदस्य, रूस लेखक संघका सदस्य एवम् विश्व नेपाली साहित्य महासंघका केन्द्रीय सल्लाहकार हुनुहुन्थ्यो ।

उहाँका केही मौलिक ग्रन्थको रूपमा "रूसमा नेपालको अध्ययन सन् (१९८०)", स्थाननाम कोश सन् (१९८७), नेपालभाषा साहित्य सन् (१९९७), नेपालमा पशुपक्षीको पूजा सन् (१९९३), रूसमा नेपालको छवि सन् (२०००), नेपालको साहित्य र परम्परा र आधुनिकता सन् (२००१), मित्रता र सहयोगको गाँठो सन् (२००६), इतिहासको परिप्रेक्ष्यमा नेपालका किंवदन्ती र परम्परागत जात्राहरु सन् (२००८), रेलगाडीमा हिमालतिर सन् (२००९), रूस नेपाल, व्यक्ति, घटनाक्रम, दस्तावेज सन् (२०१८), नेपालका पुराना कथा र किंबदन्ती सन् (२०१९), नेपाली समालोचक र समालोचना, हिन्दु अधिराज्य बाट धर्मनिरपेक्ष गणतन्त्रतिर आदि कृतिहरु उल्लेख्य छन् । कृष्णप्रसाद श्रेष्ठको सम्पादनमा रूसी नेपाली शब्दकोश सन् (१९७५) मा प्रकाशित भएको छ । "सम्झनामा रूस" (वि.सं. २०७७) शीर्षक पुस्तकमा प्रकाशित श्रेष्ठज्यूका तीन संस्मरणहरुः (१) पुश्किनको पदचिन्ह—, (२) लेनिनसित—, (३) क्रास्नोयार्कस- को अत्यन्त सजीव, ज्ञानमूलक र प्रेरणादायी छन् ।

कृष्णप्रसाद श्रेष्ठ एक सफल अनुवाद्को रूपमा प्रसिद्ध हुनुहुन्छ यहाँ द्वारा नेपालीमा अनूदित रूसी विवरण यसप्रकार छ-

१) इभान तुर्गनेभ लिखित "गद्यमा कविता" (सन् १९७१)
२) अन्तोन चेखोभ लिखित "चेखोभका कथाहरु" (सन् १९७१)
३) इ.पा मिनायेभ लिखित "इ.पा मिनायेभ नेपाल संस्मरण" (सन् १९७२)
४) मिखाइल शोलोखोभ रचित "मान्छेको भाग्य र दोनका कथाहरु" (सन् १९८२)
५) मिखाइल लेर्मोन्तोभ रचित "हाम्रो जमानाका चरित्र नायक" (सन् १९८३)
६) लेभ तोल्सतोइ र अन्य "कथा कहानी" (सन् १९८३)
७) तोल्सतोइ र अन्य "रूसी चरित्र सहकार्य" (सन् १९८७)
८) अलेक्सान्द्र पुश्किन "दुब्रोम्स्की" (सन् १९९०)

९) इभान तुर्गनेभ "पिता र पुत्र" (सन् १९९०)
१०) चिगिज आइतमातोभ "प्रथम शिक्षक" (सन् १९९०)
११) मिखाइल भेर्शीनिन् "लेनिन गाथा" (सन् १९९८)
१२) रसुल हम्जानोभ "जीवित देवीर जीवनचक्र" (सन् १९९८)
१३) समकालीन रूसी र नेपाली कविहरू "कविताञ्जली"-संयोजक र सम्पादक (सन् २००४)
१४) ल्युदमिला आगानिना - नेपाली महाकविको कथा (२०११)
१५) अलेक्सान्द्र पुश्किन -रूसाल्का लघु त्रासदीय र केही कविता (२०१६)
१६) अलेक्सान्द्र सोल्भेनित्सिन "दाहिने पञ्जा" (२०७३)

यी अनुदित कृतिहरूका साथै उहाँका अनुवादमा रूसी बाल साहित्य बीसौँ पुस्तकहरू प्रकाशित छन् साथै उहाँले पुश्किनकृत 'जिप्सी' को अनुवाद गर्नुभएको हो । श्रेष्ठज्यूको भनाईअनुसार जिप्सी नै नेपालीमा रूसी भाषाबाट सोझै अनुवाद भै प्रकाशितसमेत भएको पहिलो कृति बन्न पुग्यो । जिप्सीको प्रकाशन सन् १९६८ मा भएको थियो ।

कृष्णप्रसाद श्रेष्ठज्यूद्वारा रूसीमा अनुदित नेपाली साहित्यको विवरण यसप्रकार छ-

१. बोधविक्रम लिखित- यमलोकमा जिउँदो मान्छे- (सन् १९६७)
२. लैनसिंह वाङदेल- लङ्डाको साथी- ललित साहित्य प्रकाशनगृह
३. समकालीन ५१ नेपाली कविहरू- नेपाली कविताकुञ्ज सहकार्य - (सन् २०१७)
४. रमेश विकल- फुटपाथ मिनिस्टर- (सन् १९८६)
५. ज्ञानकाजी मानन्धर- कुमारी चण्डेश्वरी
६. देवकोटा- मुनामदन- (२०११)
७. देवकोटा- सुनको विहान- (२०१२)
८. आदिकवि भानुभक्तका १३ वटा रचना- 'लोकको गरूँ हित भनि' सहकार्य- २०७०

वास्तवमा नेपाल र रूसबीचको भाषिक, साहित्यिक, सांस्कृतिक सम्बन्धलाई सुदृढ बनाउने दिशामा कृष्णप्रसाद श्रेष्ठको महिमामय योगदान स्तुत्य छ । विशेष गरी अनुवादको क्षेत्रमा गरेका उहाँका अथक प्रयास हामी सबैका लागि प्रेरणाका स्रोत बनेको छ । यसबाट दुवै देशका साहित्यप्रेमीहरूको साहित्यिक ज्ञानको क्षितिज अझ फराकिलो भएर जानेछ । साहित्यिक कृतिहरूको अनुवादले हाम्रो भावनात्मक एकता बलियो बनाउने दिशामा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस दिशामा मस्कोबाट साहित्यकार कृष्णप्रसाद श्रेष्ठ र नेपालबाट नेपाल रूस साहित्यिक समाजले गरेको महत्वपूर्ण योगदानलाई हामी सदा स्मरण राख्ने छौं ।

अनुवाद साहित्यका अमर साधक, नेपाली भाषा साहित्यका एउटा उज्ज्वल नक्षत्र कृष्णप्रसाद श्रेष्ठज्यूलाई गुमाएर हामी धेरै दुखी र मर्माहत भएका छौं, तर उहाँ हामीमाझ सदैव जीवित रहनु हुनेछ । उहाँको दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जली । ■

मरूभूमिको काँडा : बिम्ब प्रतिबिम्ब
सम्पादकीय दृष्टिमा

'मरुभूमिको काँडा : बिम्ब-प्रतिबिम्ब' शीर्षक पुस्तक पाठक सामु प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ । केशरी बज्राचार्यज्यूद्वारा रचित 'मरुभूमिको काँडा' वि.सं. २०५५ सालमा युगकवि सिद्धिचरण प्रतिष्ठानद्वारा प्रकाशित भएको थियो । प्रस्तुत पुस्तक यसै काव्य-सङ्ग्रहबारेमा विभिन्न विद्वतवर्गद्वारा समालोचना गरिएको समालोचनात्मक अभिव्यक्ति हो । 'मरुभूमिको काँडा' का लोकार्पण समारोहको सुखद अवसरमा मैले पनि यस सङ्ग्रह बारेमा बोल्ने मौका पाएकी थिएँ । यसै क्रममा यस सङ्ग्रहका कविताहरु अध्ययन गर्ने मौका पाएँ । यसको अध्ययन-विश्लेषण क्रममा म यस सङ्ग्रहका कविताहरुबाट र विदुषी कवयित्री श्रीमती केशरी बज्राचार्यज्यूका सिर्जनशील प्रतिभाबाट म धेरै प्रभावित भएँ । त्यसै बेलादेखि केशरीजीका साहित्यिक व्यक्तित्वका असाधारणता लाई नेपाली साहित्य जगत्‌समक्ष अझ गहकिलो ढङ्गले विशुद्ध रुपमा राख्ने इच्छा थियो । आज मेरो सपना साकार भयो । मेरो यस परिकल्पनालाई परिपूर्णता प्रदान गर्ने सम्पूर्ण श्रेय वरिष्ठ पत्रकार एवम् विद्वान श्री केदार शाक्यज्यूलाई जान्छ । यस पुस्तकका प्रस्तुतिमा उहाँले व्यक्तिगत रुचि लिई अत्यन्त लगन र परिश्रमका साथ मलाई सम्पूर्ण सहयोग प्रदान गर्नुभयो । उहाँका सत्प्रयासबाट केशरीजीका साहित्यिक व्यक्तित्वका वैशिष्टतालाई रेखाङ्कित गरेर नेपाली साहित्य जगत्‌समक्ष प्रस्तुत गर्नमा सफल भएकी छु । यस कृतिमा समाविष्ट लेख-रचनाहरुले केशरीजीका साहित्यिक व्यक्तित्व र 'मरुभूमिको काँडा' बारेमा अनेक गहनीय प्रश्न उद्‌घाटित गरेको छ । त्यसबारेमा यस पुस्तकमा तटस्थ मूल्याङ्कन प्रस्तुत भएको छ।

नेपालका सुप्रसिद्ध विद्वान्- समालोचकहरु, साहित्यकारहरु विचार र विश्लेषणबाट एउटा सिर्जनशील नारी प्रतिभाको साहित्यिक व्यक्तिव र योगदानका सुस्पष्ट एवं निष्पक्ष प्रक्षेपण यस कृतिद्वारा गर्न पाएकोमा म असीम सन्तोष अनुभव गरिरहेकी छु । निश्चय नै कवयित्रीको रुपमा केशरीज्यूबाट भएका सत्प्रयासका एक बहुमूल्य विहंगावलोकन यस पुस्तकबाट भएको छ र उहाँका साहित्यिक योगदान र प्रखर प्रतिभाको सही कदर भएको छ भन्ने मलाई लागेको छ । प्रस्तुत पुस्तकले विदुषी बज्राचार्यज्यूको साहित्यिक व्यक्तित्व, उहाँका काव्यात्मक अभिव्यक्ति र विविध पक्षलाई अनेक दृष्टिकोणबाट जान्न, बुझ्न सघाउ पुऱ्याउँछ भन्ने मैले पूर्ण विश्वास लिएकी छु । यस सङ्ग्रहका विद्वतापूर्ण लेखहरुले कवयित्री केशरी एकजना संवेदनशील, प्रतिभाशाली, सचेत कवयित्री हुनुहुन्छ भन्ने प्रस्ट्याएको छ ।

प्रस्तुत पुस्तक "मरुभूमिको काँडा" बारेमा विद्वत्वर्गद्वारा खोजपूर्ण ढङ्गले अभिव्यक्त गरिएको समालोचनात्मक कृति हो । जसमा दर्पणजस्तै "मरुभूमिको काँडा" का प्रत्येक पक्षलाई स्पष्ट रुपमा हेर्न सकिन्छ । त्यसैले यस पुस्तकको नाम "मरुभूमिको काँडाः बिम्ब प्रतिबिम्ब" राख्न उपयुक्त र सार्थक देखियो ।

स्मरणीय छ कि "कविताको रुपमा केशरीज्यूको आँसु झरेको छ- 'मरुभूमिको काँडा' को रुपमा ।" यो "मरुभूमिको काँडा" उहाँको व्यक्तिगत दुःख र पीडाको प्रतीक हो, जसमा नेपालका गाउँ, तराई, पहाड, सम्पूर्ण नेपाल र सम्पूर्ण मानवताको व्यथा-कथाले वाणी पाएको छ ।

"म एउटा घाउ
बाँच्नुको अर्थ घाउ भएर
संजिवनी बुटी खोजिरहेछु
म अजम्बरी हुन ।"

सही अर्थमा भन्ने हो भने दुःखानुभूतिका अभिव्यक्ति नै केशरी बज्राचार्यको अर्को नाम हो । उहाँ एक संवेदनशील, भावुक कवयित्रीको रूपमा हाम्रो अगाडि उभिनुभएको छ । काव्यात्मक गम्भीरता तथा वैचारिक उदात्तताले उहाँका कविताहरूलाई महत्वपूर्ण बनाएको छ । यही कारणले आज केशरीजी जस्तो नारी-प्रतिभाले यस्ता-यस्ता ठूला विद्वान्हरूको मूल्यवान अभिव्यक्ति र प्रशंसाद्वारा साहित्य-जगत्मा एउटा सम्माननीय र उदाहरणीय स्थान प्राप्त गर्नमा सफल हुनुभएको छ ।

लगभग साढे तीन दशक बढी समयदेखि उहाँ कविता-सिर्जनामा संलग्न हुनुहुन्छ र नेपाली कविता जगत्मा एउटा प्रतिष्ठित हस्ताक्षरको रूपमा प्रसिद्ध हुनुहुन्छ । नारी मनोविज्ञान र नारीहृदयका द्वन्द्व-प्रतिद्वन्द्व, घात-प्रतिघातलाई कवयित्रीले काव्यात्मक अभिव्यक्ति दिनुभएको छ र यसमा उहाँ पूर्णरूपमा सफल पनि हुनुभएको छ ।

वैयक्तिक जीवनको भोगाइबाट उहाँका कविताहरु प्रारम्भ भएको पाइन्छ जुन क्रमशः सामाजिकतातर्फ लम्किँदै सम्पूर्ण मानवताका कल्याण-कामना र शान्तिको खोजीमा समाहित भएको देखिन्छ । जीवनको रिक्तता, तिक्तता र वैयक्तिक पीडाले उनलाई कवयित्री बनायो । वियोग, विरह, वेदना, निराशा, अशान्ति र छटपटीका असह्य प्रसव पीडा भोग्दै उहाँले "मरुभूमिको काँडा" लाई जन्म दिनुभयो ।

"यो सजल नेत्र खोला बने पनि
म आफूभित्र मरुभूमिको
काँडा देखिरहेछु ।"

वास्तवमा नारी मनोविज्ञानलाई, नारी मनोभावहरूलाई उहाँले अत्यन्त मर्मस्पर्शी ढङ्गले स्पर्श गर्नु भएको छ । उहाँका हृदयका व्यथा-गाथा सम्पूर्ण नारीवर्गका दुःख-दर्दमा समाहित भएको देखिन्छ । आफ्नो हृदयका पीडा र व्यथालाई अभिव्यक्ति दिने

प्रयासमा उहाँले सम्पूर्ण नेपाली नारी-जीवनका विवशता र बाध्यता लाई अभिव्यक्ति दिनुभएको छ र यही पीडा, विरह र वेदना उहाँका कविताका मुख्य केन्द्रविन्दु भएको देखिन्छ, जुन क्रमशः परिष्कृत र विकसित हुँदै गएको पाइन्छ । यसै क्रममा नेपाली समाज र परिवेश, नेपाली धर्म र संस्कृति, नेपाल देश र सम्पूर्ण मानव-समाज त्यसमा अनायास गुम्फित हुँदै गएको पाइन्छ । युगचेतनाले परिपूर्ण कवयित्रीका हृदय मानवीय कलुषतालाई पखाल्ने उद्देश्यले बौद्ध धर्मका करुणा र शान्तिका आव्हान गर्दै भन्नुहुन्छ-

'मानव हृदयको शान्ति
मानवतालाई
पथप्रदर्शन गर्ने शान्ति
यो शान्ति पूजा
शान्ति पूजा ।'

निष्कर्षतः वैयक्तिक प्रेम र पीडाका अभिव्यक्तिका साथै विश्व-प्रेम र विश्व बन्धुत्वका सन्देश दिंदै कवयित्रीले एउटा सुन्दर, मङ्गलमय मानव समाजको कल्पना गर्नुभएको हो जहाँ प्रेम, करुणा, ममता, सहिष्णुता, मैत्री र परस्पर विश्वासका साम्राज्य होस् ।

उल्लेखनीय कुरा यो छ कि उहाँको कविताहरूमा भाव-पक्ष जति सबल र सशक्त छ, विचार पक्ष पनि त्यतिकै सवल, समर्थ र ब्यापक छ । अभिव्यक्ति शैलीमा सहजता, सरलता, सरसता र मार्मिकता छ । उहाँले आफ्नो मनोभावहरूलाई जुन सुन्दर, कलात्मक ढङ्गले अभिव्यक्त गर्नुभएको छ त्यो अत्यन्त नै हृदयग्राही छ ।

अन्त्यमा, यस पुस्तकका प्रकाशन कार्यमा बहुमूल्य विचार भएका, सारगर्भित लेख-रचनाहरु दिई महत्वपूर्ण सहयोग गर्नुहुने सम्पूर्ण विद्वत्-वृन्दमा आदरपूर्वक हार्दिक आभार प्रकट गर्न चाहन्छु । केशरीज्यूको कविताहरूमा रहेको वैशिष्ठ्यता र गुणवत्ता बारेमा पाठकहरूले विद्वान् समालोचकहरूमार्फत अनुभूत गर्न सके मेरो यो प्रयास सफल हुनेछ ।

वरिष्ठ पत्रकार विद्वान श्री केदार शाक्यज्यूका व्यापक र सक्रिय सहयोगका लागि म पुनः पुनः आभार व्यक्त गर्नु चाहन्छु । यस पुस्तक प्रकाशनमा उहाँको अहम् भूमिका रहेको छ । उहाँका बहुमूल्य सहयोग पाएर पुस्तक अतिशीघ्र नै पुस्तकाकारका रूपमा हाम्रो समक्ष प्रस्तुत हुन सकेको छ । यस्तै पुस्तकका लागि लेख रचना सङ्कलनमा विद्वान श्री एस. पी. आशाज्यूबाट प्राप्त बहुमूल्य सहयोगका लागि म उहाँप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस पुस्तकलाई प्रकाशित गरिदिने प्रतिनिधि प्रकाशनको सहयोग र सद्भावानाप्रति पनि म हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

यसै क्रममा 'गोरखापत्र', 'मधुपर्क', 'गरिमा', 'कान्तिपुर', 'राजधानी' र 'जनसत्ता' तथा तमाम साहित्यिक पत्र-पत्रिकाहरूप्रति पनि आभार प्रकट गर्न चाहन्छु । कवयित्री केशरीज्यू तथा "मरुभूमिको काँडा" बारेमा यी पत्रिकाहरूमा प्रकाशित लेखहरू पनि यस पुस्तकका लागि उपयोगी हुनेछ भन्ने विश्वास लिएर विभिन्न साहित्यिक पत्रिकाहरूमा प्रकाशित सम्बन्धित लेखहरू पुस्तकमा साभार प्रकाशित गरिएको छ ।

केशरीज्यू सफलतापूर्वक आफ्नो काव्य-यात्रामा उत्तरोत्तर प्रगति गर्दै जानुहोस् र अझ गहन, फलदायी, प्रेरणाप्रद कृतिहरू हामीलाई प्रदान गर्दै जानुहोस् । बुद्धका विश्व-बन्धुत्व भावनालाई प्रश्रय दिंदै जानुहोस्, शान्तिको प्रसारमा समर्पित हुँदै जाऊन्, करुणा र शान्तिप्रतिको आस्था उहाँमा अझ बढ्दै जाऊन् र विश्व-मानव कल्याण कामनामा उहाँका कविता समर्पित हुँदै जाओस् र विश्व-मानव कल्याण कामनामा उहाँका कविता समर्पित हुँदै जाऊन् । कवयित्री केशरीज्यूप्रति मेरो हार्दिक शुभकामना । ■

श्रावण, २१ गते २०५९

जीवनको मूल आधार

बाल्यकालीन परिवेश : एक चिन्तन

वाल्यकाल जीवनको सबभन्दा महत्त्वपूर्ण र अविस्मरणीय हुन्छ नै । मेरा लागि त झन् प्रेरणादायी र उत्साहमूलक रहेको छ मेरो बाल्यकाल ।

जीवनका एक-एक क्षण व्यतीत गर्दै हाम्रो जीवनयात्रा अनन्तरूपमा चलिरहेको हुन्छ । जीवनमा स्वाभाविकरूपमा अनेक मोड-उपमोड सुख-दुःख आउँछ-जान्छ, जीवनचक्र चलिरहन्छ । बाल्यकालका तीता-मीठा, सुखद-दुखद, प्रिय-अप्रिय क्षणहरू व्यतीत गर्दै सङ्घर्षलाई अङ्कमाल गर्दै मैले जीवनका ७० वसन्त पार गरि सकेँ । जीवनबाट प्राप्त अनुभवले मलाई सिकाएको छ कि जसरी स्यानो बीउले आफूभित्र ठूलो वृक्ष बोकेको हुन्छ त्यस्तै आमा-बुआले बीउजस्तै हाम्रो जीवनलाई रोपेर, सिञ्चन गरेर, उर्वर बनाएर हामीलाई वृक्षजस्तै, परिपक्व, फलदायी बनाउनुहुन्छ । वास्तवमा बाल्यकालीन परिवेशले जीवनपर्यन्त हामीलाई गति र दिशा प्रदान गरिरहन्छ, हामीलाई शक्ति र उत्साह थपिरहन्छ । त्यसैले बाल्यकालीन परिवेशलाई म जीवनको मूल आधार ठान्दछु र बाल्यकालका मधुर संस्मरणहरूलाई मेरो जीवनको स्पन्दन भन्दछु । यी मीठा सम्झनाहरू झन्-झन् सजीव, जीवन्त भएर प्रतिपल मेरो श्वास प्रश्वासमा समाहित भएर मलाई आज पनि प्रेरणा र प्रोत्साहन प्रदान गरिरहन्छ ।

सन् १९५१ मा माता स्व. कैलाशदेवी शर्मा तथा पिता स्व. किशोरीलाल शर्माका पुत्रीको रूपमा मेरो जन्म पटनामा भएको र मेरो शिक्षा-दीक्षा पटनामा नै सम्पन्न भएको हो । सन् १९७५ मा पटना विश्वविद्यालयबाट मैले प्रथम श्रेणीमा एम.ए. पास गरेँ र सन् १९७९

मईमा मैले पिएच.डी. डिग्री पटना विश्वविद्यालयबाट नै हासिल गरेँ।

म सानो हुँदा शान्त, गम्भीर र सोझी थिएँ । आमा-बुआ मलाई ज्ञानी भन्दथे । मेरो परिवार आध्यात्मिक-सांस्कृतिक भावनाले ओत-प्रोत थियो । आमा-बुआबाट अनुशासन र नीतिको पाठ पढाइन्थ्यो, यो नै मेरो जीवन-निर्माणको प्रेरक तत्व बन्यो । मेरा पिताजी उद्योग व्यवसायमा संलग्न हुनुहन्थ्यो । मेरी आमा उहाँको व्यवसायमा भरपुर सहायता गर्नुहुन्थ्यो । एउटा सम्पन्न, समृद्ध, सुविधायुक्त परिवारमा हुर्कने मौका मैले पाएँ ।

मेरो हजुरबुबा मेरो जन्मपूर्व नै अङ्ग्रेज र अस्ट्रेलियनहरूको सङ्गतमा हुनुहुन्थ्यो त्यस कारण मेरो बुआ अङ्ग्रेजी माध्यमको कन्वेन्ट स्कुलमा १२ क्लाससम्म पढ्नु भयो । मेरो हजुरबुवा छिट्टै नै बित्नु भयो तसर्थ मेरो बुआको कन्वेन्ट स्कुलको उच्च शिक्षा रोकियो ।

मेरी आमा पनि ७ क्लाससम्म स्कुल पढिन । तत्पश्चात घरमा नै अङ्ग्रेजी शिक्षक आएर घरमा पढाउनु हुन्थ्यो, किनकि मामाहरूमा पनि ठूलो मामाको अङ्ग्रेजी साथीहरूको स्वच्छ, स्वस्थ, उच्च विचारले गर्दा आमाबुवाको सोचाइ उच्च र उदार थियो । त्यसबेला सम्म छोरीलाई शिक्षा दिने चलन थिएन तर उच्च विचार भएका मेरा आमाबुवाले मलाई पीएच.डी. सम्मको उच्च शिक्षा प्रदान गरेर, स्वावलम्बी बनाएर मेरो बिहे गर्नु भयो । म यसलाई ईश्वरकै कृपा मान्दछु ।

मेरो साहित्यिक क्रियाकलापमा पनि आमा बुवाले सधैं प्रेरणा र उत्साह दिनु हुन्थ्यो । सन् १९६० देखि नै मैले साहित्य-सिर्जनामा कलम चलाएकी हुँ । सन् १९७० मा मेरो प्रथम हिन्दी कविता 'नदी और नारी' आर्यावर्तमा प्रकाशित भएको थियो र प्रथम समीक्षात्मक लेख युगकवि पंत, अकादमी पत्रिकामा सन् १९७५ मा प्रकाशित भएको थियो र आकाशवाणी पटनाबाट "आंसू बन गए फूल" शीर्षक कथा सन् १९७६ मा मेरो स्वरमा नै प्रसारित भएको थियो ।

वि.स. २०३१ मा वीरगन्ज निवासी डा. रामभक्त ठाकुरज्यू सँग मेरो विवाह सम्पन्न भयो र काठमाडौँ मेरो कर्मक्षेत्र बन्यो । विवाहपछि पूर्वराजदूत र पूर्वनिर्वाचन आयुक्त डा. रामभक्त ठाकुरज्यूले पतिको रूपमा मलाई धेरै प्रेरणा र प्रोत्साहन प्रदान गर्नु भयो । उच्च पदमा रहँदा पनि उहाँले कहिल्यै पनि सोर्स-फोर्सको आधारमा मलाई अगाडि बढाउनु भएन बरू मलाई पूर्ण सहयोग, सद्भावना र प्रेरणा-प्रोत्साहनले अगाडि बढाउनमा मदत गर्नुभयो र मलाई आत्मिक बल प्रदान गरेर मलाई प्रगतिपथमा अग्रसरित गराउनु भयो । मेरो उन्नति-प्रगतिमा मेरा पतिबाट पाएको प्रेरणा मेरो लागि बहुमूल्य सम्बलको रूपमा रहेको छ । म उहाँप्रति सदा श्रद्धानत् छु । उहाँ पनि एउटा साहित्यकार भएकाले झन् मलाई उहाँबाट धेरै कुरा सिक्ने मौका पाएँ ।

वि.सं. २०३६ सालदेखि मैले त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौँमा, केन्द्रीय हिन्दी विभागमा एम.ए. तहको प्राध्यापन सेवा प्रारम्भ गरेँ, ३६ वर्षसम्म त्यसै विभागमा सेवा प्रदान गर्दै विभागीय प्रमुखसमेत रही सेवा गरेँ । त्यहाँबाट रिटायर हुने बित्तिकै वि.सं. २०७१ देखि नेपाल प्रज्ञा-प्रतिष्ठानकी प्राज्ञ तथा अनुवाद विभाग प्रमुख पदमा नियुक्त भएर र दोस्रो कार्यकाल वि.सं. २०७५ देखि २०७९ सम्म सोही पद र विभागमा कार्यरत रहेँ ।

वि.स. २०५१ सालमा त्रिभुवन विश्वविद्यालयबाट म प्राध्यापक (प्रोफेसर) पदमा नियुक्त भएँ । मैले सन् १९८९ देखि १९९२ सम्म Dauphine University, PARIS मा एम.ए. तहमा प्राध्यापन गरेँ ।

मैले विश्वका लगभग १७ देशहरूका भ्रमण गर्ने मौका पाएँ तथा देश र विदेशहरूमा राष्ट्रिय-अन्तर्राष्ट्रिय साहित्यिक सेमिनार हरूमा सक्रियरूपमा सहभागी हुने मौका पाएँ ।

मैले वि. सं. २०३८ देखि आजसम्म महेन्द्र विद्याभूषण प्रथम, रत्नश्री स्वर्ण पदक, नवदेवी सम्मान, अक्षरम् हिन्दी साहित्य अन्तर्राष्ट्रिय सम्मान, नई खरा प्रदीप्ति पुरस्कार (रू ५० हजारसहित को) विश्व

नारी नेपाली साहित्य पदक, भानुभक्त प्रज्ञा-पुरस्कार, भानुभक्त स्वर्ण पदक, साहित्यिक व्यक्तित्व पुरस्कार (रु १ लाखसहितको) अनेसास विशिष्ट सम्मान, सूचक पद्मादेवी साहित्य सेवी पुरस्कार, कुलचन्द्र गौतम सम्मान, साकोससम्मान, शिक्षासम्मान पुरस्कार, श्री कुलचन्द्र कोइराला स्रष्टासम्मान, विश्व नारी नेपाली साहित्य पदक, वनिताश्री पुरस्कार, साहित्य सेवा सम्मान, साहित्य भूषण सम्मान, साहित्य गौरवसम्मान, भारत-नेपाल साहित्यसम्मान, भानु-तुलसीदास-सम्मान आदि अनेकौं सम्मान पुरस्कार प्राप्त गर्ने सौभाग्य पाएकी छु । साथै आफू पनि "उषा ठाकुर सम्मान पुरस्कार" की संस्थापक भएर वि.सं. २०७३ मा विद्वान पं. श्री दीपनारायण मिश्रज्यूलाई, वि. सं २०७४ मा विद्वान प्रा. डा. श्री राजेन्द्र विमलज्यू लाई, वि. सं. २०७५ मा विद्वान प्रा. डा. वासुदेव त्रिपाठीज्यूलाई, २०७६ मा विक्रममणि त्रिपाठी, २०७७ मा रुमी लस्कर बोरा आसाम, भारत, २०७८ मा विद्वान् वरिष्ठ साहित्यकार श्री बैरागी काइँलाज्यू र २०७९ मा डा. बलराम अधिकारीज्यूलाई अर्पण गर्ने मौका पाएर आफूलाई गौरावान्वित महसुस गरेकी छु, आफूलाई धन्य मानेकी छु र उहाँहरु प्रति हार्दिक नमन अर्पण गर्न चाहन्छु ।

मैले 'साहित्यलोक', 'हिमालिनी' को प्रमुख सम्पादक भई र अनुवाद विभाग, ने.प्र.प्र. बाट प्रकाशित अनुवाद पत्रिका 'रुपान्तरण' को प्रमुख सम्पादक भई वि.सं. २०७१ देखि २०७९ सम्म सेवा गर्दै आएं ।

हालसम्म मेरा प्रकाशित कृतिहरु यसप्रकार छन् :

१. सन् १९९५ पंत काव्य की सामाजिक भूमिका
२. सन् १९९८ हिन्दी और नेपाली साहित्य के प्रतिनिधि हस्ताक्षर
३. वि.सं. २०५९ मरुभूमीका काँडा : बिम्ब प्रतिबिम्ब- सम्पादन
४. वि.सं. २०६० मरुभूमीका काँडा- कविता संग्रह- हिन्दी अनुवाद
५. वि.सं. २०५९ स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि - समीक्षा सङ्ग्रह

६. वि.सं. २०६८ युगकवि सिद्धिचरण श्रेष्ठको काव्यसाधना
७. वि.सं. २०७२ कवितामा भानु- सम्पादन
८. वि.सं. २०७६ सिद्धिचरण की कविताएं- सम्पादन
९. वि.सं. २०७५ निर्देशक- अनुवादक- परिचयकोश
१०. वि.सं. २०७७ प्रज्ञा भोजपुरी कथा- सम्पादन
११. वि.सं. २०७७ अनुवाद सन्दर्भ ग्रन्थ सम्पादन
१२. वि.सं. २०७६ Selected Children Stories from Nepal (editor)
१३. वि.सं. २०७९ उत्कृष्ट हिन्दी कथाहरु (सम्पादक)
१४. वि.सं. २०७८ प्रज्ञा नेपाली समालोचना (सम्पादक)
१५. वि.सं. २०७९ प्रज्ञा निबन्धसङ्ग्रह (सम्पादक)
१६. वि.सं २०७६ Discourse on translation (editor)
१७. Selected stories of Nepal (editor)
१८. वि.सं. २०७८ नेपाली साहित्य : सर्वेक्षण र समीक्षा

प्रकाशनाधीनः

१. महाकवि देवकोटाको काव्यसाधना
२. कवितासङ्ग्रह
३. समालोचनासङ्ग्रह
४. झ्यालबाट हेर्दा- भूमिकासङ्ग्रह
५. धर्म रत्न यमिका 'संदेया लिसः !' खण्ड काव्य (हिन्दी अनुवाद)
६. "विचार र विश्लेषण" समीक्षासङ्ग्रह

यसअतिरिक्त लगभग ५०० शोधपरक साहित्यिक रचनाहरु नेपाल-भारतका साहित्यिक पत्रिकाहरुमा प्रकाशित भइसकेका छन् । म नेपाली साहित्यका भानुभक्त, लेखनाथ, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण, माधव घिमिरे, गोपालप्रसाद रिमाल, भूपि शेरचनजस्ता साहित्यिक व्यक्तित्वकारहरुबाट धेरै प्रभावित छु । वि.सं. २०३६ देखि विशेषगरी मैले केदारमान व्यथित, सिद्धिचरण श्रेष्ठ र राष्ट्रकवि माधव घिमिरेज्यूसँग विशेष साहित्यिक सामीप्य र प्रोत्साहन प्राप्त गरेकी छु । त्यस्तै हिन्दी साहित्यिका सुमित्रानन्दन पंत, प्रेमचन्द,

जयशंकर प्रसाद, महादेवी, निराला तथा बङ्गालका रवीन्द्रनाथ टैगोर आदि साहित्यिक व्यक्तित्वबाट विशेष प्रभाव र प्रेरणा प्राप्त गरेकी छु ।

वास्तवमा मैले चाहेजति उन्नति गर्न सकेकी छैन, आफ्नो परिस्थितिअनुसार, समयचक्रअनुसार जे जति थोरै भए पनि अगाडि बढ्ने मौका पाएकी छु, त्यसका लागि म आफ्नो आमा-बुआ, गुरुआमा र आफ्नो पतिदेव डा. रामभक्त ठाकूरज्यूप्रति सदा आभारी छु, रहने छु । मेरो प्रिय दिदी र भाइ उज्ज्वल शर्माको माया-ममताले पनि मलाई ऊर्जा दिएको छ । बाल्यकालका घटनाहरु सम्झँदा मनमा इच्छा हुन्छ कि जीवनमा फेरि एकपटक त्यो समय फर्केर आए हुन्थ्यो । बाल्यकालका बितेका ती स्वर्णिम दिनहरु, कहिल्यै नभुल्न सकिँदो रहेछ । आज पनि म प्रतिपल आमा-बुआका आशीर्वाद महसूस गरिरहेकी हुन्छु । मेरो पतिदेवका सुझाव-सल्लाह, प्रेरणा र प्रोत्साहनप्रति म सदा आभारी छु । पूज्य आमा-बुआ र अत्यन्त आदरणीय मेरो पतिदेवमा सादर नमन । ■

वर्तमान सन्दर्भमा
कविहरूको दायित्व

कविलाई 'कविर्मनीषी परिभू : स्वयम्भूः' भनिएको छ । एउटा असल कवि ब्रह्माजस्तो विशाल हृदय लिएर (तेने बह्ममहृदाय आदि कवये:) समाजमा शिवत्व प्रदान गर्नका लागि लोककल्याणको पथमा निर्भीक भएर अग्रसर भइरहन्छ । कविभित्र एउटा अत्यन्त संवेदनशील महान् आत्मा बसेको हुन्छ जसले उसलाई आदर्शयुक्त कल्याणकारी रचना सिर्जना गर्नका लागि अभिप्रेरित गरिरहन्छ, यसको दायित्वबोधप्रति सजग गराइरहन्छ ।

वास्तवमा सम्पूर्ण विश्वमा व्याप्त विशाल विशृङ्खलित मानवसमाजलाई आफ्नो बुद्धि, विवेक, अनुभूति, संवेदनशीलता र ज्ञानको आधारमा एक सूत्रमा बाँधेर कल्याणकारी मार्ग निर्देशित गर्नु नै एउटा सच्चा कविको मूल दायित्व हो । भाषा, जाति, स्थान, लिङ्ग, धर्म आदिका आधारमा विभाजित मानवसमुदायमा एकता र समानताको निरूपण गरेर भ्रातृत्वको भावना व्याप्त गर्नु आजको कविवर्गको ठूलो जिम्मेवारी हो र युगको माग पनि ।

वैदिक साहित्यकालदेखि नै विश्व-बन्धुत्वको भावनालाई प्रश्रय दिने महनीय कार्य कविहरूद्वारा हुँदै आइरहेका छन् । "अयं निजः परो वेति गणना लघुचेतसाम् उदार चरितानां तु बसुधैव कुटुम्बकम् ।"

एउटा असल साहित्यकार आफ्नो समाज, देश र विश्वहित प्रति सदैव जागरूक भएर आफ्नो सामर्थ्य सिर्जनशीलताद्वारा समाजमा प्रेम, करुणा, अहिंसाजस्ता मानवीय गुणको प्रसार गरेर आफ्नो चारैतर्फका परिवेशगत वैविध्यतालाई दूर गर्दछ अनि खण्डित मानवतालाई एक सूत्रमा जोड्ने प्रयास गर्दछ र लोककल्याणको मार्ग प्रशस्त गर्दछ ।

आजको विषम परिस्थितिमा जब देशमा सर्वत्र हिंसा, अशान्ति र असुरक्षाको बोलवाला छ, जब मानव पूर्णतः संवेदनाशून्य भइसकेको छ, चारैतर्फ सङ्घर्ष, भ्रष्ट्राचार, अनैतिकता, मारकाट, घृणा, द्वेष र व्यभिचारको साम्राज्य व्याप्त छ, यस्तो जटिल परिस्थितिमा सम्पूर्ण साहित्यकारहरूको यो ठूलो दायित्व भइसकेको छ कि उनी आफ्नो कुशल सिर्जनात्मक प्रतिभाद्वारा समाजलाई उचित पथ प्रदर्शन गर्न सकुन्, युगदायित्वप्रति पूर्णतः सजग भएर मानवसमाजका सामाजिक र सांस्कृतिक उन्नयनका लागि, मनुष्यका सर्वाङ्गीण विकासका लागि जागरूक र सक्रिय हुन सकुन् ।

साहित्यमा सन्जीवनी शक्ति निहित हुन्छ । इटलीको औद्योगिक क्रान्ति, फ्रान्सको राज्यक्रान्ति, इङ्ल्यान्डको औद्योगिक क्रान्ति, भारतको स्वतन्त्रता आन्दोलन र नेपालमा राणाशाही अत्याचारलाई बन्द गर्ने प्रयासमा साहित्यमा लुकेको महान् शक्तिलाई हामीले बिर्सन हुँदैन । मूलतः मानवीय मूल्यहरूको प्रतिष्ठा र मानवहित चिन्तन नै साहित्यको परम् उद्देश्य हो र लोकहितको सन्देशवाहक साहित्यकार नै कालजयी हुन्छ । मानवएकताको जुन महनीय प्रयास रामायण, महाभारत, रामचरितमानस, कामायनी, मुनामदन आदिमा गरिएको हो, त्यो आउने शताब्दियौँसम्म पथप्रदर्शन र प्रेरणादायी बनिरहने छ ।

युगकविले सुन्दर युग र सुन्दर विश्वको निर्माण गर्छ, स्वर्णिम युग जन्माउँछ र आफ्नो सुदूरव्यापिनी दृष्टिबाट भविष्य समेतका समस्याहरूतर्फ हाम्रो ध्यान आकर्षिक गरेर समाधानप्रति सचेतना प्रदान गर्छ र हाम्रो पथ प्रदर्शन गर्छ । आजको हिंसाग्रस्त युद्धोन्मुखी प्रवृत्तिको शमनका लागि साहित्यकारको दायित्वलाई सचेतता प्रदान गर्दै नेपाली साहित्यका शिखर पुरुष, राष्ट्रकवि माधव घिमिरे भन्नुहुन्छ :

'युद्धको पूर्वपीडामै तिमी मानवता रच
मृत्युको एक झस्कामै तिमी अमरता रच ।'

वास्तवमा कविवर माधव घिमिरेले 'अश्वत्थामा' को सिर्जना द्वारा आजका त्रसित, भयभीत, दिग्भ्रमित मानवजीवनमा विश्व शान्ति, भ्रातृत्व र मानवताको पुनःस्थापनाका निम्ति सचेतताको भाव जागृत गरेर विश्वबाट युद्धोन्मुखी प्रवृत्तिलाई समाप्त गर्नुपर्छ भन्ने मङ्गलमय धारणा अभिव्यक्ति गर्नुभएको छ । युद्ध प्रवृत्तिलाई निर्मूल पार्ने उद्देश्यले कविवर घिमिरेले युद्धको पूर्वपीडालाई उतार्नका लागि आग्रह गर्नुभएको छ किनकि यसै दर्दनाक अनुभूतिबाट नै पीडाको निरोध गर्न सकिन्छ । युद्धको पीडाबाट मुक्त हुनका लागि मनुष्यभित्र त्यस पीडाको पूर्वानुभूति जगाउनु जरूरी छ, त्यस पूर्वानुभूतिबाट मानवहृदयमा चेत जागृत हुन्छ अनि मात्र हामी युद्धप्रति सचेत हुन्छौं र यसरी भावी युद्धलाई रोक्न सकिने छ । वास्तवमा 'अश्वत्थामा' को कथास्रोत महाभारत भए पनि त्यसमा आधुनिक युगबोध छ, समसामयिक समस्याहरूबाट जुध्ने चुनौतीपूर्ण आह्वान छ । अन्धकारबाट प्रकाशतर्फ लैजाने दिशामा, युद्ध रोक्नका लागि र युद्ध प्रवृत्तिलाई समाप्त गर्नका लागि कवि घिमिरेका यी शब्दहरू कति मर्मस्पर्शी र प्रेरणादायी रहेका छन्:

"पानी पानी भनी रैछ क्वै काकाकुलझैं बनी,
विश्वव्यापी पिपासा यो रोक्तिनौ किन हे सखी ।"

कवि घिमिरेले युद्धपिपासाले ग्रस्त मानवलाई मानवसंहारको विनाश लीलाबाट बचाउनका लागि एउटा युद्धविहीन, स्वस्थ, सुन्दर समुन्नत मानवसमाजको संरचनाका लागि अभिप्रेरित गर्छन् र विश्वशान्तिको कामना गर्दै विश्वबन्धुत्वको भावनालाई प्रश्रय दिन्छन् :

"विशाल धरती होओस् महामिलनको थला"

वास्तवमा कवि घिमिरेले अश्वत्थामाजस्ता कृतिहरूको सिर्जना गरेर नेपाललाई दिशा-निर्देशन दिनुभएको छ साथै सम्पूर्ण मानव परित्राणका लागि, विश्वशान्ति र विश्वएकताका लागि यो कृति अत्यन्त महत्वपूर्ण छ । यस्ता कृतिहरूको संरचना आज देशको माग हो । युगको आवश्यकता हो ।

यसै सन्दर्भमा हामी युगको स्पन्दन राम्ररी बुझ्ने र युगप्रति आफ्नो कवि दायित्व राम्ररी निर्वाह गर्ने महान् व्यक्तित्व महाकवि देवकोटा लाई श्रद्धापूर्वक स्मरण गर्छौं । युगको आकाङ्क्षा र आवश्यकतासित आफ्ना भावना र आकाङ्क्षा जोडेर मानवोत्थानका लागि जीवन पर्यन्त उहाँ प्रयत्नशील रहनुभयो । कवितायात्राको प्रारम्भदेखि नै उहाँका कविताहरूमा जुन उदारतावाद र दीनदुःखीको सेवाभावना र कल्याण कामना देखिएको हो, त्यो अत्यन्त प्रेरणादायी रहेको छ । युगका अग्रदूत कवि देवकोटाका उत्तरवर्ती रचनाहरूमा सामाजिक असङ्गति, अन्यायप्रति विद्रोह, व्यङ्ग्यका स्वर झन्झन् टड्कारो हुँदैगएको देखिन्छ । दालभात, डुकु, प्रमिथस, छहरा, हुरीको गीत, हामी नेपालीजस्ता अनेकानेक कविताहरूका माध्यमबाट उहाँले मानव माथिको अन्याय, अत्याचारको विरोधमा आफ्नो आवाजलाई सशक्त स्वर दिँदै मानवतावादी भावनालाई प्रश्रय दिएको पाइन्छ । वास्तवमा युगकवि देवकोटा एक मानवतावादी कविको रूपमा हाम्रोसामु मानवएकता, मानव समानता र विश्वबन्धुत्वको आदर्श लिएर विश्व कल्याण कामनामा समर्पित हुनुभएको देखिन्छ । युगकवि देवकोटाले २०१४ सालमा साहित्य जगत्लाई दिनुभएको निम्न सन्देश अत्यन्त उपयोगी र अनुकरणीय सिद्ध भएको देखिन्छ 'अब जनताको ध्यान बढी व्यापक क्षितिजतर्फ आकर्षित गर्नका निम्ति लेखकले बढी फलदायी ढङ्गबाट काम गर्नुभएको छ ।'

उसले (लेखकले) जनतामा भिज्नुपर्दछ, जनताबाट सिक्नुपर्दछ, समस्त मानवजातिको जीवनबोधका लागि र सबै वर्तमान समस्या र घटनाहरूको अनुबोधका लागि आत्मा खोतल्नुपर्दछ ।'

कवि-कर्त्तव्यप्रति पूर्ण सचेत र जागरूक युगकवि सिद्धिचरण श्रेष्ठका रचनाहरु पनि हामीसमक्ष एउटा अनुकरणीय उदाहरण बन्न गएका छन् । युगकवि श्रेष्ठका अनुसार, 'उज्यालो घामको निम्ति जिउँदो अन्धकारसित लडन्तभिडन्त गरिरहनु नै मानवजीवन हो । यो लछारपछारमा आफूलाई अघि बढाउने बल साहित्यले दिइरहेको हुन्छ । भइरहेको सामाजिक विकृत्ति र विसङ्गतिलाई पनि कलापूर्ण ढङ्गले अभिव्यक्त गरेमा त्यो शाश्वत साहित्य हुन सक्छ ।'

यसै उक्तिलाई आफ्नो कविजीवनलाई साकार पार्दै कवि सिद्धिचरण श्रेष्ठको 'विश्वव्यथा' को मार्मिक अभिव्यक्ति दिँदै, देशीय समस्याहरूको चित्रण गर्दै देशवासीहरूलाई उद्‌बोधित गर्दै विश्वव्यापी समाजमा समाहित भएर युगको आवाजलाई ध्वनित गर्नुभएको छ । लोकपथगामी श्रेष्ठले वि.सं. १९९६ मा नै आफ्नो मनको अभिलाषा व्यक्त गर्दै भन्नुभएको थियो :

'सुखसागरमा लय भई आखिर
गर्ने जीवन सुन्दर सुन्दर
छ यही मनको इच्छा
भित्र बनूँ कवि बाहिर योद्धा ।'

वास्तवमा जनहित, मानवसेवाका लागि नै उहाँले कविता लेख्नुभयो:

'बाटो मेरो छेकिरहेको
एक अजङ्गको साँढेलाई
लौरो लिईकन दूर लघारेँ
मैले कविता लेखेँ ।'

नेपाली साहित्यका युवाकवि पुस्ताका कविहरूले पनि देशप्रेम, एकता समानता, स्वतन्त्रता र मानवतावादका अमर फलदायी सन्देश लिएर आफ्नो कर्त्तव्यबोधलाई पूर्णता प्रदान गरेका छन् ।

प्रसिद्ध कवि नवराज कार्कीका कविताहरु नेपाली समाज र नेपाली भावनाका महत्वपूर्ण आलेख हुन्, उनको 'मनभित्रको आँधीमा' युगीन परिवेशलाई गति दिँदै समाजलाई अँध्यारोबाट प्रकाशतर्फ लैजान दिशामा सशक्त निर्देशन छ । उनीद्वारा रचित 'कविको आँखामा' कविदायित्वप्रति समर्पित हुने सन्देशलाई प्राथमिकता दिँदै कवि नवराज कार्की भन्छन् :

'कविको आँखा ज्योति लिएर आएको छ
फेरि एकपल्ट कलमले
बन्दुकलाई हाँक दिन लागेको छ ।'

वास्तवमा अँध्यारोलाई हटाएर मार्गलाई उज्यालो बनाउनु कविकर्त्तव्य हो ।

अँध्यारोबाट समाजलाई जोगाउनु र अँध्यारो हटाएर प्रकाश फैलाउनु, समाजलाई दिशानिर्देशन दिनु कविको प्रथम दायित्व हो । यसै भावनालाई प्रश्रय दिँदै प्रसिद्ध कवि विमल निभा भन्नुहुन्छ :

"मोड मोडमा ढुकेर पर्खिरहेको चक्कुले
अँध्यारोको आडमा
ज्यान पनि लिन सक्छ
अँध्यारोमा जे पनि हुन सक्छ
सबभन्दा पहिले अँध्यारो हटाऊँ ।"

कवयित्री उषा शेरचन पनि "खिया लागेका युगध्वनिहरूलाई" नवजीवन दिनु नै कविकर्त्तव्य ठान्नुहुन्छ । उहाँको भनाइ छ :

"मैले धृष्टतापूर्वाक पुनः आह्वान गर्न लागिरहेछु
खिया लागेका हरेक तारहरूले
नवध्वनि पाउनुपर्छ भनेर
मेरा पनि बाँचिरहेका जिउँदा लासहरूले
नवजीवन पाउनुपर्छ भनेर ।"

राष्ट्रलाई सङ्कट आइपर्दा कविहरु कहिले चुप लागेर बसेका होइनन् । जनतामा चेतना छर्नका लागि कविगण सदैव उद्यत रहेको कुरा इतिहासले देखाएको छ । चाहे जनआन्दोलनको समय होस् अथवा प्रजातन्त्रको पुनर्बहालीको बेला होस् कविगणले सदैव राष्ट्रिय चेतनाका असल संवाहक भएर सत्यको पक्षलाई साथ दिएका छन्, २०४६ को जनआन्दोलनमा कवि साहित्यकारहरूले आफ्नो तर्फबाट जुन योगदान दिएका छन्, त्यो अविस्मरणीय रहने छ । कवि साहित्यकारहरु स्वान्तः सुखाय रचना मात्र गर्दैनन् । जनसुखाय र मानव कल्याणका लागि साहित्यिक, सांस्कृतिक, सामाजिक जागरणका लागि कविगण आफैं नेतृत्व गर्छन् । नेपालका वृद्ध, स्थापित कविगणदेखि नवोदितसम्मका कविगणका सशक्त लेखनी मानव कल्याणका लागि सचेत र सक्रिय रहेको छ ।

यस सङ्क्षिप्त लेखनमा स्रष्टा, सबै कवि-कवयित्रीहरूको उल्लेख सम्भव छैन तर माथि प्रसङ्गवश आएका केही उदाहरणद्वारा स्पष्ट हुन्छ कि शान्ति, प्रेम, एकता, समानता, सेवा, परोपकार आदि मानवीय गुणहरूको प्रसार गरेर स्रष्टा-कविहरु लोक कल्याणको दिशामा अग्रसर छन् । कविहरु कविताको माध्यमले सौन्दर्यानुभूति, आनन्दानुभूति, सत्यानुभूति गराउँछन् साथै समाज, राष्ट्र र समस्त मानव-कल्याणका लागि दायित्यबोध पनि गराउँछन् । कविहरु मानवीय संवेदनालाई जाग्रत गराएर शिवत्वको भावनालाई अभिव्यक्ति दिन्छन् । अतः आजका विषम परिस्थितिमा कविहरूले आफ्नो सिर्जनात्मक प्रतिभाद्वारा समाजलाई दिशा निर्देशन प्रदान गर्न सकून, शान्ति र प्रेमको वातावरण सिर्जना गरेर एकता, समानता र मानवतावादी भावनालाई प्रश्रय दिन सकून्, युगदायित्वप्रति सबैलाई जाग्रत गर्न सकून् र उनका सत्प्रयासले यो धरा स्वस्थ सुन्दर भएर स्वर्गमय हुन सकोस्, यही देशको पुकार हो, युगको माग हो र आजको आवश्यकता हो ।

कृष्णचन्द्रसिंह प्रधानका अनुसार पनि स्वतन्त्रतापूर्वक अनुभूतिजन्य सत्यको अनुसरण गर्ने साहित्य पहिलो मानव अभिव्यक्ति हो, मानवीय मूल्य तथा प्रजातान्त्रिक आन्दोलनहरूको पनि उद्‌गम स्रोत । प्रबुद्धजन र जनस्तरमा परिरहने वर्षौं वर्षौंदेखिको साहित्यको प्रभाव, त्यसको निरन्तरता र त्यसले गर्ने सांस्कृतिक संरचना, दबाब अनि अनुकूल चित्रवृत्तिको साथै संस्कारित पर्यावरणको निर्माण गरेर सामाजिक परिवर्तनका लागि यसले सधैं प्रेरित गर्दै आएको छ ।

निष्कर्षतः युगौंदेखि स्रष्टा साधकहरूले मानव-कल्याणको मार्ग प्रशस्त गर्दैआएका छन् । आज पनि समयको चुनौतीलाई स्वीकार गर्दै कविहरूले समस्त स्रष्टाहरूले आफ्नो धर्म र दायित्वलाई सहर्ष स्वीकार गरेर कविगरिमालाई सजीवता प्रदान गर्न आवश्यक देखिन्छ । ■

राष्ट्रकविसँगका
प्रेरणादायी प्रसङ्ग

युगस्रष्टा र युगद्रष्टा राष्ट्रकवि माधव घिमिरे आफ्नो सम्पूर्ण जीवन नेपाली भाषासाहित्यको उन्नति, संरक्षण र विकासका लागि समर्पित गर्दै सय वर्षको हुनुभयो । बहुमुखी प्रतिभासम्पन्न घिमिरेले साहित्यका विविध विधाअन्तर्गत खण्डकाव्य, बालकविता, कविता, गीत, गीतिनाटक, निबन्ध, कथा, समालोचना, सम्पादन तथा अनुवादसमेतमा सफलतापूर्वक कलम चलाउँदै अझ पनि 'ऋतम्भरा' महाकाव्य लेखिरहनुभएको छ ।

जीवनप्रति सदैव सकारात्मक र ऊर्जाशील विचार राख्ने राष्ट्रकवि माधव घिमिरेमा अझ पनि जोस र उल्लास छ र सार्थक जीवन व्यतीत गरिरहनुभएको छ । म आफूलाई धेरै भाग्यशाली ठान्दछु किनकि राष्ट्रकविसँग नजिक हुने धेरै अवसर पाएकी छु ।

हुन त साहित्यिक कार्यक्रमहरूमा उहाँका प्रभावशाली व्यक्तित्वबाट प्रेरित भएर सधैं उहाँसँग केही साहित्यिक कुराहरू सङ्क्षेपमा हुन्थ्यो । यी घटनाहरू उहाँप्रतिको मेरो श्रद्धाका कारण हुनुपर्छ । कविवर मलाई माया र प्रोत्साहन दिनुहुन्थ्यो ।

सौभाग्यवश सन् २००० मा पहिलो सार्क लेखक सम्मेलनमा कविवर माधव घिमिरेसँग धेरै नजिक हुने अवसर जुऱ्यो । तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति कविवर मोहन कोइरालाको नेतृत्वमा कवि माधवप्रसाद घिमिरे, तत्कालीन प्राज्ञपरिषद् सदस्य तोया गुरूङ, कमलमणि दीक्षित, कालीप्रसाद रिजाल, प्रा.डा. अभि सुवेदी, प्रा. डा. उषा ठाकुर र अन्य प्रतिष्ठित साहित्यकारहरूसमेत हामी नौ जना दिल्लीको एकेडमी अफ फाइन आर्टस एन्ड लिटरेचरको निम्तोमा इ. २००० अप्रिल २८ देखि ३० सम्म तीन दिन नयाँ दिल्लीमा सहभागी रूपमा सँगै थियौं र हामीलाई

दिल्लीका आई.आई.सी. सेन्टरमा राखिएको थियो । यस सार्क लेखक सम्मेलनमा हामी कार्यक्रम स्थलमा र आई.आई.सी. सेन्टरमा एकैसाथ हुन्थ्यौँ । भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, मालदिभ्स, भुटानका प्रसिद्ध साहित्यकारहरूको यो सुन्दर र अविस्मरणीय भेला थियो । यस कार्यक्रमको उद्घाटन सत्रपश्चात् कविगोष्ठी-कार्यक्रममा हामी सबैले आफ्ना आफ्ना कविता वाचन गरेका थियौँ । मलाई याद छ कि कविवर माधव घिमिरेले आफ्नो कविता 'रूपा-रानी'को अङ्ग्रेजी अनुवाद प्रस्तुत गर्नुभएको थियो र मैले आफ्नो 'बादल' शीर्षक कविताको अङ्ग्रेजी अनुवाद The Cloud प्रस्तुत गरेकी थिएँ ।

कविवर घिमिरेसँग व्यतीत भएको त्यस बेलाको समय अत्यन्त अविस्मरणीय रहेको छ । हामी सबै एकैसाथ ब्रेकफास्ट, लन्च खान्थ्यौँ र कार्यक्रममा सहभागी हुन्थ्यौँ । त्यस विशेष अवसरमा घिमिरेसँग धेरै नजिक भएर कुराकानी र विचारविमर्श गर्ने मौका पाएँ र उहाँको विराट् साहित्यिक व्यक्तित्वप्रति म धेरै प्रभावित भएँ, उहाँको साहित्यसाधना र साहित्यप्रतिका समर्पणप्रति श्रद्धानत भएँ, धेरै कुरा सिक्ने, जान्ने मौका पाएको थिएँ ।

यस्तै श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको छप्पन्नौँ शुभजन्मोत्सवको उपलक्ष्यमा आयोजित प्रतियोगितात्मक कविगोष्ठीमा २०५७ पुस २२ गते आफ्नो उत्कृष्ट कविताका लागि कविवर घिमिरेबाट पुरस्कार प्राप्त गर्ने सौभाग्य मैले पाएकी थिएँ, त्यो पनि मेरा लागि अत्यन्त उत्साहजनक घटना थियो, जसले मलाई थप प्रोत्साहन दिएको थियो ।

यस्तै २०५५ साल चैतमा आयोजित केशरी बज्राचार्य लिखित 'मरुभूमिको काँडा' कवितासङ्ग्रहबारे विचार-गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रममा र २०५९ साल पुसमा मैले सम्पादन गरेको 'मरुभूमिको काँडा बिम्ब-प्रतिबिम्ब' समालोचनासङ्ग्रह विमोचन कार्यक्रममा कविवर घिमिरेलाई हामीले प्रमुख अतिथिको रूपमा भेटेको थियौँ र मैले पनि एउटै मञ्चमा बस्ने मौका पाएकी थिएँ ।

'कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचनम्' का अनुयायी कविवर माधव घिमिरे यस्तायस्ता साहित्यिक कार्यक्रमको मौकामा पनि मलाई प्रेरणा दिनुहुन्थ्यो र आफ्नो सङ्क्षिप्त कुराकानीमा मलाई भन्नहुन्थ्यो- 'हामी आफ्नो कर्मप्रति समर्पित भएर आफ्नो सिर्जनामा, आˆनो साहित्यसाधनामा लागिरहनुपर्छ ।'

मलाई स्मरण छ कि वि. सं. २०७१ देखि २०७९ सम्म नेपाल प्रज्ञाप्रतिष्ठानको प्राज्ञ भई अनुवाद विभाग प्रमुख रहँदा समयसमयमा उहाँले अनुवाद कार्यको महत्वबारेमा कुरा गर्दा अनुवाद कार्यलाई प्रोत्साहन दिनुपर्छ भन्ने आफ्नो प्रेरणादायी मन्तव्य मलाई प्रदान गर्नुभएको छ ।

'अश्वत्थामा' को हिन्दी अनुवाद गराउने क्रममा पटकपटक उहाँले मलाई आफ्नो निवासमा बोलाउनुहुन्थ्यो र विचारविमर्श हुन्थ्यो । यस्ता अवसरहरूमा मैले उहाँबाट अनुवादबारेका गहकिला कुराहरु सुन्ने मौका पाएँ । उहाँको विचारमा हाम्रो नेपाली साहित्यका केही उत्कृष्ट कृतिहरूलाई नोबेल पुरस्कार प्रदान गराउनका लागि आवश्यक पहल गर्नुपर्छ र अनुवाद कार्यमा स्तरीयतालाई प्राथमिकता दिनुपर्दछ ।

मैले उहाँको प्रमुख आतिथ्यमा केही अनुवादसम्बन्धी विचारगोष्ठीहरूको आयोजना गरेकी छु । विश्व अनुवाद दिवसको अवसरमा आयोजित (२०७२ असोज १३) अनुवादसम्बन्धी विचारगोष्ठीका प्रसङ्ग मलाई याद आइरहेको छ । उक्त कार्यत्रमको प्रमुख अतिथि राष्ट्रकवि माधव घिमिरेले आफ्नो मन्तव्यमा भन्नुभएको थियो कि 'आजको युगमा अनुवाद विधा अनिवार्य विधाको रूपमा प्रतिष्ठित भएर हामीमा विश्वबन्धुत्वको भावना जाग्रत गरिरहेको छ । अनुवाद कार्यद्वारा हाम्रो प्राज्ञिक चेतनालाई बल मिल्छ । हामी विश्वसाहित्यको रसास्वादन गर्न चाहन्छौँ र यो अनुवाद कार्यद्वारा नै सम्भव छ । अनुवादद्वारा नै हामी नेपाली भाषासाहित्यलाई विश्व रङ्गमञ्चमा प्रतिष्ठित गर्न

सक्छौं ।'

यस्तै सौभाग्यवश अनेकौं साहित्यिक कार्यक्रमहरूमा राष्ट्र कविसँग एउटै मञ्चमा बस्ने मौका पाएकी छु र उहाँबाट प्राप्त प्रेरणाप्रद साहित्यिक सन्देशहरूले मलाई सञ्जीवनीबुटीको सदृश ऊर्जा प्रदान गर्दै आएको छ ।

मलाई सम्झना छ- १५ भदौ, २०७३ मा राष्ट्रकवि माधवप्रसाद घिमिरेले ज्योति पौडेलको खण्डकाव्य 'अस्मिताको लुट' आफ्नै निवासमा विमोचन गर्नुभएको थियो । कार्यक्रम मेरो सभापतित्वमा सम्पन्न भएको थियो । विमोचनपछि घिमिरेले भन्नुभएको थियो- 'यस खण्डकाव्यमा समाजका यथार्थपरक घटना लाई जस्ताको तस्तै उतार्ने प्रयास गरिएको छ । समाजलाई प्रेरणा र मार्गदर्शन दिने यस्ता कृतिहरूको आज अत्यन्त आवश्यकता छ ।' औपचारिक कार्यक्रम सकिएपछि पनि हामीबीच कुराकानी जारी नै रह्यो । मैले उहाँसमक्ष आफ्नो जिज्ञासा राखें- 'राष्ट्रकविज्यू, आफ्नो सिर्जनशीलताप्रति हजूर कतिको सन्तुष्ट हुनुहुन्छ ?' उहाँले भन्नुभयो 'वर्तमान विशृङ्खल मानवजीवनलाई दिशा- निर्देशन दिएर लोकमङ्गलको प्रतिष्ठा गर्नुका साथै भावी मानवजीवनलाई समेत मङ्गलमय बनाउने दिशामा सतत प्रयत्नशील हुनु कविको कर्तव्य हो र मलाई लाग्दछ कि मैले आफ्नो सिर्जनशीलताद्वारा नेपाली भाषा र साहित्यको सेवा गर्दै समाजमा राष्ट्रिय प्रेमलाई झङ्कृत गरेको छु, युगबोधलाई उद्‌बोधित गरेको छु, मानवताविरोधी कार्यहरूप्रति विद्रोह प्रकट गर्दै अनेकानेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समस्याहरूको निराकरणका लागि बाटो देखाएको छु । आफ्नो कविकर्मप्रति समर्पित भएर जीवनभरि साधना गरें र आफ्नो कर्त्तव्य पूर्ण गर्नमा केही हदसम्म अवश्य सफल भएँजस्तो मलाई लाग्दछ ।'

यसै सन्दर्भमा लगभग बीस वर्ष पुरानो एउटा प्रसङ्ग मलाई याद आयो- 'कान्तिपुर' पत्रिकामा 'युद्धको विभीषिका र सन्त्रासबाट मुक्ति दिलाउने प्रयासमा अश्वत्थामा र अन्धा युग' शीर्षकमा मेरो

लेख प्रकाशित भएको थियो । त्यो लेख पढेर हर्षले विभोर कविवर घिमिरेले मलाई बिहानै ७ बजे फोन गर्नुभयो । उहाँले भन्नुभयो- 'युद्ध पिपासाले ग्रस्त मानवलाई मानव-संहारको विनाश लीलाबाट बचाउनका लागि, विश्वलाई आणविक हतियारबाट सचेत रहन मैले 'अश्वत्थामा' को माध्यमबाट आह्वान गरेको छु ।'

'उषाजी, तपाईँले विश्वशान्तिका सन्देशवाहक 'अश्वत्थामा' को उचित मूल्याङ्कन गरिदिनुभएको छ । तपाईलाईँ हृदयदेखि धेरै धन्यवाद छ ।' मेरो यसै रचनाको हिन्दी अनुवाद प्रसिद्ध हिन्दी साहित्यिक पत्रिका 'गगनाञ्चल' मा (अक्टुबर दिसेम्बर सन् २००४)मा प्रकाशित भयो । मैले यो पत्रिका उहाँलाई उपहार दिँदा झन् प्रसन्न हुनुभयो । उहाँले भन्नुभयो- 'मेरो कवितालाई हिन्दी साहित्यजगत्मा पनि चिनाउने प्रयास गरिदिनुभयो । यहाँलाई हार्दिक धन्यवाद ।' यस घटनापछि उहाँसँग अत्यधिक नजिक हुने अवसर पाएँ । साहित्य साधनामा अनवरत लागिरहने उहाँको बहुमूल्य योगदानप्रति मेरो श्रद्धा पनि बढ्दै गयो । उहाँसँग व्यतीत गरेका सुखद क्षणहरु र प्रेरणादायी संस्मरणहरूको ठूलो शृङ्खला छ मेरो मनमस्तिष्कमा, जसले मलाई प्रेरणा र प्रोत्साहन प्रदान गरिरहेको हुन्छ ।

राष्ट्रकवि माधव घिमिरेजस्ता व्यक्तित्व जसले आफ्नो लेखनीबाट समाज, राष्ट्र र विश्वलाई बहुमूल्य योगदान प्रदान गरिरहनुभएको छ, त्यस्ता व्यक्तिलाई नइले राष्ट्रकविको परिकल्पना गरेर राज्यबाटै घोषणा गराउन जुन पहल गऱ्यो, त्यो व्यहोरा नै स्तुत्य छ । योग्य व्यक्तित्वको कदर र सम्मान गर्न नइबाट धेरै सिक्नुपर्दछ । सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुष घोषित गराउन पनि नइकै योगदान रह्यो । साथै डा. वानीरा गिरीलाई पनि नइले नै विश्व नारी नेपाली साहित्य रत्न बनायो । साहित्यका यी तीन महारथीलाई नइकै पहलमा जनही पाँच लाख रुपियाँको पुरस्कारसमेत प्रदान गरिएको थियो । ■

वि. सं. २०७६

Dauphine University, PARIS मा महाकवि देवकोटाको सम्झना

Dauphine University, Depart Asie Du Sud INALCO, PARIS मा म्याडम Prof. Nicole Balbir सँगसन् १९८८ मा भेट्ने मौका पाएं । उहाँका विद्वतापूर्ण व्यक्तित्वबाट म धेरै प्रभावित भएँ । पछि Dauphine University मा आफ्नो प्राध्यापन कालमा उहाँलाई नजिकबाट चिन्ने अवसर पाएँ, निकटता बढ्दै गयो, आत्मीयतामा वृद्धि हुँदै गयो । पछि उहाँले मलाई धेरै स्नेह गर्न थाल्नु भयो र म उहाँबाट प्रेरित हुँदै आफ्नो प्राध्यापनप्रति इमानदारीपूर्वक समर्पित हुँदै वैदेशिक वातावरणमा रमाउन थालैं । हेर्दाहेर्दै चार साल बित्यो । पछि म स्वदेश फर्केपछि पनि यो आत्मीयता कायम नै रह्यो । फोनमा हाम्रो कुरा भइरहन्थ्यो । उहाँले जहिले पनि भन्नुभयो- "तपाई छिट्टै पेरिस आउनुहोस् ।"

कुरा नोभेम्बर १९८९ को हो । उहाँले एउटा सेमिनारमा 'नेपालको महाकवि देवकोटा' शीर्षकमा एउटा कार्यपत्र प्रस्तुत गर्ने अवसर प्रदान गर्नुभयो । यसभन्दा पूर्व पनि एउटा साहित्यिक कार्यक्रममा हिन्दीका युगकवि सुमित्रानन्दन पन्तबारेमा उहाँको अनुरोधमा मैले कार्यपत्र प्रस्तुत गरेकी थिएँ ।

१५ नोभेम्बर १९८९, पूर्व निर्धारित कार्यक्रमअनुसार ठीक १२ बजे अपराह्न कार्यक्रम प्रारम्भ भयो । कार्यपत्र समापनपछि म्याडम Annie Montaut ले मेरो कार्यपत्र बारेमा टिप्पणी प्रस्तुत गर्नुभयो । मेरो आश्चर्यको सीमा भएन, उहाँले अत्यन्त सकारात्मक र प्रोत्साहनपूर्ण टिप्पणी गर्नुभएको थियो । त्यससपछि छलफल र प्रश्नोत्तर कार्यक्रम सुरु भयो ।

म्याडम सरस्वती जोशीको जिज्ञासा थियो- "देवकोटालाई महाकवि किन भनिन्छ ?"

प्रतिउत्तरको क्रममा मैले भनैं "नेपाली भाषा र साहित्यलाई समृद्धि प्रदान गरेर विश्वमै सफलताको उच्च शिखरसम्म पुऱ्याउने महाकवि लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका अमर विभूति हुन् ।" आफ्नो प्रखर र बहुमुखी साहित्यिक व्यक्तित्वका धनी देवकोटा नेपाली साहित्यका मूर्धन्य साहित्यकारका रूपमा मात्र होइन, अन्तराष्ट्रिय साहित्यिक क्षेत्रमा पनि सशक्त र महान् प्रतिभाको रूपमा प्रतिष्ठित हुनुभएको छ ।

हिन्दी पत्रिका १९५३ मईमा 'नेपाली महाकवि देवकोटा' शीर्षक लेखमा हिन्दी साहित्यका प्रसिद्ध विद्वान् राहुल सांकृत्यायनले प्रस्ट नै भनेका छन्, "देवकोटा नेपालीका पन्त, प्रसाद, निराला तीनै हुन्, यसमा अतिशयोक्ति छैन ।"

वास्तवमा देवकोटा मानवताका अनन्य पुजारी हुनुहुन्थ्यो । बहुमुखी प्रतिभाका धनी देवकोटाले मूलरूपमा कवि भए पनि साहित्यका विविध विधामा कलम चलाउनुभयो । उहाँले अस्सीभन्दा बढी पुस्तकहरू लेख्नुभयो । अन्याय, अत्याचार, शोषण र उत्पीडन विरुद्ध उहाँले ज्वाला ओकल्दै युगीन समस्याहरूलाई सशक्तरूपमा चित्रित गर्दै समस्या समाधानका लागि दिशा- निर्देशन पनि दिनुभएको छ ।

भाव, भाषा, शैली हरेक क्षेत्रमा देवकोटाको महत्व अक्षुण्ण छ । काव्यकलाको दृष्टिले पनि अभिव्यञ्जना प्रणालीमा नवीनता, मौलिकता, हृदयग्राहिता र सक्षमता त छँदै छ, भू-मानव कल्याणका लागि पनि उहाँले प्रदान गरेको सन्देश प्रेरणादायी छ । अर्का सहभागी श्री व्रजराज जोशीले प्रश्न गर्नुभयो "देवकोटाको दृष्टिमा साहित्यको उद्देश्य के थियो ?"

प्रश्नले मलाई आह्लादित गऱ्यो । देशबाहिर फ्रान्सका प्रबुद्ध साहित्यिक भेलामा मैले आफ्नो देशका महाकविबारेमा प्रचार गर्ने ठूलो मौका पाएको थिएँ । मेरो उत्तर यसप्रकार थियो- "वस्तुतः साहित्य जीवनको सुन्दर अभिव्यक्ति हो, साहित्य मानवीय मूल्यको उद्‌बोधक शक्ति हो, जसले हाम्रो जीवनमा प्रेरणा, उल्लास र प्रकाश

दिन्छ । त्यसैले देवकोटा "साहित्य जीवनका लागि नै हुनुपर्छ" भन्ने कुरामा पूर्ण विश्वस्त हुँदै उहाँले आफ्नो कृतिहरु लेख्नु भएको छ । त्यसैले उहाँको लेखनमा देशप्रेम, युगबोध, मूल केन्द्रबिन्दु रह्यो । महाकविको जीवन दर्शनअनुसार साहित्यमा शिवत्व अथवा समाजको कल्याणप्रद भावना अवश्य हुनुपर्छ ।"

मैडम Annie Montaut ले पुनः प्रश्न गर्नुभयो- "अनुवाद साहित्यमा देवकोटाको योगदान कस्तो थियो ?"

मैले सगर्व भनें कि महाकवि देवकोटा १३ भाषाका ज्ञाता हुनुहुन्थ्यो । नेपाली साहित्यको समृद्धिमा उहाँले अतुलनीय योगदान गर्नुभएको छ । अङ्ग्रेजी साहित्यको प्रखर ज्ञाता, विद्वान् देवकोटाले अङ्ग्रेजी भाषाका प्रसिद्ध १३ जना लेखकका १३ वटा लेखको अनुवाद नेपालीमा गर्नुभएको छ । साथै आफ्ना समकालीन कवि हरुका लगभग ५० वटा कविता उहाँले अङ्ग्रेजीमा अनुवाद गर्नुभएको छ । यहाँले 'म्याकबेथ' को पनि नेपाली अनुवाद गर्नुभएको छ ।

यस्तै त्यस सभामा उपस्थित अर्का विद्वान् सहभागीको प्रश्न थियो- "देवकोटालाई युग-युगका कवि किन भनिन्छ ?"

म आह्लादित भएँ । नेपाली साहित्यका मुकुटमणि देवकोटाका बारेमा केही बोल्न पाउँदा । हर्षोल्लासमा बग्दै म भन्न थालेँ- देवकोटा जीवनपर्यन्त मानव कल्याणका लागि समर्पित रहनुभयो । आफ्नो युगका स्पन्दन राम्ररी बुझ्ने र आफ्नो युग-धर्मप्रति, कवि-मर्मप्रति सदैव सचेत रहने युगकवि देवकोटाले आफ्नो काव्य जीवनका प्रारम्भ कालदेखिकै आफ्ना कृतिहरुद्वारा हामीलाई मानव सेवा र मानव कल्याणका लागि उत्प्रेरित गर्नुभएको छ ।"

वि.सं. २०१४ सालमा रूसको तासकन्दमा भएको अफ्रो एसियाली लेखक सम्मेलनमा पनि उहाँले सन्देश दिनुभएको थियो- "अब जनताको ध्यान बढी उच्चस्तरीय मूल्यतर्फ र व्यापक क्षितिज तर्फ आकर्षित गर्नका निम्ति लेखकले बढी फलदायी ढङ्गबाट काम गर्नुपरेको छ । उसले जनतामा भिज्नुपर्छ, जनताबाट सिक्नुपर्छ ।

समस्त मानवजातिको जीवनबोधका लागि र सबै वर्तमान समस्या तथा घटनाको अनुबोधका लागि आत्मा खोतल्नुपर्छ ।"

आफ्नो मूल्य-मान्यता र जीवनदर्शनअनुरूप महाकवि देवकोटाले जीवनपर्यन्त रोग, भोक र शोकसँग सङ्घर्षमय जीवन बिताउँदा पनि आफ्नो युगदायित्व र कविकर्मलाई पूर्ण इमानदारीका साथ निभाउनुभयो । उहाँ शान्तिका योद्धा हुनुहुन्थ्यो, स्वतन्त्रता, एकता, समानता र विश्वबन्धुत्वका पुजारी हुनुहुन्थ्यो । मानवकल्याणका लागि उहाँबाट दर्शाइएका मार्गले हामीलाई युगयुगसम्म दिशा- निर्देशन दिइरहने छ भन्ने कुरामा हामी नेपाली विश्वस्त छौँ ।

करतल ध्वनिका साथ महाकवि देवकोटाप्रति विशेष श्रद्धा र सम्मानका साथ छलफल कार्यक्रम समाप्त भयो ।

"नेपालका महाकवि देवकोटालाई विश्वकविसँग दाँज्न सकिन्छ", "उहाँ नोबल पुरस्कार विजेता हुनुपर्ने", "उहाँ साँच्चिकै युगकवि हुनुहुन्छ", "महाकवि वास्तवमा महान् थिए, दूरदर्शी थिए", आदि अनेक कुराहरू देवकोटाका प्रसङ्गमा मञ्चमा बसेका प्रमुख अतिथि, विशिष्ट अतिथिहरूको मन्तव्यबाट तथा सभाकक्षका विद्वत्वर्गबाट अभिव्यक्त भइरहेका थिए । देवकोटाका विलक्षण प्रतिभा तथा उनका विशिष्ट साहित्यिक योगदानबारेमा जानकारी पाएर उपस्थित विद्वत्वर्ग आश्चर्यचकित थिए । नेपालमा पनि यस्ता महान् कवि ? सबैको अनुहारमा विस्मयपूर्ण जिज्ञासा थियो र म पनि आफ्नो महाकविको गौरवगाथा विश्वसमक्ष पुऱ्याउँदा गर्वको अनुभव गरिरहेकी थिएँ । मभित्र एउटा अद्भुत सन्तोषको अनुभूति भइरहेको थियो । मेरा लागि एउटा गौरवमय क्षण । एउटा अत्यन्त ओजस्वी, ऊर्जादायी, प्रेरणादायी महान् व्यक्तित्वप्रति नमन गर्दै म अभिभूत भएँ । त्यसबेला मैले केही विशेष पाएको आह्लाददायी क्षण आज पनि मेरा मानसपटलमा जीवन्त छन् । त्यो अनुभूति आज पनि मेरा लागि प्रेरणादायी छ । ■

कवि म.वी.वि शाहका
कवितामा राष्ट्रियता

'आजको नेपालको नवयुगमा परिस्थिति सुहाउँदो प्रगति र विकासतर्फ मोडिएको साहित्य-कलाको निमार्ण गर्नु लेखक, कलाकारको कर्त्तव्य हुन आएको छ ।' -श्री ५ महेन्द्र

'रगत सबैको रातो भए
कुन धनी कुन गरिव'

-कवि म.वी.वि. शाह

मानव समानताका उद्घोषक दूरदर्शी राजा-कवि श्री म.वी.वि. शाहका कविताहरूले नेपाली वाङ्मयलाई शिवत्व प्रदान गरेको छ । नेपाली जन-जीवनलाई अत्यन्त नजीकबाट हेरेर नेपाली जनताका हृदय भित्र ओर्लिसकेको कवि राजा म.वी.वि. शाह एउटा असल कविको रूपमा अमर रहनु हुनेछ ।

कवि-दायित्वप्रति पूर्णयता सजग, जागरूक शाहक कवि हृदयले एक तर्फ जहाँ निम्न प्रकारका उद्गार अभिव्यक्त गरेको छ-

'भाषा-भाषी अनेक हामी
जातभात जे भन्छ छदैंछ
छौं, तर नेपाली सब
चन्द्र-सूर्य ध्वजा कै भीतर ।'

त्यही अर्कोतर्फ जनताका हितका लागि पूर्ण समर्पित राजाका रूपमा उहाँको शाही उद्घोष यसप्रकार छ -'सबै नपाली मेरा लागि बराबर छन् र सबै नेपालीको कल्याणमा नै मात्र म आफ्नो कल्याण सम्झन्छु ।'

कर्मठ कविले सदैव आफ्नो दूरदर्शी दृष्टिले हेरेको छ कि कुनै पनि देशको उन्नति सामूहिक सहयोगविना हुन सक्दैन । नेपालको

माटोमा व्याप्त भएर, देशको कण-कणमा समाविष्ट भएर देशका समस्याहरूप्रति परिचित कविले 'कर्म नै जीवन हो' सिद्धान्तमा आस्था राख्दै भन्नुहुन्छ कि हामी राजा-प्रजा सबै मिलेर आफ्नो देश नेपाललाई समृद्ध बनाउनका लागि, देशको उन्नति र विकासका लागि सम्पूर्ण नेपाली एकजुट भएर मेहनत र परिश्रमले भोलिका गौरवमय नेपाल बनाऊँ । कविका आह्वान यस प्रकार छ-

'आऊ बनाऔँ साथ मिलेर
भोलिको यो हाम्रो नेपाल
चल्दैन जहाज कदापि नालमा
पारौँ सागर तुल्य नेपाल ।'

दूरदर्शी कविले स्वार्थी, वैभव र एश्वर्यका भूटा सपना देखाउने केही राजनीतिज्ञहरूका पर्दाफास गर्दै अबोध जनतालाई 'नजाऊ छोडी यो देश' शीर्षक कवितामा सही दिशाको निर्देशन गर्नुहुन्छ र नेपालका अबोध, अशिक्षित नेपाली जनतालाई यस्तो स्वार्थी व्यक्तिबाट सचेत र सावधान हुनका लागि प्रबोध दिंदै उहाँ भन्नुहुन्छ-

'न पार देश यो खोक्रो
ऐश्वर्य ओसारेर
न सुम्प यो देश अर्कालाई
आफ्नो स्वार्थ पुऱ्याएर ।'

मेहनत गरेर, पसिना बगाएर आफ्नो माटोलाई नै सुनको खानी बनाउन सकिन्छ, आफ्नो देशलाई नै स्वर्ग सदृश वैभवशाली बनाउन सकिन्छ । जनतालाई परिश्रम गरेर आफ्नो देशलाई सुखी र समृद्ध बनाउनका लागि सन्देश दिंदै कवि म. वी. वि. शाह भन्नुहुन्छ-

'देशको माटो देशको ढुङ्गा नेपाली माटोमा
मेहनत गरे सुनको खानी मिल्ने छ देशमा ।'

सम्पूर्ण नेपालीलाई उद्‌बोधित गर्दै कवि अत्यन्त प्रेरणापूर्व शब्दमा भन्नुहुन्छ-

'स्वदेशी वन, स्वदेश भन सम्हाल नेपाल ।'

कविको राष्ट्रिय भावनामा अत्यन्त उदारता छ, व्यापकता छ, गहिराइ छ । कविका अनुसार पहाड मात्र नेपाल होइन, तराई पनि नेपालका अभिन्न अङ्ग हो । देशको सम्पूर्णता र अभिन्नतालाई हामीले व्यापक दृष्टिकोण लिएर विचार गर्नुपर्छ । हामीमा सङ्कीर्णता हुन हुँदैन । व्यापक ढङ्गले सोच्नुपर्ने आवश्यकतामा बल दिदै युगकवि शाह यसरी भन्नु हुन्छ –

'छन् जहाँ विशाल मैदान
धान झुलिरहेको समथर
त्यो पनि हो नेपाल हाम्रै
दक्षिणको सुनौलो किनार ।'

स्मरणीय छ कि नेपाली साहित्याकाशमा म. वी. वि. शाह एक उच्चकोटिका राष्ट्रकविको रूपमा चिनिएका महत्वपूर्ण नाम हो । कवि म. वी. वि शाहको प्रकाशित कृतिहरू निम्न लिखित छन् –

(क) उसैको लागि (वि.स. २०१५)
(ख) फेरि उसैको लागि (वि.स. २०२१)
(ग) अझ उसैको लागि (वि.स. २०४५)

कवि शाहका कवितायात्राका प्रारम्भ २००७ साल पछि भएको देखिन्छ । कविवर शाहका कविताहरूमा विविध प्रचुरता एवं शैलीको अनेकरूपताका दिग्दर्शन पाइन्छ । उहाँका कविताहरूमा प्रेम, विरह र वेदनाजस्ता शाश्वत मानवीय गुणहरूका मार्मिक प्रस्तुति भएका छन्, आसुँ र हाँसोको सङ्घर्षमय जीवन चित्रित भएको छ, ईश्वरभक्ति तथा प्रकृतिको अनुराग प्रगट भएको देखिन्छ ।

त्यस्तै सामाजिक विषमता, सामाजिक समस्याहरूलाई आत्मसात् गरी आफ्नो राष्ट्रवादी चेतनालाई उहाँले अत्यन्त सफलतापूर्वक, कलात्मकरूपमा वाणी दिनु भएको छ । नेपाल र नेपालीप्रतिको गहिरो प्रेमले कवि शाहको अन्तरात्माले राजा शाहलाई आफ्नो देशका लागि इमानदारीपूर्वक सेवा गरिरहने दृढता प्रदान गरेको छ । कवि शाह भन्नुहुन्छ–

"देशको लागि इमानदारी पुर्वक
मरिमेट्ने निःस्वार्थ साथीलाई
मिल्दो मौका पाए
आज जीवन दान दिए हुन्थ्यो ।"

किनकि कविको जीवनको मूल लक्ष्य नै "म मरे पनि मेरो देश बाँचिरहोस्" भन्ने नै रहेको छ । कवि देशका गौरवमय अतीतका स्मरण गराउँदै देशवासीप्रति आह्वान गर्छन् कि देशवासीले नेपालको उच्च गौरवलाई झन्-झन् उच्च बनाई राख्नुपर्छ-

"जुन राष्ट्रको पृष्ठभूमि छ
विश्वभरीको उच्च नेपाल
त्यस राष्ट्रको गौरव राखौं
हाम्रै हो यो देश नेपाल ।"

कविलाई देशमा व्याप्त विषमता, समाजका अन्याय, अत्याचार र दुर्दशाा देखेर हृदय विदीर्ण हुन्छ र उहाँ उद्‌बोधनात्मक क्रान्तिकारी स्वर मुखरित गर्दै भन्नुहुन्छ -

"गर्छिन् पुकार आमा रोई कराई जोडले
कोही धनी असाह्रै कोही गरिब माग्ने
नाङ्गो छ अङ्ग कहीँ, कहीँ पोसाक मलमल
शक्तिन सहन भन्छिन् सन्तान थरीथरीका ।"

देशबाट विषमता र अन्यायलाई समाप्त पार्ने कविले उद्‌बोधनात्मक क्रान्तिकारी विचार लिई देशवासीलाई यसरी सन्देश दिनु हुन्छ-

"हे वीर हिडँ अगि सरी, नहटाई पाउ रतिभरी
यो मातृभूमि नेपालको भई वीर पराक्रमी सन्तति
नडराई सम्झी लम्कँदै हिडँ ढाल भै यो देशको
तर्सिन्नौं कदापि कसैको घुर्की, धम्की वा धपाईले ।"

यति मात्र होइन एउटा राजा भएर पनि नागरिक हकप्राप्तिको लागि देशवासीलाई उद्‌बोधित गर्दै उहाँ भन्नुहुन्छ-

"तिम्रै हो लेऊ नागरिक हक काँधमा काँधै गरी
सत्यता तिम्रो छ हतियार डर नलेऊ क्यै कति ।"

गीता को "कर्मव्येवाधिकारस्ते मा फलेषु कदाचनम्" मा अगाध विश्वास राख्दै कवि कर्मविहीन जीवनलाई धिक्कार्नु हुन्छ । कर्मको महत्व प्रतिष्ठापित गर्दै उहाँ भन्नुहुन्छ-

"नबाँच व्यर्थ भार आमाले सरापेर"
खियाऊँ हातका नङ्ग्रा बेलामै इमानले
जिउँदैमा जति सक्छौ बाँच जिउँदो नामले"

जबसम्म नेपाली जनतामा मेहनत गरेर बाँच्ने प्रवृत्ति आउँदैन तबसम्म नेपालीको उन्नति हुन सक्दैन-

"जबसम्म यी दुई हात छन किन अर्कोको भर पर्दछौ
मेहनत गरी हिम्मत राखी श्रृंगारी आमा छाडदछौं ।"

नेपालीले परिश्रमको भरमा आत्माभिमानी भएर बाँच्नु सिक्नुपर्दछ । त्यसैमा नेपाल आमाको मान छ, नेपाली जनताको सम्मान छ । युगकविले जनताका स्वाभिमानलाई जाग्रत गर्दै यसरी भन्नुभएको छ-

"चाहन्नौं अरु अर्काको, धन माल, ढाँचा चिन्दछौं ।
बिर्सन्नौं कदापि आमाको दूधको भार तिर्दछौं ।"

कर्मठ कविले सदैव आफ्नो दूरदर्शी दृष्टिले आफ्नो भव्य र निर्मल राष्ट्रवादी भावनालाई अविरल रुपमा प्रभावित गरी देशवासी लाई प्रोत्साहित गरी रहनु हुन्छ । कति प्रेरणा र उद्‌बोधन छ यी शब्द हरुमा-

"मऱ्यो ज्यूँदै त्यो, जसले बिर्स्यो देशको माटो
बाँच्यो सधैं त्यो, जसले सम्झ्यो देशको माटो ।"

यस प्रकार सहज, सरल भाषामा काव्यात्मक ढङ्गले सत्यम्, शिवम् सुन्दरम्का भावना अभिव्यक्त गर्दै कविले राष्ट्रियताका भावनालाई व्यापक आह्वान दिंदै, नेपाली जन जीवनलाई जुन असीम प्रेरणा र प्रोत्साहन तथा अमर सन्देश दिएका छन्, त्यसले युगयुग सम्म हामी नेपाली जनतालाई उद्‌बोधित गरिरहने छ, पथ-प्रदर्शन गरिरहनेछ । ■

समयको आरोहण
एक दृष्टि

नेपाली कविताको फाँटमा उदीयमान नेपाली नारीप्रतिभा अनिता खड्काको 'समयको आरोहण' कवितासङ्ग्रह पढ्ने मौका मैले पाएँ । प्रस्तुत कवितासङ्ग्रह उनको चौथो कविता कृति हो । वि.स. २०५९ मा नै उनका तीन कविताकृतिहरू क्रमशः 'मेरो रोइरहेको सगरमाथा', 'अस्मिताका स्वर', 'स्वरका आयाम' प्रकाशित भइसकेका छन् । अत्यन्त अल्प समयमा नै चार-चारओटा कवितासङ्ग्रह लेखेर कवयित्री अनिता खड्का कवितासाधनाको क्षेत्रमा एउटा अनुकरणीय उदाहरण बन्न पुगेकी छिन् । यसरी समसामायिक नेपाली कविताको फाँटमा एक प्रखर नारीप्रतिभाको सिर्जनशीलतामा निरन्तरताका साथ देखापर्नु खुसीको कुरो हो । निश्चय नै यो निरन्तरता र गतिशीलता कवयित्रीको सिर्जनशीलताप्रति अगाध लगन, परिश्रम र निष्ठाको प्रतिफल हो । एउटी नारीप्रतिभाले दिएको योगदानलाई नेपाली कविताको क्षेत्रमा एउटा उपलब्धि मान्न सकिन्छ ।

यस सङ्ग्रहमा कवयित्रीले मनमा उब्जिएका भावनाहरूलाई अभिव्यक्ति दिने क्रममा जीवनका उतारचढावलाई र यथार्थ भोगाइ लाई अभिव्यक्ति दिएकी छिन् । यी अभिव्यक्तिहरू व्यक्तिगत भए पनि समष्टिगत हुन पुगेका छन् र प्रत्येक नेपालीका हृदयका ढुकढुकी बनेर, प्रत्येक मानवका वाणी बनेर प्रभावपूर्ण ढङ्गले प्रस्तुत भएका छन् । परिवार र समाजमा भोगेका तीता-मीठा अनुभवहरू नै यस कवितासङ्ग्रहको निर्माणका आधारशिला हुन्, तर यी पङ्क्तिहरूमा जुन दुःख, पीडा, कामना, आक्रोश, माया, संवेदना, विस्मात, सन्तोष र आह्लादका भावना संप्रेषित भएका छन्, ती भावनाहरू 'म' का सीमित सीमा नाघेर 'हामी' मा व्याप्त भएर जीवनवादी र आस्थावादी उद्बाधेनात्मक सन्देश प्रदान गरिरहेका छन् ।

आजको सन्त्रासपूर्ण जीवनमा सर्वत्र भय, त्रास र शोक व्याप्त छ । यस्तो विषम परिस्थितिमा आफ्नो हृदयस्पर्शी, संवेदनशील कविताहरूद्वरा कवयित्रीले मानव-आत्मालाई झङ्कृत गर्दै मानवीय संवेदना र आदर्शलाई जाग्रत गरेकी छिन् । आफ्नो कर्त्तव्य बोधप्रति सजग र सचेत कवयित्रीले मानवमनका दया, क्षमा, प्रेम, करुणा, सहानुभूतिजस्ता मानवीय गुणहरूलाई जगाउँदै समाजमा परस्पर एकता, समानता, मित्रताजस्ता भावनाहरूलाई प्रश्रय दिंदै विश्वबन्धुत्वको भावनालाई सुदृढ गर्ने प्रयास गरेकी छिन् ।

नारी आफ्नो विविध स्वरूपमा आमा, बहिनी, छोरी, पत्नी हुनुको साथ जगत्जननी र समाजलाई दिशा प्रदान गर्ने दिव्य ज्योतिपुञ्ज पनि हुन् । नारी यस दिव्य, विराट् र आदर्श स्वरूपलाई हृदयङ्गम गर्दै कवयित्रीले नारीहृदयको विशालता, व्यापकता र आदर्शमयतालाई प्रस्तुत गर्दै समाजलाई दिशा-निर्देशन पनि प्रदान गरेकी छिन् । अतीतका गौरवगान गर्दै वर्तमानका बीभत्स नग्न यथार्थका चित्रण गर्दै भविष्य समेतका लागि आलोकमय पथ देखाएर उनले आफ्नो कवयित्री कर्मप्रति जिम्मेवारीको भूमिका निर्वाह गरेकी छिन् देश-सेवा र समाज-कल्याणका साथै मानव कल्याण नै उनका कविताहरूका मूल लक्ष्य देखापर्छ ।

यस सङ्ग्रहका कविताहरूको अध्ययन गर्दा नारी अन्तर्मनका विषाद-अवसाद, हर्ष र उल्लासका भावाकुलता सहज र सरल भाषामा अभिव्यक्त भएको मैले पाएँ । यी कविताहरूमा माया र पिरतीका भावनात्मक अभिव्यक्ति मर्मस्पर्शी छन् । साथै जिन्दगीका समस्याहरु पनि सशक्त स्वरमा सम्प्रेषित भएका छन् । एकातिर प्रणयभावका संवेदनशील कविताहरु छन्, प्रेम र विरहका भावनात्मक उद्गार छन्, माया र पिरतीका मर्मस्पर्शी गीतहरु छन्, जीवन भोगाइका यथार्थ चित्रण छन् भने अर्कातिर सबल सामाजिक चेत र राष्ट्र ब्यूँझाउने सशक्त उद्‌बोधनात्मक स्वर पनि छन् । यस सङ्ग्रहका अधिकांश कविताहरूमा समाज र देशमा नग्न यथार्थ र युगीन पीडाहरूले गहिरो अभिव्यक्ति पाएका छन् ।

राजनैतिक अस्थिरता, गरिबी, भोक, रोग र शोकले पीडित जनताको आहत मनलाई कविताको माध्यमबाट कवयित्रीले राम्ररी स्पर्श गर्ने प्रयास गरेकी छिन् । उनका कविताहरूमा सामाजिक विसङ्गतिजन्य जीवनमूल्यमा आएको ह्रासप्रति चिन्ता, युद्धको विध्वंसप्रति त्रास र घृणा एवं मान्छेको अस्तित्वमा देखिएको सङ्कटप्रति सचेतना अभिव्यक्त भएका छन् । वर्तमान जीवनको छटपटी र पीडालाई उनले प्रौढरूपमा आफ्नो स्वर दिएकी छिन् । उनका कविताहरूमा राष्ट्रप्रेम जस्ता पक्ष अत्यन्त सबलरूपमा देखापर्छ। युगबोध र सामाजिक चेतनाका दृष्टिले उनका कविताहरु समृद्ध छन् । राजनीतिक-सामाजिक विसगतिहरूमा वर्णन र समस्या समाधानका लागि सजगता र सचेष्टताप्रति सङ्ग्रहका कविताहरु केन्द्रित छन् ।

मुलुकमा जारी हत्या, हिंसा र निर्दोष जनतामाथि भइरहेका अत्याचार, यातना, प्रतारणाहरूलाई कवयित्रीले अत्यन्त नजिकबाट हेरेर, हृदयका गहिराइसम्म अनुभूत गरेर बडो मार्मिक अभिव्यक्ति दिएकी छिन् । कति वेदना छ यी शब्दहरूमा-

'ती कलिला विधवाहरु झुक्किएर 'बालाई डाक' भन्छन्
ती टुहुराहरु बाबुको बाटो हेरी अझै सङ्घारैमा छन्
वृद्ध आमा-बाबु सम्झीसम्झी अझै डाँको छाड्छन् ।
सबैको भविष्य नै यहाँ उजाडिएका छन् ।'

अतः मर्ने-मार्ने खेल अब बन्द गर्नका लागि कवयित्रीको आग्रह छ-

'नखेल नखेलाऊ अब त त्यस्तो मर्नेमार्ने खेल
एकमुठी श्वास मात्र छ बाँकी अब केका लागि झेल ।'

वर्तमान जीवनको व्यग्रता, छटपटी, वेदना र पीडाको सशक्त स्वर यी कवितामा पाइन्छ-

'सबैको आफ्नो कलेजो टोकी
राँको दन्किँदै छ छातीभित्र जतातते ।'

आज देशमा व्याप्त विकृत्ति-विसङ्गति, चारैतिर बढेको हिंसा, आतङ्क र असुरक्षाले मान्छेलाई हदसम्म त्रस्त बनाएको छ । जतातत मानवीय भावना अवमूल्यन भइरहेको छ । इमानदारी, विश्वास र नैतिकता हराउँदै गइरहेकोप्रति कवयित्री चिन्तित छिन् । देश विकासका लागि उत्तरदायी राजनैतिक नेताहरु स्वार्थी, लोभी भएर आफ्नो स्वार्थ-साधनामा लीन छन् । उद्वेलित र दुःखी कवयित्रीको मन वेदनाले अभिभूत भएर भन्छ-

"नेताहरु आफू- आफूमै
द्वेष- क्लेषमै व्यस्त छन्
हामी निमुखाको भलो चिताउने
कतै कोही छैनन्
यो अव्यवस्थित सरकार
यो अव्यवस्थित देश
यो मनपरी देश
भद्रगोल स्थिति
डाँवाडोल परिस्थिति
कसले अब जिम्मा लिने
रूग्ण मेरी आमाको ?"

नेपालको दुर्दशाा र दयनीय स्थिति देखेर नेपाललाई अगाध माया गर्ने सगरमाथा पनि विक्षुब्ध र दुःखी छ । कति मर्मान्तक पीडा छ, सगरमाथाका यी शब्दहरुमा-

"म थाकेँ, कहिले रोएँ, कहिले चिच्याएँ, कहिले गर्जिएँ पनि
तिमीहरु कसैले सुनेनौ यो बिलौना मेरो विवशता
इतिहासको म सर्वसाक्षी भैदिंदा पनि बेहाल भएछु म
एक अर्कालाई मर्न र मार्नमै व्यस्त भैदियौ तिमीहरु ।"

कवयित्री आफ्नो देशका स्वर्णिम अतीतलाई स्मरण गर्छिन् । नेपाली जातिको महिमा र आदर्शको बखान गर्छिन्, त्रिभुवनले गरेको त्याग र पृथ्वीनारायण शाहले दुःख र तपस्याले आर्जेको नेपाललाई

स्मरण गराउँदै के बिन्ती गर्छिन् भने चारवर्ण छत्तीस जातको यो फूलबारी नेपाल देशलाई विकासको दिशामा अग्रसर गरौं । कवयित्री अत्यन्त व्याकुल भएर बिन्ती गर्छिन् –

"यो सुन्दर बगैंचालाई
नबिगारौं न देशका मालीहरु हो !"

कवयित्रीको हृदय द्रवित छ स्वदेशको ह्रासोन्मुख स्थिति देखेर, अक्रोशित छ समाजका विङ्गति विकृतिहरु देखेर–

"मानिस-मानिस मरेको लडेको
मात्र आज तमासा बनेछ ।
हान्ने, तान्ने, पछार्ने र फोर्ने
आज देशकै राष्ट्रिय खेल भएछ ।"

बाँच र बचाऔंका नारा दिंदै कवयित्री नेपाली आमालाई माया गर्ने सन्देश दिन्छिन् । कति विनम्र आग्रह छ कवयित्रीका यी शब्दहरुमा–

"ठानौं सबैले यस टुक्रालाई आफ्नै घर आँगन
न फारौं आमाको छाती सम्झी आफ्नै जननीलाई ।"

युवा देशका कर्णधार हुन्, देशका उज्ज्वल भविष्य हुन् । आफ्नो देशमा युवावर्गलाई निष्क्रिय र कुप्रवृत्तिमा डुबेको हेरेर कवयि(त्रीलाई दुःख लाग्नु स्वाभाविक नै हो । कवयित्री नेपाली समाजमा व्याप्त गरिबी, अभाव र पछौटेपनलाई देखेर द्रवित र दुःखी हुन्छिन् र युवावर्गलाई हौसला र उत्प्रेरणा प्रदान गर्दै आफूलाई सुधारेर देशसेवामा संलग्न हुनका लागि अनुरोध गर्दछिन्–

"नउडाऊ जीवन यसरी युवा हो
बुङ्ग बुङ्ग धूवाँमा सजिलैसँग ।"

देशको विकासका लागि अनेकता र असमानता हटाउन अत्यन्त आवश्यक भएकाले कवयित्री के सन्देश दिन्छिन् भने समाजमा हामी सबै बराबर छौं । कोही ठूलो र कोही सानोको भावनाले हाम्रो समाजलाई जर्जर बनाइरहेको छ । हामी सबै

आपसमा समान छौं । समाजमा चाहे सुचिकार होस् अथवा नोकर-चाकर हामी सबै एकै परिवार, हामी उनै परमपिताका सन्तान हौं । यस सङ्ग्रहका 'तिमी हामी' र 'हाम्रो प्रवृत्ति' जस्ता कविताहरूले हाम्रो समाजमा व्याप्त अनेकता र भेदभावका भावनालाई विध्वंस पार्दै एकता र समानताको भावनालाई राम्ररी प्रश्रय दिएको छ र कवयित्रीको सत्यान्वेषणको प्रवृत्तिलाई छर्लङ्ग पारेको छ ।

यसप्रकार यस सङ्ग्रहका कविताहरु अराजकता, अन्याय, अत्याचार, र शोषणहरूका विरोधमा गुञ्जिरहेका छन् । यी कविता हरूमा एकातर्फ युगीन विसङ्गति, विकृत्तिहरूप्रति आक्रोश छ भने अर्कातर्फ भविष्यप्रति सुनौलो आशाको पनि अभिव्यक्ति छ । कवयित्रीले प्रेरणा र हौसला प्रदान गर्दै उद्बोधनात्मक सन्देश दिंदै भनेकी छिन् -

'निराशाको बादललाई कतै रोकिदेऊ ।
रगतको होलीलाई बिन्ती बिसाइदेऊ ।
आशाको नवकिरणलाई मर्न नदेऊ ।
परेवालाई नीलो आकाशमा उड्न देऊ ।'

यी कविताहरूमा समसामयिकताको वर्णन छ, यथार्थताको चित्रण छ, दु:ख र पीडाको आर्तनाद छ, प्रणय र वेदनाको मीठो स्वर छ, प्रकृतिको सौन्दर्य र रम्यताको दिग्दर्शन छ । साथै दर्शन, चिन्तन र आदर्शको आग्रह पनि छ तर दर्शन चिन्तनमा दुरूहता छैन ।

कवयित्रीले प्रकृतिको, सृष्टिका शाश्वत सत्यहरूलाई अत्यन्त सहज, सरल शब्दहरूमा प्रस्तुत गरेकी छिन् । कवयित्रीको अनुसार कुनै पनि चीजको अतिशयता हानिकारक हुनसक्छ । कवयित्री भन्छिन् - हाम्रो जीवनका लागि यद्यपि हावा, पानी, आगो, मायाजस्ता तत्वहरु नितान्त आवश्यक छन् तर त्यसको अतिशयताले हामी विनाशको खाल्टोमा जाकिन सक्छौं । कवयित्री हामीलाई सचेत गर्दै भन्छिन् -

"नभै हुन्न पानी जीवनलाई
बाढी बनी आइदिंदा बगाउँछ यसैलाई
नभै हुन्न माया जीवनलाई
धान्न नसक्ने भैदिंदा कहर बन्छ सबैलाई ।"

यस्तै पति-पत्नीका शाश्वत सम्बन्धप्रति हाम्रो आस्था जगाउँदै कवयित्री भन्छिन्-

"म त तिमीले लिने श्वास-प्रश्वास हुँ
जीवनभर साथ तिमीलाई नछाड्ने ।
म त तिमीलाई गर्ने अजर माया हुँ
जुनीजुनी तिमीसित साथै बिताउने ।"

कवयित्रीका अनुसार पति-पत्नीको प्रेममा विराट्ता हुनुपर्छ, त्यो प्रेममा पवित्रता, शीतलता र स्निग्धता हुनुपर्छ- "जुनेली रातको जस्तो शीतलता बोकेको यो माया" यो पवित्र माया बोक्ने पति-पत्नी सुख र दुःखलाई सँगसँगै भेल्दै मिलीजुली जीवनका शाश्वत सत्य हुन् । यस सत्यलाई खुसीपूर्वक स्वीकार गर्दै जीवन यात्रामा अगाडि बढ्दै जानुपर्छ-

"दुवै मिली सबैले बिर्सेर कदम चालौं
जे पर्ला पर्ला, बिझेका काँडा सँगै झिकौं"

कवयित्रीका अनुसार जीवन एउटा खेल हो, जीवन एउटा सङ्घर्ष हो र यस संघर्षको सामना उत्साहपूर्वक हाँसेर गर्दै जानुपर्छ, हार मान्नु हुँदैन-

"जीवन हो खेल
हाँसेर यसलाई झेल ।"

यसप्रकार युगसापेक्षता र मानवतावादका सबल भावबोधको अभिव्यक्ति प्रदान गर्दै यी कविताहरूले हामीमा आस्था र विश्वास जगाउँदै हामीलाई सत्कर्म गर्ने प्रेरणा प्रदान गरिरहेका छन्, हामी लाई कर्मठ बन्ने सन्देश प्रदान गरिरहेका छन् ।

निष्कर्ष त ! सहज सरल भाषामा रचित यस संग्रहमा कविताहरु स्तरीय, बौद्धिक र उच्चाकोटिका छन् । कवयित्रीले यी कविताहरुको माध्यमबाट जुन शान्तिको सन्देश र मानवतावादी भावनालाई प्रश्रय दिएकी छिन्, त्यो अत्यन्त स्तुत्य रहेको छ । साथै भावको गम्भीरता, विषयको गहनता, प्रस्तुतिको तीव्रताले कविताहरु लाई उत्कृष्टता प्रदान गरेको छ । प्रस्तुत काव्य संङ्ग्रहको नामकरण 'समयको आरोहण' उपयुक्त र सार्थक देखिन्छ । तुलनात्मक दृष्टिले उहाँको कृतिहरुको अध्ययन गर्दा उहाँका कविताहरु विकासका दिशातिर अग्रसर हुँदै गइरहेको पाइन्छ ।

प्रतिभाशाली काव्य-साधिका अनिता खड्काको आगामी कवितायात्रा अझ परिमार्जित, कलात्मक र सशक्त हुँदै जाओस् भन्ने मेरो शुभकामना छ । ■

युगचेतनाकी कवयित्री चाँदनी शाह

समाज, राष्ट्र र विश्वको सेवा गर्ने दृढ भावना राखी उपयोगी र जीवनोन्मुखी रचनाहरूको माध्यामबाट हामीलाई प्रेरणा र हौसला प्रदान गर्ने कवियत्री चाँदनी शाहलाई राष्ट्रले गुमाउनु पर्‍यो । जीवनभरि आफनो प्रियतमलाई कर्म-पथमा प्रेरित गरेर, पतिको कार्यमा सहभागी भई हरेक सुख-दुःखमा साथ दिने चाहना बोकेकी कवयित्री चाँदनी शाह आर्यघाटसम्म आफ्नो पतिलाई पछ्याइरहिन् । साँच्चिकै विवाहको बेलादेखि अन्त्येष्टि क्रियासम्म कवयित्रीका पतिको सुख-दुःखमा सहभागिनी हुनु एउटा अनुपम उदाहारण बन्न पुगेको छ ।

'उकाली ओरालीहरूमा भञ्जयाङ अनि चौतारीहरूमा
सुन्दर ती दहहरूमा हिमालको विशाल छातीहरूमा
जहाँ-जहाँ जान्छौ तिमी म पाइला बनी पछ्याइ रहन्छु ।"

हिन्दु धर्मका अनुसार नारी पुरुषका अर्धाङ्गिनि हुन् । असल हिन्दु नारी पतिकी अंकशायिनी मात्र होइन्, सहधर्मिणी र सहकर्मिणी पनि हुन् । एउटा असल हिन्दु धर्मपत्नीका मर्यादापूर्ण र गरिमामय स्वरूपलाई वहन गर्दै कर्त्तव्य पारायणा नेपाली हिन्दु नारीजस्तै आफ्नो पतिका कृत्य की सहकर्मिणी भएर उकालो ओरालो डाँडा-काँडा, पाखा-पाखेरा, लेख-बेंसी, पहाड-तराई जहाँकहीं पनि सुख-दुःखकी सहभागिनी बनेर आफ्नो प्रियतमलाई उत्साहित गर्ने प्रयासमा जुन सबल राष्ट्रवादी भावना कवयित्री चाँदनी शाहको सशक्त लेखनीबाट अभिव्यक्त भएको छ, त्यो आफैंमा एउटा अद्वितीय उदाहरण हो ।

नेपाली काव्य जगत्‌की सुप्रसिद्ध कवयित्री चाँदनी शाह आज

हामीसामु छैनन् । वि.स. २०५८ सालको जेठ १९ गतेको काल रात्रिले एउटी प्रेरणादायी, उत्कृष्ट कवयित्रीका पार्थिव शरीरलाई विनष्ट गर्‍यो तर साहित्यकार कहिल्यै मर्दैनन् । साहित्यकार आफ्नो कृतिहरूमा सदैव जीवित हुन्छन् । कवयित्री चाँदनी शाह पनि आफ्नो गीतिकविताहरूमा सधै जीवित रहनेछन् र उहाँका प्रेरणादायी कविताहरूले युगयुगसम्म हामीलाई प्रेरणा र हौसला प्रदान गरिरहने छन, हाम्रो दिशा-निर्देशन गरिरहने छन् । कविवियित्री चाँदनी शाह जीवनका व्यापक र विशाल फलक लिएर आफ्नो कवितायात्रामा अग्रसर हुनुभयो र यस क्षेत्रका एउटा सशक्त पक्ष नारी जागरण पनि हो । नारी-चेतना र नारी-कर्त्तव्य बोधलाई अङ्कित गर्दै कवयित्री चाँदनी शाहले आफ्नो कविताहरूमा नारीलाई प्रेयसी, श्रेयसी र भूयसी का रूपमा चित्रित गरेको पाइन्छ । कवयित्रीका अनुसार नारी प्रेयसी हुन र साथै नारी सर्जन शक्ति हो, जगत् जननी हो र जीवनलाई प्रेरणा र शति दिने महान् आत्मशक्ति हो । त्यसैले उहाँका कविता हरूमा अभिव्यक्त नारीस्वरूपले आफ्नो पूर्णता प्राप्त गरेको छ । नारी आफ्नो विविधरूपमा यहाँ समादरणीय र श्रद्धेय छिन् । उच्चादर्शले युक्त आर्दश मानवी, गरिमामयी जननी, महिमामयी पत्नी, समर्पित प्रियतमा, आदर्श पुत्री र असल पुत्र-बधु प्रत्येक पक्षमा आदर्श हिन्दु नारीको प्रशंसनीय परम्परालाई, नारी व्यक्तित्वको व्यापकता र आदर्शलाई ओगटेका उहाँका कविताहरू अपूर्व छन् । उहाँका कविताहरूमा नारीका सबै स्वरूपभित्रको नारीत्वले सम्पूर्णता पाएको छ । आफ्नो धर्म र सस्कृतिअनुसार नारीका महिमामय प्रचीन आर्दश प्रवृत्तिहरूलाई चित्रित्र गरेर, नारीचेतनालाई सजगता प्रदान गरेर कवयित्रीले प्रशंसनीय कार्य गर्नुभएको छ ।

विगत लगभग तीन दशकदेखि काव्य-साधनामा सतत् लीन कवयित्री चाँदनी शाहका रचनाहरूले नेपाली साहित्यकाशमा मौलिक र विशिष्ट स्थान ओगटेका छन् । गीत्यात्मकता एवं साङ्गीतिकताले परिपूर्ण उहाँका कविताहरूले हामी सबैको मन जित्न सफल भएका छन् । सही अर्थमा भन्ने हो भने 'चाँदनी' शब्द आफ्नो पूर्ण अर्थका

साथ कवयित्री चाँदनी शाहमा तदाकार भएको पाइन्छ । शीतलताको प्रतीक, प्रकाशका संवाहक चाँदनी शब्दका साकार स्वरूप र सफल अभिव्यक्ति हामी चाँदनी शाहका कविताहरूमा महसुस गरेका छौं । कवयित्री चाँदनी शाह एकातिर सुकोमल पदावली युक्त गीतहरूका संरचना गरेर जन-जीवनमा शान्ति, स्निग्धता र शीतलता छर्नुभयो, त्यहीं आफ्नो जीवन सापेक्ष कविताहरूद्धारा जीवन प्रति आस्था र विश्वास जगाएर जन-जीवनमा आशाका सञ्चार गर्नुभयो, कर्तव्य चेतना फैलाउनु भयो, प्रेरणा र जनजागरणका शङ्खनाद गर्नुभयो र अन्धकारबाट प्रकाशतर्फ लैजाने दिशामा प्रशंसनीय कार्य गर्नुभयो ।

काव्यात्मकताले परिपूर्ण, परिपक्व शैली र सरल, सरस भाषामा सिँगारिएको कवयित्री शाहका कविताहरू राष्ट्रिय र अन्तराष्ट्रिय भावनालाई समेत अँगाल्न सक्षम देखिन्छ । सशक्त लेखनीद्वारा रचित कवयित्री शाहका कविताहरूले नेपालका समग्र जनताका पीडा, व्यथा र अभाव ग्रस्तताका मार्मिक चित्र प्रस्तुत गरेर समग्र मानवजातिमा शान्तिको ध्वनि गुन्जाउने चेतनालाई वाणी दिएको छ । वस्तुतः उहाँका कविताहरू व्यक्ति, परिवार, समाज, राष्ट्रको सीमित सीमा नाँधेर विश्व कल्याण-कामनामा अर्पित छन । कवयित्री चाँदनी शाहका कविताहरूलाई युगसापेक्ष तथा युगबोधका सशक्त उदाहारणका रूपमा लिन सकिन्छ । एकै पङ्क्तिमा भन्ने हो भने युगको स्पन्दन र मानवतावादी स्वर नै कवयित्री चाँदनी शाहका कविताहरूको मूलभूत ढुकढुकी बन्न गएको छ । असीम प्रेरणा र प्रोत्साहन प्रदान गरेर जन-मानसमा चेतना र जागरणबोध गराउने उहाँका कविताहरू नेपाली साहित्यको महत्वपूर्ण निधि हुन् ।

अध्ययनको सुविधाको दृष्टिले कवयित्री चाँदनी शाहका सम्पूर्ण काव्य साधनालाई विभिन्न बेग्लाबेग्लै धारामा विभाजित गर्न सकिन्छ ।

(१) दाम्पत्य प्रेम
(२) वात्सल्य प्रेम
(३) प्रकृतिप्रेम
(४) धर्म र संस्कृतिप्रति प्रेम
(५) देशप्रेम

(६) आध्यात्मिक वा दार्शनिक चिन्तन र
(७) मानव प्रेम

तर कवयित्री शाहका विभिन्न पक्ष वा धाराहरूमा विभाजित कविताहरूका समग्ररूपमा सूक्ष्म अध्ययन गर्दा मूलरूपमा मानव र मानवतासँग नै कवयित्री चाँदनी शाहका नारीहृदय तदाकार बनेको देखिन्छ, तसर्थ उहाँका कवितामा मानववादी भावना अङ्कित हुनु एउटा उपलब्धिकै रूपमा परिचित छ शाहजीका विराट् चिन्तन शक्ति, उदात्त भावना र महान् लक्ष्य नेपाली समाजमा मात्र होइन, सारा मानव संसारका लागि ज्यादै उत्कृष्ट र अनुकरणीय छ ।

एउटा राजमर्हषीको उच्च आसनमा बसेर उहाँको सशक्त लेखनीबाट देशका समस्या र देशवासीका विवशता, पीडा र क्लेषका जुन सजीव र सफल अभिव्यक्ति भएको छ, आफ्ना मन, वचन र कर्मले देशोत्थानका लागि जुन सशक्त आह्वान भएको छ, राष्ट्रियता र एकताको संरक्षणको जुन शङ्खनाद गुञ्जित भएको छ, साथै विश्वएकताका जुन सबल प्रेरणाप्रद आकाङ्क्षा प्रस्तुत भएको छ, त्यो अत्यन्त नै सराहनीय छ । वस्तुतः यो कवयित्री शाहको विलक्षण प्रतिभाको धोतक हो ।

कवयित्री शाहका राष्ट्रिय स्वरका कविताबाट राष्ट्रले नवीन चेतना, व्यापक उत्साह र गहिरो प्रेम पाईराखेको छ । आफ्नो देशको गौरव र महिमा वर्णनका साथै उहाँका धेरै कविताहरूमा आफ्नो धरतीको माया ममता अङ्कित छ साथै नेपाली आशा-आकांक्षा, निर्माण र संभावना जस्ता कुराहरू सफलरूपमा अभिव्यक्त भएका छन् । नेपाली जन-जीवनलाई अत्यन्त नजिकबाट हेरेको र आफ्नो आत्मामा महसुस गरेको कारणले उहाँको कवितामा नेपालीका मार्मिक व्यथा, समस्या तथा विवशताहरू अत्यन्त नै सजीव ढङ्गले प्रस्तुत भएको पाइन्छ ।

कवयित्रीको भावनामा सागरको गहराइ र आकाशको व्याप(कता छ शान्तिका अग्रदूत, नेपालीका भाग्यविधाता आफ्नो आराध्यदे(वप्रति पूर्ण समर्पित उहाँको नारीहृदय सदैव 'तिमी' लाई राष्ट्रको

उत्थान गरी अन्तर्राष्ट्रिय जगत्मा शान्ति ध्वनि छर्नका लागि प्रेरणाप्रद उत्साह प्रदान गर्नमा संलग्न देखिन्छ । खास गरेर 'तिमी' को विराट् सन्दर्भ समवेतरूपमा सिङ्गो राष्ट्रको नै भावपरक अर्थमा व्यञ्जित हुन जानु अत्यन्त महत्वपूर्ण कुरा हो । वास्तवमा तिमीलाई विराट् र व्यापक बनाएर 'हामी' सम्म पुऱ्याउने दिशामा जुन अत्यन्त नै उदार भावना छ; त्यो साधारण लेखनीबाट कदापि अभिव्यक्त हुन सक्दैन आफ्नो माटो प्रतिपूर्ण समर्पित हृदयबाट मात्र यस्तो व्यापक भावना प्रस्फुटित हुनसक्छ । उदाहरणका लागि निम्न कवितांश हेरौं-

"समस्त नेपालीका एक-एक अंश मिलेर
बनेका छौ तिमी यो सिङ्गो नेपालका नरेश"
"तिमी, हे राजा ! एक व्यक्ति होइनौं सिंङ्गो नेपाली हौ ।"
त्यसैले कवयित्री आग्रह गर्छिन्-

"रक्षा गर, हे राजन् ! शान्तिको क्षेत्र यो आँगनको ।"

यसरी कवयित्रीले आफ्नो प्रियतमलाई कतै राष्ट्रनिमार्णका लागि प्रेरित गरेकी छिन् कतै आफ्नो नेपाली सम्पदा, संस्कृति, धर्म र परम्पराको रक्षा गर्नका लागि आग्रह गरेकी छिन्-

"रक्षा गर, हे राजन् ! युगौं यो शाश्वत स्वधर्म को"

यस्तै समस्त नेपालीको हृदयमा देशको अखण्डतालाई सर्वोपरि राख्दै, तराईदेखि पहाडसम्म, मेची देखि महाकालीसम्म, राष्ट्रको चतुर्दिक विकास गर्ने भावना राख्दै अन्तर्राष्ट्रिय जगत्मा विश्व-शान्ति फैलाउनुका लागि प्रेरणाप्रद उत्साह दिदै कवयित्री आफ्नो प्रियतमलाई भन्छिन्-

"यो मातृभूमिको भूगोलका रेखा रेखालाई खोजेर
संसारका कुना कुनामा शान्तिको ध्वनि छर्दै जाउ, तिमी ।"

कवयित्रीका अधिकाश कविताहरूमा कतै देशको माटोको महिमा, कतै थरी-थरीका सन्तानहरूमा व्याप्त विषमता, कतै देशमा व्याप्त आर्थिक अभावग्रस्तता र कतै सुन्दर, शान्त नेपालको उत्थान का लागि एक जुट हुने आह्वान प्रस्ट देखिन्छ । प्रेरणा र शक्तिको

अक्षय स्रोतको रूपमा, पुस माघको पारिलो घामको प्रकाशपुञ्ज बनेर, नेपाली धर्ती र आकाशको बीचको अन्धकार हटाउनका लागि तिमी प्रति कवयित्रीका आह्वान नेपाली जनताको स्पन्दनलाई अत्यन्त नै नजिकबाट स्पर्श गरेको छ-

"पुस-माघ महिनाजस्तै पारिलो घाम बनेर
यो आकाश धर्तीबीचको कुहिरो हटाइदेउ, तिमी
ध्रुवताराजस्तै सधैं सत्य अटल, अमर बनेर
विकासका लक्ष्य र बाटाहरू पहिल्याइदेऊ तिमी ।"

कवयित्री शाहका अधिकांश कविता जीवनदायी प्रेरणाका अमर स्रोत हुन् । नेपाली मुटुका ढुकढुकी बनेर, नेपाली समाजका कुना-कुनासम्म पुगेर, नेपाली जनताको वेदना र व्याथाको सहभागी बनेर, नेपाली जनताको अन्तःस्करणमा समर्पित हुने यस्ता प्रेरणाप्रद आह्वान अत्यन्त दुर्लभ छ -

"विधवाको सेतो जीवनमा अलिकति रङ्ग बनेर
रित्तिएको काखमा एक मुट्ठी ममता बनेर
टुहुरिएको शिरमा एक हत्केला वात्सल्य बनेर
मेरो राजा तिमी पुगेका छौ पहाडका गर्खा-गर्खामा
मेरो राजा तिमी पुगेका छौ तराईका गरा गरामा ।"

नेपालको भविष्य भावी युवापुस्तामा सुरक्षित छ । युवा नै राष्ट्रको भावी कर्णाधार हुन् । अतः नेपालको भावी कर्णाधार, आफ्नो देशका समग्र छोरा-छोरीप्रति कवयित्रीको प्रेरणाप्रद सन्देश छ कि देशमा व्याप्त विसङ्गति र विडम्बनालाई हटाएर पारस्परिक सहयोग र सद्भावनाको सिर्जना गरौं देशमा व्याप्त भोकमरी, अशिक्षा, गरिबी माथि विजय प्राप्त गरेर एक जुट भएर राष्ट्रोत्थानमा नव पुस्ता समर्पित होस्-

"नेपाल देश रक्षा गर्ने छौ ज्युँदा नेपाली भै
नेपाली झन्डा उच्च राख्ने छौ वीर सपूत भै
लम्कन तम्सौं एकजुट भै देश उठाउन यो
चम्कनुपर्छ एक मुस्लो भै मास्न अँध्यारो यो ।"

कवयित्री चाँदनी शाहका अनुसार नारी आफ्नो विविध स्वरूप लिएर पत्नीको रूपमा, प्रेयसीको रूपमा, आमाको रूपमा, पुत्री र पुत्रबधूको रूपमा लोकमंगलको चाहनालाई साकार बनाउन सकिन्छ। आमाका निःस्वार्थ त्यागपूर्ण र विशाल छातीलाई हामीसमक्ष राखेर जनमानसलाई उद्‌बुद्ध गर्ने प्रयास कवयित्रीले, 'आमा भएर बाँडी हेर' शीर्षक कवितामा सफलतापूर्वक गर्नुभएको छ । आमाको विशाल हृदयको गहिराइ, व्यापकता, निःस्वार्थता र पवित्रताको चरम सीमा सम्म पुग्ने गरी उदबोध गर्दै कवयित्रीका उदार भावनाहरू समाजलाई कर्त्तव्योन्मुख गर्ने मात्र होइन बरू भविष्यको समाजलाई समेत पथ प्रदर्शन गर्दै नेपाली साहित्यलाई सही दिशामा अग्रसर गरेको देखिन्छ । यस समाजमा "सर्वे भवन्तु सुखिनः" का पवित्र भावनालाई आत्मसात् गरेर आजको युगको माग र आवश्यकताअनुरूप खण्डित मानवलाई एकसूत्रमा बाँध्ने प्रयासमा विकल कवयित्रीको आग्रह छ-

"आमा भएर बाँडी हेर सन्तानका पीरहरू
आमा भएर बाँडी हेर सन्तानका खुसीहरू ।"
"धर्ती भई एकचोटी सही हेर अरूले कुल्चेको
आगो भइ एकचोटि बली हेर अरूले तापेको ।"

यस प्रकार समर्पणको अथाह उत्सुकता, मानवताका परित्राणका लागि अदम्य चाहनाले परिपूर्ण उहाँका कविताहरू व्यक्ति, परिवार, समाज र देशको सीमित परिवेशबाट माथि उठेर समस्त मानवको मुटुलाई छुन पुगेका छन् ।

समासतः कवयित्री चाँदनी शाह एउटा मानववादी र युग चिन्तक कवयित्रीको रूपमा स्पष्ट देखापर्नु हुन्छ । उहाँका कविताहरू जीवनप्रति आशा र आस्था दर्शाउछन् र हामीलाई कर्मका प्रेरणाप्रद सन्देश दिन्छन् । विशृङ्खल भू-मानवलाई विश्वबन्धुत्वको अमर र पवित्र भावनामा समेटेर लोक मङ्गलको चाहनालाई साकार बनाउने दिशामा कवयित्री जीवनपर्यन्त प्रयत्नशील रहनुभयो । युग- कवयित्री चाँदनी शाहप्रति हार्दिक श्रद्धाञ्जलि । ■

अनूदित कृतिहरू
साहित्यको परस्पर सम्बन्ध

विश्व भाषिक, साहित्यिक र सांस्कृतिक एकता तथा विश्व-साहित्यको श्रीबृद्धिका लागि अनुवाद एक सशक्त माध्यम रहेको कुरा सर्वमान्य छ । नेपाली भाषा साहित्यलाई विश्व-साहित्यिक मञ्चमा प्रतिष्ठित गराउने र विश्व-साहित्यको ज्ञान, शिल्प, प्रवृत्ति हरूलाई नेपाली साहित्यिक जगत्मा जानकारी प्रदान गर्नकोलागि अनुवादको महत्वपूर्ण भूमिका हामी सबैले सहर्ष स्वीकार गरेकै छौं । वास्तवमा गहिराईपूवक हेर्ने हो भने अनुवादक साहित्यकार नै दुई देशका साहित्यिक, भाषिक, सांस्कृतिक कृतिलाई जोड्ने एउटा महत्वपूर्ण पुल हो जसले आफ्नो कुशल अनुवादमार्फत कुनै कृति वा साहित्यकारलाई विश्व-प्रतिष्ठित बनाउँछ । साहित्यकारले साहित्य सृजना गर्छन् र अनुवादकले वैश्विक साहित्यको निर्माण गर्दछन ।

अत्यन्त हर्षको विषय हो कि नेपाली र हिन्दी साहित्यको परस्पर अटूट सम्बन्ध रहेको छ । नेपाली र हिन्दी भाषाको लिपि देवनागरी भएको हुनाले दुइटै साहित्यलाई बुझ्नु र आत्मसात् गर्नु अत्यन्त सहज र स्वाभाविक हुनगएको छ ।

असीम सन्तोषको कुरा छ कि नेपाली-हिन्दी साहित्यमा भाव र प्रवृत्तिको दृष्टिले अत्यधिक सामीप्य भएको हुनाले नेपाली साहित्यका धेरै उत्कृष्ट कृतिहरूको हिन्दी भाषामा अनुवाद भएको छ र हिन्दी साहित्यका धेरै उत्कृष्ट कृतिहरूको नेपाली भाषामा अनुवाद भएको छ ।

नेपाली भाषामा अनूदित हिन्दी साहित्यका केही उत्कृष्ट कृतिहरूको सूचिगत जानकारी संक्षेपमा प्रस्तुत गर्न चाहन्छु । हुन त फुटकररूपमा हिन्दी रचनाहरूमा विशेष गरि हिन्दी कविताहरु असङ्ख्य मात्रामा नेपाली भाषामा अनूदित भएको पाइन्छ । यहाँ

हिन्दी साहित्यका कृतिहरू जुन नेपाली भाषामा अनूदित भएका छन् तिनको उल्लेख मात्र गरिएको छ । पछि यस विषयमा गहिराइ र विस्तृतरूपमा जानकारी प्रदान गर्ने छु ।

१. अयोध्या सिंह हरिऔधका 'प्रियप्रवास' (महाकाव्य)
अनुवादक-चन्द्रशेखर उपाध्याय
प्रकाशक-अनुवादक स्वयम् -२०५७

२. रामधारी सिंह दिनकरका 'रश्मिरथी' (खण्डकाव्य)
अनुवादक-चन्द्रशेखर उपाध्याय

३. जयशंकर प्रसादको 'कामायानी' (महाकाव्य)
अनुवादक-ढुण्डिराज भण्डारी
प्रकाशक-साहित्य अकादमी, नई दिल्ली

४. मैथिलीशरण गुप्तको 'जयद्रथ बध' (काव्यग्रन्थ)
अनुवादक-लक्ष्मी आचार्य
प्रकाशक-नेपाल भारत मैत्री संघ, काठमाडौँ

५. डा. कीर्तिस्परूप रावतको 'उपहार' (कवितासङ्ग्रह)
अनुवादक-डा. रामदयाल राकेश, कृष्ण प्रसाई र रश्मि शर्मा
प्रकाशक-लूनकरणदास गङ्गादेवी चौधरी साहित्यकला मन्दिर

६. बसन्त चौधरीको 'बसन्त' (कवितासङ्ग्रह)
अनुवादक-गोपाल अश्क
प्रकाशक-लूनकरणदास गङ्गादेवी चौधरी साहित्यकला मन्दिरको सहकार्यमा, साङ्ग्रिला बुक्स वि.सं २०७४

७. अभय कुमारको कविताहरूको संगालो 'यात्रामा कविता'

८. रघुवीर सहायको 'हँसो, हँसो और जल्दी हँसो' (काव्यसङ्ग्रह)
अनुवादक-किशोर नेपाल
प्रकाशक-स्वतन्त्रता प्रकाशन, काठमाडौँ ।

९. गोपाल सिंह नेपालीको 'कल्पना'
अनुवादक-टीकाराम उपाध्याय
प्रकाशक-रंग प्रकाशन, आसाम ।

१०. हिमांशु जोशीको 'कगार की आग'
अनुवादक-भागीरथी श्रेष्ठ
प्रकाशक-रत्न पुस्तक भण्डार

११. रामवृक्ष बेनीपुरीको 'नेत्रदान'
अनुवादक-रामहरि जोशी, २०१६

१२. धर्मवीर भारतीको 'अंधायुग'
अनुवादक-राजेन्द्र शलभ

१३. 'प्रेमचन्द्रको उत्कृष्ट कथा'
अनुवादक-श्याम प्रधान
प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौं -२०६६

१४. भगत शरण उपाध्यायको 'भोर' (कथासंग्रह)
अनुवादक-सागरमणि र अन्य
प्रकाशक-साझा प्रकाशन-२०२५

१५. भगवती चरण वर्माको 'चित्रलेखा' (उपन्यास)
अनुवादक- तारिणीप्रसाद कोइराला

१६. रवीन्द्रनाथ ठाकुरको 'जीवन स्मृति' (आत्मकथा)
अनुवादक-माधवलाल कर्माचार्य
प्रकाशक-नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान-२०२२ साल

१७. मोहन राकेशको दुई नाटकहरू 'आषाढका एक दिन' र 'लहरों के राजहंस' दुइटै पुस्तकका अनुवादक प्रकाश सायमि

१८. फणीश्वरनाथ रेणुको 'नेपाली क्रन्ति कथा' (उपन्यास)
अनुवादक-डा. तुलसी भट्टराई

१९. गोपाल गोड्सेको 'गान्धी बध क्यों ?' (इतिहास)
अनुवादक-मधुसुदन पाण्डे
प्रकाशक- वी. पी. प्रकाशन, काठमाडौं-१९९९

२०. विराजको 'नेपालेश्वर' (उपन्यास)
अनुवादक-रोशन दाहाल
प्रकाशक-मञ्जरी पब्लिकेसन, पुलती सडक, काठमाडौं ।

२१. जयशंकर प्रसादको 'चन्द्रगुप्त' (नाटक)
अनुवादक-छविलाल उपाध्याय
प्रकाशक-देवराज उपाध्याय, आसाम, १९९२

२२. रवीन्द्रनाथ ठाकुरको 'चित्राङ्गदा' (नाटक)
अनुवादक-दानियल खालिङ
प्रकाशक-नेपाल प्रज्ञा प्रतिष्ठान, २०२९

२३. राधेश्याम कथावाचकको 'फूलमें भमरा' नाटक
अनुवादक-रामप्रसाद सत्याल, १९८५

२४. विद्यार्थियों के लिए महात्मागांधी
अनुवादक-तारिणीप्रसाद कोइराला, २०२६

२५. के. एम. शेखरम्‌को 'हमारी उपयोगी वनस्पतियाँ'
अनुवादक-प्रेम प्रधान
प्रकाशक-नेशनल बुक ट्रस्ट, दिल्ली १९९५ ई

२६. महात्मा गांधीका 'हिन्दू धर्म क्या है ?'
अनुवादक-भाइचन्द प्रधान
प्रकाशक-नेशनल बुक ट्रस्ट, दिल्ली १९९५ ई

२७. प्रेमचन्द्रको 'हिनामिना' (उपन्यास)
अनुवादक-श्याम प्रधान, प्रकाशक-साझा प्रकाशन- २०७०

२८. तसलीमा नसरीनका 'नष्ट लड्की'
हिन्दीबाट नेपाली अनुवाद, अनुवादक- एल. पी. शर्मा
प्रकाशक-जनसेवा प्रकाशन, काठमाडौँ २०५५

नेपाल प्रज्ञा प्रतिष्ठान, अनुवाद विभाग प्रमुखको रूपमा मेरो ८ वर्षे कार्यकाल २०७१-२०७९ सम्म मेरो निर्देशनमा र केही अनूदित कृतिहरु मेरो सम्पादनमा हिन्दी भाषामा अनूदित कृतिहरु निम्न प्रकार छन् -

१. रवीन्द्रनाथ टैगोरका बीस प्रतिनिधि कथाहरु
अनुवादक- चर्तुभुज लाल दास केवरत
प्रकाशक-नेपाल प्रज्ञा-प्रतिष्ठान, २०७३

२. मन्नू भण्डारीका प्रतिनिधि कथा
अनुवादक-रामबहादुर पहाडी
प्रकाशक- नेपाल प्रज्ञा प्रतिष्ठान, २०७४

३. सिद्धिचरणकी कविताएँ
सम्पादक-प्रा. डा. उषा ठाकुर
अनुवादक-विनीत ठाकुर
प्रकाशक- नेपाल प्रज्ञा प्रतिष्ठान, २०७५

४. सार्क मुलुकका महिला कथाकारहरूका कथा (सार्कका अन्य कथाहरूसँगै हिन्दीका ७ एउटा कथा समाविष्ट
अनुवादक-माया ठकुरी
प्रकाशक- नेपाल प्रज्ञा प्रतिष्ठान, २०७३

५. शरत् चन्द्र चट्टोपाध्यायका 'देवदास'
अनुवादक-श्याम प्रधान
प्रकाशक- नेपाल प्रज्ञा प्रतिष्ठान, २०७३

६. हिन्दी लघु कथाहरू
अनुवादक- डा. पुष्करराज भट्ट - २०७९

७. उत्कृष्ट हिन्दी कथाहरू
(साहित्य अकादमी दिल्लीबाट प्रकाशित हिन्दी कहानी सङ्ग्रह का नेपाली अनुवाद)
सम्पादक- प्रा. डा. उषा ठाकुर
अनुवादक- प्रकाशप्रसाद उपाध्याय, २०७९

८. म्याक्सिम गोर्कीका नाटक 'बंगलेवाले'
हिन्दीबाट नेपाली अनुवाद-शीर्षक 'घरबेटी'
अनुवादक-रामबहादुर पहाडी (प्रेसमा)

९. अनुवाद विभागका अनुवाद पत्रिका, (प्रमुख सम्पादक प्रा. डा. उषा ठाकुर) 'रूपान्तरण' मा अङ्क ३ देखि १० सम्मका प्रत्येक अंकमा हिन्दी उत्कृष्ट रचनाहरूका बहुसङ्ख्यामा नेपाली अनुवाद प्रकाशित भएका छन् ।

यद्यपि नेपालीमा अनूदित हिन्दी कृतिहरूमा प्रस्तुत सूची पूर्ण छैन तर अनुवाद साहित्यको परिप्रेक्ष्यमा परिश्रम खोजका आधारमा प्रस्तुत यस सूचीको आफ्नै महत्व र उपयोगिता रहेको छ ।

अब म नेपाली-हिन्दी साहित्यको परस्पर सम्बन्धको आवश्यकता र उपादेयताबारेमा आफ्नो विचार प्रस्तुत गर्न चाहन्छु ।

विभिन्न भाषाका साहित्यहरूको तुलनात्मक अध्ययन तथा अनुवादजस्ता कार्यहरूको उपादेयता असंदिग्ध छ । तुलनात्मक अध्ययन र अनुवाद विविध जातिहरु भाषा-भाषीहरूलाई चिन्तनको धरातलमा नजिक ल्याउँछ र त्यसमा सृजनात्मक भाव-विकासलाई प्रोत्साहित गर्दछ । यसले विभिन्न देशवासीहरूका बीच सङ्कीर्णताका भावनालाई मेटाएर व्यापक चौतारीमा चिन्तनलाई दिशा प्रदान गर्दछ र समानता एवं भाइचाराको भावनालाई बल पुऱ्याउँछ । पाश्चात्य विद्वान मेक्समूलरको भनाइ यस सन्दर्भमा उल्लेखीय देखिन्छ- "all higher knowledge is gained by comparision and rests of comparision ।"

महाकवि बर्डसवर्थका अनुसार पनि- in spite of difference of soil and climate of language and manners of laws and customs the poet binds together by passion and knowledge the vast impire of human society, as it is spread over the whole earth and over all time .

मानवसमाजको अध्ययन र अनुशीलनबाट यो कुरा सिद्ध भइसकेको छ कि सम्पूर्ण धारामा मानव-हृदय र मानव-मस्तिष्क प्रायः : एउटै किसिमको हुन्छ । जाति, धर्म, देश, भाषा र साहित्यमा विविधता भए तापनि मानव-मनमा समानता पाइन्छ । अतः एउटा सच्चा साहित्यकारको यो परम दायित्व हुन्छ कि तुलनात्मक साहित्यद्वारा विविध वर्ग, जाति, भाषा-भाषी र साहित्यकारहरूमा छरिएका मनुष्यत्वलाई नजिक ल्याएर मानवको सीमित ज्ञान-क्षेत्रको विस्तार गरोस् तथा सम्पूर्ण विश्वमा व्याप्त विशाल मानव-समाजलाई एक सूत्रमा बाँधोस् ।

नेपाल र भारत छिमेकी देशहरू हुन् र यी दुवै छिमेकी देशको प्रगाढ मित्रता अक्षुण्ण छ । नेपाल र भारत दुई अलग-अलग सम्पूर्ण सम्प्रभुतासम्पन्न देश भएर पनि धार्मिक, सांस्कृतिक र सामाजिक धरातलमा अत्यन्त नै नजिक छन् । दुवै देशका साहित्यकारहरूको यो ठूलो दायित्व हो कि उनीहरू दुवै साहित्यको अन्तःसम्बन्धहरूको बीच सह-अस्तित्व र सद्भावनालाई अझ बलियो र गहिरो बनाउने दिशातर्फ प्रयत्न गरून् ।

देशका साहित्यकारहरूले आपसी साहित्यिक सहयोग र विचारहरूको परस्पर आदान-प्रदानको भावनालाई प्रोत्साहित गर्नु पर्छ । यस दिशामा तुलनात्मक अध्ययन तथा अनुवादकार्यलाई प्रोत्साहित गर्नु धेरै नै फलदायी हुन सक्छ । उदाहरणका लागि १६ र १७ अक्टुबर, १९९८ मा 'गुञ्जन समूह' ले 'नेपाली र हिन्दी साहित्यमा नारी प्रतिभाहरूको स्थान' विषयक दुईदिने अन्तरक्रिया कार्यक्रम गरेर र १८, १९ दिसेम्बर, १९९९ मा 'डा. कृष्णचन्द्र मिश्र अकादमी' काठमाडौँ र 'हिन्दी सम्मेलन' प्रयागको संयुक्त आयोजकत्वमा दुई दिने "नेपाली-हिन्दी साहित्य सम्मेलन" गरेर यस दिशामा अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस सम्मेलनमा नेपाली-हिन्दी साहित्यसम्बन्धी ६ वटा कार्यपत्र प्रस्तुत गरिएको थियो । प्रथम सत्रमा 'नेपालका हिन्दी साहित्य : एक संक्षिप्त परिचय' र 'आधुनिक नेपाली साहित्य : एक मूल्याङ्कन' विषयक कार्यपत्र प्रस्तुत भयो, द्वितीय सत्रमा 'आधुनिक हिन्दी कवितामा युगबोध' र 'आधुनिक नेपाली कवितामा युगबोध' शीर्षक आलेखको प्रस्तुति भयो र तेस्रो सत्रमा 'नेपाली गद्यसाहित्यमा महिला साहित्यकारहरूको देन' र 'हिन्दी गद्यसाहित्यमा महिला साहित्यकारों की देन' विषयक आलेख पेस गरियो । त्यसबेला डा. कृष्णचन्द्र मिश्र अकादमीको महासचिव म (प्रा. डा. उषा ठाकुर) थिएँ र यो सम्मेलन तत्कालीन शिक्षामन्त्रीको प्रमुख आतिथ्यमा भव्यरूपमा उद्घाटन भएको थियो । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका तत्कालीन

उपकुलपति वरिष्ठ कवि मोहन कोइरालाज्यूको प्रमुख आतिथ्यमा, प्रतिष्ठानको प्राङ्गणमा अन्य सत्रहरु सफलतापूर्वक सम्पन्न भएको थियो र सम्मेलनमा प्रस्तुत कार्यपत्रहरु त्यसबेलाको 'हिमालिनी' पत्रिका (प्रमुख सम्पादक (प्रा. डा. उषा ठाकुर) मा प्रकाशित भएर बहुचर्चित भएको थियो । यस्तै तेइौं साहित्य वनमहोत्सव २०५७ (वैशाख १०, ११ र १२ गते, २०५७) मा पनि नेपाली र हिन्दी साहित्यबारेमा चर्चा-परिचर्चा गर्ने राम्रो प्रयास भएको थियो । नयाँ दिल्लीमा सम्पन्न सार्क साहित्यकार सम्मेलनले (२८, २९ र ३० अप्रिल, २०००) साहित्यकारहरूका बीच वैचारिक आदान-प्रदानबारेमा एउटा उल्लेखनीय र अनुकरणीय उदाहरण प्रस्तुत गरेको छ । एउटै मञ्चमा सार्क देशका साहित्यकारहरूको भेला र सात राष्ट्रका साहि(त्यिक प्राप्तिहरु, परम्परा र प्रवृत्ति हरूबारेमा हामीले विशद् जानकारी प्राप्त गऱ्यौं । सौभाग्यले म पनि यस सार्क सम्मेलनमा सहभागी भएर धेरै ज्ञानार्जन गर्ने मौका पाएँ । निश्चय नै विचारहरूको पारस्परिक आदान-प्रदानले हाम्रो चेतनालाई सक्रियता र सजगता प्रदान गरेको छ र ज्ञानार्जनका साथै हामीबीच सहयोग र सद्भावनालाई प्रश्रय दिएर हाम्रो भावनात्मक एकतालाई सुदृढता प्रदान गरेको छ ।

यस सन्दर्भमा 'भानुभक्त और तुलसी के भक्ति-काव्य', 'हिन्दी और नेपाली समसामयिक कविता', 'नेपाली और हिन्दीका नाट्य साहित्य', 'हिन्दी और नेपाली भक्ति-काव्य का नयाँ मूल्यांकन', 'हिन्दी तथा नेपाली की कारक-रचनाओं के तुलनात्मक अध्ययन', 'हिन्दी और नेपाली के प्रमुख गीति काव्यों का तुलनात्मक अध्ययन', जस्ता शोध-ग्रन्थहरूको महत्व असंदिग्ध छ । यसै प्रकारका हिन्दी-नेपाली साहित्यसम्बन्धी पुस्तकहरु, तुलनात्मक शोध-ग्रन्थहरु लेख्ने प्रवृत्तिलाई प्रोत्साहन दिनुपर्छ ।

दुवै भाषाका पत्र-पत्रिकाहरूमा एक अर्काका साहित्य, संस्कृति, धर्म, दर्शन र पर्यटनको दृष्टिले प्रसिद्ध स्थलहरु आदि बारेमा विवरण प्रकाशित गर्नुपर्छ ।

तुलनात्मक अध्ययनद्वारा दुवै साहित्यका श्रेष्ठ साहित्यकारहरूलाई र उनका कृतिहरूलाई प्रकाशमा ल्याउने एवं तिनको विशिष्टताहरूलाई प्रस्तुत गर्नु धेरै उपयोगी हुनसक्छ । साथै अनुवादद्वारा दुवै देशमा एकअर्काका श्रेष्ठ, मौलिक कृतिहरूका सम्यक् प्रचार-प्रसार होस्, जसबाट भाषाका साहित्यकारहरु एक अर्काका साहित्यिक विचारहरु एवं मान्यताहरूसँग परिचित हुन सकून् । यसै प्रकार दुवै भाषाका साहित्यका श्रेष्ठ कृतिहरूको समीक्षा र समालोचना प्रकाशित गरेर यस ज्ञानलाई परिपूर्णता प्रदान गर्न सकिन्छ । दुवै छिमेकी देशका भाषाहरूबीच घनिष्ठता र निकटता स्थापित गर्ने क्रममा शब्दकोषको भूमिका पनि कम महत्वपूर्ण छैन । 'नेपाली हिन्दी शब्दकोष' तथा 'हिन्दी-नेपाली शब्दकोष' जुन अहिले उपलब्ध छन्, तिनीहरु यस व्यापक उद्देश्यका परिपूर्तिका लागि पर्याप्त छैनन् । खास गरेर एउटा 'बृहत नेपाली हिन्दी शब्दकोश' को अनिवार्यता हामी सबै महसुस गरिरहेका छौं ।

केही मात्रामा बी. पी. कोइराला भारत-नेपाल प्रतिष्ठानको सहयोगबाट दुवै देशमा नेपाली र हिन्दी साहित्यबीच परस्पर आदान-प्रदानका भावनालाई बढावा प्राप्त भइरहेको छ । यस प्रतिष्ठानको सहयोगले समय-समयमा भारत र नेपालमा गोष्ठीहरूको आयोजना भइरहन्छन् । प्रतिष्ठानद्वारा आयोजित कवि-गोष्ठीहरूको महत्व अपेक्षाकृत धेरै नै देखापर्दछ किनभने यस कार्यक्रमद्वारा कविताहरु जन-जनका हृदयमा प्रवाहित हुन्छन् दुवै भाषाहरूका कविहरु आ-आफ्ना भावनाहरूलाई अभिव्यक्त गर्नका लागि एउटै खुलामञ्चको आश्रय लिएर एक-अर्कामा अधिक रमाउँछन् र सन्तोषको अनुभव गर्दछन् । विगत ११ फरवरी १९९९ मा बी. पी. कोइराला भारत-नेपाल प्रतिष्ठान एवं नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको संयुक्त, तत्वधानमा प्रस्तुत गरिएको "अन्धायुग" (प्रसिद्ध हिन्दी साहित्यकार श्री धर्मवीर भारतीको बहुचर्चित उत्कृष्ट काव्यनाटक) दुई देशको साहित्यिक-सांस्कृतिक धरोहरलाई प्रगाढ गर्ने एउटा अत्यन्त सराहनीय प्रयास थियो ।

"अन्धायुग" को नेपाली रूपान्तरणको सफल मञ्चन राजकीय प्रज्ञा-प्रतिष्ठानको मञ्चमा नेपाली कलाकारहरूद्वारा भएको थियो ।

मैत्री संघ पनि आफ्नो ढङ्गले समय-समयमा सराहनीय कार्य गरिरहेको छ, यसद्वारा पनि "स्मारिका" को प्रकाशन हुन्छ र संगोष्ठी र कविगोष्ठीको मञ्चमा दुवै देशका साहित्यकारहरूको मिलन हुन्छ, भावनाहरूको आदान-प्रदान हुन्छ साथै साहित्यकार हरूलाई अभिनन्दन र सम्मान गरेर आपसी एकता र मैत्रीभावलाई सुदृढता प्रदान गरिन्छ ।

यसै प्रकार केही पत्र-पत्रिकाहरू उदाहरणका लागि भारतीय सांस्कृतिक सम्बन्ध परिषद्द्वारा प्रकाशित "गगनाञ्चल" साहित्यिक पत्रिका आदिमा नेपाली साहित्यको चर्चा-परिचर्चा देखापर्दछ । "गगनाञ्चल" ले आफ्ना महत्वपूर्ण अङ्कहरूमा 'हिन्दी साहित्य एवम् नेपाली साहित्य'(ले. डा. प्रा. सुरेन्द शाह,) 'नेपाल में हिन्दी'(ले. प्रा. कृष्णचन्द्र मिश्र) 'महाकवि लक्ष्मीप्रसाद देवकोटा'(ले. प्रा. डा. उषा ठाकुर) 'हिन्दी साहित्य के नेपाली साहित्यकार (ले. प्रा. डा. उषा ठाकुर) 'चाँदनी शाहकी कविताओं में युगबोध' (ले. प्रा. डा. उषा ठाकुर) 'सार्क महिला साहित्यकारों की अनुभूतियाँ और साहित्य में उनके स्वरों की गूँज' (ले. प्रा. डा. उषा ठाकुर) तथा 'महादेवी और छिन्नलता' (ले. प्रा. डा. उषा ठाकुर) जस्ता शोधपरक लेखहरू प्रकाशित गरेर दुवै देशको साहित्यिक एकता र प्रगाढताका लागि उपयोगी कार्य गरिरहेको छ । यसै प्रकार 'हिन्दी अनुशीलन' (भारतीय हिन्दी-परिषद्, इलाहाबाद), नामक साहित्यिक पत्रिकाले, "नेपाली साहित्य के महाकवि देवकोटा और हिन्दी साहित्य के महाकवि सुमित्रानन्दन पंतका तुलनात्मक अध्ययन" (ले. प्रा. डा. उषा ठाकुर) जस्ता रचना प्रकाशित गरेर यस दिशामा उल्लेखनीय कार्य गरेका छन् । यसै क्रममा नर्वेबाट प्रकाशित 'शान्तिदूत' पत्रिकाको भूमिका पनि कम प्रशंसनीय छैन । यस पत्रिकामा 'नेपाल से' शीर्षक कालमद्वारा नेपाली साहित्य र संस्कृति झल्काउने खालका रचनाहरू

प्रायः सधैं नै हेर्न सकिन्छ । साथै मूल नेपालीबाट हिन्दीमा अनुवादित कविता, कथा अन्य विधाका रचनाहरु पनि प्रायः यस पत्रिकामा प्रकाशित हुँदै आएको पाइन्छ । 'कादम्बिनी' ले पनि यदाकदा नेपाली साहित्यकारहरूलाई स्थान दिँदै आइरहेको छ । 'गगनाञ्चल' का कतिपय अङ्कहरुमा नेपाली कविताको हिन्दी अनुवाद प्रकाशित भएको छ ।

नवम्बर १९९७ मा 'दैनिक हिन्दुस्तान' ले कवि व्यथितका बारेमा मेरो लेख प्रकाशित गरेको थियो । यस्तै 'परिषद् भारती' (कलकत्ता) नामक साहित्यिक पत्रिकाले 'राहुल सांकृत्यायन और लक्ष्मीप्रसाद देवकोटा' शीर्षकमा (ले. प्रा. डा. उषा ठाकुर) रचना प्रकाशित गरेको थियो र 'नेपाल की हिन्दी कहानियाँ' नामक पुस्तकमा नेपालका प्रतिनिधि हिन्दी कहानीहरूलाई विश्वसामु राखेर सं. डा. कामता कमलेशले यी कहानीहरुमा चित्रित नेपाली जन-जीवनलाई लोकसमक्ष राख्नुभयो र नेपालका कथाकारहरूलाई प्रोत्साहित गर्नमा स्तुत्य प्रयास गर्नुभएको छ । डा. दीनानाथ शरणले 'नेपाली साहित्यको इतिहास' हिन्दी भाषामा प्रस्तुत गरेर हिन्दी पाठकसमक्ष नेपाली साहित्यबारेमा जानकारी दिने क्रममा उल्लेखनीय र महत्वपूर्ण कार्य गर्नुभएको छ । डा. शरणद्वारा लिखित 'नेपाली साहित्यका इतिहास' बिहार हिन्दी ग्रन्थ अकादमीबाट १९७४ मा प्रकाशित भएको छ । डा. शरणले नेपाली उपन्यास 'वसंती' उपन्यासकार- डायमंडशमशेर राणा को हिन्दी अनुवाद 'वासंती' शीर्षकमा गर्नु भएको छ । यो पुस्तक पटनाबाट १९७२ मा प्रकाशित भएको थियो । यस प्रकारको प्रवृत्ति लाई व्यापकरूपमा दुवै भाषाका साहित्यमा प्रोत्साहित गरिनु आज युगको, समयको आवश्यकता देखिन्छ ।

यस्तै नेपाली साहित्यिक पत्र-पत्रिकाहरुमा पनि बेला-बेलामा हिन्दी साहित्यकारहरूका बारेमा चर्चा-परिचर्चा गर्दै आएको र यदा-कदा तुलनात्मक अध्ययन पनि प्रस्तुत गरेर उल्लेखनीय योगदान दिँदै आइरहेको पाइन्छ । 'मधुपर्क' (जेष्ठ, २०५५) मा

प्रकाशित हिन्दीका प्रसिद्ध साहित्यकार हिमांशु जोशीको अन्तर्वार्ता महत्वपूर्ण छ । 'मधुपर्क' कार्तिक २०४५ मा निर्मोही व्यासले हिन्दी कवि गोपाल सिंह नेपालीका बारेमा उपयोगी खोजपूर्ण लेख प्रस्तुत गर्नुभएको छ । 'मधुपर्क' माघ २०५० मा रोचक घिमिरेको लेख 'महापण्डित' राहुल सांकृत्यायनको नेपाल सम्बन्ध अत्यन्त महत्वपूर्ण, उपयोगी र उपलब्धिपूर्ण छ, यसमा अत्युक्ति छैन ।

वैशाख २०५१, 'मधुपर्क मा तेजेश्वर बाबु ग्वंग:ले हिन्दी कवि मधुप पाण्डेयको 'माँ' शीर्षक कविताको नेपाली अनुवाद प्रस्तुत गर्नुभएको छ । 'रत्नश्री' ले (वर्ष २५, अंक ५-६, २०४५) साहित्यकार बी. पी. कोइरालाको प्रथम साहित्यिक कथा-कृति 'वहाँ' (हिन्दी भाषामा लिखित) को नेपाली अनुवाद 'त्यहाँ' शीर्षकमा प्रकाशित गरेर उल्लेखनीय कार्य गरेको छ ।

यस्तै 'मधुपर्क' (वैशाख ५१) मा 'दुई प्रसिद्ध कथाकार मैनाली र प्रेमचन्द्र' (ले. डा. जगत क्षेत्री) र 'मधुपर्क' चैत्र २०५४ तथा 'गोरखापत्र' २०५२, कार्तिक १२ मा पंत र देवकोटाका काव्यसम्बन्धी तुलनात्मक प्रस्तुतिहरू (दुइटै लेखका लेखिका-प्रा. डा. उषा ठाकुर) साहित्यका तुलनात्मक क्षेत्रमा स्वागतयोग्य पाइलाहरू हुन् ।

यसै प्रकार 'मधुपर्क' र 'गरिमा' जस्ता साहित्यिक पत्रिका हरूले सार्क साहित्यअर्न्तगत समय-समयमा हिन्दी साहित्यकारहरूका बारेमा र हिन्दी साहित्यिक कृतिहरूबारेमा राम्रो प्रस्तुति गर्दै आएका छन् । जेष्ठ, २०५५ 'मधुपर्क' मा रोचक घिमिरेले हिन्दी साहित्यकार कमलेश्वरको 'दिल्ली एउटा मृत्यु' (नेपाली रूपान्तरण) शीर्षक कथा प्रस्तुत गरेर अनुकरणीय उदाहरण प्रस्तुत गर्नुभएको छ ।

यस्तै अन्य साहित्यिक पत्र-पत्रिकाहरू, पुस्तकहरू (उदाहरणका लागि 'हिन्दी और नेपाली साहित्य के प्रतिनिधि हस्ताक्षर'-लेखिका प्रा. डा. उषा ठाकुर) द्वारा नेपाली-हिन्दीसाहित्यका बीच सुमधुर र प्रगाढ साहित्यिक समन्वयका लागि अनेकानेक प्रयास भइरहेको छ । निश्चय नै यस्ता प्रयासहरू अत्यन्त फलदायी र

स्वागतयोग्य छन् । स्मरणीय छ, स्व. बी. पी. कोइराला, स्व. भवानी भिक्षु, स्व. केदारमान व्यथित, धुस्वाँ सायमि, लोकेन्द्र बहादुर चन्द, रामहरि जोशी, गोविन्द भट्टजस्ता अनेक नेपाली साहित्यकारहरूले हिन्दीमा रचना गरेर एकातिर हिन्दी प्रेम र आफ्नो उदार हृदयको परिचय दिनुभएको छ भने अर्कोतिर साहित्यको व्यापकतालाई खुला हृदयले दर्शाउनुएको छ ।

यस्तै भारतीय साहित्यकारहरूले पनि नेपाली साहित्यलाई आफ्नो माया र ममता प्रदान गरेका छन् । स्व. फणीश्वरनाथ रेणुको 'नेपाली क्राँति कथा', बलभद्र ठाकुरको 'नेपाल की वो बेटी' तथा विराजका 'नेपालेश्वर' जस्ता कृतिहरु अत्यन्त महत्वपूर्ण र उल्लेखनीय छन् । हिन्दी गीतिकाव्यको इतिहासमा प्रसिद्ध कवि गोपाल सिंह नेपालीको योगदान अत्यन्त नै महत्वपूर्ण छन् ।

यस्ता रचनाहरूले नेपाली-हिन्दी सात्यिकारहरूबीच पारस्परिक विचारहरूको आदान-प्रदानलाई विशेष उपादेयता प्रदान गर्ने छ । साथै साहित्यिक र सांस्कृतिक सम्बन्धलाई सुदृढता प्रदान गर्ने छ तथा एक-अर्काका विकासमा साधक तथा सहयोगी सिद्ध हुनेछन् ।

आशा मात्र होइन बरू पूर्ण विश्वास पनि छ कि साहित्यिक भावनाहरूको परस्पर आदान-प्रदानबाट दुवै देशका साहित्यकार एक अर्काका अत्यन्त नजिक हुनेछन्, दुवै देशका पाठकले पनि साहित्यमा अभिव्यक्त एक-अर्काको जन-जीवन, सुख-दुःख, धर्म-संस्कृतिलाई धेरै नजिकबाट अनुभव गर्न सक्नेछन् । हाम्रो भावना सुदृढ हुनेछ र दुई घनिष्ठ राष्ट्रको बन्धुत्वभावलाई अझ पनि सौहाद्रपूर्ण बनाउन सहयोग पाउन सकिन्छ । ■

आख्यान साहित्यका शिखर पुरूष
ध्रुवचन्द्र गौतम

नेपाली आख्यान साहित्यलाई पूर्णता प्रदान गर्दै निरन्तर विकसित, प्रगतिशील र महिमामयी बनाउने दिशामा डा. ध्रुवचन्द्र गौतमका अथक प्रयास, अतुलनीय योगदान समर्पण, साधना र निष्ठा सदैव स्तुत्य र प्रेरणादायी रहिआएको छ ।

डा. ध्रुवचन्द्र गौतमका एक प्रबुद्ध आख्यानकार भाषाविद्, नवीन चेतना, विचार, चिन्तनका जनक, प्रयोक्ता र नवीनताबोधी विभिन्न सिद्धान्तका प्रयोगकर्ता हुनुहुन्छ ।

नेपाली आख्यानका विराट प्रतिभा डा. ध्रुवचन्द्र गौतमको योगदान सङ्ख्यात्मक एवं गुणात्मक दुवै दृष्टिले महत्वपूर्ण रहेको छ । उहाँ साहित्यका सबै विधा- कथा, उपन्यास, नाटक, निबन्ध, कविता, गीतरचना, संस्मरण, सम्पादन, स्तम्भकार, अनुवाद, नियात्रा, आत्मकथा, लेख आदिमा सफलतापूर्वक कलम चलाई बहुमुखी प्रतिभासम्पन्न स्रष्टाका रूपमा आफ्नो विशेष परिपाटी, शैली, चिन्तन लिएर निरन्तर सिर्जनशील रही नेपाली वाङ्‌मयमा आफ्नो विशिष्ट स्थान र कीर्ति स्थापित गरिसक्नुभएको कुरो निर्विवाद छ ।

वि.स. २००० पुस २ गते पर्सा जिल्ला, बीरगन्जमा जन्मनु भएका ध्रुवचन्द्र गौतम नेपाली आख्यान साहित्याकाशका ध्रुवतारा हुनुहुन्छ । साथै गहन अध्येता, कुशल प्राध्यापक तथा दक्ष प्रशासक पनि । एम. ए. (नेपाली), विधावारिधि प्राप्त गौतम नेपाल प्रज्ञा प्रतिष्ठानमा अत्यन्त निपुणतापूर्वक सदस्य-सचिवको पद जिम्मेवारी सम्हाल्नु भयो र उहाँ नेपाल प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्य हुनुहुन्छ- यो उहाँको गरिमामय व्यक्तित्वको द्योतक हो ।

भुटन देवी हाइस्कुलले आयोजना गरेको कविगोष्ठीमा प्रथम पुरस्कार (२०१६) मदन पुरस्कार ('अलिखित' २०४०), साझा पुरस्कार ('तथाकथित' २०५९), नारायणी वाङ्मय पुरस्कार (२०४५), सरस्वती सम्मान, मध्यपश्चिमाञ्चल साहित्य-कला-संस्कृति प्रतिष्ठान द्वारा आख्यान पुरुष उपाधिसहित सम्मान, श्री लूनकरणदास गङ्गादेवी चौधरी समहित्यकला मन्दिरद्वारा सरस्वतीसम्मान, गण्डकी बसुन्धरा पुरस्कार (२०५०), मधुपर्क सम्मान, गरिमा सम्मान, बी. पी. कोइराला राष्ट्रिय पुरस्कार, 'स्वर्ण सूत्र सम्मान' आदि अनेकानेक मान-सम्मान पाएका गौतम नेपाली साहित्यका मूर्धन्य व्यक्तित्व र विलक्षण प्रतिभा हुनुहुन्छ । स्मरणीय छ कि जीवनको अस्सीऔं वर्षमा प्रवेश गरेको अवसरमा श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिरद्वारा भव्य कार्यक्रमको आयोजना गरि उहाँलाई 'आविष्कारी आख्यानकार' उपाधिद्वारा विभूषित गरियो ।

गौतमका चारवटा सहलेखनका उपन्याससँगै ३२ वटा उपन्यास, ५ वटा संस्मरण । ८ वटा कथासङ्ग्रह, ७ वटा नाटक र एउटा कवितासङ्ग्रह गरी ५३ वटा कृतिहरू प्रकाशित भइ सकेका छन् । अझ नियात्रा र सूत्र उपन्यासमा पनि उहाँले सफलतापूर्वक कलम चलाउनुभएको छ ।

तटस्थता : असफलता (२०२०) उहाँको पहिलो रचना हो । उहाँका उपन्यास कृतिहरू छन्- अन्त्यपछि, आकाश विभाजित छ (संयुक्त), डापी, कट्टेल सरको चोट पटक अलिखित, निमित्त नायक, एक सहरमा एक कोठा, देहमुक्त (संयुक्त), अवतार विघटन, स्व. हीरादेवीको खोज, ज्यागा (सहलेखन) दुबिधा, अग्निदत्त+अग्निदत्त, फूलको आतङ्क, तथाकथित, बालुवामाथि, सातो आदि

उहाँका कथासङ्ग्रहहरू छन्- अंध्यारो द्वीपमा, गौतमका केही प्रतिनिधि कथाहरू, संरक्षक, ध्रुवचन्द्रका एकाउन्न कथाहरू, साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोण, पहिलो प्रेमको संस्मरण आदि ।

यस्तै उहाँका नाटक कृतिहरू छन्- त्यो एउटा कुरा, भस्मासुरको नलिहाड, श्रीकृष्ण लीला आदि ।

वेद, पुराण, इतिहास, विज्ञान, पौर्वात्य तथा पाश्चात्य दर्शनका ज्ञाता गौतमका सम्पूर्ण कृतिहरूमा जीवन-जगत्का सूक्ष्म अवलोकन गर्दै समाजका घृणित, कुत्सित् यथार्थका चित्रण छन् तर सामाजिक, राजनैतिक, धार्मिक, सांस्कृतिक यी विकृत्तिहरूलाई नवीन शिल्प, शैली अँगालेर कलात्मकरूपमा प्रस्तुत गर्नु उहाँको विशेषता रहेको छ । अस्तित्ववादी दर्शनलाई विविध शिल्पको प्रयोग गरी उहाँ समाजमा आशा र विश्वासका सञ्चार गर्दै उदात्त जीवन-निर्माणतर्फ उद्वेलित र प्रेरित गर्नुहुन्छ ।

देशमा व्याप्त गरिबी, अशिक्षा, अन्याय, भ्रष्टाचार, शोषण, असमानता, बेरोजगारी, आदि युगीन नग्न यथार्थलाई उहाँ आफ्ना कृतिहरूमा नयाँ-नयाँ बिम्ब, प्रतीक, व्यङ्ग्य, स्वैरकल्पना आदि प्रयोग गरेर पूर्ण कौशलताका साथ हुबहु उतार्नु हुन्छ र अत्यन्त कलात्मकताका साथ समाज परिवर्तन गरेर आदर्श समाजको प्रतिष्ठापनका लागि आशावादी आदर्श, सन्देश दिनुहुन्छ, समाजलाई सकारात्मक सोच प्रदान गर्नुहुन्छ, नयाँ जोश जाँगर प्रदान गर्दै स्वस्थ समाजको परिकल्पना साकार गर्नुहुन्छ । अमानवीय प्रवृति विरुद्ध स्वस्थ जीवन निर्माणतर्फ अगाडि बढ्ने सन्देश उहाँका कृति हरूले प्रदान गरेका छन् ।

उहाँका कृतिहरूमा आफ्नो माटोको सुगन्ध फिजिएको छ । उनको हरेक कृतिमा नेपाली माटोको सुगन्ध प्रवाहित छ, नेपाल, नेपाली र नेपाली साहित्य प्रतिको माया अविरल रूपमा बगिरहेको छ ।

ध्यान दिने कुरा यो छ कि आफ्नो कृतिहरूमा उहाँ आफ्नो जन्मथलो वीरगन्जलाई विशेष मायासहित गाँसनु हुन्छ । वीरगन्जमा व्यतीत आफ्नो जीवनको बाल्यकालका संस्मरणहरू, सन्दर्भहरूमा गाँसनु हुन्छ, वीरगन्जमा बोल्ने भोजपुरी भाषाप्रति पनि उहाँको विशेष

प्रेम अनायास नै झल्किन्छ । एउटा सफल आञ्चलिक उपन्यासकार जस्तै उहाँका कैयौं कृतिहरूमा वीरगन्जका रहन-सहन, कला-सभ्यता, धर्म-संस्कृतिलाई कुशल चित्रण गरिएको छ । आफू पनि वीरगन्ज निवासी भएको हुनाले उहाँका यस प्रवृतिप्रति नतमस्तक हुन मन लाग्छ ।

हिमाल, पहाड, तराईका जन-जीवनलाई समेट्दै, समग्र नेपाललाई प्रस्तुत गर्दै, मनोविज्ञान, प्रयोगधर्मिता, हास्य-व्यङ्ग्य चेतना र विविध शिल्पका नयाँ प्रयोग गर्दै, मानवतावादका उद्घोष गर्दै विराट् साहित्यिक व्यक्तित्व बोकेका डा. ध्रुवचन्द्र गौतमज्यूले समाजलाई जुन नयाँ ऊर्जा, नयाँ जीवन-दर्शन प्रदान गर्नुभएको छ, त्यो स्तुत्य छ, श्रद्धेय छ । ■

जिन्दगी
एक यात्रालाई नियाल्दा

प्रकाशोन्मुख कृति जिन्दगी एक यात्रा कवितासङ्ग्रह पढेपछि कवयित्री सपना लामिछानेभित्रका हार्दिक संवेदनासँग साक्षात्कार गर्ने क्रममा निरन्तर आनन्दको अनुभूति भयो मलाई । प्रस्तुत सङ्ग्रह लामिछानेजीको पहिलो कविताकृति हो । यसमा ४५ कविताहरू समाविष्ट गरिएका छन् । युगीन चित्रणमा सफल यी कविताहरूमा सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक र राजनीतिक परिवेश प्रभावपूर्ण ढङ्गले अभिव्यक्त भएका छन् :

हराएको छ शान्ति
चलेको छ द्वन्द्वको खेती
सारा संसार शान्तिका विरूद्ध
विद्रोह छेडिरहेछ ।

लोभ, लालच र मोहको
अग्लो पहाड बनाउँदै
लम्किरहेछन् मान्छेहरू ।

यी कविताहरूमा राष्ट्रियताको प्रबल भावना मुखरित भएको छ ।

हिमाल पहाड तराई अनि
लेक-बँसी विशाल
अनेक थरी फूल फुल्ने
मेरो देश महान् ।

तर देशमा व्याप्त अनेकता, भ्रष्टाचार, अन्याय, अशान्ति र असमानता देखेर कवयित्रीको हृदय अत्यन्त दुःखी र विक्षिप्त बन्न पुगेको छ :

हिमाल, पहाड, तराईमा शान्ति फुल्नुपर्छ
हत्या, हिंसा, आतङ्कको अन्त हुनुपर्छ ।

कवयित्रीका अनुसार वीरता नै हामी नेपालीको पहिचान हो । त्यसैले कवियत्रीको भावना यसरी प्रकट हुन्छ :

गोर्खाली भनी चिन्दछन् हामीलाई
संसार विश्वमा
खुकुरी राम्रो गौरव हाम्रो
नेपालको पहिचान ।

दुःखको विषय हो कि आफ्नो गरिमा र गौरव बिर्सेर नेपाली जनता अन्याय, अत्याचार, भ्रष्टाचारतर्फ लम्किरहेका छन् । देश जलिरहेको छ, देशमा शान्ति व्यवस्था मरिरहेको छ, मानिसले मानिसलाई नै मारिरहेको छ । नेपाल र नेपालीले भोग्नुपरेका असह्य दुःखप्रति चिन्ता गर्दै कवयित्रीले देश हाँक्नका लागि सशक्त आह्वान गरेकी छन् ।

देशलाई देश बनाउन
तिमी कम्मर कसेर लाग्नुपर्छ ।

राष्ट्रप्रतिको दायित्वबोध र कर्तव्यबोधले परिपूर्ण यी कवि(वताहरूमा अन्तर्राष्ट्रिय विषयवस्तुलाई पनि क्रान्तिकारी र विद्रोही चेतका साथ सशक्त ढङ्गबाट उतारिएको छ :

रात जति नै क्रूर भए पनि
बिहानी अवश्य हुनेछ
आशा गर नयाँ जीवन दिन
म मानवताको गीत बन्नेछु ।

विश्वमा व्याप्त अन्धकार र अशान्ति निर्मूल गर्नका लागि कवयित्रीका आशावादी विचार र उद्‌बोधन स्वागतयोग्य छ । कवयित्रीको भनाइ छ कि, हाम्रो मानवजीवन बहुमूल्य छ, बुद्धि र विवेकपूर्ण ढङ्गले त्यसको रक्षा गर्दै हामी कर्मपथमा हिम्मत र इमानदारीका साथ अगाडि बढ्नुपर्छ ।

यस सङ्ग्रहका कविताहरूमा विषयको विविधता पाइन्छ ।

देशप्रेम प्रकृतिप्रेम, मानवप्रेम, सामाजिक विकृत्ति, विसङ्गत्ति, सांस्कृतिक, धार्मिक, राजनीतिक, वातावरणीय प्रदूषण आदि विविध पक्षहरूलाई केलाउँदै कविताका माध्यमबाट सचेत हुन आग्रह गरिएको छ । यस्तै नारीको दीनहीन अवस्था, गरिबी र अभावप्रति यूगबोधका सचेत प्रवृत्ति पनि प्रस्टरूपमा देखिन्छन् । विश्वबन्धुत्व, मानवतावाद र विश्वशान्तिलाई केन्द्रमा राखेर कवयित्रीले आफ्नो मनोभावनालाई व्यापक तुल्याएकी छन् । सबल शब्दहरूमा कवयित्रीको आह्वान निश्चय नै सराहनीय र अनुकरणीय छ ।

नयाँ युग
नयाँ सम्बन्ध
नयाँ चेतना
नयाँ मूल्य
र नयाँ मान्यता
यूग-युगलाई देखाउन
मित्रताको नयाँ परिभाषा कोरौं ।

जीवनमा आरोह-अवरोह, सुख-दुःख अवश्यम्भावी छ । जन्म-मृत्यु, जीवनका शाश्वत सत्य हुन् । उहाँले आफ्ना कवितामा कतिपय गम्भीर कुराहरूलाई सहज ढङ्गले व्यक्त गर्नुभएको छ ।

'कहिले सग्लो कहिले अग्लो जिन्दगीको यात्रा
कहिले दुःख, पीर, व्यथा कहिले खुसी हाँसो'
'जीवन भन्ने यस्तै रहेछ कर्मको नै खेला ।
दुःख-सुख भन्दाभन्दै जीवन बितिजान्छ ।

अतः यस मानवजीवनलाई उपयोगी र परोपकारी बनाउँदै हामी मानवका सेवामा साधनारत हुनुपर्दछ । मानवसेवालाई सर्वोपरि मानेर आत्मचिन्तन गर्दै मानवकल्याणका लागि आफ्नो जीवन लगाउन आग्रह गर्दै कवियत्री कवितामा भन्नुहुन्छ :

सबै चीज हारे पनि मानवताले जिते पुग्छ
मानवताको माया, मोह आत्माभित्र साँचे पुग्छ ।

मान्छेभित्रको मान्छेपन हराउँदै गएकोमा चिन्ता व्यक्त गर्दै कवयित्रीले आफ्नो क्षुद्र सङ्कीर्णता र स्वार्थलाई त्यागेर मानववादी भावनालाई अंगाल्न आग्रह गर्नुभएको छ । यस्तै नेपाल छोडेर विदेशमा गएर बस्ने लाखौं करोडौं नेपालीका जटिल अवस्था र समस्याहरूलाई पनि सङ्ग्रहका कवितामा अत्यन्त मार्मिक ढङ्गबाट देखाइएको छ ।

आफूलाई बेचिरहन्छ
बेहिसाब विदेशमा ।

प्रकृतिका सुन्दर र सम्पूर्ण प्रकृतिजगतका सम्पूर्ण प्राणी र समस्त प्रकृतिका रमणीय वातावरणको चित्रण गर्दै कवयित्रीले संसारलाई नै स्वर्ग बनाउने कामनाका साथ पृथ्वीको जयजयकार गर्नुभएको छ :

रोग हटोस्
शोक नपरोस्
मुस्कान होस्, सबैको ओठमा
बिहानीको सूर्योदयजस्तै ।

पृथ्वीका सबै प्राणीमा समानता, शान्ति, खुसी र आत्मीयता होस् भन्ने कामना गर्दै कवयित्रीले महिमामयी आमालाई श्रद्धा र नमन गर्नुभएको छ । पुरूषलाई जन्म दिने नारी जगत्जननी हुन् । नारी शक्ति हुन् । नारी साहस हुन् । नारी सृजना र शक्ति हुन् । आमाले दिएको संस्कार, शिक्षा, ज्ञान र आशीर्वाद हामी सबैको रगतमा बगिरहेको छ । आमा नै हाम्रो प्राण र शक्ति हुन् तर नारीको दुर्दशा, आमाको दुःख र नारीजातिका दीनहीन अवस्था देखेर कवयित्री आक्रोशित हुनुभएको छ:

ए ! नारीलाई अपहेलना गर्नेहरू
के नारीविनाको संसार
कल्पना गर्न सक्छौ ?

यस सङ्ग्रहमा समाविष्ट व्यक्तिगत प्रेमानुभूतिका फरक कविताहरू पनि त्यत्तिकै मर्मस्पर्शी छन् । वियोगको दुःखद परिस्थितिमा सम्झनाका कविताले पाठकको मन पगाल्न सफल हुने देखिएको छः

तिमीसँग भएको हौसलाको उच्च पहाड
सकारात्मक चिन्तन जोसिलो प्रतिबद्धता
खुसी र आनन्दको वर्षा कहिले पनि बर्सिन सक्दिन

यसरी अत्यन्त सरल र सहज भाषामा वियोगान्त अनुभूतिहरू अभिव्यक्त भएका छन् । दिलको अति गहिराइसम्म पुग्नेगरी हरेक नारीको मन-व्यथालाई विह्वल पारेको छ -

शून्य शून्य लाग्छ
पानीविनाको
माछाजस्तै
खोक्रो बनेको छ
मन र मुटु

कवयित्रीका आत्मपरक अभिव्यक्तिमा पनि त्यत्तिकै प्रवाहमयता छ । नारी सुलभता, शिष्टता र नारीको मर्यादाले कृतिको गौरव बढाएको छ । प्रेमको अनन्तता र व्यापकता प्रतिपादन गर्ने प्रस्तुत कविताहरूले सरल र सुबोध भाषा अँगालेका छन् । एउटा उदाहरणः

'माया विशाल हुन्छ, अमर हुन्छ
समुन्द्रजस्तै अथाह, उसको सीमा हुँदैन ।'

समग्रमा नारी हृदयका कोमल भावना, सुन्दर कल्पना र उदात्त अनुभूतिले परिपूर्ण यी कविताहरूमा साधारणीकरण सामर्थ्यले विशेष भूमिका खेलेको पाइन्छ ।

राष्ट्रिय एकता, अखण्डता, युद्धको विरोध, शान्तिको चाहना विश्वबन्धुत्वको भावना र कवयित्रीका आशावादी जीवनदृष्टिले पाठक वृन्दका मन-मस्तिष्कलाई झङ्कृत गरेका छन् । हार्दिकताले परिपूर्ण

यी कविताहरूले हामी भित्रको सुषुप्त चेतनालाई जगाउन सफल भएका छन् ।

कवितामा प्रयोगमा आएका प्रकृतिका सुन्दर बिम्बहरू सराहनीय छन् । भावनामा प्रगाढता छ, अनुभूतिमा गहिराइ छ, शैली आकर्षक छ र प्रस्तुतिमा निख्खरता छ । जागरण, आध्यात्मिक चेतना र दार्शनिकताले परिपूर्ण यी कविताहरू प्रेरणादायी र सन्देशमूलक छन् ।

पुस्तकका शीर्षक सटीक, उपयोगी, सान्दर्भिक र प्रेरणादायी छ ।

प्रस्तुत पुस्तक सूचक प्रकाशनबाट प्रकाशन भएको छ । सूचकले विगत लामो समयदेखि प्रतिभाहरूलाई सम्मान गर्ने, साहित्यिक कार्यक्रमहरू गर्ने र पुस्तकहरू प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिँदै आएको छ । सूचकले गरेका केही कार्यक्रमहरूमा म आफै पनि सहभागी भएकी छु । अझ बृहत् र परिपक्व कृतिको कामन गर्दै म कवयित्री श्री सपना लामिछाने र दीपक भेट्टुवाल (दीपसागर) मा उत्तरोत्तर प्रगतिको कामना गर्दछु । ■

अश्वत्थामा र अन्धायुग
एक तुलनात्मक अध्ययन

'युद्धको पूर्वपीडामै तिमी मानवता रच
मृत्युको एक झस्कामै तिमी अमरता रच ।'

-माधव घिमिरे

युगकविले सुन्दर युग र सुन्दर विश्वको निर्माण गर्छ, स्वर्णिम युग जन्माउँछ किनकि कवि युगद्रष्टा हुनुका साथै युगस्रष्टा पनि हुन्छ । एउटा असल कवि समाजमा व्याप्त कुरीतिहरू, अमर्यादा, असत्य, अनास्था, अविश्वास, क्रोध, प्रतिशोधजस्ता अमानवीय कुरूपताहरूका चित्रण गरेर समाजमा मर्यादा, सत्य, आस्था एवं विश्वासको स्थिति प्रतिष्ठापित गर्ने प्रयास गर्छ र दया, करूणा, ममता, सहयोग, सद्भावना र भातृत्वजस्ता भावनाको विकास गरेर सुन्दर, शान्त विश्व जन्माउने प्रयास गर्छ । नेपाली साहित्यका शिखर पुरूष कविवर माधव घिमिरे र हिन्दी साहित्यका श्रेष्ठ साहित्यकार (सुप्रसिद्ध कवि, कथाकार, नाट्य लेखक, निबन्धकार समालोचक, अनुवादक र सम्पादक) डा. धर्मवीर भारती यस्तै महान् कविहरू हुन् जसले आफ्नो कृतिहरूद्वारा नवयुगीन सचेतता एवम् विश्वजनीन मानवतावादी भावनालाई प्रश्रय दिनु भएको छ । कविद्वय माधव घिमिरे (जन्म वि.सं. १९७६) ले आफ्नो प्रसिद्ध कृति 'अश्वत्थामा' (प्रकाशनकाल वि.सं. २०५३) र धर्मवीर भारती (जन्म इ. सन् १९२६, मृत्यु सन् १९९७) आफ्नो बहुचर्चित कृति 'अन्धायुग' (प्रकाशनकाल- सन् १९५४) को सिर्जनाद्वारा आजका त्रसित, भयभीत, दिग्भ्रमित मानव-जीवनमा विश्वशान्ति, भातृत्व र मानवताका पुनर्स्थापना निम्ति सचेतताका भाव जाग्रत गरेर विश्वबाट युद्धोन्मुखी प्रवृतिलाई समाप्त गर्नुपर्छ भन्ने मङ्गलमय धारणा अभिव्यक्त गर्नु

भएको छ । 'अश्वत्थामा' र 'अन्धायुग' क्रमशः नेपाली साहित्य तथा हिन्दी साहित्यका प्रसिद्ध गीतिनाटक हुन् । यी महत्वपूर्ण कृतिहरूमा युद्धको विभीषिकाका भयावह चित्र प्रस्तुत गरेर युद्धको निरर्थकता लाई दर्शाउने सफल प्रयास गरिएको छ, युद्धको बिभत्सता र त्यसको दुष्परिणाम देखाएर विश्वबाट युद्धको भावना समाप्त गर्नका लागि आग्रह गरिएको छ । सचेतता प्रदान गरिएको छ । युद्ध प्रवृत्तिलाई निर्मूल पार्ने उद्देश्यले कविवर घिमिरेले अन्य संवेदनशील साहित्यकारहरूलाई पनि आफ्नो रचनाधर्मिताद्वारा युद्धको पूर्वपीडालाई उर्तानका लागि आग्रह गर्नुएको छ किनकि पीडाको बोधबाट नै पीडाको निरोध गर्न सकिन्छ । युद्धको पीडाबाट मुक्त हुन मनुष्यभित्र त्यस पीडाको पूर्वानुभूति जगाइनु जरूरी छ, त्यस पूर्वानुभूतिबाट हामीभित्रको चेत जाग्रत हुन्छ, अनि मात्र हामी युद्ध प्रति सचेत हुन्छौँ र यसरी भावी युद्धलाई रोक्न सक्नेछ । लगभग यस्तै भनाइ हामी धर्मवीर भारतीमा पनि पाउँछौँ ।

'अश्वत्थामा' र 'अन्धायुग' पौराणिक कथामा आधारित आधुनिक संवेदना र आधुनिक भावबोधले भरिएको बहुचर्चित कृतिहरु हुन् साथै कविद्वयका असाधारण मेधा र प्रतिभाका सुन्दरतम निदर्शन पनि । दुइटै कृतिका प्रेरणास्रोत 'महाभारत' भए पनि त्यसमा आधुनिक युग-बोध छ, समसामयिक समस्याहरूबाट जुझ्ने चुनौतिपूर्ण आह्वान छ । कालजयी एवं विश्वजनीनताका दृष्टिले यी दुइटै कृति अत्यन्त महत्वपूर्ण र प्रेरणादायी छन् र मानवजीवनलाई उज्वलमय पार्ने दिशामा सफल प्रयास हुन् ।

सामान्यतः पाँच अङ्कमा विभक्त 'अन्धायुग' को कथावस्तुमा महाभारतको उत्तरार्द्ध अर्थात महाभारतको अठारौँ दिनको सन्ध्या देखि लिएर प्रभास तीर्थमा कृष्णको मृत्युसम्मको घटनालाई समावेश गरिएको छ । यस्तै सात अङ्कमा विभक्त 'अश्वत्थामा' मा महाभारत युद्धको प्रसिद्ध योद्धा अश्वत्थामाको चरित्र-वर्णन छ । चिरञ्जीवी, युद्धापराधी ब्राह्मणपुत्र अश्वत्थामा आफ्नो विवेकहीनता र कुकृत्य

हरूको कारण उसको शिरको जन्मजात मणि कृष्णद्वारा झिकिन्छ र मणि झिकेको ठाउँमा कहिल्यै निको नहुने घाउ, कहिल्यै नमेटिने कलङ्क बोकेर प्रायश्चित्तस्वरूप अशान्त, पीडाको व्यथामा पिल्सँदै जीवनपर्यन्त भौतारिन्छ र प्रलयपर्यन्त भौतारिरहनेछ । युद्धापराधी अश्वत्थामाका यसै पीडादायक कथालाई यस कृतिमा बडो मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ ।

द्वितीय विश्वयुद्धपछि विश्वभरिमा विकृत्तिहरू, असङ्गतिहरू, मूल्यहीन भयावह परिस्थितिहरूबाट सम्पूर्णमानवजाति संत्रस्त र भयभीत भए । युद्धका विभीषिका र युद्धका आतङ्कबाट मानवको मानवपन समाप्त भइसक्यो, नैतिक-बोध हराइसक्यो, मर्यादा, आदर्श, दायित्व, मानवमूल्यजस्ता खोक्रा शब्दहरू मात्र बाँकी रहे । यस्तो विषम परिस्थितिमा मानवका मनुष्यता, जिम्मेवारी, अस्मितालाई पुनर्जीवित गर्दै, मानव-हृदयमा प्रेमको सञ्चार गर्दै घिमिरे र भारती जस्ता सजग कविहरूले युगको मागअनुसार 'अश्वत्थामा' र 'अन्धायुग' जस्ता युद्धविरोधी नाट्य-कृतिका रचना गरे । यी दुइटै कृति अतीतोन्मुखी भएर पनि पूर्णतः समकालीनता र आधुनिकताले परिपूर्ण छन् । यी कृतिहरूमा पुराणका दर्पणमा आजका तस्विर मात्रै देखाउँदैनन अपितु आउने भोलिका जीवन्त तस्वीर पनि उजागर गर्छन् । यी कृतिहरू युगविशेषको द्योतक नभए अतीत, वर्तमान, भविष्यलाई एकै साथ आफ्नो परिधिमा समाविष्ट गरिएको छ । यसै सन्दर्भमा कवि भारतीको भनाइ छ -

"उस दिन जो अन्धा युग अवतरित हुआ जग पर वीतता नहीं रह-रह कर दोहरता हैं ।"

साहित्यकार आफ्नो सुदूरव्यापिनी दृष्टिले आउने भविष्यका समस्याहरूलाई हेर्छ । कवि माधव घिमिरेले अश्वत्थामाको मार्मिक चित्रणद्वारा आजको सन्त्रस्त मानवतालाई प्रस्तुत गर्नुभएको छ साथै भावी मानवको भविष्यको पीडालाई पनि पहिले नै अनुभव गर्नुभएको छ र त्यस पीडालाई समाप्त गर्ने उद्देश्यले युद्धका विध्वंसात्मकताका

वर्णन गरेर, युद्धका दुष्परिणाम हामी समक्ष प्रस्तुत गरेर, अश्वत्थामाका पीडादायक चरित्र देखाएर, भविष्यमा मानिसले भोग्नुपर्ने कष्टदायी पीडाका सम्भावित चित्र प्रस्तुत गरेर, हामीलाई त्यो मर्मान्तक पीडालाई अनुभूत गराएर युद्ध नगर्ने प्रवृत्तिलाई प्रोत्साहित गर्नुभएको छ । कविवर माधव घिमिरेकै शब्दमा यथार्थमा यस युद्धको पीडा भोग्नपरे पनि भोग्नै नसकिने पीडा हो । त्यस युद्धको पूर्वपीडालाई कला र साहित्यमा उतार्न सकियो भने मानव जातिले भोग्न सक्नेछ र भावी युद्धलाई रोक्न सक्नेछ । त्यसर्थ युद्ध रोक्नको निम्ति अश्वत्थामा सिर्जनशील साहित्यकार हरूलाई निवेदन गर्छ –

"म युद्ध अपराधी हुँ युद्ध भोगेर दुःखित
तिमी विशुद्ध आत्मा हौ, युद्ध देखेर दुःखित
कवि तिम्रो सरङ्गीमा सधैं रोइरहन्छु म
यहाँ युद्ध रहुञ्जेल सधैं आइरहन्छु म"

युद्धका कारण जुन मानवीय मूल्य, आस्थाहरूको पतन भइरहेको छ, त्यसका कारण विज्ञानको उन्नति नै हो र विवेकहीनताको कारण वैज्ञानिक प्रगतिले आज हामीलाई रक्तपात, कुण्ठा, घृणा, प्रतिशोध, विकृति, भय, मूल्यहीनता, कुरूपता र विध्वंस मात्र दिएको छ, वास्तवमा यी समस्याहरूका समाधान साहित्यले मात्र दिन सक्छ र हाम्रो पथ-प्रदर्शन गरेर हाम्रो अन्धकारपूर्ण मार्गलाई प्रकाशान्वित गर्न सक्छ । कवि धर्मवीर भारतीको कथन यस सन्दर्भमा उल्लेखनीय छ – "विज्ञान की इस परिणति ने एक अजीव सी विषम स्थिति ला दी । इस सारे अभियन्ताका केन्द्रविन्दु था मनुष्य और वह एक विचित्र शून्यता में परिवर्तित हो गया । परिणाम सारे मूल्योंका अवमूल्यन–एक विराट अराजकता, एक घातक अन्धकारमय शून्य । मूल्यों के इस विघटन ने कैंसर की तरह मानवीयता को अन्दर से खोखला बनाना शुरू कर दिया । इसके पहले कि विज्ञान और दर्शन इस संकटका अनुभव करते, साहित्य ने इस संकटका एहसास कर लिया था ।"

द्वितीय महायुद्धका भयावह आणविक प्रयोगले विश्वलाई नै हतप्रभ, भयभीत र आङ्कित गरिदियो । यी त्रासदीपूर्ण घटनाहरूले विश्वका सजग साहित्यकारहरूलाई निकै संवेदनशील बनायो र विश्वका अनेक प्रबुद्ध साहित्यकारहरूले युद्धका विभीषिका र विनाश लीलाका वर्णन गरेर मानवसमाजलाई युद्धोन्मुखी प्रवृत्तिबाट सावधान गर्दै मानवका माङ्गलिक भविष्यतर्फ सचेत गराएको छ । द्वितीय विश्वयुद्धले प्रभावित देशहरूका मानवसमाज र वुद्धिजीवी वर्गलाई मात्रै सन्त्रस्त, भयभीत र सजग बनाएन बरु एसियाका लेखकहरु पनि युरोपका यस सङ्कटप्रति चिन्ताग्रस्त र जागरूक भए । यस सन्दर्भमा धर्मवीर भारतीले भन्नुभएको छ- "हम जो लेखक हैं, बुद्धिजीवी हैं, चिंतक हैं, मानव आत्मा के शिल्पी हैं, हमारे लिए इस संकटका ज्यादा अर्थ हैं. हमारे लिए तो प्रश्न यह हैं, कि सम्पूर्ण सभ्यता जिन मूल्यो पर आधारित थी वे झूठे पड् गए हैं । परिणाम यह हैं कि एक भयानक विघटन उपस्थित है..।" र यस विघटन र मूल्यहीनताको औषधी साहित्यमा सान्निहित छ । 'मानव मूल्य र साहित्य' का बारेमा आफ्नो विचारधारा अभिव्यक्त गर्दै डा. भारती भन्नुहुन्छ- "साहित्य की महत्ता और सामाजिक उपयोगिता इसी में हैं कि वह हमारी चेतना में बहुत गहरे उतर कर हमारी वृत्तियों का संस्कार करता हैं उन्हें एक उदात्त सामाजिकता प्रदान करता हैं... यदि साहित्य में यह शक्ति हैं कि वह हमारी वृत्तियों को सुसंकृत बनाता है तो वह साहित्य कल्याणकारी हैं ।"

साहित्यका यसै कल्याणकारी स्वरूपलाई उजागर गर्दै कवि भारतीले युद्धोत्तरकालीन परिस्थितिका वर्णनद्वारा आधुनिक युगबोध लाई झङ्कृत गरेका छन् ।

"युद्धोपरान्त
यह अन्धायुग अवतरित हुआ-
जिसमें स्थितियाँ, मनोवृतियाँ, आत्माएँ सब विकृत हैं
पथभ्रष्ट, आत्माद्वारा, विगलित

अपने अन्तर की अन्ध गुफाओं के वासी
यह कथा उन्ही अंधो की हैं
या कथा ज्योति की हैं, अन्धों के माध्यम से ।"

यी पङ्क्तिहरूले जहाँ महाभारतयुगका भयानक युद्धानुभूति लाई चित्रित गरेको छ त्यहीँ आधुनिक युद्धका जनविनाशक रूप पनि ।

महाभारतकालीन युद्धका पीडा कवि माधव घिमिरे र कवि भारती दुइटैले अन्तरको गहराइसम्म भोगेका छन् । अत्यन्त संवेदनात्मक रूपमा अनुभूत गरेका छन् त्यसैले दुःखी, पीडित, व्यथित भएर युद्धोतरकालीन परिस्थिति र वातावरणका सही मूल्याङ्कन गर्दै 'अश्वत्थामा' र 'अन्धायुग' जस्ता युद्धविरोधी नाट्य-कृतिहरूको रचना गरेका छन् । दुईटै कृतिमा कविद्वय घिमिरे र भारतीले स्पष्ट भनेका छन् कि मानव-जीवनका सुन्दर पक्षलाई युद्धको विभीषिकाले नष्ट गरिदियो र जन्म दियो अश्वत्थामालाई । 'अश्वत्थामा' र 'अन्धायुग' यी दुइटै कृतिका प्रमुख चरित्रका रूपमा चित्रित अश्वत्थामा एकतर्फ महाभारतकालको ब्रह्मास्त्र प्रहार गर्ने गुरू द्रोणाचार्यका एक मात्र पुत्रको रूपमा वर्णित छन् र अर्कोतिर अणु अस्त्र प्रहार गर्दाको पीडाले पीडित आधुनिक मानवको रूपमा। अश्वत्थामा जसको भित्रको कुरूपता आधुनिक मनुष्यको कुरूपता हो जस्को भित्रको पाशविकता आधुनिक मानवको पाशविकता हो ।

अश्वत्थामा रातको समयमा पाण्डवहरूको शिविरमा पसेर सुतिरहेका वेला ब्रह्मास्त्र प्रहार गरी द्रोपदीका पाँचै छोराहरूलाई मार्दछ । यत्ति मात्रै होइन उसले पाण्डव वंश नै नाश गर्ने उद्देश्यले उत्तराको गर्भ नाश गर्नका लागि ब्रह्मास्त्र प्रयोग गर्छ जसलाई कृष्णले रोके । यही महाभारतकालीन युद्धोन्मुखी परिवेशका दृश्य आजका आधुनिक युगीन युद्धको पनि हो । अश्वत्थामाले गरेका ब्रह्मास्त्र प्रयोग आजका अणु-बम विस्फोटको याद दिलाउँछ र हिरोसिमा र नागासाकीका दर्दनाक दृश्य हाम्रो अगाडि आउँछ ।

दुइटै कृतिमा वर्णित अश्वत्थामा पौराणिक पात्र भएर पनि आधुनिक मानवको पाशविक प्रवृत्तिको प्रतीक भएर हाम्रोसामु उपस्थित छ । आजको आधुनिक मानव पनि युद्ध-वृत्तिमा संलग्न भएको हुनाले अश्वत्थामाजस्तै युद्धका दारूण यातना भोग्दै सङ्घर्षपूर्ण जीवन जीउनका लागि विवश छ । कविद्वय घिमिरे र भारती अश्वत्थामाको कुरूपता र पाशविकताको कारण उजागर गर्छन् र अश्वत्थामालाई उसको भूल र अपराध स्वीकार्ने सन्देश दिन्छन्, महाभारतकालीन युद्धोन्मुखी परिवेशलाई चित्रित गरेर, अश्वत्थामाका पीडादायक जीवनलाई चित्रित गरेर कवि घिमिरे र भारतीले हामीलाई युद्धको विध्वंसताको चेत दिलाएर युद्धको प्रवृत्तिलाई समाप्त गर्ने प्रयास गरेका हुन, अस्त्रजन्य युद्धोन्मुख युगबाट सचेत गर्दै युद्ध रोकिनु पर्छ र यसका दुष्परिणामबाट सावधान हुनका लागि हामीलाई सचेत गराएका हुन् ।

दुइटै कृतिमा यसका बाहिरी स्वरूप हेर्दा ब्रह्मास्त्रको प्रयोगले उत्पन्न विनाशकारी र विध्वंसजन्य दुष्परिणामतर्फ सङ्केत गरिएको छ र प्राकान्तरले अणु शक्तिको प्रयोगले उत्पन्न हुने विकृत्तिहरु, विनाशहरूको वर्णन छ साथै कविद्वयले यो पनि भन्न खोजेका हुन कि यस्ता युद्धसंस्कृति र आत्मघाती मनोवृतिले जहाँ एकातिर पृथ्वीका उर्वर शक्तिलाई समाप्त गरिदिन्छ त्यहीँ मानव हृदयबाट ज्ञान, विवेक, बुद्धि आदि सद्‌गुणहरु पनि तिरोहित भएर जान्छ र मानवजीवन भयाक्रान्त भएर अन्धकारको गर्तमा खसि हाल्छ । 'अन्धायुग' मा युद्धसंस्कृतिले जन्माएका यी समस्याहरु बारे मूल्याङ्कन गरिएको छ-

"मैं हूँ व्यास
ज्ञात क्या तुम्हे हैं परिणाम इस ब्रह्मास्त्रका,
यदि यह लक्ष्य सिद्ध हुआ ओ नर पशु
तो आगे आनेवाली सदियों तक
पृथ्वी पर रसमय वनस्पति नही होगी

शिशु होंगे विकलांग और कुंठाग्रस्त
सारी मनुष्यजाति बौनी हो जाएगी___ ।"

अत: अन्धकारबाट प्रकाशतर्फ लैजाने दिशामा युद्ध रोक्नका लागि र युद्ध प्रवृत्तिलाई समाप्त गर्नकालागि कवि घिमिरेका आग्रह यी शब्दहरूमा अभिव्यक्त भएका छन्-

"पानी-पानी भनिरैछ क्वै काकाकुल झैं बनी
विश्वव्यापी पिपासा यो रोक्तिनौ किन हे सखी"

वैज्ञानिक आणविक सभ्यताका दुष्परिणामबाट कवि घिमिरे र कवि भारतीमा पूर्ण सचेतता छ । कविद्वयका अनुसार आजको युद्धोन्मुखी प्रवृति र नयाँ-नयाँ आधुनिकतम अस्त्र-शस्त्रले संसारमा मानवताको भावनालाई निर्मूल पारिरहेको छ, विश्व-बन्धुत्वको भावना लाई समाप्त गरिरहेको छ, मानवता दिग्भ्रमित भइरहेको छ, अणुशक्तिको दानव उन्मादित भएर सर्वत्र विनाशलीला गरि रहेको छ र मानवलाई विवेकहीन, अनास्थावादी र आत्माघाती मनोवृतिका सिकार बनाईरहेको छ । संसारको यस्ता दर्दनाक र भयावह स्थिति देखेर मानवतावादी कवि घिमिरे र भारतीका हृदय दु:खी र उद्विग्न हुन्छ र आफ्नो सिर्जनात्मकताद्वारा यी समस्याहरूका समाधान गर्ने प्रयास गर्छन ।

'अश्वत्थामा' को अतिरिक्त घिमिरेका 'शकुन्तला', 'मालती मङ्गले', 'देउकी', 'बालकुमारी' जस्ता अनेकानेक कृतिहरूमा पनि यी मानवतावादी भावना प्रचुरमात्रामा अभिव्यक्त भएको छ । उहाँका 'किन्नर-किन्नरी' का 'मान्छे मारी मान्छे बढाइँ', 'कल्लाई भेट्न आउलान् वीर' जस्ता कविताहरूमा युद्धका भयावह दुष्परिणाम र युद्धबाट प्राप्त अशान्ति, अव्यवस्था र अनास्थाको वर्णन गरेर, युद्धका विभत्स त्रासको चित्रण गरेर मानवतावादी भावनालाई प्रश्रय दिइएको छ । कवि घिमिरेका अनुसार आधुनिक विज्ञानले अधुनातम अस्त्र शस्त्रको निर्माण गरेर विश्वमा भय र सन्त्रासका सृजना गरेको छ-

"सक्तिन म बिजुलीले अणुलाई चिर्न,
सर्वनाशी विषकण बतासमा छर्न ।"

कवि भारती पनि युग-बोधले परिपूर्ण मानवतावादी कवि हुन्। उनका अनेकानेक कविताहरूमा युग-बोध र मानवतावादी प्रवृत्ति प्रचुर मात्रामा अभिव्यक्त भएको छ । 'अन्धायुग' को दर्शन पूर्णतः मानववादी हो । कविले "ढंढा लोहा" काव्य-संग्रहका यी पङ्क्तिहरूमा कवि-कर्त्तव्यलाई उद्‌बोधित गर्दै, आस्थाको शङ्खनाद फुँक्दै आफ्नो भावनालाई यसरी अभिव्यक्त गरेका छन्-

"ठहरो ठहरो हम आते हैं
हम नंई चेतना के बढ्ते अविराम चरण
हम मिट्टीकी अपराजित गतिमय सत्ता से
हम अभिशापों से मुक्त करेगें कविका मन ।"

वास्तवमा कवि घिमिरेले भनेजस्तो यस संसारमा सिर्जना जस्तो सुन्दर र मङ्गलमय अरू केही छैन ("सिर्जना जस्तो सुन्दर मैले देखिनँ क्यै पनि", कवि भारती पनि "सुनो मेरे मन हारो मत" भन्दै कवि जगत्‌लाई उद्‌बोधित गर्दै भन्नुहुन्छ-

"जब कोई भी व्यक्ति
अनासक्त होकर चुनौती देता है इतिहासको
उस दिन नक्षत्रों की दिशा बदल जाती है ।"

कवि घिमिरे पनि मानवमा आशा र आस्था जगाउँदै, मानव-मनका आँटलाई दृढ बनाउनका लागि आह्वान गर्दै यसरी प्रेरणा दिनुभएको छ-

"मान्छेले आँटे के हुन्न, चन्द्रमा पनि भेटिन्छ ।"

समासतः कविद्वय घिमिरे र भारतीले युद्ध पिपासाले ग्रस्त मानवलाई मानव-संहारको विनाशलीलाबाट बचाउनका लागि एउटा युद्धविहीन स्वस्थ, सुन्दर मानव-समाजको संरचना लागि अभिप्रेरित गर्छन् र विश्व-शान्तिको कामना गर्दै विश्व-बन्धुत्वको भावनालाई

प्रश्रय दिन्छन् ।

"विशाल धरती होओस् महामिलनको थला ।"

वास्तवमा मानव र मानव-मूल्यका प्रतिष्ठामा सहायक यी दुईवटै कृति 'अश्वत्थामा' र 'अन्धायुग' साहित्यका बहुमूल्य निधि हुन् र राष्ट्रिय स्तरमा मात्रै होइन अन्तराष्ट्रिय स्तरमा पनि यी कृतिहरूमा दिएको सन्देश प्रशंसनीय, अभिनन्दनीय र अनुकरणीय रहेको छ ।

यो हर्षको विषय हो कि विगत ११ फरबरी १९९९ का दिन राजकीय प्रज्ञा प्रतिष्ठानको मञ्चमा 'अन्धायुग' को मञ्चन भएको थियो र नाटकको सफल प्रस्तुतिले दर्शकलाई मन्त्रमुग्ध पारेको थियो । यस्तै 'अश्वत्थामा' को मञ्चन पनि भारतीय रङ्गमञ्चमा हुनुपर्दछ । उपरोक्त दुइटै कृति विश्वसाहित्यका उत्कृष्ट, प्रेरणादायी कृति हुन् जसले अंधकारग्रस्त विश्वलाई प्रकाश दिएर सही पथ-प्रर्दशन गर्न सक्छन् । निश्चय नै मानवता-परित्राणका लागि, विश्व-शान्ति र विश्व-एकताका लागि यी कृति असंदिग्धरूपमा अत्यन्त महत्वपूर्ण छन् । अतः विश्वका अन्यान्य भाषाहरूमा यी कृतिहरूका अनुवाद हुनु पर्दछ । "अश्वत्थामा" र 'अन्धायुग' जस्ता सक्षम, उपयोगी, शान्तिका सन्देशवाहक, लोककल्याणकारी कृति हरूका संरचना आज समयको माग र युगको आवश्यकता हो । ■

सार्क–साहित्यमा
महिला साहित्यकारहरूको योगदान

विश्वका विभिन्न देशवासीहरूका बीच भाषा, जाति, वर्ण, लिङ्ग र धर्म आदिको आधारमा विभिन्नता भए तापनि मानव-हृदय र मानवचेतनामा प्रायः समानता नै देखापर्दछ । सार्क-साहित्यमा अभिव्यक्त मानव-मन पनि अनेकौं विविधताका बावजुद विश्वमानव एकतालाई नै अभिव्यक्त गर्दछ । मानवहृदयका यस एकतालाई सुदृढ गर्ने दायित्व साहित्यकारहरूको हुन्छ । यो सन्तोषको विषय हो कि सार्क साहित्यकारहरु आफ्नो सिर्जनात्मकता र रचनाधर्मिताद्वारा सार्क देशहरूका बीच भावनात्मक एकतालाई सुदृढ गर्ने दिशामा प्रयत्नशील छन् ।

अझ गहिराइले हेर्ने हो भने सार्क देशहरूको राजनैतिक, सामाजिक, धार्मिक, आर्थिक र सांस्कृतिक परिस्थितिहरु प्रायः समान नै छन् । सार्क देशहरूको समस्या पनि समान नै छन् । गरिबी, भोकमरी, अशिक्षा, असमानता, असुरक्षा आदि सार्क देशहरूका ठूला समस्याहरु हुन् । यद्यपि हाम्रो इतिहास र हाम्रो सभ्यता हाम्रो प्रेरणाको स्रोत हो । हामीलाई आफ्नो कला, संस्कृतिप्रति गर्व छ, आफ्ना धर्म र दर्शनप्रति हामी आस्थावान छौं तर सार्क क्षेत्र अर्थात सार्क देशहरूको विशाल खण्ड, जहाँ हामीहरु विपुल अभावका बीच परस्पर बाँधिएका छौं । हाम्रो सार्क देशहरूमा भोजनको अभाव, औषधीको अभाव, शुद्ध पानीको अभाव, शान्तिको अभाव, प्रेम र खुसीको अभाव, आपसी समझदारीको अभाव, यति मात्रै होइन, हामीमा परस्पर विश्वासको अभाव पनि छ जो हामीलाई निरन्तर कमजोर र खोक्रो बनाउँदै गइरहेकोछ ।

सार्कसाहित्यमा पुरुषजस्तै महिलालेखनको दायरा पनि अत्यन्त विशाल र व्यापक छ । परिवार, समाज, देश र सम्पूर्ण

विश्वको समस्याहरूलाई महिलालेखनले पनि उत्तिकै संवेदनशीलता र गहिराइपूर्वक अङ्कित गर्ने कोसिस् गरेको छ जतिको पुरूष लेखनले । सार्क नारीसाहित्य जीवन र जगत्का विभिन्न समस्या हरूलाई लिएर अधिक मात्रामा लेखिँदै छ, नारी-पुरूष- सम्बन्धको नयाँ मूल्याङ्कन हुँदै छ, नारी-अधिकारका प्रश्न उठिरहेको छ तर विशेषरूपले दाम्पत्य-जीवनका आधुनिक जटिलता, विवाह-सम्बन्ध-विच्छेद्बाट उत्पन्न भएको समस्याहरू, नारीका दयनीय सामाजिक स्थिति, पुरूषका एकाधिकारिक मानसिकता र विभिन्न स्तरमा जीवन-यापन गरिरहेका नारीपुरूष-सम्बन्ध त्यस कारण समाजमा व्याप्त दु:ख, कुण्ठा, निराशापूर्ण परिस्थिति र परिवेशलाई सार्क महिला-साहित्यकारहरू विश्लेषित गर्ने प्रयास गरिरहेको छन् । आधुनिक नारी शिक्षा, पाश्चात्य साहित्य र विचार दर्शनको प्रभाव, वैज्ञानिक उन्नति र बदलिँदो युग-मान्यताका कारण समाजप्रति, प्रेमविवाहप्रति नारीसाहित्यकारको दृष्टि परिवर्तित भई रहेको छ । वर्तमान जीवनलाई आधुनिक नारी साहित्यकारले एउटा चुनौतीको रूपमा स्वीकार गरेका छन् तथा स्पष्टरूपमा लैङ्गिक समानताको कुरामाथि जोड दिइरहेको पाइन्छ । आधुनिक जीवनमा व्याप्त, रिक्तता, भटकाव, अजनवीपन, सम्बन्ध विच्छेद्बाट पाएको विषादमय मन:स्थिति र परिस्थितिको अत्यन्त नै सजीव चित्रण यी महिला साहित्यकारहरूद्वारा गरिएको पाइन्छ । सार्क साहित्यका विविध विधाहरूमा । (खास गरेर कथा, उपन्यास र कविता) महिला साहित्यकारहरूले जीवनलाई एक नयाँ दृष्टिकोणले मनोवैज्ञानिक, यथार्थवादी ढंगले हर्ने प्रयास गरि रहेको पाइन्छ । उल्लेखनीय कुरा के छ भने, बाह्य वातावरण भन्दा व्यक्तिको मनको चित्रण यिनी हरूद्वारा अत्यन्त प्रभावशाली ढङ्गले प्रस्तुत भएको छ र आधुनिकता तथा युगबोधका प्रश्नहरूलाई यिनीहरूले बढी सबल ढङ्गले उठाएका छन् ।

सार्क देशहरूको बीच यद्यपि क्षेत्रीय र राष्ट्रिय स्तरमा आफ्नो-आफ्नो समस्याहरू छन्, तापनि देश र परिवेश, शिल्प, भाषा

र शैलीमा विभिन्नता भएता पनि सार्क महिला साहित्यकारहरूको हृदयको ढुकढुकी एउटै प्रतीत हुन्छ । एउटा सच्चा साहित्यकारका लागि देश र कालको सीमा नै हुँदैन । यदि ध्यानपूर्वक सार्क महिला साहित्यकारहरूका साहित्यबारे अध्ययन गर्ने हो भने सार्क महिला साहित्यकारहरूको केही सामान्य प्रवृत्तिहरू यस प्रकार देखिन्छ-

१. गरिबी, भोकमरी र अभावपूर्ण जीवनको चित्रण
२. परम्परागत मूल्यप्रति अनास्था
३. सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक, सांस्कृतिक विकृत्तिहरू प्रति आक्रोश तथा विद्रोही भावना
४. युग-बोधप्रति जागरूकता
५. व्यक्तिगत पीडा, अभाव, दुःख, निराशा एवम् सन्त्रासका अभिव्यक्ति
६. पारिवारिक कलह, निसास, बेचैनी, विवशताको अभिव्यक्ति
७. नारी स्वतन्त्रता, समानता तथा अधिकार-प्राप्तिका लागि क्रान्तिका आह्वान
८. धार्मिक अन्धविश्वासप्रति सजगता र यत्र-तत्र ईश्वरप्रति अनास्था र उदासीनता
९. सहरी जीवनका समस्याहरू र जटिलताको अभिव्यक्ति
१०. राष्ट्रिय भावनाका चित्रण
११. पाश्चात्य प्रभावको कारण प्रेममा स्वतन्त्रताको माग
१२. नारीहृदयभित्रका दमित काम-वासना, यौन-भावनाको अभिव्यक्ति
१३. पति-पत्नीका बीच सम्बन्ध-विच्छेद्को समस्या र यसकारण बच्चाहरूमाथि परेका दुष्प्रभावका वर्णन
१४. शिक्षाप्रति जागरूकता
१५. पारिवारिक तनाव र छरपस्टताको समस्या
१६. राष्ट्रियताका साथ-साथ अन्तर्राष्ट्रिय जीवनका दुःख दैन्यका चित्रण
१७. युद्धको विभीषिकाबाट त्रस्त मानवताको समस्या र अतिशय

वैज्ञानिक उन्नति र त्यसका दुरूपयोग र त्यस दुष्परिणामबाट त्रसित जन-जीवन र यसका जटिलता

१८. विश्व-प्रेम, विश्व-शान्ति र विश्व-एकताको कामना
१९. नारी अस्मिताको रक्षाको प्रश्न, समस्या र समाधान
२०. भावाभिव्यक्तिका लागि नयाँ शैली, नयाँ संरचना पद्धति, नयाँ-नयाँ बिम्ब तथा उपमानद्वारा नवीन शब्दहरू र नवीन प्रतीकहरूको प्रयोग इत्यादि

सार्क क्षेत्रका महिलाहरू आफ्नो विभिन्न स्वरूपद्वारा लोकमङ्गलको पवित्र भावनालाई प्रश्रय दिंदै आइरहेको पाइन्छ । पत्नीको रूपमा, प्रेयसीको रूपमा, सहधर्मिणीको रूपमा, आमाको रूपमा महिलाहरू महान् त्याग, महान् आदर्श र महान् सेवाका व्रत लिएर आफ्नो प्रेरणादायी स्वरूपमा, सामाजिक उत्थानमा सदैव सहयोग गर्दै आइरहेका छन् । सार्क महिला साहित्यकारहरूले नारीका आदर्श स्वरूपको वर्णन गरेर समाजलाई नयाँ चेतना प्रदान गरेका छन् । नेपालकी प्रसिद्ध कवयित्री स्व. चाँदनी शाहबाट नारीको महिमामयी स्वरूपलाई आफ्नो कविताहरूमा प्रस्तुत गर्दै मानवतालाई एकसूत्रमा बाँध्ने प्रयास गरिएको छ । आमाको निःस्वार्थ, त्यागपूर्ण, विशाल हृदयलाई हाम्रोअगाडि चित्रित गरेर कवयित्रीले जन-मानसलाई उद्‌बुद्ध गर्ने सफल प्रयास गरेको पाइन्छ ।

चाँदनी शाहको प्रसिद्ध कविता "आमा भएर बाँडी हेर" मा आमाको विशाल हृदयको गहिराइ, व्यापकता, निःस्वार्थता र पवित्रता जस्ता उदात्त भावनाहरूका वर्णन गरेर जनमानसलाई पथ-प्रदर्शन गर्ने कार्य र "सर्वे भवन्तु सुखिनः" का व्यापक भावनालाई समाजमा व्याप्त गर्ने प्रशंसनीय कार्य गरिएको छ । पाकिस्तानी कवयित्री फहमीदा रियाजद्वारा पनि पवित्र मातृत्वप्रति आफ्नो श्रद्धा व्यक्त भएको छ तथा आमालाई बारम्बार नमन गरेको छ, जसले उसलाई जीवन र ज्योति दुइटै प्रदान गरेको छ । भारतीय कवयित्री सुनीता जैनको कवितासङ्ग्रह "जाने लड्‌की पगली" को पङ्क्ति-पङ्क्तिमा आमाप्रति अगाध श्रद्धा-अभिव्यक्त भएको छ साथै प्रस्तुत संग्रहका

असंख्य आमाहरूका मूक व्यथालाई चित्रित गरेर छोरा-छोरीलाई आमा प्रति तिनको कर्त्तव्य बारे ध्यान आकर्षित गराइएको छ । बङ्गलादेशी कवयित्री तसलीमा नसरीनको "मेरो आमाको कथा" ("आमार मायेर गल्प") मा आमाको हृदयको विशालता र उदारताको भव्य वर्णनमा आकाशको व्यापकता र धर्तीको सहनशीलता व्याप्त छ, जुन अत्यन्त नै हृदयस्पर्शी र प्रेरणादायी देखिन्छ ।

नारी पुरूषको अर्द्धाङ्गिनी हुन्छ, सुख-दुःखको सहभागिनी भएर जीवनपर्यन्त ऊ आफ्नो पतिलाई प्रेरणा-प्रोत्साहन प्रदान गर्छ । सार्कका महिला साहित्यकारहरूले नारीलाई प्रेरणाको अक्षय स्रोतको रूपमा चित्रित गरेको छ । नेपालीकी ख्यातिप्राप्त कवयित्री चाँदनी शाहका कविताहरूमा आफ्नो पतिलाई कहिले नेपाली सभ्यता, नेपाली संस्कृति, नेपाली धर्म-परम्पराको रक्षाका लागि आग्रह गरेको छ र कहिले अन्तर्राष्ट्रिय जगत्मा शान्तिको ध्वनि फिजाउनका लागि आफ्नो पतिलाई प्रेरणाप्रद उत्साह प्रदान गरेको पाइन्छ ।

सार्क महिला साहित्यकारको एउटै आवाज छ कि हामी महिलाहरू समाजमा शोषित छौं । पाकिस्तानी कवयित्री किश्वर नहीदले आफ्नो कविताहरूमा महिला समस्याहरूलाई स्वर प्रदान गरेको पाइन्छ । "Grass is also like me" शीर्षक आफ्नो कवितामा उनले भनेकी छिन् कि पुरूषप्रधान हाम्रो समाजमा नारी घाँसजस्तै कुल्चिएको र चारैतर्फबाट प्रतारणाको सिकार भएर जीवित रहनका लागि बाध्य भएको कुरा सार्क देशहरूमा सर्वत्र प्रस्ट देखिन्छ । नेपाली कवयित्री छिन्नलताले पनि 'हे घाँस आज म तिमी' शीर्षक कवितामा आफ्नो सहनशीलता, शीतलता र कर्तव्यनिष्ठा कहिले पनि छोड्दैन भन्ने कुरा स्पष्ट पार्नुभएको छ । सार्क महिला साहित्यकारहरूले नर-नारीको बीचको गहिरो असमानतामाथि गहिरो आक्रोश व्यक्त गर्दै नारी-शोषणका विरूद्ध जोरदार आवाज उठाएको पाइन्छ । पाकिस्तानी कवयित्री फहमीदा रियाज पनि हक नारी-स्वतन्त्रताका लागि आवाज उठाउँदै नारी अस्मितालाई खरिद-बिक्रीको चीज होइन भन्ने कुरा अभिव्यक्त गरेकी छिन् र

एकजुट भएर सङ्घर्षका लागि प्रेरित गरेकी छिन् । नर-नारी वीचको असमानता हटाउनका लागि सार्कका महिला साहित्यकारहरूले साहित्यको भूमिबाट जोरदार आवाज उठाएको सहजै देख्न सकिन्छ। बङ्गलादेशी कवयित्री सूफिया कमालले समाजमा असमानताको गहिरो खाडल देखेर ईश्वरसँग प्रश्न गर्छिन कि यो सुन्दर संसारमा यत्तिको असमानता, नर-नारीमा गहिरो विभेद किन छ ? पाकिस्तानी कवयित्री जेहरा निगाहले आफ्नो गजल र गीतहरूद्वारा महिला अधिकारप्रति सजगताको भावनालाई बडो प्रभावशाली ढङ्गले फिजाउनु भएको छ । उहाँको कवितासङ्ग्रह 'शामका पहला तारा' अत्यन्त नै लोकप्रिय भएको छ ।

सहरी जीवनको जटिलता र समस्यालाई भारतीय, नेपाली, पाकिस्तानी, बङ्गाली र श्रीलङ्काका महिला साहित्यकारहरूले निर्धक्क खुलेर चित्रित गरेको कुरा सार्क देशहरूमा कथा-कहानी-कविताद्वारा र विभिन्न साहित्यिक पत्र-पत्रिकाद्वारा टिप्पणीको माध्यमबाट खुलेर आउँछ । पाकिस्तानी कवयित्री परवीन शकीर तथा हिन्दी महिला कथाकार क्षमा शर्माले शहरी जीवन र महानगरको समस्याहरूलाई चित्रित गर्दै समस्याको निदानका लागि गम्भीरता पूर्वक विचार गर्नुपर्ने र यसतर्फ क्रियाशील हुनको आवश्यकतामा जोड दिएको पाइन्छ ।

यसै प्रकार खोक्रो दूषित मनोवृत्तिहरू भएका पुरूषको सङ्कीर्ण, एकाङ्गी विचारधारामाथि सार्कका महिला साहित्यकार हरूद्वारा प्रहार गरिएको छ । मालदिभ्सकी अब्दुल्ला फाहुमी दीदी-पुरूषलाई भित्रबाट नै त्यत्तिकै शुद्ध र निष्कलुष हुन आग्रह गर्छिन् जति उनीहरू बाहिरबाट सौम्य, शालीन र सभ्य देखिन्छन् ।

मनुष्य हृदयको शाश्वत वृत्ति प्रेमको विविध रूपलाई पनि सार्क महिला साहित्यकारबाट चित्रित भएको छ । साथै यो पनि स्वीकार गरिएको छ कि आजको यो नयाँ युगमा प्रेमका उदात्त र भव्य स्वरूप विलीन हुँदै गइरहेको छ । नेपाली कवयित्री पारिजात र प्रेमा शाहबाट मलिन र क्रमशः महत्वहीन हुँदैगएको प्रेमको

पतनोन्मुख स्वरूपलाई चित्रित गरिएको छ भने भारतको हिन्दी कवयित्री गगन गिलको प्रेमपरक कविताहरु निजी अनुभूतिमा आधारित भए पनि युग-संवेदनलाई तीव्ररूपमा मुखरता प्रदान गर्नमा सफल भएको पाइन्छ ।

सार्क महिला साहित्यकारहरूले ईश्वरप्रतिको अन्धोभक्ति र अन्धविश्वास र ईश्वरप्रतिको खोक्रोपनलाई हटाउनको लागि सशक्त कलम चलाएको यत्रतत्र देखिन्छ । नेपाली कवयित्री पारिजातले भनेकी छिन् कि आजको विषम परिस्थिति र जटिलताहरूमा ईश्वर अशक्त देखापर्दछ । हिन्दी लेखिका नासिरा शर्माले 'सबीना के चालीस चोर' शीर्षक कहानीमा धर्मको नाममा भएको दङ्गाहरूलाई आधार बनाएर धर्मको खोक्रोपनलाई दर्साएकी छिन् तथा हिन्दु-मुसलमान एकतालाई मजबुत गर्ने सबल प्रयास गरेकी छिन् । बङ्गलादेशी लेखिका तसलीमा नसरीनले आफ्नो 'लज्जा' शीर्षक उपन्यासमा साम्प्रदायिकताको भावनालाई विकास गर्ने तर्फ जोर दिएकी छिन् तथा एउटा सुसंस्कृत, स्वस्थ मानवीय समाजको सुन्दर संरचनाका लागि हामीलाई प्रेरित गरेकी छिन् । भारतीय लेखिका अरूंघती रायलाई उहाँको प्रथम उपन्यास 'गड अफ स्मल थिङ्ग्स' का लागि ब्रिटेनको शीर्षस्थ साहित्यिक सम्मानबाट सम्मानित गरिनु वास्तवमा सम्पूर्ण सार्क महिला साहित्यकारहरूका लागि गर्वको विषय हो । रायले यस उपन्यासमा दक्षिण भारतमा व्याप्त जातिगत विषमताहरूसँग सङ्घर्ष गर्ने जुम्ल्याहा बच्चाहरूको व्यथा-कथा अत्यन्त मार्मिक ढङ्गले उजागर गर्दै समाजको सामुन्ने समस्या-समाधानका लागि नव चेतना फिँजाएकी छिन् । भारतको सशक्त महिला हस्ताक्षर सरोजनी नायडू आफ्नो कविताको माध्यमबाट समाजमा धार्मिक-सांस्कृतिक समन्वयका लागि सधैं सक्रिय रहिन् । आफ्नो कविता 'कल इवनिंग प्रेयर' मा उनले धार्मिक समन्वयका अपूर्व उदाहरण प्रस्तुत गरेर सार्क महिला साहित्यकार हरूको सम्मान उच्च धरातलमा पुऱ्याएकी छिन् । प्रसिद्ध पाकिस्तानी कवयित्री तथा लेखिका मुमताज शाह नवाजले पनि सदैव मानवीय

एकताका लागि प्रयास गरेकी छिन् । उनको 'दि हार्ट डिवाइडेड' उपन्यासमा विश्रृंखलित मानवलाई एकता तथा सहदयताको शुभ सन्देश दिएको छ बङ्गलादेशी प्रसिद्ध कथाकार तथा उपन्यासकार सेलिना हुसैनका अधिकांश उपन्यास नारी समस्याहरूमाथि नै केन्द्रित छन् तथा यी समस्याहरूको समाधानका लागि प्रयत्नशील छन् ।

भुटानी महिला कथाकार आशी कुन्जंग छोदन रोडरले आफ्नो लोकगाथाहरूका माध्यमबाट भुटानी महिलाहरूको संवेदनालाई अभिव्यक्ति प्रदान गरेकी छिन् । भुटानी महिलाहरूको आन्तरिक संवेदना धेरैजसो लोकगीत र लोकगाथाहरूमा अभिव्यक्त भएको पाइन्छ । भुटानी महिला साहित्यकारहरूको मूल प्रेरणास्रोत धार्मिक अनुभूति भएको हुनाले भूटानी महिला साहित्यकारहरूले देशप्रति सेवाको भावनासँग-सँगै मानवसेवाका भावनालाई प्रश्रय दिएको प्रशस्तै पाइन्छ ।

श्रीलङ्काका अधिकांश महिला साहित्यकारहरु धर्मको भावनाबाट वशीभूत भएर मानवसेवा तथा विश्व-बन्धुत्वको भावनालाई प्रसार गर्नमा प्रयत्नशील देखिन्छ साथै आधुनिक परिवेशलाई स्वीकार गर्दै आधुनिक जीवनको समस्याहरूलाई सही ढङ्गले चित्रित गर्नमा समर्थ देखा पर्दछन् । देशमा व्याप्त देशीय समस्याहरु, हिंसा, अन्याय, अत्याचार, असमानता तथा समाजका अनगिन्ती जीवन्त समस्याहरु र सामप्रदायिक भावनाहरूसँग सङ्घर्ष गरेर मानवतावादी भावनालाई प्रश्रय दिनका लागि श्रीलङ्काका महिला साहित्यकारहरूले आफ्नो सशक्त आवाज उठाएको पाइन्छ । श्रीलङ्काका प्रसिद्ध कवयित्री विमलरत्ना कुमारगमले 'दि प्रीजन' शीर्षक आफ्नो कवितामा हंथिनीको मृत्युले जुन मार्मिक भावोद्‌गार अभिव्यक्त गरेकी छिन् त्यो हरेक संवेदनशील व्यक्तिका लागि दया, ममता, भातृत्वको भावनालाई प्रश्रय दिने स्रोतको रूपमा देखिन्छ ।

नेपालका महिला साहित्यकारहरूबाट पनि समाजमा व्याप्त अन्याय, अत्याचार र असमानताको कारण प्राप्त पीडा, निराशा र

अवसादको सजीव वर्णन प्रशस्त मात्रामा भएको देखिन्छ । साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवजीवनको सुख-दुःखलाई पनि आफ्नो काव्यको विषय बनाइएको छ । भ्रष्ट राजनीति र प्राचीन रूढिवादी हरूको विरोधमा पनि धेरै कविताहरु नेपाली महिला साहित्यकार हरूद्वारा लेखिएका छन् । नारीको व्यथालाई प्रदर्शित गर्दै नारी-जागरणका लागि र समाजमा जन-जागृतिका लागि आह्वान गर्दै लेखेका नेपाली महिला साहित्यकारहरूका कविताहरु प्रभावशाली छन् । नेपालका अग्रगण्य चेतनशील कवयित्रीहरु गोमा, पारिजात, छिन्नलता, चाँदनी शाह, कुन्दन शर्मा, इन्दिरा प्रसाई, बेन्जु शर्मा, कुन्ता शर्मा, वानिरा गिरी, प्रेमा शाह, तोया गुरूङ्, मन्जु काँचुली, सरला विष्ट, शारदा शर्मा आदि हुन् । साथै केही अन्य प्रमुख कवयित्रीहरूमा सीता पाण्डे, उषा शेरचन, अरूणा वैद्य, भुवन ढुङ्गाना, पद्मावती सिंह, शुभ श्रेष्ठ, अनिता तुलाधर, उषा ठाकुर आदि हुन् ।

आधुनिक हिन्दी कविताको क्षेत्रमा महिला कवयित्रीहरूमा सुनीता जैन, गगन गिल, इन्दु जैन, उषा यादव, विनीता, शीला, गुजराल, तेजी ग्रोवर, संज्ञा सिंह, सरोजनी कुलश्रेष्ठ, शाकुंत माथुर, तारा पाण्डे, सुनीता शर्मा, हीरा देवी हेमलता, मिथिलेश कुमारी मिश्र, पद्मा सिंह आदिको नाम विशेष उल्लेखनीय रहेको छ । यस्तै भारतीय पंजाबी कवयित्री अमृता प्रीतम, डोगरी कवयित्री पद्मा सचदेव, बङ्गाली कवयित्री नवनीता देव सेन, मलयालम कवयित्री कमला दास तथा सुगाथा कुमारी आदिको योगदान अत्यन्त नै महत्वपूर्ण छन् । भारतीय कवयित्रीहरु आफ्नो कविताहरूको माध्यमबाट जातिगत सङ्कीर्णता र रूढिगत सामाजिक मनोवृत्ति विरूद्ध आफ्नो नयाँ दृष्टिकोण प्रस्तुत गर्दै शोषणमा आधारित व्यवस्थाप्रति, भाइ-भतिजावादप्रति, निरर्थक शिक्षा-पद्धति, निरोपयोगी सामाजिक मान्यताप्रति सशक्त आवाज उठाइरहेका छन् । जीवनका कलुषता, अशान्ति र विद्रोहलाई स्वर दिंदै यी नारी साहित्यकारहरूले आधुनिक जीवन र यसको जटिलताका वर्णनका साथै नारी जीवनका

विसङ्गतिहरु हृदयग्राही चित्रण गरेका छन् । यी भारतीय महिला कवयित्रीका काव्यमा नारी जागृतिका सन्देश छन् र सामाजिक दायित्वप्रति जागरूकताको भावना व्याप्त छ ।

आधुनिक हिन्दी उपन्यास र कहानी लेखिकाहरूमा मन्नू भण्डारी, मंजुल भगत, मृदुला गर्ग, मृणाल पाण्डे, उषा प्रियम्बदा, मीनाक्षी पुरी, प्रतिभा वर्मा, उषा महाजन, मालती जोशी, निरूपमा सेवती, कृष्णा अग्निहोत्री, चित्रा मुद्गल, अरूण सीतेश, उमा बरूआ, सुधा भटनागर, नीलिमा सिंह, कुसुम अंसल, दीप्ति खण्डेलवाल, मणिका मोहिनी, माया प्रधान, उमा अग्रवाल, शकुन्तला शुक्ल, चेतना, आशापूर्णा, वीणा सक्सेना, निर्मला बाजपेयी, कमला सिंघवी, सुनिता जैन, सिम्मी हर्षिता, अनिता आलोक, नमिता सिंह, सुमति अय्यर, क्रान्ति त्रिवेदी, कृष्णा, मैत्रयी, पुष्पा, सारा राय, क्षमा शर्मा, नासिरा शर्मा आदि महिला साहित्यकारहरूका नाम उल्लेखनीय छन् ।

मन्नु भण्डारीको कथा नारी-पुरूष द्वन्द्वले भरिएको छ । टुटेको दाम्पत्य जीवन र नारी-मानसिकताको उनले अत्यन्त नै मार्मिकता र सक्षमताका साथ चित्रित गरेकी छिन् 'आपका बंटी' उपन्यासमा उनले सन्देश दिएकी छिन् कि तलाक (वैवाहिक सम्बन्ध विच्छेद) ले जहाँ नारीलाई नयाँ जीवनको नयाँ अर्थ दिने प्रयास गर्दछ, पुरूषलाई जहाँ सामाजिक मुक्ति दिलाउँछ त्यहीँ सन्तानको रूपमा तलाकले भावी पुस्तालाई मानसिक रूग्णता पनि प्रदान गरेको छ । मंजुल भगत युवा पुस्तामा समर्थ हिन्दी लेखिका मध्ये प्रसिद्ध छिन् जसले आफ्नो परिवेशको विद्रूपता र क्रूरतालाई गहिरो संवेदना प्रदान गरेकी छिन् । मृदुला गर्गको रचनाहरूमा दाम्पत्य-जीवनको भारतीय परिवेशलाई प्रस्तुत गरिएको छ । मीनाक्षी पुरीले भारतीय उच्च माध्यमिक वर्गको पारिवारिक, सामाजिक स्थितिहरूलाई आफ्नो कथा लेखनको केन्द्र बनाएकी छिन् र प्रतिभा वर्माको रचनाहरूमा आजको घिनलाग्दो सामाजिक-राजनैतिक व्यवस्थाको यथार्थतालाई

जीवन्तरूपमा प्रस्तुत गरिएको छ । उषा महाजनका रचनाहरूमा नारी मनोदशाका सफल चित्रण भएको देखिन्छ । मालती जोशीले दाम्पत्य-जीवनलाई नै धेरै प्रकाशमा ल्याउने प्रयास गरेकी छिन् । चित्रा मुद्गलका कहानीहरू मानवीय भावनाहरूसँग गहिराइपूर्वक जुडेका छन् । मृणाल पाण्डेले नारी- जीवनका विसङ्गतिहरूका हृदयग्राही चित्रण गरेकी छिन् । सुनिता जैनको कहानीहरूमा पनि नारी-अर्न्तद्वन्द्वको मार्मिकतालाई पूर्ण अभिव्यक्ति दिएको छ ।

नारी-मनको अव्यक्त पीडाको मार्मिक वर्णनका साथै नारीमा समाजसुधारको चेतनालाई प्रश्रय दिने नेपाली महिला साहित्यकारहरू पनि महत्वपूर्ण र स्तुत्य प्रयास गरेको पाइन्छ ।

कथाकार पारिजात मनोवैज्ञानिक धरातलमाथि आधारित मानवजीवनको शून्य-बोधग्रस्त भावनालाई अभिव्यक्त गर्नमा अत्यन्त सक्षम र सिद्धहस्त देखापर्छिन् । उपन्यासको क्षेत्रमा उनको 'शिरीषको फूल' अत्यन्त नै महत्वपूर्ण मानिन्छ । मानव-मनका अन्तर्द्वन्द्व अभिव्यक्त गर्नमा पारिजातलाई असाधारण सफलता मिलेकोछ भन्नुमा अत्युक्ति नहोला ।

नारीको सामाजिक दयनीय स्थिति र नारी-मनको मनोवैज्ञानिक चित्रण गर्नमा कलाकार देवकुमारी थापाको नाम पहिलो पङ्क्तिमा आउँछ । कथाकार भागीरथी श्रेष्ठले पुरूषशासित समाजमा निरन्तर उपेक्षित नारीका विविध स्थिति र मनोदशाको सफल र जीवन्त चित्र प्रस्तुत गरेको पाइन्छ । गीता केशरी आफ्नो उपन्यासद्वारा सामाजिक यथार्थलाई स्पष्टतः प्रस्तुत गर्नमा पूर्ण सफलता प्राप्त गर्नु भएको छ । साथै नारी-जागरण, राष्ट्रिय चेतना तथा युग-बोधलाई जाग्रत गराउनमा उहाँले उल्लेखनीय योगदान दिनु भएको छ । उपन्यासकार भागीरथी श्रेष्ठ आफ्नो कथाहरू जस्तै आफ्नो उपन्यासमा पनि नारी जीवनका मनः स्थितिलाई सम्पूर्णताका साथ प्रस्तुत गर्नमा सफल देखिन्छिन् । नारीका विभिन्न दशाहरू तथा नारीमनका विविध प्रवृत्तिहरूलाई उनले प्रभावशाली ढङ्गले अभिव्यक्त गरेकी छिन् ।

नेपालका अन्य कथा-उपन्यास लेखिकाहरूमा माया ठकुरी, इन्दिरा प्रसाई, अनिता तुलाधर, भुवन ढुङ्गाना, पद्मावती सिंह, सीता पाण्डे, शान्ता श्रेष्ठ, प्रेमा शाह, बेञ्जु शर्मा, मन्जु काँचुली, शुभ श्रेष्ठ, रन्जुश्री, कल्पना-प्रधान, शारदा शर्मा, बाबा बस्नेत, सुधा बस्नेत, सुधा त्रिपाठी, सुस्मिता नेपाल, हिरण्यकुमारी पाठक आदि उल्लेखनीय नाम हुन् । नेपालकी यी कथा लेखिकाहरूले र उपन्यासकारहरूले (उपन्यासकार पारिजात, गीता केशरी, भागीरथी श्रेष्ठ, वानिरा गिरि आदि) सामाजिक यथार्थ, नारी संवेदना, नारी मनोव्यथाका साथै देश-प्रेम, युगीन समस्याहरु तथा युगप्रति दायित्व बोधलाई पनि आफ्ना रचनाहरूलाई विषय बनाएका छन् । साथै नारी जागरणका आह्वान, क्रान्ति तथा विद्रोहका भावना समाजमा व्याप्त नारी असमानता तथा शोषण्को विरूद्ध सङ्घर्षका आवाज पनि यी कथाकारका कथाहरूमा हामी पाउँछौं ।

संक्षेपमा भन्न सकिन्छ कि सार्क क्षेत्रका महिला साहित्यकारहरूले जीवनको हरेक रङ्गहरूको सन्दर्भ दिएर आफ्नो भावनालाई अभिव्यक्ति दिएका छन् । एकतर्फ जहाँ जातिगत सङ्कीर्णता र रूढिगत मनोवृतिविरूद्ध यिनीहरूले आफ्नो नयाँ दृष्टिकोण प्रस्तुत गरेका छन् भने अर्कातिर शोषणमा आधारित भ्रष्ट राजनैतिक-सामाजिक व्यवस्था, जीर्ण रूढिवादी परम्परा आदिको विरोधमा सशक्त आवाज उठाएको पाइन्छ । साम्प्रदायिकताको भावनाको विरोध गरेका पनि प्रस्टै झल्किन्छ ।

यी सार्क महिला साहित्यकारहरूबाट सामाजिक वर्गीय व्यवस्थाको भत्सर्ना गर्दै मानवीय सम्बन्धमा झल्किरहेको विषमता र विसङ्गतिहरूलाई उजागर पारिएको छ साथै यिनीहरूको कलमबाट नारी-जागरणका सशक्त सन्देश आएको छ, जन-चेतना फैलाउनमा यिनीहरूको सक्रियता स्तुत्य रहेको छ । अन्तर्राष्ट्रिय स्तरमा यी महिला साहित्यकारहरूका रचनाहरूले आफ्नो महत्वपूर्ण स्थान ओगट्न सक्छ भन्ने कुरामा सहजै विश्वस्त हुन सकिन्छ ।

सार्क महिला साहित्यकारहरूको रचनाको सम्बन्ध महिला-हित, महिला अधिकारसम्म मात्रै सीमित छै बरू त्योभन्दा अगाडि बढेर आधुनिक विश्वका समस्याहरू, चुनौतीहरूमाथि आफ्नो सन्तुलित विचार प्रदान गर्नमा सक्षम देखिन्छ । निःशस्त्रीकरण, अहिंसा, युद्ध नगर्ने चेतना-तथा विश्व एकताको आवाज उठाउनमा पनि सार्क महिला साहित्यकारले निकै योगदान दिएको पाइन्छ ।

आजको समयमा स्त्री-पुरूषको प्रतिद्वन्द्विता र टकराहटको स्थितिबाट उत्पन्न बढ्दै गएको तनावपूर्ण स्थिति, वैवाहिक-सम्बन्ध विच्छेदको समस्या, अपराध, हत्या बलात्कार आदि समस्याहरू प्रस्तुत गर्नुका साथै भावी सन्ततिको सुरक्षित भविष्यका लागि सङ्घर्ष गर्नु पनि सार्क महिला साहित्यकारको दायित्व हो र यस दायित्व-बोध प्रति सार्क महिला साहित्यकारहरू चेतनशील भइरहेका छन । समस्या हरूको चित्रणका साथै समस्या-निदानका लागि सार्थक प्रयास नै असल रचना-धर्मिता हो । हामीलाई एक जुट भएर यसका लागि प्रयास गर्नुपर्छ ।

साहित्यको परम उद्देश्य लोक-कल्याण हो । हामी महिला साहित्यकारहरूले यस पवित्र उद्देश्यको परिपूर्णताका लागि सक्रिय हुनुपर्छ । एउटा असल साहित्यकारका लागि न कुनै ऐतिहासिक घेरा हुन्छ न कुनै भौगोलिक बन्धन विश्व-प्रेम, शान्ति, सद्भावना, सहयोग, समानताको भावनालाई फिजाउँदै हामी मानवता कल्याणका लागि कटिबद्ध हुनुपर्छ । महिला साहित्यकारहरूलाई निराश हुने कुनै आवश्यकता वा कारण देखिँदैन । अतः स्थापित हुनका लागि चिन्ता छोडेर हामी 'अझ राम्रो', 'सर्वोत्तम' सृजनशीलताको प्रयासमा जुटेर समय र युगका चुनौतीहरूलाई स्वीकार गर्दै अगाडि बढ्नु पर्छ । समय नै असल निर्णायक हुन्छ । हामी दृढ सङ्कल्प लिएर सक्रियतापूर्वक एउटा स्वस्थ, सुन्दर मानव समाजको संरचनाको लागि प्रयत्नशील हुनुपर्छ । यही हाम्रो दायित्व हो । ■

नेति, नेति
विश्लेषणात्मक अध्ययन

नेपाली साहित्यको इतिहासमा कमलमणि आचार्य दीक्षित एउटा प्रतिष्ठित नाम हो । उहाँले नेपाली साहित्यको श्रीवृद्धिमा प्रशस्त योगदान दिनु भएको छ । खास गरेर नेपाली साहित्यको निबन्ध विधामा उहाँको योगदान विशेष उल्लेखनीय रहेको छ । उहाँ एक सफल निबन्धकार र साहित्यिक अनुसन्धाताको रूपमा सुपरिचित हुनुहुन्छ । लगभग पाँच दशकभन्दा बढी साहित्य-साधनाद्वारा उहाँले अनुसन्धानपूर्ण समीक्षात्मक रचनाहरु तथा आत्मकथात्मक-संस्मरणात्मक रचनाहरु नेपाली साहित्यलाई प्रदान गर्नु भएको छ । वि.सं. २०५४ सम्म उहाँका २४ कृतिहरु प्रकाशित भईसकेका छन् । नेपाली साहित्य बारे महत्वपूर्ण शोध-खोज गर्ने क्षेत्रमा उहाँले दिएको योगदान अभिनन्दनीय छ । दीक्षितज्यू एक प्रसिद्ध निबन्धकार र साहित्यिक अनुसन्धाताको साथै सम्पादन क्षेत्रमा पनि सिद्धहस्त हुनुहुन्छ । उहाँले 'नेपाल' त्रैमासिकको सम्पादन गरेर र पन्ध्रवटा साहित्यिक ग्रन्थहरूको सम्पादन गरेर नेपाली साहित्यको श्रीवुद्धि र संरक्षणमा ठूलो मद्दत पुऱ्याउनु भएको छ । नेपाली साहित्यमा ठूलो योगदान पुऱ्याएवापत उहाँ 'रत्नश्री स्वर्ण पदक', 'बालचन्द्र पुरस्कार', 'भवानी साहित्यिक पत्रकारिता पुरस्कार' र 'राष्ट्रिय सरस्वती पुरस्कार' द्वारा सम्मानित भइसक्नुभएको छ ।

दीक्षितज्यूसित मेरो प्रथम परिचय 'रत्नश्री स्वर्ण पदक' २०४५ वितरण समारोहमा भएको थियो, जहाँ हामी (श्री केशवराज पिंडाली, श्री कमल दीक्षित, डा. जगत क्षेत्री, श्री गगन विरही र म प्रा. डा. उषा ठाकुर) 'रत्न श्रीस्वर्ण पदक' ग्रहण गर्नका लागि एकत्रित भएका थियौं । त्यसै वेला दीक्षितज्यूको साहित्यिक व्यक्तित्वले मलाई प्रभावित पारेको थियो । पछि अप्रिल २००० (२८, २९, ३० अप्रिल)

भारतको नयाँ दिल्लीमा आयोजित सार्क साहित्यकार सम्मेलनमा दीक्षितज्यूप्रतिको यो प्रभाव प्रेरणा र श्रद्धामा परिणत भयो । जलपानको बेलामा प्रायः टेबुल गफमा उहाँ सित धेरै कुराहरू सिक्ने र जान्ने मौका पाएँ । आज मेरो हातमा दीक्षितज्यूरचित 'नेति, नेति' छ- र मेरो मानसपटलमा सार्क सम्मेलनका ती दिनहरू छाइरहेका छन्, जब कुराहरूको सन्दर्भमा दीक्षितज्यू आफ्ना संस्मरणहरू सुनाउनु हुन्थ्यो । ती संस्मरणहरू अत्यन्त रोचक, प्रभावशाली र ज्ञानवर्द्धक थिए । खास गरेर उहाँको आफ्नो संस्मरण प्रस्तुत गर्ने शैली अत्यन्त आकर्षक र हृदयस्पर्शी थिए । सिर्जनात्मक अनुभूतिलाई पनि यसरी सशक्त एवम् प्रभावशाली ढङ्गले प्रस्तुत गर्न सकिन्छ भन्ने कुरा त्यसवेला मेरो मनलाई छोएको थियो । त्यसपछि उहाँप्रति मेरो हृदयको श्रद्धा बढ्दै गयो ।

'नेति, नेति' शीर्षक पुस्तक आत्मकथामूलक संस्मरणात्मक निबन्धसङ्ग्रह हो र यस कृतिमा दीक्षितज्यू मूलतः आत्मपरक निबन्धकारका रूपमा देखा पर्नुहुन्छ । यस कृतिमा निबन्धकारले आफ्नो जीवनको सुख-दुःख, हर्ष-विस्मात र जीवनसम्बन्धी आफ्ना निजी दृष्टिकोणहरू आत्मपरक शैलीमा प्रस्तुत गर्नुभएको छ । आफ्नै जीवनभोगाइलाई अभिव्यक्ति दिंदै दीक्षितज्यूले यस कृतिमा आफूलाई नै निबन्धको विषयवस्तु बनाएर रोचक रूपमा प्रस्तुत गर्नु भएको छ र यो प्रस्तुतीकरण निश्चय नै उहाँको निबन्धकारिताको सशक्त एवम् प्रभावकारी पक्ष हो ।

साहित्यिक विविध विधामध्ये एउटा मूल विधा निबन्ध हो । निबन्धको बारेमा नेपाली साहित्यका मुर्धन्य निबन्धकार लक्ष्मीप्रसाद देवकोटा भन्नुहुन्छ- "यो टेबिल गफ हो, चस्मादार अध्यापकको व्याख्यान होइन, न त, वमन-वेदान्त । यसमा टर्रोपन हुँदैन, यो लच्किन्छ र घनिष्ठतातिर ओर्लिन्छ ।"

निबन्धलाई धेरै प्रकारले विभाजन र विश्लेषण गरिएको छ । आधारको दृष्टिले निबन्धलाई सामान्यतया दुई प्रमुख रूपमा विभाजन गर्न सकिन्छ- (१) आत्मपरक (२) वस्तुपरक

आत्मपरक निबन्धलाई वैयक्तिक, सिर्जनात्मक र व्यक्तिप्रधान निबन्ध भनिन्छ, जसमा निबन्धकारको व्यक्तित्व अर्थात 'स्व' को अनुभूति र अभिव्यक्ति निबन्धको आधार हुन्छ । वस्तुपरक निबन्धलाई परात्मक विषय प्रधान र निर्वैयक्तिक निबन्ध पनि भनिन्छ, जसमा विषय प्रधान हुन्छ र व्यक्ति गौण हुन्छ ।

प्रस्तुत 'नेति-नेति' निबन्धसङ्ग्रहको सम्बन्ध आत्मपरक निबन्धसँग भएको हुनाले यसैतर्फ आफ्नो ध्यान केन्द्रित गर्न चाहन्छु । वैयक्तिक निबन्धका बारेमा फ्रेन्च निबन्धकार मोतेञको भनाइ छ- "म नै आफ्ना निबन्धको विषय हुँ, किनभने म नै त्यस्तो व्यक्ति छु, जसलाई म राम्ररी चिन्छु ।" यस कथनलाई व्यक्ति प्रधान निबन्धको सूत्रको रूपमा लिन सकिन्छ । यसै प्रसङ्गमा लक्ष्मीप्रसाद देवकोटाको महत्वपूर्ण कथनलाई अघि सार्न सकिन्छ-"कहीं म प्रबन्ध (निबन्ध) भित्र आफैं घुसेको छु- व्यक्तित्वको रङ्ग रङ्एर आफूसँग खेल्न र आफूलाई चिन्न तथा चिनाउनका लागि ।" यस प्रकार आत्माभिव्यक्ति नै आत्मपरक निबन्धको मूल तत्व हो, जसमा संवेदनात्मक स्थिति र संवेगात्मक अभिव्यक्तिको प्रमुखता हुन्छ ।

आधुनिक नेपाली निबन्ध-साहित्यमा यस प्रकारका आत्मपरक-निबन्धलेखनमा लक्ष्मीप्रसाद देवकोटा र हृदयचन्द्रसिंह प्रधानको निबन्धहरूलाई राख्न सकिन्छ । हुन त आत्मकथामूलक संस्मरणात्मक निबन्धका आदि, रूप हामी 'पृथ्वीनारायण शाहको दिव्योपदेश' मा पाउँछौं । यस्तै 'जङ्गबहादुरको बेलायत-यात्रा', मोतीराम भट्टले तयार पारेको 'भानुभक्तको जीवनी' आदि रचनाहरूले यस प्रकारका रचना हरूमा उल्लेखनीय योगदान दिएका छन् । सं. १९७४ का लगभग खर्साङबाट प्रकाशित 'चन्द्रिका' पत्रिकामा प्रकाशित शम्भुप्रसाद ढुङ्गेलको आत्मपरक निबन्धहरूले पनि आत्मपरक निबन्धहरूलाई प्रश्रय दिएको पाइन्छ । आधुनिक निबन्ध साहित्यमा शङ्कर लामिछाने पनि मूलतः आत्मपरक निबन्धकारको रूपमा देखा पर्दछन् । 'शङ्कर लामिछानेः शङ्कर लामिछानेका दृष्टिमा' शीर्षक निबन्धमा शङ्कर लामिछानेले वैयक्तिक भावहरूलाई अत्यन्त

सफलताका साथ अभिव्यक्त गरेका छन् साथै आत्माको विश्लेषण पनि अत्यन्त सूक्ष्म ढङ्गले गरेका छन् । यस निजात्मक निबन्धका क्षेत्रमा उत्तम कुँवर, कमल दीक्षित, मोदनाथ प्रश्रित, वासुदेव त्रिपाठी, राजेन्द्र सुवेदी, राममणि रिसाल, रूद्र खरेल, वल्लभमणि दाहाल, जगदीश घिमिरे, ईश्वरवल्लभ, पारिजात, वानीरा गिरी, हरिराज जोशी आदि उल्लेखनीय नामहरु हुन् । आजकल कान्तिपुर दैनिकको अङ्कहरूमा स्तम्भ लेखेको रूपमा शृङ्खलाबद्ध 'स्मृतिका पानाबाट' शीर्षकले डायमनशमशेर राणा तथा अन्य साहित्यकारहरूका आत्मपरक निबन्धहरु प्रकाशित भइरहेका छन् ।

हिन्दी निबन्ध-साहित्यअन्तर्गत प्रारम्भिक संस्मरण लेखक हरूमा पद्मसिंह शर्मा प्रमुख हुनुहुन्छ । आत्मानुभूतिपरक वैयक्तिक निबन्ध प्रस्तुत गर्नमा पं. शान्तिप्रिय द्विवेदीको हिन्दी साहित्यमा विशिष्ट स्थान छ । यस्तै संस्मरणात्मक निबन्धका क्षेत्रमा बनारसी दास चतुर्वेदी, महादेवी वर्मा, रामवृक्ष बेनीपुरी, हरिवंशराय वच्चन, देवी दयाल चतुर्वेदी 'मस्त', कन्हैयालाल मिश्र, प्रभाकार, गुलाब राय आदिका नाम विशेषरूपले उल्लेखनीय रहेको छ । स्मरणीय छ कि वरिष्ठ नेपाली साहित्यकार बी. पी. कोइरालाले हिन्दी साहित्यका महान् उपन्यासकार र नेपाली प्रजातान्त्रिक क्रान्तिका सहयोद्धा स्व. फणीश्वर नाथ 'रेणु' प्रति श्रद्धाञ्जलि अर्पण गर्दै 'रेणु और मैं' शीर्षक संस्मरण हिन्दी भाषामा लेख्नुभएको छ जुन संस्मरण साहित्यको इतिहासमा नै एउटा महत्वपूर्ण धरोहर बन्न पुगेको छ ।

नेपाली साहित्यअन्तर्गत आत्मपरक निबन्धकारहरूमध्ये कमल दीक्षितज्यूका नाम उल्लेखनीय रहेको छ । खास गरेर खोजपूर्ण आत्मपरक निबन्धकारका रूपमा दीक्षितज्यू अग्रणी प्रतिभाका रूपमा शिखर-व्यक्तित्व नै हुनुहुन्छ । उहाँका प्रसिद्ध निबन्धहरु हुन्- 'भन्नेकुरा' (२०३१), 'बुझी सुन' (२०३७), 'उखान मिलेन' (२०२७) र 'नुनको खोजिमा' (२०४५), आदि । दीक्षितज्यूका निबन्धहरूमा विषयवस्तुलाई सरल किसिमले प्रस्तुत गरिएको हुन्छ । सहज, सरल भाषामा उहाँ आफ्नो विचारहरूलाई अभिव्यक्ति दिंदै पाठकहरूसँग राम्ररी तादात्मया स्थापित गर्नुहुन्छ र पाठकले पनि उहाँका विचार

र भावयात्रामा सँगसँगै यात्रा गरेको अनुभव गर्छ ।

प्रस्तुत पुस्तक 'नेति, नेति' (वि.सं. २०५४) जगदम्बा प्रकाशनबाट प्रकाशित दीक्षितज्यूको आत्मकथात्मक, संस्मरणात्मक निबन्धहरूका सङ्कलन हो जसमा 'म' का माध्यमबाट 'ऊ' सम्म पुग्ने सार्थक प्रयास छ । प्रस्तुत कृति २९ आत्मकथात्मक निबन्धहरूको सङ्ग्रह हो र यसमा निबन्धकारका अनुसार थप केही 'बिर्सेको सम्झेका' निबन्धहरू सङ्कलित छन् । त्यसैले 'नेति, नेति' पढ्ने क्रममा दीक्षितज्यूको 'बिर्सेको-सम्झेका' (२०४१) निबन्ध सङ्ग्रहको अध्ययन मननलाई पाठक आफै उत्प्रेरित हुन्छ । किनकि 'नेति, नेति' का धेरै प्रसङ्गहरू 'बिर्सेको सम्झेका' सँग जोडिएका पनि छन् । निबन्धकारका शब्दमा उहाँको स्वीकारोक्ति यस प्रकार छ-"रानी पोखरी तर्ने कुरो बुझ्नको लागि मेरो 'विर्सेको सम्झेका' पल्टाउनु पर्छ ।"

'नेति, नेति' पुस्तकको एउटा उल्लेखनीय विशेषता यो छ कि यी निबन्धहरूमा निबन्धकार आफैँ घुसेर कलम चलाएको प्रतीत हुन्छ । 'म' को अभिव्यक्ति सामान्यतया कठिन हुन्छ तर दीक्षितज्यूले अत्यन्त रोचक र मर्मस्पर्शी ढङ्गले 'म' लाई वाणी दिनुभएको छ र पाठकसँग आत्मीयता स्थापित गर्नमा पूर्ण सफल हुनुभएको छ ।

आत्मपरकताबाट वस्तुपरकता-सम्मको यस यात्रामा निबन्धकारले आत्म-विश्लेषण र आत्म-मन्थनद्वारा स्वयं आफूलाई चिन्ने प्रयास गरेका छ, यसै क्रममा आफूलाई चिनाउने प्रयास पनि छ र यसै प्रसङ्गमा अरूलाई पनि चिन्ने-चिनाउने प्रयास रहेको छ । उहाँले आफ्नो अनुभव-संस्मरणहरू अभिव्यक्ति गर्ने क्रममा प्रसङ्गवश जटिल विचारहरू, जटिल सामाजिक समस्याहरू पनि राख्नुभएको छ र अप्रत्यक्षरूपले यत्र-तत्र समस्या समाधानतर्फ पनि सङ्केत दिनु भएको छ तर कहीँ पनि यी कुराहरूको वर्णन वा अभिव्यक्ति प्रसङ्गमा जटिलता, दुर्बोधता वा रूखोपन आएको छैन । सदैव एउटा सहज प्रवाह उहाँका संस्मरणहरूमा देखापर्छ । उहाँले सर्वत्र सरल, सहज र रमाइलो ढङ्गले अभिव्यक्ति गर्नुभएको छ, यस रोचकतामा लेखनको भावनाशक्ति र अभिव्यक्ति शैलीमा अद्भूत

सामंजस्य देखिन्छ । भावनाका गहिराइका साथै अभिव्यञ्जनाको शैलीका प्रौढताले उहाँलाई एक सशक्त, संयमी, तटस्थ निबन्धकारका रूपमा उभ्याएको छ ।

यस निबन्धसङ्ग्रहमा १९९७ देखि २०५१ सालसम्मका संस्मरणहरू सङ्कलित छन् जुन विभिन्न क्षेत्रहरूसँग सम्बन्धित छन् । यस सङ्ग्रहमा कहीँ कलकत्ता, कहीँ बम्बै, कहीँ गुजरात, कहीँ बनारस, कहीँ नैनिताल, कहीँ दार्जिलिङ, कहीँ पटना र कहीँ काठमाडौँ का संस्मरणहरू गाँसिएका छन् । केहीँ निबन्ध भारतका विभिन्न शहरको पृष्ठभूमिमा लेखिएका छन् र केहीँ आफ्नो देशका काठमाडौँ पृष्ठभूमिमा । यस कृतिको 'पानी-दरबार', 'श्रीमहल बन्दीगृह, कता हो कता', 'दङ्ग पर्नेछ', आदि संस्मरणहरू स्वदेशका पृष्ठभूमिमा लेखिएका छन् । 'रानीपोखरी तरेपछि', 'दम्भ र त्याग', 'कारण परेन' आदि रचनाहरू विद्यार्थी जीवनसँग सम्बन्धित छन् । यस्तै 'सुझाव आए' र 'कुन्नि के हो व्यापार' जस्ता रचनाहरू मदन पुरस्कार पुस्तकालय, मदन पुरस्कार र जगदम्बाश्री पुरस्कारसँग सम्बन्धित छन् । 'नेति, नेति' शीर्षक निबन्ध नेपाली राजनीति सँग सम्बन्धित छ र 'सम्झनाका पानाहरु', 'अ-निबन्ध' जस्ता रचनाहरू साहित्यसित सम्बन्धित छन् । 'टकटक टकटक' मा रेलयात्राका अनुभव वर्णित छ र 'डबल असर्फी' मा हवाईयात्राका अनुभव । यस प्रकार यी निबन्धहरूमा कहीं व्यक्तिगत, कहीँ संस्थागत, कहीँ राजनैतिक र कहीँ साहित्यिक अनुभवहरू व्यक्त भएका छन् । निबन्धकारले आफ्नो जीवनमा आएका मेहता परिवारको वर्णन पनि रोचक र प्रभावशाली ढङ्गले गर्नुभएको छ साथै हरिहरनाथ रेग्मी, बदरीनाथ भट्टराई, फणिन्द्रप्रसाद आचार्य, हृदयराज शर्मा मन्थलीय, रामराज शर्मा, कप्तान जनकबहादुर राणा, ईश्वरवल्लभ, डा. वासुदेव त्रिपाठी, कृष्णप्रसाद पराजुलीजस्ता साहित्यकारहरूसँग सम्बन्धित संस्मरण पनि यी सङ्ग्रहमा सङ्कलित छन् । दीक्षितज्यूले आफ्नो निजी जीवन सँग सम्बद्ध कुराहरू विभिन्न क्षेत्र र विभिन्न स्थानसँग सम्बन्धित संस्मरणहरू पूर्णताका साथ सरस ढङ्गले अभिव्यक्त गर्नु भएको छ ।

'बिर्सेको-सम्झेका' (२०४०) को बारेमा दीक्षितज्यूले भन्नु भएको छ- "मेरो 'बिर्सेको सम्झेको' भन्ने किताब मेरा आत्मकथात्मक ४० निबन्धहरूको सँगालो हो र त्यसमा मैले केटाकेटी बेलाका सम्झेसम्मका कुरालाई एउटा-एउटा निबन्ध बनाएर लेखेको थिएँ। त्यसमा मैले रानीपोखरी तर्ने भन्दा पहिलेका अर्थात दरबार स्कुलको पढाइ सकिएसम्मका कुरालाई मात्र समेटेको थिएँ।" तर 'नेति, नेति' मा निबन्धकारको 'रानीपोखरी तरेपछिका' (१९९७) देखि २०५१ सालसम्मका) लगभग ५५ वर्षका जीवनानुभव अभिव्यक्त भएको छ।

आफ्नो जीवन-यात्राका विभिन्न दृष्टिकोण र चरणहरूको संस्मरणहरु सुनाउने क्रममा निबन्धकारले यहाँ भाषा, साहित्य, इतिहास, समाज, धर्म र संस्कृतिसम्बन्धी अनेक महत्वपूर्ण कुराहरु दिएर हाम्रो ज्ञान र अनुभवमा वृद्धि गरी हामीलाई लाभान्वित गराउनु भएको छ। वैयक्तिक अनुभूतिहरूमा एकातर्फ उहाँले आफ्नो जीवनमा भोगेका यथार्थको वर्णन गर्नुभएको छ त अर्कोतर्फ एउटा साहित्यकारको द्रष्टा व्यक्तित्व पनि मुखरित भएको छ। जीवनका तीता-मीठा अनुभव सुनाउँदै प्रत्यक्षरूपले उपदेश नदिए पनि अप्रत्यक्षरूपले उहाँले साहित्यकारको धर्म निर्वाह गर्नुभएको छ। सामाजिक, रीति-व्यवहार, चलन आदिका कुरा गर्दा उहाँले ठगहरु सित होसियार र सचेत हुने सन्देश दिनुभएको छ र यत्र-तत्र प्रसङ्गार्थ सामाजिक-राजनीतिक स्थितिमा सुधारको आवश्यकता माथि जोड दिनुभएको छ। पटना-प्रवासका कुरा गर्दा उहाँ आफ्नो अनुभव यसरी पोख्नु हुन्छ- "म किशोरबाट युवावस्थामा उक्लेको, अनुभवी हुँदैगएको भुक्तभोगी भई खारिएको त्यहीँबाट भन्ने मेरो निष्कर्ष छ।" निबन्धकारका यी कथन निश्चितरूपले हामीलाई सङ्घर्ष सँग नडराउने अपितु सङ्घर्षको सामना गर्ने सन्देश दिन्छ किनकी सङ्घर्ष नै सही रूपमा हामीलाई आत्मबल प्रदान गर्छ, हामीलाई परिपक्वता प्रदान गर्छ। यस्तै अनेक स्थलहरूमा कुरै-कुराका प्रसङ्गमा दीक्षितज्यूले हामीलाई हौसला, प्रेरणा र सन्देश दिनुभएको छ।

संस्मरणले इतिहासलाई समेटेको हुन्छ । यस क्रममा 'नेति, नेति' मा नेपाली इतिहासलाई पनि चित्रित गरेर उहाँले हामीलाई तत्कालीन एतिहासिक स्थितिबारेमा अवगत गराउनुभएको छ । खास गरेर राणाकालिन परिवेश र तत्कालीन राजनैतिक-सामाजिक स्थिति, सामाजिक रीति-रिवाज आदिको वर्णन ज्ञानवर्द्धक सिद्ध भएको छ । दरबारिया जीवनका पनि अत्यन्त सही चित्रण यी निबन्धहरूमा भएका छन् । यी संस्मरणहरु प्रस्तुत गर्दा निबन्धकारमा जुन इमानदारी, तटस्थता र निर्भीकता हुनुपर्छ त्यसको पूर्ण पालना दीक्षितज्यूले गर्नु भएको छ । आफ्नो जीवनका व्यक्तिगत घटना हुन् वा संस्थागत वा सामाजिक अथवा राजनैतिक, हरेक ठाउँमा घटनाका सामान्य प्रसङ्ग उठाएर विशेषको प्रकाशनमा पनि निबन्धकारले सफलता पाउनुभएको छ र यस सम्बन्धबारेमा महत्वपूर्ण जानकारी ठाउँ-ठाउँमा प्रसङ्ग अनुरूप दिनुभएको छ ।

कुनै घटना वा कुनै प्रसङ्गका अनुभव-संस्मरण सुनाउँदा यत्र-तत्र दीक्षितज्यू मुख्य प्रसङ्गबाट अलिकति टाढा गएको, वरिपरि घुमेको हामीले अनुभव गर्छौं तर कहीँ पनि उहाँको सचेतना कम भएको छैन र उहाँले मूल सन्दर्भ र विषय छोड्नु भएको छैन । प्रसङ्गका सिलसिलामा अन्य कुरा गर्दा पनि केन्द्रीय विषयवस्तुलाई उच्चकोटिका ज्यादै कुशल, दक्ष, निपुण र पोख्त निबन्धकारका रूपमा देखिनुभएको छ । यस प्रकारका संयम, सुझबुझ निश्चय नै अभिन्नदनीय छ ।

यस्तै यी निबन्धहरूमा अतीतका कुराहरूलाई वर्तमानको सन्दर्भमा पनि जोडिएको छ, जसमा दीक्षितज्यूको विलक्षण प्रतिभा पनि देखापर्छ । आफ्नो वैयक्तिक सुख-दुःख, आशा-निराशाका चर्चा गर्दै उहाँ मानवीय सुख-दुःखको अभिव्यक्तिसम्म पुग्नुहुन्छ र अत्यन्त मार्मिक ढङ्गले आफ्ना निजी अनुभवलाई हामीसम्म पुऱ्याउनु हुन्छ । यस प्रकार 'म' को प्रस्तुति 'हामी' सम्म पुग्दा लेखकीय गम्भीरता र विलक्षणतालाई बढाएको देखिन्छ ।

निश्चय नै दीक्षितज्यूका यी आत्मपरक संस्मरणहरु शोध-खोजले परिपूर्ण छन् र यसमा साहित्यिकता र हार्दिकताको

समावेशले गर्दा यी निबन्धहरू अत्यन्त सुन्दर, आकर्षक र सुरूचिपूर्ण सिद्ध भएका छन् । यसमा विभिन्न अन्य व्यक्तिहरू पनि प्रसङ्गवश छन्, अनेकानेक साहित्यिक व्यक्तित्वहरू पनि प्रसङ्गवश उभेका छन् तर कही पनि नीरसता छैन, शुष्कता छैन । अत्यन्त प्रभावोत्पादक ढङ्गले उहाँले आफ्नो अनुभूतिहरू पूर्ण इमानदारीका साथ अभिव्यक्त गर्नुभएको छ ।

घटना प्रसङ्गका क्रममा पात्रहरूका चरित्र चित्रण पनि राम्रो ढङ्गले, निष्पक्षताका साथ, सशक्तरूपमा गरिएको पाइन्छ र यस चरित्रमा लेखकीय सहृदयता र सहानुभूति स्पष्ट देखापर्छ । लेखकीय वैचारिक व्यापकताले यस कृतिलाई एउटा सशक्त र उपयोगी कृतिको रूपमा प्रस्तुत गर्दछ ।

संक्षिप्ता, सूत्रात्मकता, सरलता, स्पष्टता, रोचकता र सचेतताले परिपूर्ण यी निबन्धहरू आकर्षक छन् र प्रेरणादायी छन् । यी निबन्धहरूका भाव पक्ष सबल छ र अभिव्यञ्जना पक्ष पनि सुन्दर छ । लेखन शैली सक्षम र समर्थ छ, भाषा भावानुकुल छ, शब्द प्रयोगमा पनि विचार गरेर प्रयोग गरेको स्पष्ट थाहा हुन्छ साथै यत्र-तत्र लोकमा प्रचलित उक्तिहरू, उखानहरूका प्रयोगले पनि संस्मरणहरूलाई सजीवता प्रदान गरेको छ ।

निबन्धका शीर्षकहरू पनि सार्थक प्रतीत हुन्छन् । शीर्षक चयनकलामा निबन्धकार सिपालु देखापर्नु हुन्छ । राम्रोसित विचार गरेर राखिएका यी शीर्षकहरूमा उत्सुकता जगाउने प्रवृति छ । विलक्षणता, सरसता, मनोहारिताजस्ता गुणहरूले परिपूर्ण निबन्धका शीर्षकहरू आकर्षक छन् ।

साराशंतः वैचारिक स्पष्टता, प्रस्तुतिका तिख्खरता, भाषाका सहजता र भावका प्रभावशीलताले ओत-प्रोत, नेपालीपनले भरिएका, परिपक्वता र प्रौढताले परिपूर्ण, जीवनमूलक यी आत्मसंस्मरणात्मक निबन्धहरू नेपाली साहित्यका बहुमूल्य निधि हुन् । निश्चय नै "नेति, नेति" कृतिले निबन्धकार कमल दीक्षितज्यूलाई एउटा उच्चकोटिका सक्षम निबन्धकारको रूपमा प्रतिष्ठित गरेको छ । ■

मदनदेव भट्टराई : जीवन-स्मृति
एक मीमांसा

'जति नै सह्यो, उति नै कष्ट बढेर सतायो ।
मर्नु र बाँच्नु गरेर मलाई, कालले लट्कायो ।
बाँचेर केही गर्न म खोज्थेँ, रोगले हच्काउँथ्यो
मर्न म जब चाहन्थेँ, फेरी समय जगाउँथ्यो ।'

यो संसार दुःखले भरिएको छ । क्रोध-वेदनाबाट आहत करूणार्द ऋषि वाल्मीकिको प्राथमिक प्रस्फुटनः

'मा निषाद प्रतिष्ठा त्वमगमः शाश्वती समाः ।
यत् क्रौंचमिथानुदेकमवधीः काममोहितम् ।।'

जस्तै महाकवि लक्ष्मीप्रसाद देवकोटाको प्रतिभाको तीक्ष्ण भाव पनि यस्तै दुःखको आधारबाट जन्मी कविता लेख्ने प्रेरणा दिएर मौलिक ढङ्गले फस्टाएको कुरा सर्वविदित नै छ- 'संसार घोर दुःख सागर जान भाइ' ।

विश्वमा सबैतर्फ जन-जीवन सन्तप्त, दुःखी र व्याकुल देखेर हिन्दी छायावादी कविहरूका मन पनि स्निग्ध र करूणामय भएको पाइन्छ । करूणा वा वेदनाको जीवन र काव्यसँग गहिरो सम्बन्ध हुन्छ । सुखमयी अनुभूतिभन्दा दुःखपूर्ण भावले हाम्रो मर्म स्थललाई धेरै स्पर्श गरेको हुन्छ । यस सन्दर्भमा अंग्रेज कवि Shelley ले उचित नै भन्नुभएको छ- "Our sweetest songs are those which tell us of saddest thought."

वस्तुतः वेदनामा नै सेवामय जीवनको एउटा निश्चित सङ्कल्प देखिन्छ । वेदनावादी हिन्दी कवयित्री महादेवीका अनुसार 'दुःख मेरे निकट जीवन का ऐसा काव्य है, जो सारे संसारको एक सुत्र मे बाँध रखने की क्षमता रखता हैं । इस दुःख विश्व जीवन

में अपने जीवन का, विश्व वेदना मे अपनी वेदनाको इस प्रकार मिला देता हैं, जिस प्रकार एक जल-बिन्दु समुद्र मे मिल जाता है ।"

दुःखीहरूको दुःख र ताप शमनहेतु महादेवीको हृदयदीपका भाँति स्वयंलाई जलाएर, गलाएर पनि जन-जीवनमा व्याप्त अन्धकारलाई विनष्ट गर्न खोज्छ । कवयित्री बिउ सदृश आफूलाई मिटाएर जन-जीवनमा खुसी र सुखीका अङ्कुर व्याप्त गर्नका लागि उत्कन्ठित भएकी छिन्-

"गला कर मृत पिण्डो में प्राण
बीज करता असंख्य निर्माण,
सृष्टि का है, यह अमिट विधान
एक मिटने में सौ वरदान ।"

साहित्यकार श्री मदनदेव भट्टराईको व्यक्तित्व पनि त्याग, समर्पणको ज्वलन्त उदाहरण हो । निराला सदृश- "दुःख ही जीवन की कथा रही, क्या कहूँ आज जो नही कही" कवि भट्टराईको पनि भनाइ छ-

"कति पोखूँ आँसु म ? सुक्यो गण्डकी ।
कहाँ पोखूँ वेदना रोयो जिन्दगी ?"

भट्टराईजी समाज, साहित्य र देशका लागि सदैव समर्पणशील रहनुभएको छ र उहाँको पनि अटल विश्वास छ कि त्याग र परिश्रमबाट नै जनकल्याण, देश र साहित्यका संवर्द्धन सम्भव हुन्छ ।

लगभग २० वर्षदेखि अतिशय पीडा हुने असाध्य रोगबाट पीडित, हिलडुल गर्न पनि अप्ठ्यारो पर्ने स्थितिलाई स्वीकार गर्दै आउनु र यस स्थितिविरूद्ध विद्रोह गर्ने उहाँको दृढ निश्चय, साहस र धैर्यको म सराहना नगरी रहन सक्दिन । अस्वस्थ दुःखदायी जीवनको कटु अनुभूतिलाई जीवनका प्रेरणाको रूपमा उहाँ आफ्नो आत्मजीवनी लिएर प्रस्तुत हुनुभएको छ ।

'यह साँझ उषाका आँगन, आलिगन विरह-मिलनका, चिरहास विरह अश्रुमय जीवन रे इस मानव-जीवनका' हिन्दी कवि सुमित्रानन्दन पन्तले भनेझैं सुख-दुःख, आँसु, हाँसो र घाम-छायाँको सम्मिलित रूप नै जीवन हो । यसै सत्यलाई स्वीकार गर्दै ('निभ्नु र बल्नु नियम यहाँ देख्दछौं चलेको') जिन्दगीको उकाली-ओराली चढ्दै सुख र दुःखको आँधी र हुरीमा कहिले वर कहिले पर पुग्नु परे तापनि आफ्नो कर्त्तव्यप्रति सचेष्ट भई सतर्क हुँदै आफ्नो साहित्यिक सेवाबाट बन्धुत्व र मानवताका भाव जाग्रत गर्न र समाजलाई आफूजस्तै स्वाभिमानी, साहसी गराउने उहाँको अठोट प्रशंसनीय छ ।

एउटा लामो समयदेखि साहित्यसाधनामा दत्तचित रहेर, नयाँ पुस्तालाई सदैव असल साहित्य-सिर्जनाका निम्ति उत्साहित गर्ने साहित्यकार श्री भट्टराईको साहित्यिक व्यक्तित्व र कृतित्व सबै साहित्यप्रेमी नेपालीको निमित्त स्तुत्य छ । उहाँले साहित्यिक पत्रकारिता र साहित्यका विभिन्न विधागत सृजनाका फाँटमा बहुमूल्य योगदान दिनुभएको छ । 'रत्नश्री' को सम्पादन गरेर उहाँले नेपाली भाषा, साहित्य र संस्कृतिको विकासमा ठूलो योगदान पुऱ्याउनु भएको छ । खास गरेर यस पत्रिकामार्फत नारीहरूमा चेतना भर्ने जुन प्रयास उहाँले गर्नुभएको छ, त्यो हामी नारीहरूका लागि विशेष उल्लेखनीय छ । समग्रतामा हेर्दा साहित्यिक क्षेत्रमा उहाँको जति योगदान छ, त्यतिकै सामाजिक र राजनैतिक क्षेत्रमा पनि । २००७ सालको क्रान्तिको सम्झनामा उहाँ भन्नुहुन्छ-

'निधारको एउटा 'खतले' मलाई, ७ साल सम्झायो
पुलिसको 'चोट' खाएको गाथा अतीतले खुलायो ।'

साहित्य समाजका लागि हुनुपर्छ । वस्तुतः साहित्यकार जनताका सच्चा प्रतिनिधि एवम् युगको नवनिर्माणकर्ता हुन् जसले युग र जनताका सुख-दुःख, आशा-आकाङ्क्षालाई अविच्छिन्नरूपमा प्रभावित गरेका हुन्छन् । 'सत्यम् शिवम सुन्दरम्' को भावनाबाट

उद्‌बोधित भएर अनेकानेक अनुभूति र संस्मरणहरूलाई सँगाल्दै आफ्नो 'जीवन-स्मृति' हाम्रोसमक्ष प्रस्तुत गरेर उहाँले सम्पूर्ण नेपालीलाई आफ्नो कार्यक्षेत्रमा पूर्ण आस्था र विश्वासले कार्य गर्ने प्रेरणा दिनुभएको छ । एक सुधारवादी साहित्यकारका रूपमा उभिएर उहाँले हाम्रोअगाडि नायकको रूपमा एउटा समाजसेवी, साहित्य प्रेमी, राष्ट्रवादी, कर्मठ नायकको जीवनी प्रस्तुत गर्नुभएको छ । वस्तुतः आत्म-जीवनीका यो नायक एउटा आदर्श रूपमा चित्रित भएको छ । उसको निर्भीकता, साहस, कटिबद्धता, राष्ट्रियता तथा मानवतावादी भावनाको कदर हुनैपर्छ । परिवार, समाज, राष्ट्र र सम्पूर्ण मानवका लागि प्रेरणाका अजस्त्र स्रोत बन्न पुगेको यो कृति मानवतावादी भावनाका सशक्त शङ्खनाद गर्ने काव्यका रूपमा स्मरणीय रहनेछ ।

लोकलयमा आवद्ध, मझौला आयाम अँगालेको प्रस्तुत कृतिमा एउटा साहित्यिक प्रयोग गरिएको देखिन्छ, नेपाली काव्य परम्परामा नौलो प्रस्तुतिका रूपमा प्रस्तुत यो कृति आत्म जीवनी भएकोहुनाले संस्मरणात्मक शैलीमा लिखित छ । यस स्वप्न साहित्यको नायक कवि स्वयं हुन् र नायिका उहाँका सहधर्मिणी पत्नी शीला हुन् । आत्म-जीवनी भएको हुनाले कविले यस कृतिको नामकरण 'जीवन-स्मृति' गरेका हुन् । यस कृतिलाई 'शीला-मदन' भने पनि सार्थक नै हुन्थ्यो ।

महत् उद्देश्य लिएको यस कृतिमा राष्ट्रप्रेम, प्रकृतिवर्णन, जातीय भावना, धर्म, नीति, संस्कार, व्यवहार, रीति-रिवाज, आदर्श जीवन, वौद्धिक उचाई, व्यापकता, उदारता र यथार्थ जीवनका विविध पक्षहरु उदात्त र गरिमामय शैलीमा प्रस्तुत गरेको पाइन्छ ।

'गीता' जस्तै यो कृति पनि १८ उच्छ्वासमा फैलिएको देखिन्छ । 'गीता' मा कृष्णले अर्जुनलाई अर्ती दिनुभएको छ । शीलालाई धर्मको मर्म बुझाउने प्रयत्नमा नायक 'मदन' व्यस्त देखिनु हुन्छ । प्रारम्भमा मङ्गलाचरण र अन्त्यमा उपसंहार दिएको यस

कृतिमा जीवन कथानकद्वारा कर्महीन, जड, निष्क्रिय जीवनलाई नष्ट गरेर अन्त्यमा कर्ममा स्फूर्ति दिइएको छ । नायक एक जागरूक युगपुरूष भएर सुषुप्त मानवजातिलाई जाग्रत गर्छ, मरणोन्मुखलाई जीवनको आस्था प्रदान गर्छ । यस सन्दर्भमा विवेकानन्दको भनाइ उल्लेखनीय छ- 'अपने उपर विश्वास न करना सब से बडी नास्तिकता है ।' यस कृतिमा पनि सत्य, प्रेम, अहिंसा आदि मानवीय गुणहरूको विवेचना विश्लेषण गर्दै कविले 'कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन' का उद्‌घोषण गरेर निष्काम कर्मको सन्देश दिनुहुन्छ । साथै समाजलाई नवीन दिशा दिदैं, सम्पूर्ण नेपालीलाई झकझक्याउँदै आफ्नो कर्त्तव्यमा साहसपूर्वक लम्कन प्रेरित गरेको छ-

"सम्झेमा' ज्योतिपुत्र हो' मान्छे विराट्‌लाई अँगाल्ने
विश्वको वीज हो सिङ्‌गो मान्छे, संसार उचाल्ने ।"

समाजमा समानताका सन्देश दिदैं महाकवि देवकोटाले भन्नुभयो 'मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन ।' कवि भट्टराई पनि मानव हृदयलाई उदार बनाउने सन्देश दिन्छन् ।-

"हृदय ठूलो गरेर हिडे, संसारै ठूलो छ ।"

एकातिर यस कथामा राष्ट्रिय चेतना र क्रान्तिको शङ्खनाद छ भने, अर्कातिर कवि आदर्शवादी भएर नेपालका दार्शनिक, धार्मिक र सास्कृतिक प्रवृत्तिहरूको प्रतिनिधित्व गरेको देखापर्छन् । व्यक्तिगत सुख-दुःखलाई विश्व परिवेशमा विस्तार दिदैं आफ्नो हृदयलाई उदार र विशाल बनाउन अर्ती दिदै कवि भन्दछन्- "व्यक्तिगत स्वार्थ त्यागेर 'आफू' हराउनुपर्दछ ।" सेवा, त्याग, ममता र विश्वमङ्‌गलका साक्षात प्रतिमूर्ति प्रसादकी आदर्श नारी 'श्रद्धा' मनुलाई सत्यको बाटो देखाउँदै भन्छिन्-

"औरो को हँसले देखो मनु
हँसो और सुख पाओ
अपने सुखको विस्तृत करलो

सबको सुखी बनाओ"

लोक-मङ्गलको भावनाबाट उत्प्रेरित भएर कवि भट्टराईले पनि यस्तै मन्तव्य प्रकट गर्नुभएको छ-

"सबको सुखमा सुखी भै हास्ने, दुःखमा कल्पने
विधिको खटन-पटन सम्झी सुधारमा तम्सने ।"

यति मात्र होइन उहाँ आफ्नो हृदयलाई यति उदार र व्यापक बनाउने सङ्कल्प लिनुभएको छ, जसमा दुःख र पीडाको भाव आफैं विलीन भएर जान्छ । पीडा र वेदनामा सीमित जिन्दगी लाई विस्तृत र व्यापक बनाउने दिशामा उद्यत, कर्मठ, दृढवर्ती कवि रोगलाई पनि जिन्दगीको एउटा अङ्ग सम्झेर, रोग र पीडासँग सम्झौता गरेर सक्रियताको बाटोमा एउटा नयाँ आयाम थप्नुभएको छ-

अब म माया गर्छु रोग र व्याधीलाई
साहसको तेल थपेर अड्छु झेलेर आँधीलाई
हे बाबु कष्ट, नरिसा तँलाई साथी नै ठम्याएँ ।
तेरो मेरो सम्झौता हओस्, जड र चेतनझैं
शरीर आत्मा जस्तो भैं बसौं, आपसी बन्धन झैं ।"

यस कृतिको आधारमा कवि भट्टराईमा हामी कविहृदय र दार्शनिक मष्तिष्कको समन्वय पाउँछौं । जीवनका कटु अनुभवहरू र दारूण दुःखहरूले कविलाई दार्शनिकता प्रदान गरेको पाइन्छ ।

मानव-जीवन आज अनेकानेक जटिलताहरू, विषमताहरूबाट ग्रस्त देखिन्छ । यी जटिलताहरू, समस्याहरूको दिग्दर्शन गराउनका साथै त्यसको निवारणका उपायहरू बताउन पनि आजको क्रान्तिकारी कविको दायित्व हो । मनुष्यमा नै मानवीय गुणहरू व्याप्त गरेर नरलाई नारायण बनाउन सकिन्छ र यसै धरालाई स्वर्ग सदृश बनाउन सकिन्छ ।

'सांकेत' मा मैथिलीशरण गुप्तले रामलाई आदर्श मानव चरित्रको रूपमा चित्रित गरेर मनुष्यत्वलाई नै ईश्वरत्व प्रदान गरिने सन्देश दिनुभएको छ-

'नरको ईश्वरता प्राप्त कराने आया
सन्देश नहीं मैं यहाँ स्वर्गको लाया
इस भूतलको हो स्वर्ग बनाने आया'

यस्तै दुर्भावलाई सुभावले जिती, मनुष्यजातिमा आफैँले आफ्नो सुधार गरे निश्चय नै यो धारा सुखमय, मङ्गलमय हुनसक्छ-

'दुर्गुणलाई गुणले 'जित्ने' अठोट गरेर
आफैँले आफ्नो सुधार गरे, हट्ने छ अन्धेर'

'चेतनासत्ता मानिसभित्र निहित रहन्छ । त्यसकै विकास गरेर, आफूलाई परिष्कृत गरेर मान्छे देवता बन्छ' यस प्रकार यस कृतिमा करूणा प्लावित विषादग्रस्त भावबोध मात्र होइन सामाजिक, राष्ट्रिय, समस्याहरूको अभिव्यक्ति, तीव्र ऐतिहासिक बोध, जातीय स्वाभिमानका स्वर, सही हुँकार वा ओज र शौर्य पनि अभिन्न रूपमा गाँसिएको देखिन्छ ।

विभिन्न विषय र दृष्टिकोणको आधारमा उहाँको प्रस्तुत कृतिलाई केलाउँदै जाने हो भने- प्रस्तुत कृतिमा मानवता, दुःख र आँसु, विद्रोह र क्रान्ति, इतिहास र संस्कृति, दार्शनिकता, नारीप्रति सद्भावना, प्रकृतिप्रेम, युगबोध, विश्वबन्धुत्व, स्वतन्त्रता, समानता, सह-अस्तित्व आदि प्रवृतिलाई आफ्नो काव्यको विषयवस्तु बनाएर कविले यस आत्म-परिचयात्मक कृतिलाई महाकाव्यात्मक स्वरूप प्रदान गर्ने राम्रो प्रयास गर्नुभएको छ ।

भाषा विषयानुकूल, गम्भीर र प्रभावपूर्ण छ । सहज र सरल अभिव्यक्ति र अत्यन्त मार्मिक र हृदयस्पर्शी पङ्क्तिहरूले भरिएको यो काव्यले अरूलाई अगाडि बढ्ने प्रेरणा, उँभो चढ्ने उमङ्ग र अपूर्व शक्ति दिन्छ ।

यस कृतिको स्वागत एवं कदर सम्बन्धित सबै क्षेत्रबाट हुनेछ भन्नेमा म विश्वस्त छु । यस 'जीवन-स्मृति' बाट युगले प्रेरणा र प्रोत्साहन पाओस् भन्ने मेरो शुभकामना छ । ■

अनुवादक परिचय कोशको
आवश्यकता र उपयोगिता

विश्वव्यापीकरणको आजको युगमा अनुवादसाहित्य एउटा स्वतन्त्र र अत्यन्त महत्वपूर्ण विधाको रूपमा प्रतिष्ठित भएको कुरा सर्वामान्य नै छ । जोसे सारामागो (Jose aramago) ले अनुवादको महत्वलाई प्रकाश पार्दै भनेका छन्, 'स्रष्टाहरूले राष्ट्रिय साहित्यको निर्माण गर्दछन् भने अनुवादकहरूले वैश्विक साहित्यको निर्माण गर्दछन् ।' साहित्यिक, सांस्कृतिक, धार्मिक र भाषिक एकताको एउटा महत्वपूर्ण सेतुको रूपमा अनुवादको नितान्त आवश्यकता रहेकोमा जोड दिंदै गेटेले पनि अत्यन्त उचित र सटीक ढङ्गले भनेका छन्, 'अनुवाद सबै कार्यभन्दा अधिक महत्वपूर्ण र महानतम् कार्य हो ।'

विश्वमा भाषिक, साहित्यिक र सांस्कृतिक एकता तथा विश्व साहित्यको श्रीवृद्धिका लागि अनुवाद एक सशक्त माध्यम रहेको कुरा सर्वत्र स्वीकार गरिएको छ किनकि कुनै पनि देशको साहित्यको उन्नति अनुवादमा नै निहित र प्रतिविम्बित हुन्छ । कुनै पनि भाषा र साहित्यलाई विश्वव्यापी बनाउने शक्ति र क्षमता अनुवादमा नै निहित हुन्छ । विश्व साहित्यका महान् साहित्यकारहरु पनि अनुवादकै कुरा गर्दछन्, अनुवादको आवश्यकता र गुणात्मकता तथा यसको महत्व र प्रभावको कुरा गर्दछन् किनभने यसको माध्यमबाट नै साहित्यकारको यशकीर्ति तुरून्त फैलिन जान्छ । अनुवादका माध्यमबाट नै कहिल्यै नसुनिएको स्रष्टा एकैचोटि विश्वको साझा सम्पदा बन्न पुग्दछ भने खासै नसुनिएको राष्ट्र वा भाषाको नाम विश्वले उच्चारण गर्न थाल्दछ । विश्व प्रसिद्ध नोवेल पुरस्कारको चयनमा पनि अनुवादको ठूलो भूमिका रहेको हुन्छ । वास्तवमा अनुवादकले नै महान् स्रष्टालाई विश्वमा चिनाउँछ ।

अनुवादको महत्व बुझेर नै महाकवि लक्ष्मीप्रसाद देवकोटाले तासकन्द सम्मेलनमा स्पष्ट रूपमा भने, "अनुवादको अभावले नेपाली साहित्य पछि परिरहेको छ । अनुवादविना हामी उठ्न सक्दैनौं ।" अनुवाद साहित्यलाई उर्वर बनाउनमा देवकोटाले अमूल्य योगदान पुऱ्याएका थिए । नेपाली साहित्यलाई विश्वसमक्ष चिनाउने माध्यम नै अनुवाद हो भन्ने कुरामा उनले जोड दिंदै आए । यसका लागि उनले आफ्ना र अन्य समकालीन कविका कविताहरू पनि अङ्ग्रेजीमा अनुवाद गरे । देवकोटाले अङ्ग्रेजी साहित्यका १५ जना लेखकका निबन्धहरू चयन गरी प्रसिद्ध प्रबन्धसङ्ग्रह (वि.सं. १९९७) शीर्षकमा भाषानुवाद परिषद्बाट प्रकाशित गराए भने सेक्सपियरको नाटक म्याकबेथको पनि उनले अनुवाद गरे ।

कुनै पनि व्यक्तिलाई सबै भाषाको ज्ञान हुन सम्भव नभएकाले अनुवादको आवश्यकता पर्दछ । अनुवादको अभावमा विश्वका उत्कृष्ट साहित्यिक कृतिहरूको रसास्वादनबाट हामी वञ्चित रहने थियौं । प्राज्ञिक चेतना भएका कारण संसारका उत्कृष्ट कृतिहरू पढ्ने र रसास्वादन गर्ने हाम्रो चाहना र अधिकार छ । हाम्रो यस चाहनाको पूर्ति अनुवादद्वारा मात्र सम्भव छ । त्यसै गरी विश्वमा आर्थिक, साहित्यिक र मानवीय एकता तथा विश्वबन्धुत्वको भावनाका लागि पनि अनुवादको भूमिका अनिवार्य र निकै महत्वपूर्ण छ । अनुवादले साहित्यकारहरूको वैचारिक क्षितिजलाई व्यापकता प्रदान गर्नुका साथै तुलनात्मक साहित्यको अध्ययनलाई पनि प्रोत्साहित गर्दछ ।

अनुवाद कार्यको महत्वलाई ध्यान दिंदै नेपाली साहित्यलाई अङ्ग्रेज़ीलगायत अन्य भाषाहरूमा तथा अङ्ग्रेजी र अन्य भाषाहरुलाई नेपाली भाषामा अनुवाद गर्ने कार्यमा विद्वान्-विदुषीहरु समर्पित भएर लागिरहेका छन् । नेपाली मात्र होइन, संस्कृत, नेवारी, मैथिली, भोजपुरी, अवधी, राई, लिम्बू, तामाङ, मगर, थारूलगायतका मातृभाषाहरूबीचमा पनि परस्पर अनुवादसम्बन्धी बहुमूल्य कार्य भइरहेका छन् । अनुवादमार्फत साहित्यिक आदान प्रदान भइरहे पनि

हाम्रो देशमा ठूलाठूला अनुवादक-साहित्यकारहरू परिचयविहीन अवस्थामा रहनुपरेको छ । अनुवादक साहित्यकारको रूपमा उनीहरूको परिचय बाहिर आउन नसकेको कुरालाई महसुस गर्दै हामीले यो अनुवादक परिचय-कोशको निर्माण गर्न आवश्यक ठानेका हौँ । सम्पन्न गर्न कठिन भए पनि अनुवाद विभागको परियोजना कार्य अन्तर्गत हामीले यो ऐतिहासिक जिम्मेवारी स्वीकार गरेर अघि बढ्यौँ । फलस्वरूप वि. सं २०७५ मा मेरो निर्देशनमा अनुवादक परिचय-कोश (A Dictionary of Translators) प्रकाशित भयो । नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित यस परिचय-कोशको प्रकाशन अनुवाद साहित्यको क्षेत्रमा ऐतिहासिक, महत्वपूर्ण र अत्यन्त उपयोगी हुने छ भन्ने मेरो पूर्ण विश्वास छ । अनुवादकार्यमा यस प्रकाशनले अग्रसरता लिएको छ । नेपाल प्रज्ञा-प्रतिष्ठानको अनुवाद विभागका वर्तमान सल्लाहकारसमेत रहेका प्रा. डा. गोविन्दराज भट्टराईले अनुवाद साहित्यमा पुऱ्याएको योगदानको कदर गर्दै अनुवाद विभागले उहाँलाई अनुवादक परिचय कोशको प्रधान-सम्पादकको रूपमा चयन गऱ्यो । साथै यस कोशका सम्पादक मण्डलका सदस्यहरू र कार्य विभाजन यस प्रकार निर्धारित भए अनुसार सम्पन्न भयो ।

१. प्रा. डा. योगेन्द्रप्रसाद यादव- हिन्दी, मैथिली, भोजपुरी, अवधी र नेपालका अन्य मातृभाषाहरू (नेपाल भाषाका अतिरिक्त)
२. श्री जयदेव भट्टराई- नेपाली भाषा
३. श्री बलराम अधिकारी- नेपाली र अङ्ग्रेजी भाषा
४. श्री नवीन चित्रकार- नेपाल भाषा
५. श्री माधव लामिछाने- संस्कृत भाषा

भाषा विशेषलाई आधार बनाएर सम्पादक मण्डलका यी पाँच जना विद्वान् सदस्यज्यूहरूले अनुवादकको बारेमा सूचना सङ्कलन अत्यन्त मेहनत र कुशलतापूर्वक पूरा गर्नुभएको छ । यस अनुवादक परिचय-कोशमा लगभग ६०० अनुवादक साहित्यकारहरूको नाम वर्णानुक्रमले प्रविष्टि भएको छ । प्रामाणिकताको दृष्टिले प्रवृष्टि कर्ताको नाम अनुवादक साहित्यकारको परिचयसँगै उल्लेख गरिएको

छ । यस परिचय कोशको प्रमुख लक्ष्य साहित्यिक अनुवादकहरूलाई समेट्नु र अनुवादक-साहित्यकारहरूको उन्नति रहेको छ ।

कोशमा सकेसम्म अनुवादकको नाम, जन्म स्थान, जन्म मिति, अनूदित पुस्तकको नाम, प्रकाशन मिति, प्रकाशक र स्थान, विधा, मूल शीर्षक, अनूदित शीर्षक, मूल भाषा, अनूदित भाषा, मूल लेखकजस्ता जानकारी समेट्ने प्रयास गरिएको छ । सूचना सङ्कलन फाराममार्फत यी जानकारीहरु लिइएको हो ।

साहित्यका विविध विधाहरूका अनूदित कृतिहरु यस कोशमा समाविष्ट छन् । नेपाली अनुवाद् साहित्यको क्षेत्रमा पहिलोपटक यस प्रकारको कोश निर्माण गरिएकाले हर प्रयत्न गर्दागर्दै पनि अनेकौं कमीकमजोरी रहेका हुन सक्छन् । नेपाली र नेपालका मातृभाषा साहित्यको कुनै पनि अनुवाद-साहित्यकारको नाम नछुटोस् भन्ने हेतुले हामीले दुई वर्षसम्म अनवरत प्रयास गरेको भए पनि यसका बाबजुद कुनै नाम छुट्न पुगेमा भविष्यमा यसमा सुधार हुँदै जाने छ भन्नेमा आशावादी हुँदै हामी क्षमायाचना गर्दछौं ।

यस कोशमा एकभन्दा बढी अनुवादक संलग्न भएका कृति हरूलाई पनि समाविष्ट गरिएको छ । साथै अनुवादकर्मलाई महत्व र प्रोत्साहन दिने रूपरेखा, मधुपर्क, गरिमा, इन्द्रेणी, रचना, अभिव्यक्ति, शारदाजस्ता पत्रिकाहरु र नेपाली प्रकाशनहरूको पनि सकेसम्म खोजी एवम् विश्लेषण गरिएको छ । साथै अनुवादकलाई प्रश्रय र प्रोत्साहन दिने जर्नल अफ नेप्लिज लिट्रेचर, आर्ट एन्ड कल्चरजस्ता जर्नलको पनि चर्चा गरिएको छ । साथै गद्य र पद्य रचनाका पहिलो अनुवादकहरूको खोजी गरेर अनुसन्धानात्मक प्रस्तुति पनि गरिएको छ । यस कोशमा स्तरीय र गुणात्मक अनुवाद कार्यलाई प्रोत्साहन गर्ने उद्देश्यले उत्कृष्ट अनुवाद प्रक्रियाका केही नमुना पनि प्रस्तुत गरिएको छ ।

अनेकतामा एकता र विश्वबन्धुत्वको आदर्श लिएर समग्र नेपाली साहित्यलाई विश्वमा परिचित गराउने उद्देश्यले नेपालको राष्ट्र

भाषा नेपाली तथा मातृभाषा साहित्यको समृद्धि र विश्वव्यापीकरणका लागि प्रस्तुत अनुवादक परिचय-कोशको निर्माण गरिएको हो । मेरो निर्देशन र प्रा. डा. गोविन्दराज भट्टराईज्यूको प्रमुख सम्पादकत्वमा प्रकाशित प्रस्तुत कोशमा नेपाली, अङ्ग्रेजी, हिन्दी, उर्दु, चिनियाँ, जर्मन, जापानी, रूसी, फ्रेन्च, संस्कृत, नेपालभाषा, मैथिली, भोजपुरी, अवधी, बङ्गाली, असमिया आदि भाषाहरूबीचमा अनुवाद भएका कृतिहरूबारे विवरण समावेश गरिएको छ । नेपाली साहित्यको लेखन स्तर बढाउन तथा यसलाई विश्वसाहित्यमा प्रतिष्ठापित गर्नका लागि विश्वका श्रेष्ठ कृतिहरूको अनुवाद नेपाली भाषामा होस् र नेपाली साहित्यको अनुवाद अङ्ग्रेजी, हिन्दीलगायत अन्य भाषामा होस् भन्ने महान् उद्देश्य लिएर अनुवादक परिचय-कोश निर्माणको यो ऐतिहासिक कार्य सम्पन्न भएको छ । अनुवाद सम्बन्धी शोध र अनुसन्धान गर्ने अध्येता एवम् शोधार्थीहरूलाई प्रस्तुत कोश अत्यन्त सहयोगी र उपयोगी हुनेछ भन्ने हाम्रो विश्वास छ । यस कर्मद्वारा अनुवाद साहित्य सार्थक हुनेछ र अनुवादक साहित्यकारहरु सम्मानित एवम् प्रोत्साहित हुनेछन् भन्ने आशासहित विद्वत् पाठकसमक्ष हामीले यो कोश पेस गरेका छौं ।

यस कोशका प्रधान-सम्पादक प्रा. डा. गोविन्दराज भट्टराईज्यूको उल्लेखनीय कार्यप्रति विशेष आभार प्रकट गर्दछु । उहाँको सहयागेविना यो काम सम्पन्न गर्न सम्भव थिएन । पथप्रदर्शन तथा विशेष सुझाव तथा सल्लाहका लागि प्रा. डा. अभि सुवेदीज्यूप्रति सदा आभारी रहने छु । साथै यस अनुष्ठानलाई सम्पन्न गर्ने सम्पादक मण्डलका विद्वान्हरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । यस कोशनिर्माणमा सहयोग गर्ने अनुवादक, साहित्यकारहरु र विभिन्न विद्वानहरूबाट पाएको सुझाव र सल्लाह अत्यन्तै प्रेरणादायी रहेको छ ।

मुलुकको सर्वाङ्गीण विकासका क्रममा नेपाली भाषा साहित्यको व्यापक प्रसार, विकास तथा विस्तारमा यस कोशले महत्वपूर्ण योगदान दिन सकोस् भन्ने शुभकामना । ■

बाह्र घन्टा
एक संक्षिप्त परिचय

बाह्र घन्टा (लघु उपन्यास) हिन्दी साहित्यको मूर्धन्य उपन्यासकार यशपालको बहुचर्चित उपन्यास हो । यस कृतिलाई नेपाली भाषामा अनुवाद गरेर अनुवादक चन्द्रश्री कार्कीज्यूले महत्वपूर्ण कार्य गर्नुभएको छ । 'पद्मभूषण' जस्ता अनेकानेक मान-सम्मान-पुरस्कार प्राप्त हिन्दी साहित्यकार यशपाल हिन्दी साहित्यका प्रगतिवादी उपन्यास परम्पराका सर्वश्रेष्ठ उपन्यासकार हुनुहुन्छ । उहाँ उपन्यासकार, पत्रकार, निबन्धकार, कहानीकारका रूपमा प्रसिद्ध हुनुहुन्छ । साथै साहित्यका विविध बिधामा उहाँले सफलतापूर्वक कलम चलाउनुभएको छ । राजनीतिक र साहित्यिक दुइटै क्षेत्रमा उहाँ कान्तिकारी हुनुहुन्छ । राजनीति र साहित्य दुइटै साधन लिएर उहाँ सुधार-परिष्कारका लागि प्रयत्न गर्दै मानव कल्याणको दिशामा अग्रसर हुनु भएको छ । समाजका असङ्गतिहरू, विकृत्तिहरू, रूढिहरूमाथि प्रबल प्रहार गर्ने दिशामा यशपालजस्ता साहित्यकार विरलै नै कोही होला ।

विशेष गरेर उपन्यासको क्षेत्रमा उहाँका दृष्टिकोण अत्यन्त गहिरो, व्यापक र क्रान्तिकारी रहेको छ । उहाँका उपन्यासहरूमा 'दादा कमरेड', 'देशद्रोही', 'दिव्या', 'मनुष्य के रूप', 'झूठ-सच', 'अमिता' आदि उल्लेखनीय छन् । उहाँका लघु-उपन्यास 'बाह्र घन्टा' को आफ्नै महत्व रहेको छ । यस पुस्तालाई यशपालले पुरुष-नारीका जीवनमा सार्थक, सफल र उत्साहपूर्ण बनाउने खालका जीवनको प्रवृत्ति तथा त्यसलाई चरितार्थ गर्न प्रयत्न गर्नेहरूलाई समर्पण गर्नु भएको छ । यी पङ्क्तिहरूले यशपालका समन्वित उदार दृष्टिकोण र उहाँको गहिरो चिन्तन दर्शनलाई झल्काएको छ । साथै यस उपन्यासमा पाठकवर्गमा उहाँले गरेको अपील पनि । मननीय छ ।

उहाँले भन्नुभएको छ- "नारीको व्यवहारलाई हामी केवल परम्परागत धारणा र संस्कारको दृष्टिले मात्र नहेरौं । उनको व्यवहारलाई पुरूष-नारीको व्यक्तिगत जीवनमा आवश्यकता र पूर्तिको समस्याको रूपमा तर्क गर्दै अनुभूतिको दृष्टिबाट मानवजातिमा व्याप्त प्रेमको प्राकृतिक अनिवार्य आवश्यकताको रूपमा हेरियोस् ।

अर्थात नारीको व्यवहारलाई संस्कारगत नैतिकताको विश्वासबाट मात्र होइन, आधुनिक परिस्थितिबोधबाट प्रेरित चिन्तनबाट पनि हेर्नुपर्छ । यही यस उपन्यासको मूलमन्त्र रहेको छ । वास्तवमा वर्तमान वैज्ञानिक एवम् तकनिकी प्रगतिको फलस्वरूप निर्मित मानवमन र परिवर्तित भाव-बोध तथा युग-बोधका संस्कारगत परम्पराका साथ समन्वय स्थापित गरी नयाँ क्षितिज स्पर्श गर्नु समयको माग हो । यस उपन्यासमा आजका स्त्री-पुरूष सम्बन्धमा, दाम्पत्य जीवनमा परेको दरार, विसङ्गतिहरु, बिडम्बनाहरूका बीच पति-पत्नी, नर-नारीका सम्बन्धमा तनाव, विखण्डनका चित्रण गर्दै यशपालले स्त्री-पुरूष सम्बन्धलाई नवीन परिवेशमा मनोवैज्ञानिक विश्लेषण गर्नुभएको छ । साथै देशको सामाजिक, राजनैतिक, आर्थिक क्षेत्रमा नारीको स्वतन्त्र व्यक्तित्व र अस्तित्वलाई नयाँ अर्थवत्ता प्रदान गर्दै स्वस्थ समाजका लागि दिशा-निर्देशन प्रदान गर्नुभएको छ । उहाँले स्त्री पुरूषको जीवनमा व्याप्त अभाव, असन्तुष्टि, सङ्घर्ष र विघटित मुल्यहरूका बिचमा समन्वय र परिष्कार-सुधारको भावनालाई प्रश्रय दिदैं नयाँ उच्च भाव-बोध, नयाँ धारणालाई प्रस्तुत गर्दै स्वस्थ प्रेम र मङ्गलकारी नारी-पुरूष सम्बन्ध र नवचेतनात्मक मूल्य प्रदान गर्नुभएको छ । नयाँ मानक र नयाँ उपलब्धि प्रदान गर्ने दिशामा प्रस्तुत उपन्यास उल्लेखनीय रहेको छ । गुणात्मकताको दृष्टिले यो उपन्यास प्रेरणादायी र सन्देशमूलक, महत्वपूर्ण रहेको छ ।

हिन्दी साहित्यलाई नेपाली साहित्य जगत्मा अनुवादद्वारा प्रस्तुत गर्ने र परस्पर परिचित र प्रकाशवान बनाउने उद्देश्य लिएर

विद्वान साहित्यकार र अनुवादक श्री चन्द्रश्री कार्की यूले हिन्दी साहित्यका यशस्वी उपन्यासकार श्री यसपालजीको महत्वपूर्ण, प्रख्यात लघु-उपन्यास "बाह्र घन्टा" को नेपाली भाषामा अनुवाद गरेर स्तुत्य कार्य गर्नुभएको छ । वास्तवमा नेपाली साहित्य-जगत्मा हिन्दी उपन्यासको गौरवमय प्रवेश एउटा महत्वपूर्ण उपयोगी कर्म हो ।

यस उपन्यासको नेपाली अनुवाद सफल र उत्कृष्ट भएको छ यस अनूदित कृतिमा भावको अक्षुण्णता कायम छ र अनुवाद कार्य विश्वसनीय रहेको छ । अनुवाद कार्यप्रति कार्कीज्यूले इमानदारी पूर्वक, कठिन परिश्रमका साथ सम्पूर्ण गर्नुभएको छ ।

मूल कृतिजस्तै अनूदित कृतिका शीर्षक सटीक र युक्तिसङ्गत रहेको छ । भाषा बोधगम्य र प्रवाहमय छ । अनुवाद कार्यमा कार्कीज्यूले सजीवता र स्तरीयताप्रति पूर्ण ध्यान राख्नुभएको छ । उहाँलाई यस महत्वपूर्ण कार्यका लागि हार्दिक धन्यवाद । आशा छ प्रस्तुत अनूदित कृतिको नेपाली साहित्य जगत्मा पूर्ण स्वागत हुनेछ । यसका प्राज्ञिक योगदान उल्लेखनीय छ ।

अनुवादक साहित्यकार श्री चन्द्रश्री कार्कीज्यूको सुख, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिका लागि मङ्गलमय शुभकाना । ■



प्रा. डा. उषा ठाकुर २०७१ देखि ७९ सम्म दुई कार्यकाल नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञ हुनुका साथै अनुवाद विभागको प्रमुखसमेत हुनुहुन्थ्यो । ४ वर्ष डौफिन विश्वविद्यालय, पेरिस र ३६ वर्ष त्रिभुवन विश्वविद्यालय, हिन्दी केन्द्रिय विभागमा प्राध्यापन गर्नुका साथै विभागिय प्रमुखको दायित्व पनि निवार्ह गर्नुभयो । उहाँका कृतिहरू 'पन्त काव्य की सामाजिक भूमिका'-२०५२, 'हिन्दी और नेपाली साहित्यको प्रतिनिधि हस्ताक्षर'-२०५५, 'स्रष्टाको सिर्जना र द्रस्टाको समालोचनात्मक दृष्टि'-२०५९, 'युगकवि सिद्धिचरण श्रेष्ठको काव्यसाधना'-२०६८, 'नेपाली साहित्यको श्रीवृद्धिमा शाहवंशीय स्रष्टाहरूको योगदान'-२०५९, 'नेपाली साहित्यः सर्वेक्षण र समीक्षा'-२०७८ प्रकाशित हुनुका साथै रूपान्तरण, हिमालिनी र साहित्यलोक जस्ता पत्रिकाहरूको साथै एक दर्जन बढी पुस्तकहरूको अनुवाद र सम्पादन गर्नु भएको छ । समालोचना, कथा, कविता र भूमिका सङ्ग्रहहरू प्रकाशोन्मुख छन् । उहाँले विभिन्न साहित्यिक सेमिनारहरूमा कार्यपत्र प्रस्तुत गर्नुका साथै डेढ दर्जन राष्ट्रको भ्रमण गर्नुभएको छ । भानुभक्त स्वर्ण पुरस्कार, साहित्यसेवा सम्मान जस्ता दर्जनौ पुरस्कार र सम्मानले सम्मानित प्रा. डा. ठाकुरले 'उषा ठाकुर सम्मान पुरस्कार' को स्थापना पनि गर्नु भएको छ ।



प्रकाशक

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर

